# प्रथम अध्याय

# शोध परिचय

## १.१ परिचय

आख्यान भनेको कथा हो । पुराण इतिहासभित्र रहेका स–साना कथा आदिलाई आख्यान भनिन्छ । वेद र पुराणहरूमा आख्यान र उपाख्यान प्रशस्त छन् । ऋग्वेद अर्न्तगत रहेको ऐतरेय ब्राह्मणको तेत्तीसौं अध्ययायमा हरिश्चन्द्रोपाख्यान प्रसतुत गरिएको छ । इक्ष्वाकुवंशमा हरिश्चन्द्र नाम गरेका राजा थिए । उनका पुत्र थिएनन् । त्यसैले पुत्र प्राप्तिका लगि विद्वान् ऋषि पर्वत र नारदसंग सल्लाह गरे । नारद ऋषिले पुत्र प्राप्तिका लागि वरुणदेवको प्रार्थना गर्ने सल्लाह दिए । देवर्षि नारदको सल्लाहअनुसार राजाले वरुणको प्रार्थना गरे । वरुण खुसी भएर पुत्र पनि प्राप्त भयो । पुत्र प्राप्तिपछि राजसूय यज्ञ गर्नुपर्ने भयो र जुन पुत्र प्राप्त भएको थियो, उसैको बलि दिनुपर्ने भयो । वरुणले पुत्रयज्ञको माग गरे भने राजाले दश दिन पूरा होस् भने । दोस्रो पटक वरुण आए फेरि दाँत नउम्रेको पशु यज्ञको निम्ति उपयुक्त हुँदैन भनेर टारे । तेस्रो पटक चूडोपनयनको बहाना बनाएर टारे । चौथो पटक वरुण आउँदा राजाको छोरो ठूलो भैसकेको हुनाले उसले सवै कुरा थाहा पाएर घर छोडेर भागिसकेको थियो । कबोल अनुसार आफ्नो लागि यज्ञ नगरेकाले वरुण राजासंग धेरै रिसाए । जसको फलस्वरूप हरिश्चन्द्रलाई जलोदर (पेट फुल्ने) रोग लाग्यो । भागेर जङ्गल गएको रोहितले बुबा बिरामी भएको थाहा पायो र घर फर्कन खोज्यो । तर उसलाई इन्द्रले रोकेर भने - “तँ घर गइस् भने मर्छस् त्यसैले जङ्गलमा नै घुमिरहनू त्यसैमा तेरो कल्याण छ” भनेर “चरैवेति”को उपदेश दिए । घुम्दै जाँदा जङ्गलमा अजीगर्त नामका एक जना गरिब ब्राह्मणलाई भेट्यो । उसले आफ्नो सट्टामा यज्ञको निमित्त ती ब्राह्मण पुत्र शुनःशेपलाई किनेर घर लाग्यो । हरिश्चन्द्रले यज्ञको तयारी गरे । शुनःशेप पशुसरह यज्ञको खम्बामा बाँधियो । शुनःशेपले यज्ञमा मारिने डरले देवताहरूको प्रार्थना गऱ्यो । देवताहरू प्रसन्न भएर उसका सबै किसिमका बन्धनहरू काटिदिए । ऊ बन्धनबाट मुक्त भयो । विना बलि राजाको यज्ञ सम्पन्न भयो र राजा रोगमुक्त भए । उक्त शीर्षकको संक्षिप्त परिचय हो ।

## १.२ समस्या कथन

ऋग्वेद अन्तर्गत ऐतरेय ब्राह्मण ग्रन्थमा हरिश्चन्द्रोपाख्यान रहेको छ । उक्त उपाख्यान मूल संस्कृत भाषामा छ । जसलाई सबैले पढ्न र बुझ्न सक्दैनन् । आख्यान लघु रूपमा रहेको छ । त्यसको व्याख्या विश्लेषण कतै पनि विस्तृत रूपमा भएको पाइँदैन । त्यसमा रहेको काव्यात्मक पक्षको, विश्लेषणात्मक अध्ययन गरी यसमा अन्तर्निहित आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक पक्षहरूलाई पाठक सामु प्रस्तुत गर्नु नै यसको मुख्य समस्या हो ।

## १.३ शोधकार्यको प्रयोजन

- यस शोधको प्रथम प्रयोजन त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, संस्कृत केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको पूर्ति गर्नु हो ।
- यस शोधको दोस्रो प्रयोजन हरिश्चन्द्रोपाख्यानको विश्लेषणात्मक अध्ययन गरी तत्कालीन आर्थिक, सामाजिक, राजनीतिक र धार्मिक पक्षलाई प्रस्तुत गर्नु हो ।

## १.४ पूर्वकार्य समीक्षा

यस शोधसँग सम्बन्धित विषयहरूको अध्ययन गर्ने क्रममा प्रा. डा. उमाशङ्कर शर्मा 'ऋषि' ले हरिश्चन्द्रोपाख्यानको कथालाई हिन्दी भाषामा अनुवाद गरी कथा, पुत्रोत्पत्ति, वैदिक कर्मकाण्ड, वैदिक देवता, काल निर्णयका सम्बन्धमा समेत चर्चा गरेका छन् । त्यस्तै डा. सुषमा पाण्डेयले हरिश्चन्द्रोपाख्यानलाई हिन्दी भाषामा अनुवाद गरेकी छिन् । यस बाहेक अन्यत्र अध्ययनको क्रममा अन्य व्यक्तिले अध्ययन गरेको पाइँदैन ।

## १.५ औचित्य

हरिश्चन्द्रको कथा श्रीमद्देवीभागत श्रीमद्भागवतमा र ऐतरेय ब्राह्मणमा पाइन्छ । यी सबै संस्कृत भाषामा लेखिएकाले संस्कृत भाषाको ज्ञान नभएका सर्वसाधारणले कथालाई पढेर बुझ्न सक्दैनन् । तसर्थ हरिश्चन्द्रको कथा केवल संस्कृत विद्वान्हरूका लागि मात्र

सुलभ रहेको छ । यो कथालाई नेपाली भाषामा लेख्न सके सर्वसाधारणको अध्ययन गर्ने पहुँच भित्र पर्दथ्यो । त्यसो भए मात्र कथाको रसास्वादन सबैले गर्न पाउने थिए । अर्को तर्फ यसको आर्थिक, राजनीतिक, सामाजिक र धार्मिक पक्षको विश्लेषणात्मक अध्ययनविद्वान् जनहरूबाट भएको पाइएको छैन । यसको सोझो अनुवाद मात्र भएको पाइन्छ । त्यसैले यस कथालाई नेपाली भाषामा अनुवाद गरी यस कथाभित्र रहेका आर्थिक, सामाजिक, राजनीतिक र धार्मिक पक्षलाई अध्ययन विश्लेषण गरी प्रस्तुत गर्नु नै यसको औचित्य रहेको छ ।

## १.६ सीमा

हरिश्चन्द्रोपाख्यान लघुकाव्यभित्र  रहेर काव्यात्मक विविध पक्षहरूको विश्लेषणात्मक अध्ययन गर्नु नै यसको सीमा हो ।

## १.७ पद्धति

यस शोधकार्यलाई सम्पन्न गर्नको लागि पुस्तकालयीय अध्ययन विधिलाई अपनाइएको छ । यही नै प्रमुख विधि (पद्धति) हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि निम्न अध्यायहरू विभाजित गरिएको छ :-

प्रथम अध्याय  : शोध परिचय

द्वितीय अध्याय : विषयवस्तुको परिचय

तृतीय अध्याय  : विषयवस्तुको परिशीलन

चतुर्थ अध्याय  : तुलनात्मक अध्ययन

पञ्चम अध्याय : विविध पक्षको अध्ययन

षष्ठ अध्याय   : निष्कर्ष

सन्दर्भ ग्रन्थसूची

# द्वितीय अध्याय
# विषयवस्तुको परिचय

## २.१ वेद

### २.१.१ वेदको परिचय

वेद विश्वको सर्वोच्च ज्ञान हो । जसले शब्दात्मक वेदलाई सुन्छन् वा पढ्छन् तिनलाई आत्मिक शान्ति, पवित्रता र संस्कारजन्य पुण्य प्राप्त हुन्छ । वेद अनादि र अनन्त छ । जसरी प्रत्येक स्थूल पदार्थ ब्रह्माका तन्मात्राबाट प्रकट हुन्छन् त्यसैगरी त्यो ज्ञानभण्डार पनि अनन्त ज्ञानश्रोतबाट आउँछ । त्यसैले वेदलाई ईश्वरीय ज्ञान भनिएको हो । वेदलाई विश्वको सर्वप्राचीन धर्मग्रन्थ भनिएको छ । वेदमा सृष्टिविद्या र विश्वब्राह्माण्डको मूलतत्त्वको वर्णन गरिएको छ । त्यो पूर्णतः विज्ञान र तर्कसम्मत छ । वेदको ठूलो भाग उपासना र कर्मकाण्डसँग सम्बन्धित छ । त्यसमा मानवजीवनका ती कर्तव्यहरूलाई निरूपण गरिएको छ जसको अभावमा जीवनमा सफलता असम्भव छ । कुनै जाति, सम्प्रदाय वा कुनै देशलाई मात्र लक्षित नगरी सम्पूर्ण मानवप्रकृतिलाई ध्यानमा राखेर मानव मात्रको कल्याणका निमित्त यसको रचना गरिएको 'वेदोऽखिलो धर्ममूलम्' भनिएको हो । ( गौतम, २०६५ : भूमिका)

'वेद' शब्द वैदिक युगमा वाङ्मयको पर्यायवाची शब्दको रूपमा प्रयोग गरिन्थ्यो । वैदिक युगमा वेदअन्तर्गत संहिता र ब्राह्मण समावेश गरिएका थिए । 'मन्त्रब्राह्मणयोर्वेदनामधेयम्' अर्थात् मन्त्र शब्द चार वेदका लागि मात्र प्रयोग हुन थाल्यो । जसमा ऋग्, यजु, साम र अथर्व सूचक भए । हाम्रा सम्पूर्ण क्रियाको मूल वेद नै हो । हाम्रा दर्शन, धर्म, संस्कृति, साहित्य आदि जे जति विषयहरू छन् ती सबै वेदमा आधारित छन् । त्यसैले मनुले वेदलाई सर्वज्ञानमय भनेका छन् (गैरोला, १९७८ : १२५) । उनी धर्म, अर्थ, कामलाई खण्डन गरेर केवल मोक्षमा पुऱ्याइदिनेलाई वेद भन्दछन् । उनका अनुसार धर्म, अर्थ, काम, मोक्षसम्बन्धी लाभ जसबाट सहजै हुन्छ, त्यो वास्तविक वेद हो । अतः प्रत्यक्ष र अनुमान प्रमाणले जुन उपायलाई र जसले त्यस उपायलाई बुझाइदिन्छ, त्यो नै वेद हो, त्यसैमा वेदत्व पनि छ । (प्रपन्नाचार्य, २०५० : २)

वेद शब्द 'विद्' धातुबाट बनेको हो । 'विद्' धातु पाँच प्रकारका छन् । विद्-ज्ञाने (अदादि), विद् सत्तायाम् (दिवादि), विद् विचरणे (रुधादि), विद् चेतनाख्याननिवासेषु (चुरादि), विद्लृ लाभे (तुदादि) । विद् ज्ञाने धातुबाट 'वेत्तिजानाति धर्मादिपुरूषार्थचतुष्टयोपायान् अनेन' यस विग्रहबाट निष्पन्न वेद शब्दको अर्थ जसद्वारा धर्म-अर्थ-काम-मोक्षको ज्ञान हुन्छ, त्यो नै वेद हो भन्ने बुझिन्छ ।

वेद शब्दको प्रयोग मन्त्र संहिताको अर्थमा गरिएको छ । यस अर्थमा जसबाट सबै मानिसले सत्यविद्या जान्दछन् अथवा सत्यविद्या प्राप्तिका लागि जसमा प्रवृत्त हुन्छन्, त्यही नै वेद हो । पाणिनीले 'वेद' शब्द बनाउनका लागि चार धातु प्रमुख मानेका छन् । त्यसमा 'विद्-ज्ञाने' धातुबाट बनेको वेद शब्दले ज्ञान अर्थ बुझाउँछ । वस्तुतः ज्ञान नै मानवको वास्तविक स्वरूप हो र विवेक नभएको मानव पशुतुल्य हुन्छ । यसर्थ ज्ञानराशि नै वेद हो भन्ने कुरा सिद्ध छ । (उपाध्याय, १९४९ ई. : १)

वेद शब्द ज्ञानार्थक, सत्तार्थक, विचारार्थक र लाभार्थक 'विद्' धातुवाट निष्पन्न हुन्छ । त्यसकारण वेदको अर्थ पूर्ण अध्ययन गर्नाले आध्यात्मिक र भौतिक (क्रियात्मक) ज्ञान प्राप्त-ज्ञानार्थक, ईश्वरीय सत्ताको ज्ञान-सत्तार्थक, आत्मा र परमात्माको विषयमा विभिन्न तार्किक ज्ञान प्राप्त हुन्छ भन्ने मत छ । यी सबै प्रकारका ज्ञानबाट बनेको नैतिक र अनुशासित मानवमात्रलाई प्राप्त हुने ऐहिक र पारलौकिक श्रेयलाई लाभार्थक धातुको अर्थमा लिएको विद्वान्हरूको मत पाइन्छ । वास्तवमा वेदको शाब्दिक अर्थ पनि यही नै हो । (प्रपन्नाचार्य, २०५० : १–३)

वेदका मन्त्रहरू र तीनमा विषयका दृष्टिले धेरै असमानता पनि छन् । प्राचीन समयमा वेदमन्त्रलाई संख्या र विषयका दृष्टिले क्रमबद्ध गरियो र अलग अलग वर्गमा विभाजित गरियो । पहिले वेदमन्त्रलाई तीन वर्गमा बाँडियो । तिनीहरूको नाम ऋग्, यजुर् र साम राखियो । यी तीन समूहको सामूहिक नाम 'त्रयी' भनिएको हो ।

'ऋच्' अन्तर्गत प्रार्थना र स्तुति, 'यजुर्' अन्तर्गत पूजा अर्चनाका मन्त्र र बाँकी रहेका मन्त्रहरूलाई 'सामन्' अन्तर्गत राखियो । यसरी ऋग्वेद, यजुर्वेद र सामवेद गरी तीनवटा वेदको विभाजन भएको पाइन्छ ।

वेद आफ्नो मूलरूपमा एक थियो वा तीन थिए वा चार थिए प्राचीनकालदेखि नै विवाद रहि आएको छ । वेदलाई सुगम बनाउन शाखाहरूमा विभाजन गरिएको पाइन्छ । यो कार्य व्यास ऋषिले गरेका हुन् । आज वेदको संख्या चार छ । तीनवटा वेद विभाजन गरेर केही मन्त्रहरू बाँकी रहन गए जो तीन वेदमा समन्वय हुन सकेनन् । ती मन्त्रहरू मारण-मोहन-उच्चाटन वशीकरण विषयक थिए । ती मन्त्रहरू समावेश गरी 'अथर्व' वेदका रचना गरियो । यसरी वेदको सङ्ख्या तीनबाट चार हुन पुग्यो । वेदको चतुर्धा वर्गीकरण यजुर्वेदमा पनि उल्लेख भएको पाइन्छ ।[1]

वेदका मन्त्रद्रष्टा ऋषिहरू मानिन्छन् तर रचयिता भने होइनन् । त्यसकारणले पनि वैदिककालको निर्णय गर्न सजिलो छैन । समग्रमा वैदिककाल तथा ब्राह्मण ग्रन्थको रचनाकाल लगभग आजभन्दा पाँचहजार वर्ष पहिले भएको अनुमान गर्न सकिन्छ । (जयसवाल, ..... : २२५–२२६)

हाम्रा पूर्खा ऋषिमुनिहरूले मन्थन गरेर यो अपार ज्ञान राशिलाई वेदमा राखिदिएका छन् । यो ईसाभन्दा चार हजार वर्षपूर्वको इतिहास होइन अपितु करोडौं वर्षको इतिहास वेद हो । (प्रपन्नाचार्य, २०५० : ३)

म्यकडोनाल्डले ऋग्वेदको रचनाकाल १३०० इ.पू. मानेका छन् । म्याक्समुलरले 'प्राचीन संस्कृत साहित्य' नामक ग्रन्थमा वेदहरूको समय निर्धारणको प्रयास गरेका छन् । उनका अनुसार ऋग्वेदको रचनाकाल १२०० इ.पू. मानिएको थियो । भूगर्भशास्त्रका प्रमाणहरूको आधारमा डा. अविनाशचन्द्र दासले १९२२ मा कलकत्ताबाट प्रकाशित 'ऋग्वैदिक इन्डिया' नामक ग्रन्थमा ऋग्वेदको रचनाको समय कमसेकम इसाभन्दा २५००० वर्षपूर्व मानेका छन् । अमलेकरले ऋग्वेदको रचनाकाल ६२००० देखि ७५००० वर्षपूर्व निर्धारण गरेका छन् । पं दीनानाथ शास्त्री चुलेटले आफ्नो 'वेदकाल निर्णय' नामक ग्रन्थमा वेदहरूको रचना समय आज भन्दा तीन लाख वर्ष पूर्व भएको सिद्ध गरेका छन् । (गौतम, २०६५ : ११)

---

[1] तस्माद्यज्ञात् सर्वहुतऋच : सामानि जज्ञिरे । छन्दांसि जज्ञिरे, तस्माद्यजुस्तस्मादजायत । **यजुर्वेद, अध्याय ३१ ।**

## २.२ ब्राह्मण

### २.२.१ ब्राह्मण परिचय

वैदिक संहितापछि ब्राह्मणको समय आउँछ । ब्राह्मण ग्रन्थ प्रधानतः कर्मकाण्ड विषयक हुन् । तिनमा प्राचीन ऋषिवंश तथा राजवंशका कथाहरू र जगत्सम्बन्धी विचारहरू वर्णित छन् । ऋग्वेदका ऐतरेय र कौषितकी दुई ब्राह्मण छन् । शुक्लयजुर्वेदको शतपथ ब्राह्मण हो । सामवेदको ब्राह्मणमा पंचविंश प्रमुख हो । अथर्ववेदको गोपथ ब्राह्मण हो । ब्राह्मणमा गृहस्थाश्रमसँग सम्बद्ध यज्ञ-यागादि विधानको वर्णन पाइन्छ । (सत्यश्रवा, १९७४ : २)

ब्राह्मणग्रन्थको प्रधानविषय यज्ञको प्रतिपादन र तिनका विधिहरूको व्याख्या गर्नु हो । 'यज्ञो वै श्रेष्ठतम् कर्म' । यज्ञ विषयक ग्रन्थ हुनाले यसको नाम ब्राह्मण हुन गएको हो । यज्ञ-याज्ञादिको बिधान गर्ने एक मात्र 'ब्राह्मण' पुरोहितको निजीग्रन्थ हुनाले पनि यसलाई ब्राह्मण भनिएको हो । (सत्यश्रवा, १९७४ : १८) यो वेदको त्यो भाग हो, जसमा विविध वैदिक यज्ञकालागि वेदमन्त्रको प्रयोगको नियम, उसको उत्पति एवम् विवरणपूर्ण व्याख्या तथा समयसमयमा सुविस्तृत दृष्टान्तका रूपमा परम्परागत कथा एवम् गाथा समावेश गरिएका छन् । प्रत्येक वेदका अलगअलग ब्राह्मणग्रन्थहरू छन् ।

विषयका दृष्टिले ब्राह्मण ग्रन्थका चार भाग छन्, विधि भाग, अर्थ भाग, उपनिषद् भाग र आख्यान भाग । विधि भागमा मुख्यतः कर्मकाण्डसम्बन्धी विधान वर्णन छ । यसका साथै वेदमन्त्रको अर्थ-मीमांशा र वैदिक शब्दको निष्पत्ति पनि छ । ब्राह्मण ग्रन्थको तेस्रो उपनिषद् भागमा ब्रह्मतत्त्वको विषयमा विचार गरिएको छ । चौथो आख्यान भागमा प्राचीन ऋषिवंश, आचार्यवंश र राजवंशका कथाहरू वर्णित छन् ।

वैदिक वाङ्मयमा संहिताहरू पछि ब्राह्मण साहित्यको महत्त्वपूर्ण स्थान छ । आपस्तम्बग्रन्थमा मन्त्र र ब्राह्मण दुवैलाई वेद भनिएको छ । मन्त्रको पर्यायवाची शब्द ब्रह्म हो । ब्रह्म वा मन्त्रहरूको व्याख्यानगन्थ्रहरूको नाम नै ब्राह्मण हो । ब्राह्मणको अर्थ यज्ञ पनि हुन्छ । ब्रह्मको प्रतिपादन वा व्याख्या गर्ने हुनाले तिनलाई ब्राह्मण भनिन्छ । ब्राह्मणको मुख्य विषय यज्ञहरूको प्रतिपादन  र तिनका विधिहरूको व्याख्या गर्नु हो । (गौतम, २०६५ : २२)

ब्राह्मण शब्दका जातिवाचक र यज्ञवाचक गरी दुईवटा अर्थ छन् । जातिवाचक ब्राह्मण शब्द पुलिङ्ग र यज्ञवाचक ब्राह्मणशब्द नपुङ्सकलिङ्गमा छन् । वेदको ब्राह्मण भागमा यज्ञ याग आदिको विस्तृत विवेचनात्मक वर्णनका साथै प्राचीन राजा र ऋषि-महर्षिहरूका कथा पनि पाइन्छन् । त्यसकारण यज्ञ, इतिहास, प्रायोगिक विज्ञान आदि विभिन्न विषयमा ब्राह्मणग्रन्थको परिशीलनले एक विशिष्ट स्थान ओगटेको छ (गौतम, २०६५ : २२) । व्याकरणको रीतिले ब्राह्मण शब्दको अर्थ 'ब्रह्म वै मन्त्र' ब्रह्म नै मन्त्र हो तथा 'वेदो ब्रह्म' वेद नै ब्रह्म भन्ने बुझिन्छ ।

मन्त्रको पर्यायवाची शब्द 'ब्रह्म' हो । ब्रह्म वा मन्त्रहरूको व्याख्यानग्रन्थको नाम नै ब्राह्मण हो । ब्रह्मको अर्थ यज्ञ पनि हुन्छ । ब्रह्मको प्रतिपादन वा व्याख्या गर्ने भएकाले तिनलाई ब्राह्मण भनिन्छ । ब्राह्मणको मुख्य विषय यज्ञहरूको प्रतिपादन र तिनका विधिहरूको व्याख्या गर्नु हो । यसरी ब्राह्मणहरूमा मन्त्रहरू, कर्महरू एवम् विनियोगहरूको व्यवस्था गरिएको छ । (गौतम, २०६५ : २२)

ब्राह्मण दुई प्रकारका छन् । एक कर्म ब्राह्मण, दोस्रो कल्प ब्राह्मण (भट्टभास्कर, १९९५ : १०५) । कर्म ब्राह्मणमा केवल कर्मको विधान गरिएको छ र मन्त्रको विनियोग बताइएको छ । यसले न प्रशंसा गर्दछ, न त कसैको निन्दा नै गर्दछ । कल्प ब्राह्मणमा मन्त्रको पाठ मात्र छ विनियोग छैन । सायणले तैत्तिरीय आरण्यक व्याख्यानमा बृहदारण्यक उपनिषद्को प्रमाणले ब्राह्मणका आठ भेद दर्शाएका छन् । आचार्य शङ्करले पनि वृहदारण्यक उपनिषद्का उक्त वचनमा ब्राह्मणका यिनै आठ विभाग लेखेका छन् (भगवदत्त, १९६३ ई. : ५) । पाणिनीले अष्टाध्यायीका सूत्र 'पुराणप्रोक्तेषु ब्राह्मण कल्पेषु' मा ब्राह्मण ग्रन्थका प्राचीन र अर्वाचीन दुई भाग स्पष्ट गरेका छन् । पुराणप्रोक्त ब्राह्मणमा भाल्लव र शाट्यायन छन् । अर्वाचीन ब्राह्मणमा याज्ञवल्क्य अर्थात् शतपथ ब्राह्मणको उल्लेख गरिएको छ । ( भगवदत्त, १९६३ ई. : ५)

कृष्णद्वैपायन व्यासका शिष्य प्रशिष्यद्वारा प्रोक्त ब्राह्मण र कल्प नवीन मानिन्छन् । कृष्णद्वैपायन भन्दा पूर्ववर्ती ऐतरेय आदिद्वारा प्रोक्त ब्राह्मण प्राचीन मानिन्छन् ।

## २.३ ऐतरेय ब्राह्मण

### २.३.१ ऐतरेय ब्राह्मणको परिचय

ऋग्वेदको शाकल शाखाअन्तर्गत रहेको ऐतरेय ब्राह्मण उल्लेखनीय ब्राह्मण हो । यो सबैभन्दा प्राचीन मानिन्छ । यसका रचयिता ऋषि महिदास ऐतरेय मानिन्छन् । ऐतरेय कुनै शूद्र स्त्रीका पुत्र थिए । ती स्त्रीको नाम इतरा थियो । इतराका पुत्र भएकाले उनलाई ऐतरेय भन्न थालियो । उनै शूद्राका पुत्रद्वारा रचित ब्राह्मण ग्रन्थ नै ऐतरेय ब्राह्मण हो भन्ने पाइन्छ । (जयसवाल, ...... : २२५–२२६)

ऐतरेय ब्राह्मणमा जम्मा ४० अध्यायहरू छन् । प्रत्येक पाँच अध्यायको पङ्क्ति रहेको छ । ऐतरेय ब्राह्मणमा कुल चालीस अध्याय आठ पञ्चिका र २८५ कण्डिका रहेका छन् । त्यसमध्येको तेत्तीसौँ अध्यायमा 'हरिश्चन्द्रोपाख्यान' रहेको छ । मुख्यरूपमा वैदिक कर्मकाण्ड, याज्ञिक विधान रहेको यस ग्रन्थमा तेत्तीसौँ अध्यायमा पनि पुत्र प्राप्तिका लागि पुत्रेष्ठि यज्ञ, सोमयाग, राजसूय यज्ञ आदिको वर्णन पाइन्छ । यस ब्राह्मणको मुख्य भाग सोमयागसँग सम्बन्धित छ । यस ब्राह्मणमा इन्द्रलाई सबै देवताहरूभन्दा श्रेष्ठ बताइएको छ भने मुख्य देवताहरू तेत्तीस छन् । (गौतम, २०६५ : २७)

ऐतरेय ब्राह्मणको तेत्तीसौं अध्यायमा शुनःशेपको आख्यान छ । यस आख्यानका अनुसार राजा हरिश्चन्द्रले पुत्र प्राप्तिका लागि वरुण देवको प्रार्थना गरेका र वरुणकै कृपाले पुत्र प्राप्त भएको कथा छ । जुन कथामा पुत्रेष्ठि यज्ञको कारण रोहितको जन्म भएकोले पुत्रेष्ठि यज्ञको महत्व ज्यादै देखिन्छ । त्यसका साथै सोमयागको वर्णन पनि यस ब्राह्मणमा गरिएको छ ।

# तृतीय अध्याय

# विषयवस्तुपरिशीलन

## ३.१ हरिश्चन्द्रोपाख्यानको कथावस्तु

इक्ष्वाकु वंशमा हरिश्चन्द्र नामका राजा थिए । उनलाई तपस्याका कारण राजर्षि पनि भनिन्थ्यो । उनका राजसभामा धेरै विद्वान् सदस्यहरू रहने गर्दथे । ती मध्ये पर्वत र नारद ऋषिहरू पनि थिए । राजा हरिश्चन्द्रका सयवटी पत्नीहरू थिए तर पुत्र थिएनन् ।[1] पुत्र नभएका कारण राजा भौतिक रूपमा सुसम्पन्न भएर पनि मानसिक रूपमा सुखी थिएनन् र खुसी पनि थिएनन् । सन्तान सुखबाट वञ्चित रहेका राजाले नारद ऋषिलाई पुत्रको महत्त्वका बारेमा प्रश्न गरे । राजाले यौटा मात्र प्रश्न सोधेका थिए तर नारदले धेरै गाथाहरू सुनाएर पुत्रको महत्त्व बताए ।

राजाले सोधे 'हे, नारदजी ! सबैजना पुत्र चाहन्छन् । जो ज्ञानी मनुष्य छन् तिनीहरू पनि पुत्र चाहन्छन् र जो अज्ञानी छन् तिनीहरू पनि पुत्र नै चाहन्छन् । हे, नारदजी ! पुत्रमा के त्यस्तो गुण छ ? अथवा पुत्रबाट के मिल्दछ ? किन सबैले पुत्रको चाहना गर्दछन्?'[2] यस्तो प्रश्न राजा हरिश्चन्द्रले गरे पछि नारद ऋषिले पुत्रको महिमा यसप्रकार बताउँछन् ।

***पहिलो गाथा :-*** यदि पिताले आफूबाट उत्पन्न भएको जीवित पुत्रको मुख देख्दछ भने उसका वैदिक र लौकिक ऋणहरू बाँकी रहँदैनन्, ऊ ऋणबाट मुक्त हुन्छ । उसले अमरत्व प्राप्त गर्दछ । अर्थात् वैदिक ऋणअन्तर्गतका देवऋण, पितृऋण र ऋषिऋण सबै ऋणबाट छुट्कारा पाउँछ । त्यसैले पुत्रको आवश्यकता पर्दछ । ऋणको अभिभारा स्वाभाविकरूपमा पुत्रमा आएपछि पितालाई मुक्ति प्राप्त हुन्छ ।[3]

---

[1] हरिश्चन्द्रो ह वैधस ऐक्ष्वाको राजाऽपुत्र आस ।
तस्य ह शतं जाया वभूवुः । तासु पुत्रं न लेभे ।

[2] यं न्विमं पुत्र मिच्छन्ति ये विजानन्ति ये च न ।
किंस्वित्पुत्रेण विन्दते तन्म आचक्ष नारद ! ॥ इति ॥

[3] ऋणमस्मिंन्संनयत्यमृतत्त्वं च गच्छति
पिता पुत्रस्य जातस्य पश्येच्चेज्जीवतो मुखम् ॥ उमाशंकर शर्मा, **हरिश्चन्द्रोपाख्यानम्** (वाराणसी : मोतीलाल बनारसी दास १९९४) प्रथम खण्ड पृ. १,३ ।

***दोस्रो गाथा :-*** प्राणीहरूलाई जति सुख पृथ्वीबाट मिल्दछ, जति सुख अग्निबाट मिल्दछ र जति सुख जलबाट मिल्दछ त्यो भन्दा धेरै गुणा सुख पितालाई पुत्रबाट प्राप्त हुन्छ अर्थात् पृथ्वीबाट निवास एवम् आहार उत्पादनबाट, अग्निबाट पकाउने कार्य गरेर, गरम बनाएर र कुनै वस्तुलाई जलाएर, जलबाट स्नान गरेर, जलपान गरेर जे जति सुख र आनन्दको अनुभूति हुन्छ त्यो भन्दा धेरै गुणा सुख र आनन्द पुत्रबाट प्राप्त हुन्छ[4], पुत्र सुख भन्दा ठूलो अर्को कुनै सुख छैन ।

***तेस्रो गाथा :-*** पितृगण पुत्रका लागि सदा ठूलाठूला दुःख कष्टहरू पार गरेर (सहेर) जान्छन्, किनकि आत्माबाट नै पुत्रका रूपमा आत्माको उत्पत्ति हुन्छ,[5] त्यसैले आत्मारूपी शरीर अर्थात् पुत्र पितृहरूलाई पार लगाउँछ । आत्मारूपी पुत्र पितृको उद्धार गर्ने नौकासमान हो । जसरी नौका (डुङ्गा) ले यात्रुलाई नदी पार गराउँछ, त्यसैगरी पुत्रले पनि ऐहिक र पारलौकिक दुःखबाट हामीलाई पार लगाउँछ ।

**चौथो गाथा :-** गृहस्थ जीवन, ब्रह्मचारी, योगी (यति), वानप्रस्थ, तप, परिब्राजक अथवा चारै आश्रम निरर्थक हुन्, पुत्र नै एक मात्र सार्थक छ त्यसैले पुत्रको इच्छा गर[6] । संसारमा यही उक्ति मात्र सत्य छ । अन्य सबै कुराहरू निरर्थक छन् अर्थ छ भने पुत्रको मात्र छ ।

***पञ्चम गाथा :-*** अन्न प्राण हो, यसबाट नै प्राणी बाँच्दछ । वस्त्र शरण वा रक्षक हो, यसले तातो र चिसोबाट बचाउँदछ । सुन रूप हो, यसले अलङ्कार शोभा बढाउँछ । पशुहरू हुनाले धनी मानिन्छ । विवाह गर्नाले जीवन सहज र सरल हुन्छ[7] । पत्नी साथी हुन्–मित्र हुन्, उनी सुख दुःखमा साथ दिन्छिन् । पुत्री दुःखको कारण हो, उसको उत्पत्तिले परिवारमा दुःख पैदा हुन्छ । परम प्रकाश ज्योतिपुञ्जस्वरूप पुत्र नै हो, जो आकाशमा सदा

---

[4] यावन्तः पृथिव्या भोगा यावन्तो जातवेदसि ।
यावन्तो अप्सु प्राणिनां भूयान्पुत्रे पितुस्तत : ॥

[5] शश्वत्पुत्रेण पितरोऽत्यायन्बहुलं तम : ।
आत्मा हि जज्ञ आत्मानः स इरावत्यतितारिणी ॥

[6] किं नु मलं किमजिनं किमु श्मश्रूणि किं तपः ।
पुत्रं ब्रह्माण इच्छध्वं स वै लोकोऽवदावदः ॥

[7] अन्नं ह प्राणः शरणं ह वासो रूपं हिरण्यं पशवो विवाहा : ।
सखा ह जाया कृपण ह दुहिता ज्योतिर्ह पुत्र : परमे व्योमन् ॥ सुषमा पाण्डेय (सं) **हरिश्चन्द्रोपाख्यानम्** पृ. ५-११

चम्किरहन्छ । तसर्थ पुत्र मात्र सत्य हो । यो तत्कालीन समाजको सामाजिक निष्ठा हो र वर्तमानमा पनि हाम्रो समाजमा यस्ता चिन्तनहरू पर्याप्त भेटिन्छन् ।

***छैठौं गाथा :-*** पति र पत्नी दुवैका दुई-दुई रूप हुन्छन् । शरीररूप र बीजरूप, जुन गर्भमा रहन्छ । पत्नीको दुई रूपमा पत्नी तथा माताको रूप रहन्छ पति पनि बीज रूपमा पत्नीमा प्रवेश गर्दछ[8] । त्यही बीज गर्भ बनेर बढ्छ, त्यही पत्नी गर्भरूपका कारण माता बन्दछे र नयाँ संस्कार लिएर दसौं महिनामा उत्पन्न हुन्छ । तसर्थ पुत्र आफूभन्दा भिन्न होइन । आफू नै पुत्रकारूपमा यस पृथ्वीमा जन्म लिन्छ ।

***सप्तम गाथा :-*** पत्नीलाई यसकारण जाया भनिएको हो उसबाट पुनः (पुत्र वा पुत्रको) उत्पत्ति हुन्छ । त्यही स्त्री उत्पादक हो, उसले जन्म दिन्छे । त्यहीं बीज राखिन्छ । पुरूषको बीज पुत्रका रूपमा त्यही बढ्दछ र जन्म लिन्छ ।[9] पुत्रका रूपमा पनि स्त्रीमा रहन्छ । यसैले स्त्रीलाई जन्मदात्री, उत्पादिनी भनिन्छ । पतिले स्त्रीका गर्भबाट पुत्रका रूपमा जन्म लिन्छ ।

***अष्टम गाथा :-*** देवता र ऋषिहरूले यी स्त्रीहरूलाई आफ्नो ठूलो तेज (सार, सौन्दर्य, लावण्य) आदिले पुत्रोत्पादनका निमित्त भरिदिएका छन् । फेरि पनि देवताहरू मानवसँग भन्दछन् – हे मनुष्य ! जो स्त्री जाया रूपमा छ पछि त्यही तिमीहरूलाई पुत्ररूपमा जन्माउने आमा हुन्छे ।[10]

***नवम गाथा :-*** पुत्रहीनहरूलाई संसारमा सुख छैन । पुत्र दर्शनले जुन सुख पाइन्छ, त्यस्तो अन्य कुनै सुख छैन। यस्ता कुराहरू सबै पशुहरू पनि जान्दछन् । त्यसैले पशु-जगत्मा पुत्र, माता र बहिनीका सँगमा पनि पुत्रोत्पादनका लागि सहवास गर्दछन् ।[11]

---

[8] पतिर्जायां प्रवशति गर्भौ भूत्वा स मातरम् ।
तस्यां पुनर्नवो भूत्वा दशमे मासि जायते ॥
**हरिश्चन्द्रोपाख्यानम्**, प्रथम खण्ड पृ. ५-११ ।

[9] तज्जाया जाया भवति यदस्यां जायते पुन : ।
आभूतिरेषा भूतिर्बीजमेतन्निधीयते ॥

[10] देवाश्चैताभृषयश्च तेज : समभरन्महत् ।
देवा मनुष्यानब्रुवन्नेषा वो जननी पुनः ॥

[11] नापुत्रस्य लोकोऽस्तीति तत्सर्वे पशवो विदुः ।
तस्मात्तु पुत्रो मातरं स्वसारं चाधिरोहति ॥ (**हरिश्चन्द्रोपाख्यानम्**, प्रथम खण्ड पृ. ५-११)

***दशम गाथा :-*** पुत्रवान् व्यक्तिहरू शोकरहित भएर हिँड्दछन् । पुत्रवान्हरू सुखी र खुसी पनि हुन्छन् । पशुहरू पनि पुत्रप्राप्तिबाट सुखको अनुभव गर्छन् । सुखको कारण आनन्द नै आनन्द हो । यसकारण पशुपंक्षी पनि माताका साथमा सहवास गर्दछन् भने अन्य स्त्रीहरू सँगको कुरा त के भयो र ?[12]

यसरी पुत्रको महत्त्वका सम्बन्धमा देवर्षि नारदले राजा हरिश्चन्द्रलाई बताए । त्यसपछि नारद ऋषिले पुत्र हुने उपायका निमित्त वरुणको प्रार्थना गर वरुणले तिमीलाई पुत्र अवश्य दिनेछन् भनी उपदेश दिए ।

उपदेश अनुसार राजा हरिश्चन्द्रले वरुणको प्रार्थना गरे । वरूण खुसी भएर पुत्र प्राप्तिको वरदान दिए तर उनैले दिएको पुत्रको बलि दिनुपर्ने शर्तमा । राजाले सो शर्त पनि स्वीकार गरे किनकि उनलाई पुत्रको मुख हेर्नु थियो । वरुणका कृपाले राजालाई पुत्र प्राप्त भयो, उसको नाम रोहित राखियो । त्यसपछि वरुण आएर हरिश्चन्द्रलाई भने– 'मेरा लागि यज्ञ गर' तब हरिश्चन्द्रले उत्तर दिए – 'दसौं दिन हुन दिनुहोस् अनि गरूँला' वरुण फर्केर गए । दस दिनपछि वरुण फेरि यज्ञको माग गर्न आए यसपटक राजाले भने– 'जब पशुको दाँत उम्रन्छ तब मात्र बलिको लागि योग्य ठहरिन्छ । त्यसैले यसको दाँत उम्रियोस् तब यज्ञ गरूँला, वरुण पनि हुन्छ भनी फर्किएर गए । रोहितका दाँत उम्रिएर आए फेरि वरुणले यज्ञको माग गरे यसपटक राजाले 'जब पशुको दाँत झर्दछ तब मात्र यज्ञका लागि योग्य हुन्छ, उसको दाँत झरोस् अनि म यज्ञ गर्दछु' भने । वरुण यसपटक पनि त्यसै फर्केर गए । चौथो पटक वरुण आएर हरिश्चन्द्रलाई भने– 'अब यसका दाँत झरे मेरो लागि यज्ञ गर ।' उनले उत्तर दिए– 'जब बलिपशुका दाँत फेरि उम्रन्छन् तब यज्ञ गर्नका लागि योग्य हुन्छ, यसका दाँत उम्रिए पछि म तपाईंको यज्ञ गर्नेछु ।' वरुण यो कुरा पनि स्वीकार गरेर फर्किए ।

पाँचौपटक वरुण आएर भने यसका दाँत उम्रिसके अब मेरो लागि यज्ञ गर । यसपटक राजाले भने– 'क्षत्रिय जब शस्त्रधारण गर्न योग्य बन्दछ, तब मात्र ऊ यज्ञको

---

[12] एष पन्थ उरुगायः सुशेवो, यं पुत्रिण आक्रमन्ते विशोकाः ।
तं पश्यन्ति पशवो वयांसि च, तस्मात्ते मात्राऽपि मिथुनीभवन्ति ॥ (**हरिश्चन्द्रोपाख्यानम्**, प्रथम खण्ड पृ. १२-१५)

लायक ठहरिन्छ । जब ऊ शस्त्रधारणको लागि योग्य बन्दछ तब म तपाईंको यज्ञ गर्दछु । वरुण यो कुरा पनि स्वीकार गरेर फर्के ।

राजा हरिश्चन्द्रलाई कुनै पनि बहाना बनाएर टार्न पाए हुन्थ्यो भन्ने चाहना थियो । उनी आफ्नो पुत्रको बलि दिएर यज्ञ गर्न चाहँदैनथे, यद्यपि यज्ञ गर्नुपर्ने उनको बाध्यता थियो । तसर्थ उनले एक एक बहाना बनाउँदै टार्दै गए । आखिर उनले सधैंका लागि टार्न पनि सकेनन् । रोहित ठूलो भयो उसले क्षत्रीयत्त्वको शस्त्रकवच धारण गर्‍यो । वरुण फेरि आएर भने– 'अब उसले कवच धारण गर्‍यो यसबाट मेरो यज्ञ गर ।' यति भएपछि हरिश्चन्द्रले पुत्रलाई बोलाएर भने– 'हे पुत्र ! यिनै वरुणले नै तँलाई मेरो लागि पुत्रका रूपमा दिएका हुन्, हाय ! म के गरूँ ? मैले तेरो बलि गरेर यिनको यज्ञ गर्नुपर्दछ ।' यति भनिसकेपछि रोहितले– 'नाँई हुँदैन' भनेर वनतर्फ भाग्यो । ऊ वनमा नै घुम्दै रहन थाल्यो ।

अब वरुणले राजा हरिश्चन्द्रलाई पक्रे । उनलाई जलोदर (पेटमा पानी भरिने र फुल्ने) नामको रोग लाग्यो । उनको पेट ठूलो हुन थाल्यो । यो खबर महा अरण्य (जङ्गल) मा रहेको रोहितले पनि थाहा पायो र घर फर्कन खोज्यो, त्यस समयमा इन्द्रले ब्राह्मणको रूप धारण गरेर अगाडि आएर भने – 'एकै ठाउँमा बसिरहने व्यक्तिलाई सम्पत्ति प्राप्त हुँदैन, जो भ्रमणशील व्यक्ति छ, उसैको उन्नति हुन्छ । राम्रो मानिस पनि खराब मानिसका सङ्गतले पापी बन्न जान्छ । भ्रमणशील व्यक्तिको मित्र इन्द्र पनि हुन्छन् । यसैले तिमी घुम्दै गर, घुम्दै गर ।'[13]

उसलाई 'चरैवेति' चरैवेति' को उपदेश दिएर इन्द्र गए । दोस्रो वर्ष पनि उ घुमिरह्यो र अन्त्यमा उसले घर फर्कने विचार गर्‍यो । यसपटक पनि इन्द्र मानिसको रूपमा आएर रोहितलाई भन्न थाले– 'हेर ! भ्रमणशील व्यक्तिका खुट्टा फूलसरह हलुका हुन्छन्, शरीर आत्माको वृद्धि हुन्छ, जसको फलस्वरूप आरोग्यता प्राप्त हुनेछ । यसैले सबै पाप नाश हुन्छन् किनकि कठिन मार्गको श्रमले सबै दुःख, अनिष्ट समाप्त हुन्छन् । त्यसैले तिमी घुम्दै गर, घुम्दै गर । घर फर्कने विचार छोडिदेऊ ।'[14]

---

[13] पुष्पिण्यौ चरतो जङ्घे भूष्णुरात्मा फलग्रहिः ।
शेरेऽस्य सर्वे पाप्मानं श्रमेण प्रपथे हताः । चरैवेति' (पाण्डेय, १९९४ : २९–३१) **हरिश्चन्द्रोपाख्यानम्** ।

[14] व्यायामक्षुण्णगात्रस्य पद्भ्यामुद्वर्तितस्य च ।
व्याधयो नोपसर्वन्ति वैनतेयमिवोरगा : ॥ (पाण्डेय, १९९४ : २९–३१) ।

'घुम्दै रहू, घुम्दै रहू' भन्ने ब्राह्मणको भनाइलाई विचार गरेर रोहित तेस्रो वर्ष पनि वनमा घुम्दै रह्यो । फेरि ऊ घर फर्कने विचार गर्दै थियो - पुनः पुरूषका रूपमा उसका सामु उपस्थित भएर भन्नथाले -"बसिरहने व्यक्तिको भाग्य पनि बसिरहन्छ, अगाडि बढ्न सक्दैन, उभिइरहने व्यक्तिको भाग्य पनि वृद्धितर्फ उन्मुख हुन्छ, सुतेको व्यक्तिको भाग्य पनि सुतिरहन्छ तर भ्रमणशील व्यक्तिको भाग्य बढिरहन्छ गतिशील भइरहन्छ । त्यसैले तिमी घुम्दै गर घुम्दै गर । भ्रमणशीलको भाग्य पनि वृद्धि भइरहन्छ ।"[15] ब्राह्मणको भनाइलाई भनन गर्दै रोहित चौथो वर्षमा पनि वनमा घुम्दै रह्यो । अन्त्यमा ऊ गाउँमा आइपुग्यो, त्यस वखत पनि इन्द्रले मानिसको रूप लिएर भने -"सुतेको मानिस कलि हुन्छ, बसेर अडेस लागेको व्यक्ति द्वापर हुन्छ, उठेर उभिने मान्छे त्रेता हुन्छ तर हिँड्ने डुल्ने व्यक्ति कृतसम्पन्न हुन्छ त्यसैले घुम्दै गर । अर्थात् निन्द्रा कलियुग समान छ भने हिड्नु डुल्नु सत्ययुग समान छ । यसैले हिंडिरहनुपर्दछ, गतिशील भइरहनु पर्दछ त्यसैमा उन्नति छ । पूर्ण सफलताको आशा गर्नेले कार्यमा लागिरहनु पर्दछ । भाग्यवान् व्यक्ति गतिशील भइरहन्छ ।"[16]

पाँचौ वर्ष पनि ऊ घुम्दै थियो । इन्द्र पुरूषका रूपमा आएर भन्न थाले -"भ्रमण गर्दा गर्दा व्यक्तिले मधु (मह) प्राप्त गर्दछ उसले सुस्वादु उदुम्बरको (डुम्री) फल प्राप्त गर्दछ । भोग गर्नका लागि योग्य श्रेष्ठतम पदार्थहरू प्राप्त गर्दछ, अत आलस्य नगरीकन घुम्दै गर ।"[17]

'चरैवेति'को उपदेश रोहितका मनमा गढेको थियो । ब्राह्मणको उपदेश मानेर उसले छैठौं वर्ष पनि वनमा घुम्दै वितायो । वनमा भ्रमण गर्दा गर्दै सूर्यवंशका पुत्र अजीगर्त ऋषि भेटिए । उनी भोकले अत्यन्त पीडित भएका थिए । भोक शान्त गर्नका लागि अजीगर्तसँग कुनै साधन स्रोत र उपाय थिएनन् । अजीगर्त ब्राह्मणका तीनवटा छोराहरू थिए । तिनीहरूमा जेठा छोराको नाम शुनपुच्छ, माहिलो शुनःशेप र कान्छोको नाम शुनोलाङ्गुल थियो । त्यो देखेर रोहितले अजीगर्तलाई भन्यो -"हे ऋषि ! म तपाईंलाई सयवटा गाई दिन्छु । तपाईं यिनीहरूमध्ये कुनै यौटा छोरो मलाई दिनुहोस् । यिनीहरूमध्ये कुनैद्वारा म

[15] आस्ते भग आसीनस्योर्ध्वतिष्ठति तिष्ठतः
शेते निपद्यमानस्य चराति चरतो भगः । चरैवेति ।

[16] कलि शयानो भवति संजिहानस्तु द्वापरः
उत्तिष्ठंस्त्रेता भवति कृतं संपद्यते चरन् । (पाण्डेय, १९९४ : २९–३१), तृतीय खण्ड, पृ. २९–३१ ।

[17] चरन्वै मधु विन्दन्ति चरन् स्वादुमुदुम्बरम्
सूर्यस्य पश्य श्रेयमाणं यो न तन्द्रयते चरन् । पूर्ववत् पृ. २९ -३१

वरुणदेखि मुक्त हुन सकूँ ।" तब जेठा छोरालाई समातेर अजीगर्तले "यसलाई हुँदैन" भने । "यसलाई हुँदैन" भनेर कान्छोलाई आमाले समातिन् । आखिर माहिलो छोरो बाँकी रह्यो उसैलाई बेच्ने निर्णय गरे । उसको सट्टामा एक सय गाई लिएर शुनःशेपलाई रोहितको जिम्मा लगाए । रोहित शुनःशेपलाई किनेर घर फर्कियो । उसले आफ्नो बाबु हरिश्चन्द्रलाई भन्यो -"हे पिताजी ! मैले यसलाई किनेर ल्याएँ । अब यसैद्वारा यज्ञ गरौं र तपाईं पनि रोग मुक्त हुनुहोस् ।" यति भनेपछि राजाले वरूणको आश्रममा गएर सबै बताए । वरुणले विचार गरे यो क्षेत्रीको छोरोभन्दा बाहुनको छोरो नै उत्तम छ । उनले हरिश्चन्द्रलाई यज्ञको तयारी गर्न आदेश दिए । "यज्ञ सम्पन्न हुने दिन अभिषेक गर्ने समयमा बलि दिनुपर्दछ" वरुणको आदेश लिएर हरिश्चन्द्रले यज्ञको तयारी गर्न लागे । अब राजसूय यज्ञको तयारी हुन लाग्यो ।

हरिश्चन्द्रको राजसूय यज्ञ सुरू भयो । त्यस यज्ञका होता विश्वामित्र बने । जमदग्नि ऋषि अध्वर्यु, वशिष्ट ऋषि ब्रह्मा, अयास्य ऋषि उद्गाता बने । अन्तिममा सोमयागमा पशुको रूपमा बलि दिनका लागि शुनःशेपलाई यज्ञमा उपस्थित गराइयो । यज्ञमा बलि दिनका लागि मन्त्रद्वारा उसलाई शुद्धीकरण गरियो । उसलाई यज्ञको खम्बामा बाँध्ने समय आइपुग्यो । शुनःशेपलाई बाँध्न कोही पनि तयार भएनन् । अत्यन्त क्रूरकर्म भएकाले यो कर्म गर्न अगाडि कोही पनि सरेनन् । त्यति नै बेला शुनःशेपका बाबु अजीगर्तले भने -"मलाई सय गाई दिन्छौ भने म बाँध्दछु । त्यसपछि अजीगर्तलाई राजा हरिश्चन्द्रले सय गाई दिए र उनले शुनःशेपलाई खुट्टा, कम्मर र टाउको गरी तीन ठाउँमा यज्ञखम्बामा बाँधे ।"

सबै प्रक्रिया पूरा भएपछि आप्री नामक छन्दद्वारा बलिका पूजा गरियो । तीनपटक प्रदक्षिणा गरिसकेपछि पुरोहितले शुनःशेपको बध गर्ने आदेश दिए । तर यस्तो क्रूर हृदयविदारक हिंसा गर्न कोही पनि तयार भएनन् । त्यसै बखत फेरि अजीगर्त "सय गाई मलाई दिनुहोस्, यसको बध म गर्दछु" भनेर कस्सिए । त्यसपछि उसलाई सयवटा गाई दिइयो र उनी तरवारको धार तिखार्न लागे । यस्तो विभत्स दृश्य देख्दा सबैको मन अत्तालिइरहेको थियो । सबै भयले त्रसित भइरहेका थिए । शुनःशेपले यी सबै दृश्यहरू हेरिरहेको थियो र वार्तालाप पनि सुनिरहेको थियो । शुनःशेपले मनमनै विचार गर्‍यो - "यिनीहरूले मलाई पशुसरह व्यवहार गरिरहेका छन्, अब यी सबले मलाई मार्दछन् तसर्थ अब म देवताको प्रार्थना गर्दछु ।"[18] उसले सबभन्दा पहिले प्रजापतिको प्रार्थना गर्न थाल्यो -

[18] अथ ह शुनःशेप ईक्षांचक्रे-

'तदेवाग्नितदादित्य ..... जात इत्येष' यस मन्त्रले उसले प्रजापतिको प्रार्थना गऱ्यो ।[19] पछि प्रजापतिले भने -"तिमी अग्निको प्रार्थना गर देवताका सबैभन्दा नजिक अग्नि छन् ।" त्यसपछि उसले मन्त्रोच्चारणपूर्वक अग्निको प्रार्थना गऱ्यो[20] । अग्नि खुसी भएर "सविताको प्रार्थना गर" भने । त्यसपछि शुनःशेपले देव सविता[21] यस मन्त्रले सविताको प्रार्थना गऱ्यो । सविताले पनि खुसी भएर फेरि वरुणको प्रार्थना गर्न भने -"किनकि तिमी वरुणका लागि बाँधिएका हौ, उनैको प्रार्थना गर ।" यति भएपछि शुनःशेपले ऋग्वेदका ३१ ऋचाले वरुणको प्रार्थना[22] र स्तुति गऱ्यो । वरुणले फेरि भने -"अग्नि नै देवताका मुख हुन्, सबैभन्दा दयालु पनि उनै छन्, किनकि सबै देवता अग्निद्वारा नै आफ्नो हवि स्वीकार्दछन्, त्यसैले तिमी अग्निको नै प्रार्थना गर ।" यति भनेपछि उसले ऋग्वेदका बाइस ऋचाले अग्निको स्तुति गऱ्यो । त्यसपछि अग्नि बोले -"विश्वदेवको स्तुति गर म तिमीलाई छोडिदिन्छु ।" शुनःशेपले विश्वदेवको स्तुति गर्न लाग्यो । वरुणपाशमा बाँधिएका शुनःशेपलाई मुक्तगर्न वरुण सक्दथे तर उनले त्यसो गरेनन् । विश्वदेवाले उसलाई भने -"इन्द्र नै देवताहरूमा सबभन्दा ओजस्वी, बलवान्, सहिष्णु, सत्यमार्गमा हिड्ने र प्रभावशाली छन्, त्यसैले उनैको स्तुति गर, उनैले तिमीलाई छोडिदिन्छन् ।" उसले भिन्न भिन्न ऋचाहरूद्वारा इन्द्रको स्तुति र प्रार्थना गऱ्यो ।[23] इन्द्र अत्यन्त खुसी भएर शुनःशेपलाई अश्विन युगलको स्तुति गर्न भने ।[24]

---

'अमानुषमिव वै मा विशशिष्यन्ति । हन्ताहं
देवता उपधावामीति' । स प्रजापतिमेव प्रथमं देवतानामुपससार, (पूर्ववत् पृ. ४०) ।

19 तदेवाग्निस्तदादित्य, स्तद्वायुस्तद्वचन्द्रमा ।
तदेव शुक्रं तद् ब्रह्म, ता आपः स प्रजापति : ॥
सर्वे निमेषा जज्ञिरे, विद्युत : पुरुषादधि ।
नैनमूर्ध्वं न तिर्यञ्चं, न मध्ये परि जग्रभत् ॥
न तस्य प्रतिमा अस्ति, यस्य नाम महद्यशः ।
हिरण्यगर्भ इत्वेष मा मा हि  सी, दित्येषा यस्मान्न जात इत्येष : ॥

20 अयमिह प्रथमो धायि धातृभिहोता यजिष्ठो अध्वरेष्वीड्य : ।
यमप्नवानो मृगवा विरुरुचुर्वनेषु चित्रं विभ्वं विशेविशे ॥

21 उदु ष्य देवः सविता सवाय, शश्वत्तमं तदपा बन्हिरस्यात् ।
नूनं देवेभ्यो वि हि धाति रत्नमथामजद्वीतिहोत्रं स्वस्तौ ॥
विश्वस्य हि श्रुष्टये देव ऊर्ध्व : प्र वाहवा पृथुपाणि सिसर्ति ॥
आपश्चिदस्य व्रत आ निमृग्रा अयं चिद्वातो रमते परिज्मन् ॥

22 कस्य नूनं कतमस्यामृतानां मनामहे चारु देवस्य नाम ।
को नो मह्या अदितये पुनर्दात्पितरं च दृशेयं मातरं च : ॥
अग्नेर्वयं प्रथमस्यामृतानां मनामहे चारु देवस्य नाम ।
स नो मह्या अदितये पुनर्दात्विपतरं च दृशेयं मातरं च ॥ (तेलङ्ग र चौवे, १९९७ : I-LXXXI)

23 इन्द्रस्य नु वीर्याणि प्र वोचं यानि चकार प्रथमानि वज्री ।
अहन्नहिमन्वयस्ततर्द प्र वक्षणा अभिनत्पर्वतानाम् ॥

अश्विनको प्रार्थना गर्दा उनीहरू पनि खुसी भएर “उषाको स्तुति[25] गर तिमीलाई बन्धन मुक्त गरिदिन्छन्” भनी सल्लाह दिए । यस प्रकार शुनःशेपले वैदिक ऋचाद्वारा एकएक गरी सबै देवताहरूको प्रार्थना गर्‍यो । जसरी शुनःशेपले मन्त्रोच्चार गर्दै प्रार्थना गर्दै थियो, एकएक गरी उसका सबै बन्धन काटिँदै गएर ऊ बन्धनबाट मुक्त भयो । अन्तिम ऋचा पढ्दा उसका सबै बन्धनहरू छुटिसकेका थिए । यता राजा हरिश्चन्द्र पनि जलोदर रोगबाट पूर्णरूपमा मुक्त भइसकेका थिए ।

यज्ञको पूरै कार्यको सन्दर्भमा सोमयाग सम्पन्न गर्न एक दिन लाग्दथ्यो । शुनःशेपको प्रतिभा सबै ऋषिहरूले देखे । वरुणको हातबाट बच्न सक्नु चानचुने कुरा थिएन । उसको प्रार्थना र देवता खुसी गराएको र मुक्त भएको देखेर ऋषिहरूले त्यस दिनको यज्ञ सम्पन्न गर्ने जिम्मेवारी शुनःशेपलाई नै दिए । शुनःशेप यज्ञ सम्पादन गर्ने ऋत्विज बन्यो । उसले आफ्नो प्रतिभाको परिचय दिँदै सोम पिध्ने, सोमरस निकाल्ने नयाँ विधि आविष्कार गर्‍यो । यो विधि निकाले वापत ऊ ऋषि बन्यो । सोमयागमा शुनःशेपल, सोम निकाल्यो, द्रोण कलशमा राख्यो, हरिश्चन्द्रले शुनःशेपलाई स्पर्श गरे र हवन गरे । अन्तमा अवभृथ स्नान गरे आवाहनीय अग्निलाई गार्हस्पत्य अग्निमा स्थापित गरे । यति काम सम्पन्न गरिसकेपछि शुनःशेप विश्वामित्रको काखमा बस्यो । यो देखेर अजीगर्त बोले -“हे ऋषि मेरो पुत्र मलाई फिर्ता गर ।” विश्वामित्रले भने -“हैन उसलाई मलाई देवताले मलाई दिएका हुन् ।” केही बेर अजीगर्त र विश्वामित्रको यसै विषयमा वादविवाद पनि भयो । देवताले दिएको पुत्र हुनाले उसको नाम देवरात राखियो । अजीगर्तले फेरि बोलाएर भने -“तँ आइज, तँलाई विश्वामित्रले केही दिँदैनन्, हामी माता-पिता दुवैले तँलाई बोलाइरहेका छौं ।” अजीगर्त फेरि भन्दछ -“जन्मले तँ अङ्गिरस गोत्र होस् अजीगर्तको पुत्रको रूपमा सर्वत्र चिनिन्छस्, त्यसैले पूर्वजका कुलपङ्तिबाट अलग भएर न जा, फर्केर आ ।”

शुनःशेप भन्दछ -“तिमीले हातमा तरवार लिएर मलाई काट्न ठिक्क परेको सबैले देखेका छन्, जुन शूद्रमा पनि पाइन्न । हे अङ्गिगिरस गोत्रमा गर्व गर्ने पिता तिमीले मेरा

---

[24] नासत्याम्यां बर्हिरिव प्र बृञ्जे स्तोमाँ इयुर्म्यभ्रियेव वात : ।
यावर्भगाय विमदाय जायां सेनाजुवा न्युहतू रथेन ॥

[25] उषो वाजेन वाजिनि प्रचेता : स्तोमं जुषस्व गृणतो मद्योनि ।
पुराणाी दैवि युवतिः पुरंधिरनु व्रतं चरसि विश्बधारे ॥
उषो देवमर्त्या विभाहि चन्द्ररथा सुनृता ईरयन्ति ।
आ त्वा वहन्तु सुयमासो अश्वा हिरण्यवर्णा पृथुपाजसो ये ॥ (गौतम, २०६५ : २३४)

लागि तीनसय गाई ग्रहण गरेका छौ । तिमीले मलाई बेचिसकेका छौ ।" यति भनेपछि फेरि अजीगर्त भन्दछ -"हे पुत्र ! मलाई अहिले मैले गरेका सारा कर्महरूप्रति पश्चाताप भइरहेको छ, जुन पापकर्म मैले गरें, त्यसको प्रायश्चित्त गर्दछु र ती तीनसय गाई म तँलाई नै दिन्छु ।" अनि शुनःशेप भन्दछ -"जसले एकपटक पाप गर्दछ, उसले दोस्रो पटक पनि गर्न सक्छ, शूद्रवत् आचरण भएका तिमी जस्ता पापी फेरि पापबाट बच्न सक्दैनौ । तिमीले यस्तो कर्म गर्‍यौ जसको कुनै प्रायश्चित्त वा परिहार त छँदै छैन । यति ठूलो अपराध अर्को कुनै हुन सक्दैन ।" परिहाररहित शब्द उता विश्वामित्रले सुनिरहेका थिए । विश्वामित्रले भने -"सौयवसि (अजीगर्त) जब तरवार हातमा लिएर काट्न उभिएको थियो त्यो अवस्था एकदम भयङ्कर लागिरहेथ्यो । त्यसैले यसको पुत्र नबन, आऊ मेरो पुत्रका रूपमा आऊ । अब यस्तो पापिष्ठको पुत्र बन्नु हुँदैन ।"

शुनःशेप भन्दछ -"हे राजपुत्र जसरी तपाईंलाई राजवंशमा उत्पन्न भएर पनि सबैले ब्राह्मण रूपमा जान्दछन्, त्यसैगरी म अङ्गिरस गोत्रमा उत्पन्न भएर पनि तपाईंको पुत्र कसरी बन्न सक्छु ? बताउनुहोस् त के यो ठीक छ ?" यस प्रकारले विश्वामित्रलाई शुनःशेपले प्रश्न गर्दछ । शुनःशेप फेरि भन्दछ -"तपाईंका पुत्रहरू पनि छन् । तिनीहरू मप्रति मित्रभाव राख्न सक्लान् त ? सम्पत्ति बाँड्नुपर्ने हुन्छ । त्यो मान्न तपाईंका छोराहरू तयार छन् त ? सबैले स्वीकार गर्छन् भने ठीक छ म पनि तपाईंको छोरो बनुँला तर यसका लागि तपाईंका छोराहरूको स्वीकृति आवश्यक छ ।" यति भइसकेपछि विश्वामित्रले आफ्ना सयभाइ छोराहरूलाई बोलाएर क्रमैसँग सोधे । सयमध्ये बीचको मधुच्छन्दालाई उनी चिन्दथे । अरूलाई ऊ भन्दा माथिको वा तलको भनेर मात्र पहिचान गर्न सक्दथे । विश्वामित्रले आफ्ना छोराहरूलाई सम्बोधन गरेर भने -"ए मधुच्छन्दा ! सुनो ऋषभ, रेणु, अष्टक तिमीहरू जे जति भाइहरू छौ सबैले यो शुनःशेपलाई जेठा दाजुका रूपमा लिनू । यसलाई त्यही स्थान दिनू म यसलाई जेष्ठ पुत्रका रूपमा स्वीकार्दछु । तिमीहरू सबैले एक मतले प्रेम गर्नू, धन दान गर्ने तथा सम्पूर्ण सम्पत्तिमा यसको पनि अधिकार हुनेछ ।"[२६]

उनका ५० भाइ छोराहरूले विश्वामित्रको यस कार्यलाई राम्रो मानेनन् । ओहो ! यो अर्कैको कुल वंशको आएर हामीभन्दा ठूलो हुने र सम्पत्तिमा समेत उसको हामीसरह

[२६] अधीयत देवरातो रिक्थयोरुभयोर्ऋषिः ।
जन्नूनां चाधिपत्ये दैवे देवे च गाथिनाम् ॥६॥ (हरि. षष्ठखण्ड) हरिश्चन्द्रोपाख्यान, पूर्ववत्, ........... भाग ।

अधिकार हुने ! यस्तो सम्झेर ठूलाहरू कुनैले पनि यो स्वीकार गर्न मानेनन् । उनीहरूले बाबुको निर्णयको प्रतिवाद गरे । तब विश्वामित्र रिसाएर श्राप दिए -"तिमीहरूका सन्तान पृथ्वीको सीमा प्रदेश उपभोग गरून् । तिनीहरू अन्ध्र, पुण्ड्र, पुलिन्द र मुतिब जातमा झरून्, दस्यु जातिमा परिणत होऊन् ।" यसरी विश्वामित्रले श्राप दिएपछि बाँकी अरू छोराहरू डरले गर्दा बाबुको निर्णय स्वीकार गर्ने भए । फेरि विश्वामित्रले आफ्ना पचास भाइ छोराहरूलाई सोधे -"तिमीहरू के भन्दछौ ?" मधुच्छन्दाले भने -"हामी हाम्रो पिताको निर्णयलाई सहजै स्वीकार्दछौ । जुन कुरा पिताजीका लागि स्वीकार्य छ, त्यो हाम्रालागि पनि स्वीकार्य छ ।" उनीहरूले दैवरात (शुनःशेप) लाई पनि भने -"हामी सबै तिम्रो साथमा रहन्छौं । तिमी हाम्रो अगाडि लाग हामी तिम्रा पछि पछि लाग्दछौं । हामी तिमीलाई जेठो दाजुको रूपमा स्वीकार्दछौं ।"

यति भएपछि विश्वामित्रले आफ्ना छोराहरूको विश्वास प्राप्त गरे । उनी खुसी भएर छोराहरूको प्रशंसा गर्न लागे किनकि यी सबै घटनाहरू उनको अनुकूल थिए । उनले भने -"हे पुत्र हो ! तिमीहरूले मेरो भनाई मान्यौ । मेरो इच्छालाई स्वीकार गर्‍यौ । आज म वीर पुत्रयुक्त भएको छु । तिमीहरू वीर सन्तानयुक्त तथा पशुधनले सम्पन्न हुनेछौ । हे पुत्र हो ! तिमीहरू शुनःशेपद्वारा वीरवान् बनेर प्रशंसनीय, पूजनीय बन, यही नै तिमीहरूलाई सत्यको निर्देशन भयो । हे कुशिक वंशमा उत्पन्न पुत्रहरू ! यो वीर दैवरात (शुनःशेप) हो । तिमीहरू यस्तो वीरको पछि पछि लागेर हिँड । मैले दिएको सम्पत्तिको रूपमा उसले विद्या पनि प्राप्त गर्दछ । म जति विद्या जान्दछु, त्यति नै विद्या उसलाई र तिमीहरूलाई पनि प्राप्त होओस् ।"

विश्वामित्रका छोराहरूले राम्रोसँग साथै मिलेर शुनःशेपको अग्रता र जेष्ठतालाई स्वीकार गरे । देवरात अर्थात् शुनःशेपलाई दुवै वंशमा अर्थात् अजीगर्तको वंश तथा विश्वामित्रको वंशमा ऋषिपद प्राप्त भयो र अधिकार पनि प्राप्त भयो । दुवै वंशमा ऊ दिव्य मन्त्रको अधिकारी बन्न पुग्यो ।

## ३.२. चरित्र चित्रण

### ३.२.१. हरिश्चन्द्र

राजा हरिश्चन्द्र हरिश्चन्द्रोपाख्यान आख्यानका प्रमुख नायक हुन् । यिनमा नायकमा हुनुपर्ने गुणहरू प्रशस्त रहेका छन् । जस्तो कि नायक हुनका लागि, त्यागको भावनाले भरिएको, महान् कथाको कर्ता, कुलको महान्, बुद्धि-वैभव सम्पन्न, रूप यौवन र उत्साहले सम्पन्न, निरन्तर उद्योगशील रहने, जनताको स्नेहभाजन भएको, तेजस्वी चतुर र सुशीलताले परिपूर्ण भएको हुनु पर्दछ । यी सबै गुणहरू हरिश्चन्द्रमा पाइन्छन् । उनी सर्वसम्पन्न भएर पनि पुत्र नभएका कारण सन्तुष्ट थिएनन् । भौतिक सुख भएतापनि मानसिक सुख उनलाई भएन । त्यसैले पुत्र प्राप्तिकालागि उनी जस्तोसुकै त्याग गर्न पनि तयार भए । छोरा नहुनु नै उनको दुःखको मुख्य कारण थियो । उनी जसरी भएपनि छोराको मुख हेर्न चाहन्थे । त्यसैले उनले पुत्र प्राप्तिका लागि त्यही छोराको बलि दिएर यज्ञ गर्ने सर्तसमेत स्वीकार गरे । यसले उनी आफ्नो कुलप्रति महान् र निरन्तर उद्योगशील नायक हुन् भन्ने प्रष्ट पार्दछ ।[27]

नायक चार प्रकारका हुन्छन् - धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त । यी चार प्रकारका नायकमध्ये हरिश्चन्द्र धीरोदात्त नायकभित्र पर्दछन् किनकि उनमा धीरोदात्त नायकमा हुनुपर्ने गुणहरू-आत्मश्लाघाको भावनाले रहित, क्षमाशील, अति गम्भीर, सुख-दुःखमा प्रकृतिस्थ, स्वभावतः स्थिर र स्वाभिमानी, किन्तु विनित आदि गुणहरू रहेका छन् ।[28] उनी ठूलो आपत् आइपर्दा समेत नअत्तालिइकन काम गरिरहन्छन् ।

राजा हरिश्चन्द्र अत्यन्त दानी, वीर, परोपकारी दृढव्रत, अरूको दुःख देख्न नसक्ने नायक हुन् । यौटा कुलीन राजामा हुनुपर्ने सम्पूर्ण गुणहरू उनको चरित्रमा देख्न सकिन्छ । उनको परोपकारी र दानी चरित्रको वर्णन तीनैलोकमा चलेको पाइन्छ । त्यसका साथै उनी सत्यवादी, धार्मिक र इमान्दार नायक पनि हुन् । उनले बोलेको कुरा पुऱ्याउन नसक्दा वरुणले उनैलाई पक्रेको र उनी रोगी बनेको, उनको छोरारोहितले आफ्नो बदलामा ब्राह्मण पुत्रलाई किनेर ल्याएपछि यज्ञ सम्पन्न भएको घटनाले उनको धीरतालाई देखाउँछ ।

---

[27] त्यागी कृती कुलीनः सुश्रीको रूपयौवनोत्साही ।
दक्षोऽनुरक्तलोकस्तेजोवैदग्ध्यशीलवान्नेता । (***साहित्यदर्पण**, तृतीय परिच्छेद, श्लोक ३०)*

[28] अवित्कथनः क्षमावानतिगम्भिरो महासत्वः ।
स्थेयान्निगूढमानो धीरोदात्तो दृढव्रतः कथितः । (**साहित्यदर्पण** तृतीय परिच्छेद, *पृष्ठ १३८) ।*

### ३.२.२ रोहित

रोहितको जन्म वरुणदेवका कृपाले भएको हो । रोहित हरिश्चन्द्रका पुत्रका रूपमा जन्मन्छ । ऊ जान्नेबुझ्ने भएपछि आफ्नो बारेमा सबैकुरा थाहा पाउँछ । त्यसैले घर छोडेर जङ्गलतर्फ लाग्दछ । पछि बाबुलाई रोग लागेको थाहापाएर घर फर्कन लाग्दा इन्द्रले उसलाई बाटैमा रोकेर 'चरैवेति चरैवेति' भन्ने उपदेश दिए । अश्रान्त व्यक्तिलाई सम्पत्ति प्राप्त हुँदैन, हे रोहित राम्रो मानिस पनि आलस्यका कारणले पापी हुन जान्छ । इन्द्र पनि भ्रमणशील व्यक्तिका मित्र हुन्छन् । त्यसैले घुम्दै गर । भ्रमणशील व्यक्तिका खुट्टा फूल समान हलुका हुन्छन्, शरीर र आत्माको वृद्धि हुन्छ तथा आरोग्य प्राप्त हुन्छ । सबै पाप नष्ट हुन्छन्, किनकि कठिन मार्गको श्रमले पाप समाप्त हुन्छ । त्यसैले घुम्दै गर । बसिरहने व्यक्तिको भाग्य पनि बसिरहन्छ, बढ्दैन, सुतिरहने व्यक्तिको भाग्य सुतिरहन्छ, उभिएको व्यक्तिको भाग्य वृद्धितर्फ उन्मुख हुन्छ तर भ्रमणशील व्यक्तिको भाग्य बढिरहन्छ । त्यसैले घुम्दै गर । सुतिरहेको व्यक्ति कलि हुन्छ, उठेर आड लागेर बस्ने व्यक्ति द्वापर हुन्छ तथा उठेर उभिने व्यक्ति त्रेता हुन्छ, तर हिंड्नाले नै कृत सम्पन्न हुन्छ । त्यसैले घुम्दै गर । भ्रमण गर्दै गर्दै मानिस मधु (मिठो फल) प्राप्त गर्दछ र भ्रमण गर्दै जाँदा सुस्वादु उदुम्बर ( गूलर/डुम्री)को फल प्राप्त गर्दछ । त्यस्तै अन्य भोग्य पदार्थ पनि प्राप्त गर्दछ । सूर्यको श्रेष्ठता हेर त ! जो हिंडेर कहिल्यै आलस्य गर्दैनन् । 'त्यसैले घुम्दै गर', को उपदेश दिन्छन् । त्यसपछि उ पाँच वर्षसम्म जङ्गलमा नै घुमिरहन्छ । यस प्रकारले उसको चरित्र घुमन्ते रहेको पाइन्छ । अर्थात् ऊ परिश्रमी, मिहेनती र कर्मशील देखिन्छ ।

घुम्दै जाँदा उसले धेरै कुराहरू सिक्दछ । ज्ञान आर्जन गर्ने, अनुभव गर्ने मौका मिल्दछ । पछि आफ्नो सट्टा ब्राह्मणको पुत्र किनेर ल्याई वरुणको यज्ञ सम्पन्न गर्न बाबुलाई ब्राह्मणपुत्र जिम्मा दिन्छ । यस प्रकारकले रोहित आफ्नो भलाई कसरी हुन्छ भन्ने थाहा पाएर समय र मौका हेरी आफ्नो भलाई हुने कार्य गर्नसक्ने पात्रका रूपमा चिनिन्छ । जसकोफलस्वरूप उसको आफ्नो प्राण रक्षा पनि भयो र बाबुको रोग समेत नाश भयो । ऊ बुद्धिमान, चतुर र आँटिलो पात्रका रूपमा देखापर्दछ । रोहित कै प्राप्तिका लागि राजा हरिश्चन्द्रले अनेकौं उपायहरू गरेकाले ऊ विशेष चरित्र भएको पात्र मान्नु पर्दछ ।

### ३.२.३ अजीगर्त

अजीगर्त गरिब ब्राह्मण हुन् । तीनवटा छोराहरू र आफूहरू दुई जना समेत जम्मा पाँचजनाको परिवार पाल्न पनि उनलाई बडो मुस्किल परिरहेकोछ । त्यसैले उनी आफ्नो माइलो छोरालाई बेचेर परिवारको भोक (क्षुधा), शान्त गर्न चाहन्छन् । 'बुभुक्षित किं न करोति पापम्' भन्ने उखान यहाँ चरितार्थ भएको छ । भोकको ज्वालामा कसैले पनि धर्म र नैतिकता पालन गर्न सक्दैन । त्यसैले उनले आफ्नो प्राणप्यारो छोरालाई बेच्दछन् ।

शुनःशेपलाई यज्ञका खम्बामा बाँध्न र मार्नका लागि समेत अरू कोही तयार नहुँदा उनी धन लिएर आफ्नै छोरालाई मार्न तयार भएको घटनाले अजीगर्त ब्राह्मण चरित्र र गुणका हिसाबले ब्राह्मण होइनन् भन्ने देखिन्छ । उनको चरित्र विल्कुल चाण्डालको जस्तो क्रूर छ । उनी आफ्नो पुत्रलाई बेचेर मात्र सन्तुष्ट हुँदैनन् । धन प्राप्त गर्ने लालसामा उसलाई मार्न समेत तयार हुन्छन् जुन कर्म चाण्डालले समेत गर्न मान्दैन । त्यसैले अजीगर्तको हृदय पाषाण जस्तै क्रुर, निर्दयी र पापी छ । उनी असली बाबु होइनन् । दुष्ट, पराई र पापात्मा हुन् भन्ने देखिन्छ । अजीगर्तको सम्पूर्ण व्यवहार हेर्दा ब्राह्मण लायकको देखिन्न । क्रूर र शठ व्यक्तिको जस्तो देखिन्छ । यस्तो हुनुको कारण गरिवी हो । आर्थिक विपन्नताले गर्दा मानवले दानवभन्दा पनि निकृष्ट कर्म गर्दै जाने रहेछ भन्ने उदाहरण यस घटनाबाट थाहा पाइन्छ ।

### ३.२.४ शुनःशेप

शुःनशेप यस कथामा 'विचरा' पात्र हो । उसलाई धनका खातिर बाबुआमाले बेचिदिन्छन् । उसको अवस्था मार्नका लागि अर्थात् यज्ञमा बलि दिइनका लागि किनेर लगेको पशुसरहको छ । उसको मृत्यु अवश्यम्भावी छ । यज्ञ सम्पन्न गर्नकै लागि उसको बध गरिने सुनिश्चित छ । शुनःशेप चारैतिरबाट खतराले घेरिएर रहेको छ । उसको सहायता कसैले गर्दैन । विश्वामित्रले उसलाई बचाउनका लागि देवताको प्रार्थना गर्न मन्त्र दिन्छन्, जुन मन्त्रका प्रभावले गर्दा देवताहरू ऊदेखि खुसी हुन्छन् र उ सबै बन्धनहरूबाट मुक्त हुन्छ । उसको प्राण बँच्दछ । उसका क्रियाकलापले गर्दा त्यस दिनको यज्ञ सम्पन्न गर्ने जिम्मा ऋषिहरूले उसलाई दिन्छन् र ऊ पनि ऋषि पद प्राप्त गर्दछ । आफ्नो प्राण बचाएवापत शुनःशेप आफ्नो जन्मको अंगिरस गोत्र छोडेर विश्वामित्रका कुलमा प्रवेश गर्दछ । यसप्रकार शुनःशेप वेद ऋचाको द्रष्टा पनि बन्दछ । प्रारम्भमा अत्यन्त तिरस्कृत अपहेलित भएर पनि

पछि गएर उच्च पद प्राप्त गर्न ऊ सफल हुन्छ । यही शुनःशेप पछि गएर वैदिकमन्त्रद्रष्टा ऋषि बन्दछन् । यो सबै परिश्रमको परिणाम हो । अत्यन्त तीव्र परिश्रमले मान्छेलाई असम्भव कुरा पनि सम्भव बनाइदिन्छ । मृत्युवरण गर्न मौलोमा बाँधिएको बालक मन्त्रद्रष्टा ऋषि बन्न सक्दछ ।

### ३.२.५ विश्वामित्र

विश्वामित्र परोपकारी व्यक्तिको रूपमा देखिन्छन् । यिनकै कृपाले गर्दा शुनःशेपको प्राणरक्षा भएको छ । यज्ञ गर्ने गराउने कार्य ऋषिमुनिहरूको हो । यसै सिलसिलामा हुन लागेको नरमेधलाई उनको बुद्धिमत्ता र चातुर्यपूर्ण विद्या र कलाले रोक्न सफल भएको छ । कुन देवताको प्रार्थना कसरी गर्दा प्रसन्न हुन्छन्, त्यो उनलाई राम्ररी थाहा थियो । त्यसैले वरूणलाई खुसी गराएर शुनःशेपको प्राणरक्ष ागर्नमा विश्वामित्रको नै प्रमुख भूमिका रहेको छ ।

उनी उदार चरित्रका देखिन्छन् । त्यसैले उनले आंगिरस गोत्रमा उत्पन्न भएको शुनःशेपलाई आफ्ना गोत्रमा ल्याएर राखे । त्यतिमात्र होइन, आफ्ना सय भाई छोराहरू भन्दा जेठो पद दिए । दैवी र भौतिक सम्पत्तिको हकदार समेत बनाए । यस घटनाले विश्वामित्रलाई अत्यन्त उदार हृदयका परोपकारी, अरूको कल्याण गर्ने व्यक्तिका रूपमा चित्रण गर्न सकिन्छ । विश्वामित्र साँच्चिकै विश्व कै मित्रका रूपमा देखिन्छन् ।

## ३.३ परिवेश/वातावरण

जङ्गलमा भागेर गएको रोहितले आफ्ना बाबु हरिश्चन्द्र जलोदर रोगले पीडित छन् भन्ने थाहा पाएर र घर फर्कन लाग्दा बाटोमा आफ्नो सट्टामा बलि दिनका लागि शुनःशेपलाई किनेर ल्यायो । ऊ घर आए पछि वरुणका निमित्त यज्ञको तयारी भयो । यज्ञको तयारीका साथै यज्ञ सुरू गरियो । यस आख्यानको परिवेश सम्पूर्ण यज्ञमय थियो । सबैजना यज्ञमा नै व्यस्त थिए । यज्ञको धुँवा आकाशतर्फ उडिरहेको थियो । ब्राह्मणहरू 'स्वाहा' शब्दले देवताहरूलाई होमिय द्रव्य प्रदान गरिरहेका थिए । सबैको भावनामा आध्यात्मिक चिन्तन मात्र थियो ।

देवताहरू आफ्नो भाग ग्रहण गर्ने र प्रार्थना सुनेर प्रसन्न हुने गर्दथे । आम नागरिकहरू यज्ञको वातावरणमा नै घुलमिल भइसकेका थिए । त्यसकारण यज्ञका लागि सम्पूर्ण वस्तुहरू समर्पित गरिएका थिए । त्यस्तो सुरम्य, मनोहर, मनोरञ्जक वातावरणका बीच शुनःशेपको बधको आयोजना भैरहेको थियो । यज्ञ सम्पन्न गर्नका लागि बलि दिने समय आयो । शुनःशेपलाई बलि दिन आदेश दिइयो । कोही पनि उसलाई बध गर्न तयार भएनन् । त्यस अवस्थामा त्यहाँ रहेका सबै जना भयभीत भैरहेका थिए । अब कुनै ठूलो अनिष्ट हुन सक्छ भन्ने शंकाले सबैलाई चिन्तित तुल्यायो । सबैमा मानसिक तनाव सिर्जना भइरहेको थियो । त्यस अवस्थामा उसकै बाबु आजीगर्त शुःनशेपलाई बध गर्न तयार भयो । अब मलाई पक्कै मार्दछन्, म पशु सरह मारिन्छु भन्ने निश्चय गरी शुनःशेपले देवताहरूको प्रार्थना गर्न सुरू गऱ्यो । उसले मन्त्र उच्चारण गरी जप गरेको देखेर देवताहरू खुसी भए । वरुण देव पनि खुसी भए । उनले बलि लिएनन् । शुनःशेपका सबै बन्धनहरू काटिए । राजा हरिश्चन्द्र पनि जलोदर रोगबाट मुक्त भए । उसको बौद्धिक चातुर्य, मन्त्रप्रतिको निष्ठा, यज्ञप्रतिको आस्था र देवताहरूप्रतिको समर्पित भावले सवैलाई प्रफुल्लित बनायो । देव एवम् ऋषिहरू सन्तुष्ट भए । यसकारण सोमरस निर्माण गर्ने जिम्मा पनि उसैलाई दिइयो । उसले सोम पिंधेर रस निकाल्ने नयाँ विधि आविष्कार गऱ्यो । सोमरस निकालेर कलशमा राख्यो यो कार्य गरे वापत उसलाई ऋषि पदले सम्मानित गरियो र दिव्य मन्त्रको अधिकारी समेत बन्न पुग्यो । शुनःशेप मन्त्रद्रष्टा ऋषि बन्यो ।

## ३.४ छन्द

पद्यमा लेखिएका काव्यहरू कुनै न कुनै छन्दमा बाँधिएका हुन्छन् । छन्दमा बाँधिएका कारणले काव्यमा मधुरता र सरसता पाइन्छ । छन्द पद्यका आधारशीला हुन् ।

हरिश्चन्द्रोपाख्यान काव्यमा विभिन्न छन्दको प्रयोग गरिएको छ । अनुष्टुप छन्दमा चार पाद हुन्छन् र प्रत्येक पादमा आठ-आठ वर्ण हुन्छन् । यस प्रकारले कुल बत्तीस वर्ण हुन्छन् । त्यसैगरी त्रिष्टुप छन्द हरिश्चन्द्रोपाख्यान काव्यमा पाइन्छ, जसका चार पाद हुन्छन् र प्रत्येकमा एघार एघार वर्ण रहन्छन् । यस प्रकारले यसमा ४४ वर्ण रहन्छन् । त्यस्तैगरी यस काव्यमा गायत्री छन्दको प्रयोग गरिएको छ, जसमा तीन पाद हुन्छन् र प्रत्येक पादमा आठ-आठ वर्ण हुन्छन् । यस प्रकारले कुल २४ वर्ण हुन्छन् ।

यस हरिश्चन्द्रोपाख्यान काव्यमा अनुष्टुप् छन्दको प्रयोग धेरै भएको छ । यसमा रहेका पद्यहरूमध्ये २७ वटा श्लोक अनुष्टुप् छन्दमा लेखिएको छ । दुईवटा श्लोक त्रिष्टुप छन्दमा र यौटा श्लोक गायत्री छन्दमा छ । बाँकी काव्य गद्यमा रहेको छ । यसरी वैदिक छन्दको प्रयोग यस काव्यमा भएको पाइन्छ । जस्तै :

### *३.४.१ अनुष्टुप् छन्द*

यावन्त पृथिव्यां भोगा यावन्तो जातवेदसि ।
यावन्तो अप्सु प्राणिनां भूयान्पुत्रे पितुस्तत ।
किं नु मलं किमजिनं किमु श्मश्रूणि किं तप : ।
पत्रं बह्माण इच्छध्वं स वै लोकोऽवदावद : । (**हरिश्चन्द्रोपाख्यानम्** प्रथम खण्ड पृ., ५-८)

### *३.४.२ त्रिष्टुप् छन्द*

अन्नं ह प्राणः शरणं ह वासो रूपं हिरण्यं पशवो विवाहाः ।
सखा ह जाया कृपणं ह दुहिता ज्योतिर्ह पुत्र : परमे व्योमन् ।
एषा पन्था उरूगायः सुशेवो यं पुत्रिण आक्रमन्ते विशोकाः ।
तं पश्यन्ति पशवो वयांसि च, तस्मात्ते मात्राऽमिथुनीभवन्ति ।

(**हरिश्चन्द्रोपाख्यानम्** प्रथम खण्ड पृ., ९-१५)

### *३.४.३ गायत्री छन्द*

पुत्रकामा हाप्याख्यापयेरँल्लभन्ते ह पुत्राँल्लभन्ते ह पुत्रान् ।

(**हरिश्चन्द्रोपाख्यानम्** षष्ठ खण्ड पृ., ७५)

## ३.५ अलङ्कार

'अलङ्करोति इति अलङ्कारः' यसरी अलङ्कार शब्दको व्युत्पत्ति हुन्छ । काव्यरूपी शरीरलाई विभूषित गर्ने अर्थतत्त्वको नाम अलङ्कार हो । मम्मटले **'अनलङ्कृति पुनः क्वापि'** लेखेर अलङ्काररहितलाई पनि कहीँ–कहीँ काव्य मानेका छन् । जो अलङ्कारयुक्त छ, त्यो अधिक उत्कृष्ट काव्य मानिन्छ ।

उत्प्रेक्षालङ्कारमा हिंड्नेले मधु प्राप्त गर्दछ । सूर्यको कीर्ति गतिशील भएकाले नै बढेको हो भन्ने छ । जस्तै :

### *३.५.१ रूपक अलङ्कार*

हरिश्चन्द्रोपाख्यानमा रूपक अलङ्कारको प्रयोग बढी भएको छ । यहाँ अन्नलाई प्राण, वस्त्रलाई शरण (रक्षक), सुनलाई रूप बढाउने, पत्नीलाई साथी (मित्र), छोरीलाई दुःख दिने र पुत्रलाई ज्योति समान मानेको छ ।)

उपमान र उपमेयको अभेद (एकता) गर्दा रूपकालङ्कार हुन्छ । यहाँ अन्नरूप उपमान र प्राणरूप उपमेयको, वस्त्ररूप उपमान र शरणरूप उपमेयको, सखारूप उपमान र पत्नीरूप उपमेय र पुत्ररूपी उपमान र ज्योतिरूप उपमेयको अभेद वर्णन गरिएको छ ।

अन्नं ह प्राण शरणं ह वासो रूपं हिरण्यं पशवो विवाहाः ।
सखा ह जाया कृपणं ह दुहिता ज्योतिर्ह पुत्र : परमे व्योमन् ।

(**हरिश्चन्द्रोपाख्यानम्**, प्रथमखण्ड, पृ : ९)

### *३.५.२ उपमा अलङ्कार*

उपमा अलङ्कारको प्रयोग पनि भएको छ । इन्द्रले रोहितलाई घुम्ने अर्ति दिंदै भनेका छन्- घुम्ने मानिसको खुट्टा फूलसमान हलुङ्गो हुन्छ, शरीर वृद्धि हुन्छ, फल आरोग्य प्राप्त हुन्छ ।

'पुष्पिण्यौ चरतो जङ्घे भूष्णुरात्मा फलग्रहि : ।
शेरेऽस्य सर्वे पाप्मान श्रमेण प्रपथे हता : । - चरैवेति' । (**हरिनम्,** तृतीय खण्ड, पृ. २७)

यहाँ पुष्पिण्यौ चरतो जङ्घे एवम् भूष्णुरात्मा फलग्रहिः पदहरू उपमा द्योतक रहेका छन् ।

### *३.५.३ दृष्टान्त अलङ्कार*

त्यस्तै गरी दृष्टान्तालङ्कार र सादृश्यमूलक उत्प्रेक्षालङ्कारको पनि प्रयोग भएको छ । दृष्टान्तालङ्कारमा सुत्नु कलियुग समान छ, उठेर बस्नु द्वापर समान, उभिनु त्रेता समान र हिंड्नु कृत सत्ययुग समान छ भनेर बताएको छ ।

आस्ते भग आसीनस्योर्ध्वतिष्ठति तिष्ठतः ।
शेते निपद्यमानस्य चरति चरतो भगः ।
कलि शयानो भवति संजिहानस्तु द्वापरः ।
उत्तिष्ठंस्त्रेता भवति कृतं संपद्यते चरन् । हरिनम्, तृतीय खण्ड पृ.२९-३०

दुवै पद्यमा आसीनस्य भग आस्ते तिष्ठतः ऊर्ध्वस्तिष्ठति, निष्पद्यमानस्य शेते, चरतः चरति, शयानो, कलि, भवति, संजिहानः, द्वापरः, उत्तिष्ठन् त्रेता आदि पदहरू दृष्टान्तका अभिव्यञ्जक हुन् ।

चरन्वै मधु विन्दन्ति चरन् स्वादुमुदुम्बरम् ।
सूर्यस्य पश्य श्रेयमाणं यो न तन्द्रयते चरन् । (हरिश्चन्द्रोपाख्यानम्, तृतीय खण्ड पृ.३१)

यस पद्यमा पनि दृष्टान्त अलङ्कारको समुचित प्रयोग भएको छ । सूर्यलाई यहाँ दृष्टान्तको रूपमा प्रस्तुत गरिएको छ । निरन्तर गतिशील भएकोले नै सूर्य तेजस्वी भएको मानिएको छ ।

## ३.६ रस

यस हरिश्चन्द्रोपाख्यानमा धेरै रसहरूको प्रयोग भएको छ । नारद ऋषिले गाथाहरू सुनाउँदा पुत्रको महत्व दर्शाउँदा श्रृङ्गार रसको प्रयोग भएको छ । सन्तान उत्पतिका लागि पशुहरूले जोसुकैसँग सहवास गर्ने प्रसङ्ग श्रृङ्गारिक छ । शुनःशेपलाई उसका बाबुआमाले विक्री गर्दा, यज्ञको खम्बामा बाँध्दा करूणरसको अनुभव हुन्छ । त्यस्तै बध गर्ने समयमा भयानक रसको देवताको प्रार्थना गर्दा करुणरसको उत्पति हुन्छ । जब शुनःशेपलाई यज्ञ खम्बामा बाँधेर मार्नका लागि उसकै बाबु अजीगर्त तयार हुन्छ, त्यस बखत सारा यज्ञमण्डप स्तब्ध बन्दछ । सबै चिन्ता र डरले आतुर हुन्छन्, त्यसबेला भयानक रस पैदा हुन्छ । आफ्नै पिताले आफ्नै पुत्रको बध गर्न आँटेको दृश्य विभत्स समेत लाग्दछ, त्यहाँ विभत्स रसको समेत प्रयोग भएको छ । जब विश्वामित्रले शुनःशेपलाई आफ्नो पुत्रका रूपमा घर लिएर जान्छन् र छोराहरूलाई सोध्दछन् यो तिमीहरूको दाजु भयो तिमीहरू यसलाई मान्न तयार छौ ? तब मधुच्छन्दा भन्दा तलका ५० भाईले पिताको वचन स्वीकार गर्दछन् । त्यसपछि खुशी भएका विश्वामित्र आफ्ना छोराहरूलाई वीर भए, ऐश्वर्यवान् भए भनी ओजपूर्ण

आशीष दिन्छन् । यसमा कुनै युद्ध जितेर आएजस्तो वीरता प्रकट भएको छ । यसमा वीररसको अनुभव गर्न सकिन्छ । अन्त्यमा सबै कार्य समाप्त भएपछि पुत्र प्राप्तिको इच्छा गर्नेको यो कथा सुन्नु-सुनाउनु भन्दै शान्तरसको अभिव्यक्ति दिँदै कथावस्तु समाप्त गरिएको छ ।

## ३.७ गुण

काव्यशोभा उत्पादक धर्मलाई गुण भनिन्छ । शब्द अथवा अर्थको जो धर्म काव्यको शोभा उत्पन्न गर्दछ, उसैलाई गुण भनिन्छ ।[२९] गुण ओज, माधुर्य र प्रासादादि नै हुन् । यसका अतिरिक्त आत्माको शौर्यादि धर्मको समान काव्यका आत्मभूत प्रधान रसको जो अपरिहार्य र उत्कर्षाधायक धर्म छ उसैलाई गुण भनिन्छ ।[३०]

यमक आदि शब्दालङ्कार र उपमा आदि अर्थालङ्कार त्यस काव्यको शोभा उत्पादक हुन सक्दैन । त्यसैले गुण भनिदैन । किननी ओज, प्रासादादि गुणको आगमनले मात्र यमक उपमा आदि अलंकार काव्य शोभादायक हुन सक्छन् । ओज प्रासादादि गुणहरू यमक उपमा आदि नभएतापनि काव्यमा शोभादायक हुन सक्छन् । त्यसैले यिनीहरूलाई गुण भनिन्छ ।

जसरी युवतीको भित्र सौन्दर्यादि गुण हुनाले नै अलङ्कारले उसको शोभा बृद्धि गर्दछ । वास्तविक शरीर सौन्दर्य नभएमा धारण गरिएको अलङ्कारले मात्र शोभा दिँदैन, त्यस्तो अलङ्कारको प्रयोग व्यर्थ हुन जान्छ । त्यस्तै प्रकारले काव्यमा प्रासादादि नहुनाले यमक र उपमा आदि अलङ्कार काव्यको शोभाबर्धक हुन सक्दैनन् ।

गुणहरू तीन प्रकारका छन् - माधुर्य, ओज र प्रासाद । यिनै तीन गुणहरू यस हरिश्चन्द्रोपाख्यान कथामा रहेका छन् । यी गुणका कारण कथावस्तु अत्यन्त मनोहर बनेको छ । जस्तै :

---

[२९] ओज प्रसादो माधुर्य सौँकुमार्यमुदारता ।
तदमावश्च दोषत्वात्स्वीकृता अर्थगा गुणा ः॥ (**साहित्य दर्पण**, अष्टम परिच्छेद, श्लोक १४ पृ., ६५३)

[३०] ये रसस्याङ्गिनो धर्माः शौर्यादय इवात्मनः ।
उत्कर्षहेतवस्ते स्युरचलस्थितयो गुणाः ॥ (**काव्य प्रकाश**, अष्टम उल्लास, सूत्र ८६ पृ. ३८०)

*माधुर्य गुण*

शश्वत्पुत्रेण पितरोऽत्यायन्वहुलं तम : ।

आत्मा हि जज्ञ : आत्मन : स इरावत्यतितारिणी ॥ ३ ॥

चरन्वै मधु विन्दन्ति चरन् स्वादुमुदुम्बरम् ।

सूर्यस्य पश्य श्रेमाणं यो न तन्द्रयते चरन् ॥५॥ (हरिश्चन्द्रोपाख्यानम् प्रथम खण्ड, पृ., ३१)

यसमा विन्दन्ति, स्वादुमुदुम्बरम्, तन्द्रयते पदहरूले माधुर्य गुणलाई व्यक्तगर्दछन् ।

*ओज गुण*

तज्जाय जाया भवति यदस्यं जायत पुन : ।

आभूतिरेषा भूतिबींजमेतन्निधीय ते ॥

देवाश्चैतामृषयश्च तेज : समभरन्महत्

देवा मनुष्यानब्रुबन्नेषा वो जननी पुन : ॥

स ह ने त्युक्तवा धनुरादायारण्यमुपातस्यौ । स संवत्सरमरण्ये चचार ।

(हरिश्चन्द्रोपाख्यान, प्रथम खण्ड, पृ. ..... )

*प्रासाद गुण*

किं नु मलं किमजिनं किमु श्मश्रूणि किं तप : ।

पत्रं बह्माण इच्छध्वं स वै लोकोऽवदावद : ॥

अन्नं ह प्राणाःशरणं ह वासो रूपं हिरण्यं पशवो विवाहा : ।

सखा ह जाया कृपणं ह दुहिता ज्योतिर्ह पुत्र : परमे व्योमन् ॥

## ३.८ रीति

साहित्यमा पद संघटनालाई रीति भनिन्छ । मुख्य गरेर साहित्यमा तीनवटा रीतिहरू हुन्छन् - वैदर्भी, गौढी र पाञ्चाली । हरिश्चन्द्रोपाख्यानमा यी तीनवटै रीतिहरू पाइन्छन् ।

रीति अङ्ग रचनाको भाँति, पदरचना अथवा पद संघटना हो, जो कि रसभावादिलाई अभिव्यञ्जना गर्नमा सहायक हुने गर्दछ । जस्तै :

यावन्तः पृथिव्यां भोगा यावन्तो जातवेदसि ।
यावन्तो अपसु प्राणिनां भूयान्पुत्रै पितृस्ततः ॥
चरन्वै मधु विन्दन्ति चरन् स्वादुमुदुम्बरम् ।
सूर्यस्य पश्य श्रेमाणं यो न तन्द्रयते चरन् ॥ (हरिश्चन्द्रोपाख्यानम्  पृ. ५, ३१)

*वैदर्भी रीति*

वैदर्भी रीति त्यसलाई भनिन्छ जसमा माधुर्यका अभिव्यञ्जक वर्णहरू पूर्ण छन् ।
वैदर्भी रीतिका श्लोकहरू यसप्रकार रहेका छन् -
किं नु मलं किमजिनं किमु श्मश्रूणि किं तपः ।
पत्रं ब्रह्माण इच्छध्वं स वै लोकोऽवदावदः ॥

अन्नं ह प्राण शरणं ह वासो रूपं हिरण्यं पशवो विवाहाः ।
सखा ह जाया कृपणं ह दुहिता ज्योतिर्ह पुत्रः परमे व्योमन् ॥

यसमा चरन्वै विन्दन्ति स्वादुमुदुम्बरम् र तन्द्रयते शब्दले वैदर्भी रीतिको प्रतिनिधित्व गर्दछन् ।

## ३.९ निष्कर्ष

यस हरिश्चन्द्रोपाख्यानको साहित्यिक र काव्यात्मक विवेचना गर्दा गायत्री, त्रिष्टुप्, अनुष्टुप्, जगति आदि वैदिक छन्दहरू रहेका छन् । यसले घटनाक्रम वैदिककालको निकट समयमा नै लेखिएको ज्ञान हुन्छ । यसमा उपमालङ्कार, दृष्टान्तालङ्कार र रूपक अलङ्कारको प्रयोग बढी पाइन्छ । नवरसहरूमध्ये करुण, वीर, भयानक रसको प्रयोग बढी भएको छ । त्यस्तै माधुर्य-ओज र प्रासाद तीनवटै गुणहरूले युक्त भएको पाइन्छ । यसमा पाञ्चाली, वैदर्भी र गौडी तीनवटै रीतिहरू रहेका छन् । भाव, विभाव, अनुभावमा स्थायीभाव र व्यभिचारी भावको प्रयोग प्रशस्त रहेको छ । समग्रमा काव्यमा हुनुपर्ने गुण वा विशेषताहरूले पूर्ण भएको यस काव्यलाई सन्देशमूलक, शिक्षाप्रद र आलङ्कारिकसमेत मान्न सकिन्छ ।

# चतुर्थ अध्याय

# तुलनात्मक अध्ययन

## ४.१ श्रीमद्देवीभागवतमा हरिश्चन्द्रको कथावस्तु

महाराज त्रिशङ्कु स्वर्ग गएपछि उनका पुत्र हरिश्चन्द्र अयोध्याका राजा भए । अयोध्यापति हरिश्चन्द्रका दिनहरू यौवन सुखका साथ बित्न लागे । यसरी सुखपूर्वक समय व्यतीत हुँदा पनि रूपयौवन सम्पन्न कुनै पनि भार्या गर्भवती भएनन् । यस्तो अवस्थामा महाराज अत्यन्त दुःखी र चिन्तातुर भए ।[1] त्यसपछि उनी ऋषि वशिष्ठका आश्रममा गएर शिर झुकाएर प्रार्थना गर्न थाले -'हे गुरूदेव ! पुत्र नहुनाको कारणले मलाई अत्यन्त दुःख लागेको छ । यसै कारणले गर्दा म चिन्तित पनि छु । हे धर्मज्ञ ! तपाईं विशेष गरी दैव विद्यामा पारंगत हुनुहुन्छ । अतः मलाई पुत्र प्राप्त हुने उपाय गरिदिनुहोस् । हे द्विजसत्तम ! अपुत्रको गति छैन, पशुपन्छी सारा प्राणीहरू पुत्रको पालना गर्दछन्, म तिनीहरूभन्दा पनि अभागी रहेछु । यस कारणले म सधैं नै चिन्ताको सागरमा डुबिरहेको छु । मलाई यस चिन्ताको सागरबाट पार लगाउनुहोस् ।' राजा हरिश्चन्द्रको यस्तो वचन सुनेर वशिष्ठ ऋषिले भन्नुभयो -'महाराज तिमीले ठीक भन्यो । अपुत्रजनित दुःखभन्दा ठूलो अर्को कुनै दुःख छैन । अतएव हे राजेन्द्र ! तिमी यत्नसहित जलाधिपति वरुणदेवको प्रार्थना गर, उनैको विधिपूर्वक आराधना गर, उनैले तिम्रो कार्यसिद्धि गर्नेछन् । दैव र पुरूष अर्थात् प्रारब्ध र प्रयत्न दुवैको संयोगले मात्र मानिसहरू आफ्ना कार्यमा सफल हुन्छन् । उद्यम नगरीकन कुनै कार्य सिद्ध हुन सक्दैन । तत्त्वदर्शी मनुष्यले न्यायका अनुसार उद्यम गर्नुपर्दछ र उद्यमबाट नै कार्य सिद्ध हुन्छ ।' गुरुका वचन सुनेर राजा गुरुलाई प्रणाम गरी तपस्या गर्न गए ।[2]

---

[1] हरिश्चन्द्रोऽथतच्छ्रुत्वा विश्वामित्रोपकारकम् ।
पितुः स्वर्गमनं कामं मुदितो राज्यमन्वशात् ॥२५॥
अयोध्याधिपतिः क्रीडां चकार सह भार्यया ।
रूपयौवन चातुर्ययुक्तया प्रीतिसंयुक्तः ॥२६॥
अतीतकाले युवती नसा गर्भवतीह्यभूत् ।
तदा चिंतातुरो राजा बभूवातीव दुःखितः ॥२७॥ (***श्रीमद्देवीभागवत**, सप्तमस्कन्ध, चतुर्दशोऽध्याय श्लोक २५-२७*)

[2] दैवं पुरुषकारश्च माननीयाविभौ नृभिः ।
उद्यमेन विनाकार्य सिद्धिः संजायते कथम् ॥३६॥
न्यायतस्तु नरैः कार्य उद्यमस्तत्त्वदर्शिमिः ।
कृते तस्मिन्भवेत्सिद्धिनाऽन्यथा नृपसत्तम ॥३७॥
इति तस्य वचः श्रुत्वा गुरोरमिततेजसः ।
प्रणम्य निर्ययौ राजा तपसे कृतनिश्चय ॥३८॥ (***श्रीमद्देवीभागवत**, सप्तमस्कन्ध, चतुर्दशोऽध्याय श्लोक ३६–३८*)

नरपति हरिश्चन्द्र गङ्गाका तटमा पवित्र स्थानमा पदमासन ग्रहण गरेर वरुणदेवको ध्यानमा निमग्न भएर कठोर तपस्या गर्न थाले । राजाको तपस्याबाट वरुणदेव खुसी भएर हरिश्चन्द्रलाई भन्न लागे -'हे महाराज ! हे धर्मज्ञ ! म तिम्रो तपस्याबाट सन्तुष्ट भएँ, अब तिमी इच्छाअनुसारको वर माग । यति भनेपछि राजाले वरुणलाई भने- हे देवेश ! म अपुत्र छु, यसैले मलाई सुख र चैन छैन, अब मलाई तपाईं सुखदायक पुत्र दिनुहोस् जसबाट म देवऋण, ऋषिऋण र पितृऋणबाट मुक्त हुन सकूँ । त्यही ऋणबाट छुट्नका लागि नै मैले यो उद्यम गरेको हुँ ।' यस्ता राजाका वचन सुनेर वरुणले सोधे -'हे राजन् ! यदि तिम्रो इच्छानुसारको गुणवान् छोरा पायौ भने कार्यसिद्धिपश्चात् मेरो लागि के प्रियकार्य गर्नेछौ ? हे नृपते ! यदि तिमी त्यही छोरालाई पशुसमान गरेर निःशङ्कित चित्तले मेरो यज्ञ गर्दछौ भने म तिमीलाई छोरा दिन्छु ।' यति भनेपछि राजाले भने -'हे देव ! मलाई बन्ध्यताको दोषबाट मुक्त गरिदिनुहोस् । हे जलाधिपति ! म छोरा भएपछि उसैलाई पशु बनाएर तपाईंको यज्ञ गर्नेछु । म सत्य सत्य बोल्दछु, अपुत्रता जनित दुःखभन्दा ठूलो असह्य दुःख पृथ्वीमा दोस्रो दुःख छैन । अतएव जसले मनुष्यको दुःख दूर गर्दछ त्यस्तो सन्तान मलाई दिनुहोस् ।'[3]

वरुणले भने -'हे राजन् तिम्रो इच्छानुसारको पुत्र हुनेछ । तिमी घर जाऊ तर मैले भनेबमोजिम अवश्य गर्नू ।' वरुणका यसप्रकारका वचन सुनेर हरिश्चन्द्र घर गए र वरदानको विषयमा सम्पूर्ण वृतान्त आफ्नी भार्यालाई सुनाए । उनका एकसयवटी परम सुन्दरी मनोहारिणी स्त्रीहरू थिए । तिनमा पतिव्रता शैव्या नै धर्मपत्नी एवम् पटरानी थिइन् । केही समय बितेपछि शैव्या गर्भवती भइन् । राजाले विधिपूर्वक संस्कारहरू गराए । दश महिना पूरा भएपछि राजालाई पुत्र प्राप्ति भयो । राजाले जातकर्म आदि संस्कार अत्यन्त हर्षपूर्वक धनधान्य खर्च गरेर गराए । पुत्र जन्मले हरिश्चन्द्र अत्यन्त खुसी थिए ।

यता राजा हरिश्चन्द्रको छोरो जन्मेको हर्ष र खुसियाली भइरहेको थियो । उता वरुणदेव ब्राह्मणको रूप धारण गरेर त्यहीँ आइपुगे । वरुण भन्दछन् -'महाराज ! तिम्रो मङ्गल होस्, हे नरपति ! म वरुण हुँ । अहिले तिमीलाई पुत्र प्राप्त भएको छ, त्यसैले तिमी यज्ञ गर । हे राजन् ! मेरो वरदानले गर्दा तिम्रो बन्ध्यता दोष हटेको छ, । तिमीले पहिले जे भनेका थियौ त्यो वचन पूरा गर ।' यस्ता वरूणका वचन सुनेर हरिश्चन्द्र चिन्ता गर्न थाले

---

[3] वंध्यत्वे परमं दुःख मसह्यं भुवि मानद ।
शोकाग्निशमनं नृणां तस्माद्देहि सुतं शुभम् ॥४७॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध चतुदर्शोऽध्याय श्लोक ४७)*

-‘ओहो ! मेरो एकमात्र छोरो कमलको समान मुख भएको छ, यसलाई म कसरी मारूँ ? यस्ता शक्तिमान् लोकपाल वरुणको तिरस्कार पनि कसरी गरूँ ? मैले यिनको तिरस्कार गर्नु पनि हुँदैन । अब म के उपाय गरूँ, अब मलाई कसरी सन्तान सुख हुन्छ ?’ तब हरिश्चन्द्रले धैर्यपूर्वक उनको पूजा गरे र विनयसहित मनोहर वचनले भने -‘हे देवदेव ! म तपाईंलाई दिएको वचन पूरा गर्दछु, म तपाईंको आज्ञा पालन गर्दछु यसमा सन्देह छैन, म वेदोक्त बिधानले दक्षिणायुक्त तपाईंको यज्ञ गर्नेछु । नरमेध गर्नका लागि स्त्रीपुरूष दुवै यज्ञका अधिकारी हुन्छन् । पुत्रजन्म हुनासाथ पिता दश दिनपछि र जननी एक महिना पछि शुद्ध भएर मात्र देवकार्यका लागि योग्य हुन्छन् ।’[५] [६३] अतएव एक महिना पनि नबिती कसरी यज्ञ गरूँ । हे प्रभु ! तपाईं ममाथि कृपा गरेर एक महिनाका लागि शान्त रहनुहोस् ।’ राजा हरिश्चन्द्रका यस्ता वचन सुनेर वरुणदेव आफ्ना स्थानमा फर्किए ।

वरुणदेव फर्किएपछि राजा हरिश्चन्द्रले आनन्द अनुभव गरे । फेरि राजाले जातकर्म नामकरण इत्यादि संस्कारहरू गर्दै गए । प्रशस्त गाई, तिलपर्वत, वेदाध्यायी ब्राह्मणहरूलाई दान दिए । राजा पुत्रको मुख देखेर अत्यन्त सुखी भए र विधिपूर्वक उसको नाम रोहित राखे ।

एक महिना पूरा भएपछि वरुणदेवले हरिश्चन्द्रसँग आएर भने -‘महाराज यस समयमा यज्ञ आरम्भ गर्नुहोस् ।’ नरपति वरुणलाई देखेर शोक सागरमा डुबे र प्रणाम गरी आतिथ्य सत्कार गर्न थाले । उनी भन्न थाले -‘हे देव ! सौभाग्यले तपाईं मेरा घरमा पदार्पण गर्नुभएको छ । हे प्रभो ! तपाईं आउनुभएकाले मेरो घर पवित्र भएको छ । म तपाईंको इच्छापूर्वकको यज्ञ अवश्य गर्नेछु, यसमा सन्देह छैन तर हेर्नुहोस् दन्तविहीन पशु कुनै पनि यज्ञका लागि योग्य हुँदैन । यस्तो वेदज्ञ पण्डितहरू भन्दछन् । पुत्रको दाँत उम्रिएपछि विधिपूर्वक म यज्ञ गर्नेछु ।’ हरिश्चन्द्रका यस्ता वचन सुनेर वरुणदेव आफ्ना स्थानमा फर्किए । राजा हरिश्चन्द्र पनि आनन्दित भएर सांसारिक काममा विहार गर्न लागे । अब त दाँत उम्रिए होलान् भन्ने ठानेर वरुण फेरि राजाका घर आए । भन्न लागे -‘हे राजन् अब त मेरो यज्ञ गर ।’ यसपटक राजाले जलाधिपतिको पूजा विशेष प्रकारले गरे । उनले अत्यन्त विनम्र भएर शिर झुकाएर भने -‘हे देव ! म तपाईंको यज्ञ विधिपूर्वक र दक्षिणायुक्त

[५] पुत्रे जाते दशाहेन कर्मयोग्यो भवेत्पिता ।
मासेन शुद्धयेज्जननी दंपती तत्र कारणम् ॥९॥ *(**श्रीमद्देवीभागवत,** सप्तमस्कन्ध चतुदर्शोऽध्याय, .....)*

तरिकाले गर्नेछु । यस बालकको अहिले चूडाकरण भएको छैन, गर्भकालीन केशकलाप विद्यमान् छ, त्यसकारणले यी केश रहेसम्म यो बालक यज्ञीय पशु हुन सक्दैन, यस्तो मैले वृद्धका मुखबाट सुनेको छु । हे वारीश ! तपाईं शास्त्रविधि सबै जान्नुहुन्छ । यसको चूडाकर्मसम्म पर्खनुहोस् । बालकको मुण्डन कार्य भएपछि म यज्ञ गर्नेछु । यसमा शङ्का मान्नु पर्दैन ।' यी वचन सुनिसकेपछि वरुणले भने -'हे राजन् ! तिमी किन बारम्बार यस प्रकारका कुराहरू गरेर मलाई छल्दछौ ? हे नरपति ! यस समय तिमीसँग सम्पूर्ण सामग्रीहरू छन्, केवल पुत्रको स्नेहमा बाँधिएर नै मलाई छल गरिरहेछौ । यदि अब क्षौर कार्य (कर्म) गरेर पनि यज्ञ गरेनौ भने म रिसाएर तिमीलाई श्राप दिनेछु । हे राजेन्द ! यस समय म तिम्रो वचनअनुसार जान्छु तर तिमी इक्ष्वाकुवंशमा उत्पन्न भएर आफ्ना वचन मिथ्या नगर्नू ।'[5] वरूण यति भनेर हरिश्चन्द्रका घरबाट तत्काल निस्के । वरुण गएपछि राजा आनन्द अनुभव गर्न थाले ।

चूडाकर्म कार्य ठूलो उत्साहपूर्वक आरम्भ भयो । रानीले पुत्रलाई काखमा लिएर राजाका सामुन्नेमा बसिन्, । चूडाकार्य सुरू हुनै आँटेको थियो, त्यसै समयमा वरुणदेव त्यहाँ उपस्थित भए । उनी यसपटक पनि विप्ररूपधारी प्रत्यक्ष अग्निका समान तेजपुञ्ज लिएर आएका थिए । वरुणदेवले राजा हरिश्चन्द्रलाई स्पष्ट वचनद्वारा भने -'हे राजन् ! यज्ञ आरम्भ गर ।' नरपति हरिश्चन्द्र उनलाई देखेर भयले अत्यन्त विह्वल भै हात जोडेर भन्न थाले -'हे स्वामिन् ! म विधिपूर्वक तपाईंको यज्ञ गर्नेछु तर यसबखत मेरो केही भन्नु छ, तपाईं एकाग्र चित्त भएर सुन्नुहोस् । त्यसपछि जे गर्नुपर्ने हो सोही गर्नुहोस् । हे स्वामिन् ! यदि तपाईंले युक्तिसङ्गत ठानेर अनुमोदन गर्नुहुन्छ भने म भन्दछु । हेर्नुहोस् , ब्राह्मण, क्षत्रिय र वैश्य यी तीन वर्ण यथाविधि संस्कृत हुनाले द्विजाति भनिन्छन् तर संस्कारविहिन हुनाले यी अवश्य नै शूद्र हुन् । यी सब कुरा वेद जान्नेवाला पण्डितहरू नै जान्दछन् । यसकारण मेरो यो शिशु सन्तान यस समय पनि शूद्रकै समान छ । यज्ञोपवित मात्र ऊ धारण गरेपछि यज्ञक्रियाको लागि उपयुक्त हुन्छ, यो वेदशास्त्रको निर्णय हो । ब्राह्मणको आठ वर्षमा, क्षत्रियको एघार वर्षमा र शूद्रको बाह्र वर्षमा  उपनयन विधि बताइएको छ । अतएव हे देवेश ! यदि तपाईं

---

[5] क्षौरकर्मविधिं कृत्वा न कर्तासि मखं यदि ।
त्दाऽहं वारुणं शापं दास्ये कोपिसमन्वित ॥२८॥
अध्वं गच्छामि राजेन्द्र वचनात्तव मानद ।
न मृषा वचनं कार्यं त्वयेक्ष्याकुकुलोभ्दवे ॥२९॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, पञ्चदशोऽध्याय, श्लोक २८-२९)*

यस दीन सेवकमाथि दया गर्नुहुन्छ भने बालकको उपनयन संस्कार सम्पन्न गर्ने समयसम्म धैर्य गर्नुहोस्, । यसको उपनयन गरेर पसुरूप बालकद्वारा तपाईंको यज्ञ गर्नेछु । हे विभो ! तपाईं लोकपाल हुनुहुन्छ, विशेष गरी सम्पूर्ण शास्त्रका सारधर्म जानेर धर्मतŒव प्राप्त गर्नुभएको छ, यसकारण यदि तपाईं मेरो वचन सत्य मान्नुहुन्छ भने यस समयमा तपाईं आफ्नो घर जानुहोस् ।' यस्ता राजाका वचन सुनेर जलाधिपति वरुणदेव दयार्द्रचित्त भएरे - 'ठीक छ' भनी तत्कालै त्यस ठाउँबाट हिँडे । वरुण अन्तर्ध्यान भएपछि राजा अत्यन्त आनन्दित भए । रानी पनि पुत्रको मङ्गल सम्झेर सन्तुष्ट भइन् । समय बित्दै गयो, राजा हरिश्चन्द्र प्रसन्न चित्तले राजकार्यमा लागे । यसप्रकार केही काल व्यतीत भएपछि उनको छोरो दसौं वर्षमा प्रवेश गऱ्यो । तब राजाले शान्त ब्राह्मण मन्त्रिहरूका सल्लाहअनुसार आफ्नो धन ऐश्वर्यको योग्य समान उपनयनका लागि द्रव्य र सामग्रीहरू जम्मा गर्न लगाए । छोराको एघार वर्षमा प्रवेश भएपछि राजाले यथाविधि उपनयन कार्य गरे तर वरुणदेवको यज्ञको वृत्तान्त स्मरण गरेर बारम्बार चिन्तातुर हुन लागे । उपनयन कार्यका बीचमा नै वरुणदेव उपस्थित भए । राजाले उनलाई देख्दैमा छिट्टै प्रणाम गरेर हात जोडी सामुन्नेमा उभिएर भन्न लागे -'हे देव ! यज्ञोपवित भएपछि यस समयमा मेरो यो पुत्र यज्ञ पशुको उपयुक्त भएको छ । तपाईंका अनुग्रहले मेरो वन्ध्यत्वशोक गएको छ । त्यसैले हे धर्मज्ञ ! म जे भन्दछु सुन्नुहोस् समयको विलम्बले तपाईंका अनेक दक्षिणायुक्त यज्ञ गर्ने इच्छा गरेको छु । म यो भन्दछु कि समार्वतन कार्यको अन्त्यमा तपाईंको वाञ्छित यज्ञ गर्नेछु । अब ममाथि दया गरेर त्यतिबेलासम्म क्षमा गरिदिनुस् ।' राजाका यस्ता वचन सुनेर वरुणले भने -'हे महाराज ! तिमी पुत्रस्नेहले अत्यन्त व्याकुल भएर बुद्धियुक्ति र कौशल लगाएर बारम्बार मलाई छल गर्दैछौ । जेजे भए पनि म आज तिम्रो वचनअनुसार फर्कन्छु । तर समावर्तन कार्यको समयमा फेरि आउँला । यो निश्चय जान्नू । त्यसबेला कुनै छलकपट गर्न पाउने छैनौ ।' वरुणका यी वचन सुनेर राजा हरिश्चन्द्र आनन्दित भएर राजकाज गर्न थाले ।

राजकुमार अत्यन्त बुद्धिमान् थियो । वरुणदेव फेरि उसका घरमा आएको देखेर ऊ चिन्तित भयो । अब यज्ञको तयारी गर्दछन् र अनिष्ट हुनसक्छ भन्ने उसका मनमा पर्न गयो । यता राजा हरिश्चन्द्र शोक गर्न लागे, । यस्तो अवस्थामा राजकुमारले अरूसँग सोधेर सबै कुराहरू पत्ता लगायो । उसले आफ्नो विनाशको समय र विषय थाहा पाएपछि घरबाट निस्कने विचार गऱ्यो । उसले मन्त्रिसँग परामर्श गरेर सहरबाट बाहिर निस्की वनतर्फ लाग्यो । पुत्र वनतर्फ गएपछि राजा अत्यन्त दु:खित भएर उसलाई खोज्न भनी चारैतर्फ

दूतहरू पठाए । यसप्रकारले केही समय व्यतीत भएपछि वरुणले राजाका घर आएर शोक सन्तप्त राजालाई भने -'हे राजन् अब पहिले भनेको मेरो यज्ञ गर ।' राजाले वरुणलाई प्रणाम गर्दै भने -'हे देव ! म के गरूँ,मेरो छोरा डरले व्याकुल भएर कहाँ भाग्यो म केही पनि जान्दिन । मेरा दूतहरूले पर्वत दुर्गम प्रदेश, मुनिहरूका आश्रम सम्पूर्ण स्थानहरूमा खोजिसके तर पनि उसलाई कहीँ पाउन सकेनन् । मेरो छोरो घरबाट निस्केर हिँड्यो । यसबखत म के गरूँ ? तपाईं नै भन्नुहोस् । हे देव ! तपाईं नै सबैथोक जान्नुहुन्छ, यसमा मेरो कुनै दोष छैन, यो सबै भाग्यका दोषले नै भएको हो ।' यस्ता राजाका वचन सुनेर वरुणदेव रिसाए । उनले देखे कि हरिश्चन्द्र बारम्बार छलछाम गरेर टार्दै रहेछन् । तब वरुणले श्राप दिए -'हे राजन् तिमीले मलाई छलयुक्त वचनले धेरैपटक झुक्यायौ यसैले तिमीलाई जलोदर व्याधिले पीडा गरोस् ।' यति भएपछि राजा पेट फुल्ने र पानी भरिने रोगले पीडित भए । वरुण आफ्ना लोकतर्फ फर्किए । हरिश्चन्द्रलाई रोगले धेरै सतायो र अत्यन्त पीडा भोग्न लागे । वनमा रहेका राजकुमारले यो खबर थाहा पाए । रोहित पितृ स्नेहले वशीभूत भएर घर फर्कने विचार गरे । केही वर्ष बितेपछि रोहित बाबुलाई हेर्न घर फर्कने इच्छाले आउँदै थिए । यत्तिकैमा देवराज इन्द्र आएर उपस्थित भए ।[6] उनले ब्राह्मणको रूपधारण गरेर राजकुमारलाई रोक्दै भन्न लागे -'हे राजपुत्र ! तिमी अत्यन्त अज्ञानी भएर अझै पनि कठिनताले मात्र जानिने राजनीति जान्न सकेका छैनौ । पिताजीका साम‍ु जानु उपयुक्त छैन । तिमी वहाँ गयौ भने तिम्रो पिताले नरमेध यज्ञ गर्नेछन् र तिमीलाई यज्ञको पशु बनाएर यज्ञमा होम्नेछन् । हे बाबु ! सबै प्राणीका लागि आत्मा अत्यन्त प्यारो हुन्छ । त्यही आत्माका लागि स्त्री, पुरुष, धन, रत्नादि प्रिय हुन्छन् । तिमी प्राणसमान पुत्र हौ तर पनि तिम्रो पिताले आफू रोगबाट छुट्नका लागि आफ्नो रक्षार्थ तिमीलाई मारेर होम गर्दछन् ।'[7] त्यसैले हे राजपुत्र ! यस समयमा घर जानु उचित हुँदैन ।

---

[6] कुमारोऽसौ वने श्रुत्वा पितरं रोग पीडितम् ।
गमनाय मतिं राजंश्चकार स्नेहयंत्रित ॥२॥
संवत्सरे व्यतीते तु पितरं द्रष्टुमादरात् ।
गंतुकामं तु तं ज्ञात्वा शक्रस्तत्रजगाम ह ॥३॥ (**श्रीमद्देवीभागवत्**, सप्तमस्कन्ध षोडषोऽध्याय श्लोक, २-३)

[7] आत्मा हि वल्ल्भस्तात सर्वेषां प्राणिनां खलु ।
तदर्थे वल्लभाः सन्ति पुत्रदारधनादय ॥७॥
आत्मनो देह रक्षार्थ हत्वा त्वां बल्लभं सुतम् ।
हवनं कारयित्त्वाSसौ रोगमुक्तो भविष्यति ॥ (श्रीमद्देवीभागवत, सप्तमस्कन्ध, षोडषोध्याय, श्लोक ७–८) ।

यदि तिम्रो पिताको मृत्यु भयो भने राज्य प्राप्तिका लागि तिमी जानु उचित हुनेछ ।' यति इन्द्रले भनेपछि राजपुत्र एक वर्षसम्म त्यही वनमा बसे । अर्को वर्ष रोहितले पिताको दुःख थाहा पाएर फेरि घर जाने निश्चय गरे । मारिनु परे पनि पिताजीलाई हेर्न घर जान्छु भनी हिँड्न लाग्दा फेरि इन्द्रजीले रोक्दै भन्दछन् -'तिमी घर नजाऊ, त्यसैमा तिम्रो कल्याण छ ।'

यता राजा हरिश्चन्द्र रोगले ज्यादै पीडित भएपछि कूलपुरोहित वशिष्ठलाई बोलाएर रोग शान्तिको उपाय सोध्दछन् । वशिष्ठले भन्दछन् -'महाराज ! द्रव्यले यौटा पुत्र किन्नुहोस्, किनेको पुत्रले यज्ञ गर्दा पनि तपाईंको श्राप छुट्दछ । हे नृपसत्तम ! ब्राह्मणहरूले भनेका छन् कि पुत्र दश प्रकारका हुन्छन् । त्यसमध्ये क्रीत (किनेर ल्याइएको) पनि छोरो नै हो । त्यसैले यौटा बालक किनेर ल्याएर उसलाई छोरा बनाउनुहोस् । तपाईंका राज्यमा कुनै ब्राह्मणले लोभले आफ्नो छोरा दिन्छ होला, उसबाट वरुणदेव अवश्य पनि खुसी हुनेछन् ।'[८]

राजा हरिश्चन्द्रले वशिष्ठ ऋषिका यस्ता वचन सुनेपछि सन्तुष्ट भएर पुत्र खोज्नका लागि मन्त्रिलाई आदेश दिए । खोज्दै जाँदा उनीहरू अजीगर्त नाम गरेका अत्यन्त निर्धन ब्राह्मणका घरमा पुगे। उसका तीन पुत्र थिए, जेठो शुनपुच्छ, माहिलो शुनःशेप र कान्छो शुनोलांगुल । यी तीनमध्ये कुनै यौटा दिनुहोस् म तपाईंलाई १०० गाई दिन्छु र यज्ञका लागि लैजान्छु । अजीगर्त अन्नका अभावले अत्यन्त कातर भएको थियो । त्यसैले उसले यौटा छोरा बेच्ने इच्छा गर्‍यो । जेठो छोरा और्ध्वदेहिक क्रियाको अधिकारी हुन्छ यस्तो ठानेर उसलाई दिएनन् । कान्छो छोरो आमाले यो त मेरो छोरो हो भनेर दिइनन् । अब बाँकी माहिलो छोरो शुनःशेप सय गाईका मूल्यमा बिक्री भयो । राजाले उसलाई यज्ञको पशु बनाएर नरमेध यज्ञ गर्नका लागि तयारी गरे । यज्ञको तयारीसँगै शुनःशेपलाई यज्ञको खम्बामा बाँधियो । बाँधिएको बालक डरले काम्न थाल्यो । अत्यन्त दीनभावले रून कराउन लाग्यो । यो देखेर सबै ऋषिमुनिहरू चिच्याए । उनीहरूका मनमा पीडा र दुःखको करुण भाव रसायो । राजाले नरमेध यज्ञका लागि बध गर्ने आदेश दिए तर कसैले पनि हतियार ग्रहण गर्न मानेनन् ।

[८] *तमाह ब्राह्मण : पुत्रो यज्ञं कुरु नृपोत्तम ।*
*क्रय क्रितेन पुत्रेण शाममोक्षो भविष्यति ॥१४॥*
*पुत्रा दशबिधा प्रोक्ता ब्राह्मणैर्वेदपारगै :*
*द्रव्येणानीय तस्मात्त्वं पुत्रं कुरु नृपोत्तम ॥१५॥ (**श्रीमद्देवीभागवत,** सप्तमस्कन्ध षोडषोऽध्याय श्लोक ७ -१५)*

यस प्रकारले बध गर्न कोही पनि अघि नसरेपछि राजाले सभासद्हरूसमक्ष भने -'हे द्विजगण, अब यस समयमा के गर्नुपर्दछ ?' तब शुनःशेप अद्‌भुत करूणस्वरमा रून कराउन लाग्यो । साधारण जनहरू उसको विषयलाई लिएर एकैपटक आन्दोलन गर्न लागे । यसबाट त्यस सभासदमा ठूलो कोलाहल मच्चियो । पछि अजीगर्तले सभास्थल अघि खडा भएर भन्यो -'हे नरपति! तपाईं धैर्य गर्नुहोस् । तपाईंको यस कार्यलाई म सम्पादन गर्दछु । म धनको अभिलाषी छु । यसकारण मलाई धन दिनुहोस् यस पशुको बध म गर्दछु । तपाईंको यज्ञ छिट्टै नै सम्पन्न हुनेछ । हे राजन् जो पुरूष धनको लालची हुन्छ, ऊ सधैं पुत्रका प्रति द्वेषबुद्धियुक्त नै हुन्छ यसमा कुनै शङ्का गर्नु पर्दैन ।' हरिश्चन्द्र राजा पनि यस्ता अजीगर्तका वचन सुनेर खुसी भए । उनले तुरून्तै एकसय गाई दिन्छु भने । यस्तो सुनेपछि लोभी अजीगर्त छोरालाई मार्न कृतनिश्चय भयो । ऊ पुत्रबध गर्न तयार भएर बस्यो । यस्तो देखेपछि सभामा रहेका सबैले हाय ! हाय ! भनेर कराउन थाले । कोही अजीगर्तलाई धत् पापिष्ठ, धत् ! धनको लालची पुरूष ! ब्राह्मण भएर पनि यस्तो क्रुर कर्म गर्ने भनेर धिक्कार गर्न लागे । तँलाई आफ्नै पुत्र मारेर के सुख मिल्छ भनी गाली गर्न लागे ।

सभास्थलमा यस प्रकारले कोलाहल मच्चियो । यस्तो कोलाहल सुरू भएपछि कुशिकनन्दन विश्वामित्र ऋषि दयाका वशिभूत भएर राजाका सामुन्ने आएर भन्न लागे -'हे महाराज ! शुनःशेप अत्यन्त काँतर भएर रोइरहेको छ । त्यसैले यसलाई छोडिदेऊ । तिम्रो यज्ञ पनि सम्पन्न हुन्छ र तिम्रो व्याधि पनि नष्ट हुन्छ, दयाको समान पुण्य र हिंसाको समान पाप अर्को कुनै छैन । तिमी विचार गरेर हेर कि यज्ञादि पशु हिंसाको जो विधि बिधान छ, त्यो केवल विषयानुरागी मनुष्यका लागि हो तर त्यसबाट निवृत्त हुनु उचित छ । हे महाराज ! जुन मनुष्य सम्यक् प्रकारले आफ्नो मङ्गल कामना गर्दछ, उसले आफ्नो देहको रक्षाका लागि अर्काको देह छेदन गर्नु हुँदैन । जो मनुष्य, जीवमा समान दया प्रदान गर्दछ, सामान्य वस्तु प्राप्त हुँदैमा प्रसन्न हुन्छ र सम्पूर्ण इन्द्रियलाई वशमा राख्दछ जगदीश्वर उसदेखि छिट्टै सन्तुष्ट हुन्छन् ।'[१] हे नृपवर ! सम्पूर्ण जीवलाई आफ्नै समान देख । सबैको प्रिय बनेर जीवनयात्रा व्यतित गर । यस ब्राह्मणपुत्रको देहलाई नष्ट गरेर आफ्नो देहको रक्षा गर्ने

---

[१] क्रतुस्ते भविता पूर्णो रोगनाशश्च सर्वथा ।
दयासमं नास्ति पुण्यं पाप हिंसासमं न हि ॥३९॥
रागिणां रोचनार्थाय नोदनेयं विचारय ।
आत्मदेहस्य रक्षार्थं परदेहनिकृंतनम् ॥४०॥
न कर्तव्यं महाराज सर्वतः शुभमिच्छता ।
दयया सर्वभूतेषु संतुष्टो येन केन च ॥४१॥ *(**श्रीमद्‌देवीभागवत**, सप्तमस्कन्ध, षोडशोऽध्याय* श्लोक ३९- ४१)

इच्छा गरेका छौ । ब्राह्मणको छोरा पनि सुखको इच्छा गर्दछ, के उसको देहको रक्षा गर्ने उसलाई इच्छा हुँदैन र ? हे राजन् ! यस निरपराध ब्राह्मणपुत्रलाई मार्ने इच्छा नगर । यदि तिमीले अहिले मार्‍यौ भने पनि यसले पूर्वजन्मको वैर अवश्य सहने छैन र दोस्रो जन्ममा तिम्रो संहार गर्नेछ । यसमा कुनै शङ्का मान्नु पर्दैन । यसका बाबुलाई धनको लोभले भ्रष्ट गराई यस्तो अवस्था आइपरेको हो । धनका लोभले उसले छोरो अर्पण गर्‍यो । त्यसैले यो ब्राह्मण क्रूर, लोभी र पापाचारी छ । मानिस धेरै पुत्रको इच्छा गर्दछन्, चाहे अश्वमेध यज्ञ गरून् । यदि कसैले नीलबृषभ उत्सर्ग गरून्, जसरी भए पनि मनुष्यले अनेक पुत्रको इच्छा गर्नुपर्दछ । हे महाराज ! देशमा जो कोहीले पापकर्म गरोस् त्यसको छैठौं अंश (१/६) भाग राजाले भोग्नुपर्दछ । त्यसैले यदि मनुष्यले पापकर्म गर्न लागेमा राजाले अवश्य रोक्नुपर्दछ । तर तिमीले त्यस ब्राह्मणले यसलाई विक्री गर्न खोज्दा किन रोकेनौ ? हे राजन् ! तिमी त्रिशङ्कुका सन्तान हौ । तिमी सूर्यवंशी हौ, यसकारण तिमी आर्य भएर पनि अनार्यको समान कार्य गर्न कसरी सक्दछौ ? तिमी मेरो वचन मानेर छिट्टै यसलाई छोडद्छौ भने तिम्रो शरीरको सबै दुःख नाश भएर सुख हुन्छ । तिम्रो पितालाई श्राप परेर चाण्डाल भएका थिए तर मैले यसै शरीरबाट नै स्वर्गमा पुर्‍याएँ । यो सब तिमीलाई नै थाहा छ । यस बालकका लागि तिम्रो राजसूय यज्ञमा म यही प्रार्थना गर्दछु कि तिमी यस बालकलाई छोड्देऊ । तिमीले यस वचनलाई पूरा गर्दैनौ भने प्रार्थनाभङ्गजनित पाप लाग्नेछ । हे नृपसत्तम ! यस यज्ञमा जसले जे प्रार्थना गर्दछ त्यो अवश्य उसलाई दिनुपर्दछ । यसलाई अन्यथा गर्‍यौ भने पाप लाग्दछ ।' कौशिकका यस्ता वचन सुनेर राजा हरिश्चन्द्रले भने -'हे मुनिवर जलोदरको पीडाले म महाक्लेश भोगिरहेको छु । त्यसैले गर्दा म यसलाई छोड्न सक्दिन । तपाईं अन्य कुनै प्रार्थना गर्नुहोस् । हे कुशिकनन्दन ! मेरो यस कार्यमा विघ्न गर्नु उचित होइन ।' राजा हरिश्चन्द्रके यस्तो वचन सुनेर विश्वामित्र रिसाए । ब्राह्मणपुत्र शुनःशेप डरले कामिरहेको देखेर सन्ताप गर्न लागे ।

विश्वामित्रले शुनःशेप बालकको हालत देखेर दयार्द्रचित्तले उसैका नजिक गएर भन्न लागे -'हे वत्स ! म तिमीलाई वरूण मन्त्र दिन्छु, यस मन्त्रलाई मनमनै स्मरण गर, जप गर्दै गर, मेरो यस मन्त्रको जप गर्नाले तिम्रो अवश्य कल्याण हुनेछ ।'[10] शोकाकुल

[10] रुदंतं बालकं वीक्ष्य विश्वामित्रो दयातुर ।
शुनःशेपमुवाचेदं गत्वा पार्श्वेऽतिदुःखितम् ॥१॥
मन्त्रं प्रचेतसः पुत्र मयोक्त मनसा स्मरन् ॥
जपस्तव कल्याणं भविष्यति ममाज्ञया ॥२॥ (***श्रीमद्‌देवीभागवत,*** *सप्तमस्कन्ध सप्तदशोऽध्याय* श्लोक १-२)

भएको शुनःशेप विश्वामित्रको वचनअनुसार उनले बताएको मन्त्र मनमनै जप गर्न लाग्यो । शुनःशेपले मन्त्र जप्दै गर्दा कोमल हृदय भएका वरुण ऊप्रति प्रसन्न भएर उसका सामुन्ने आएर प्रकट भए । वरुणदेव आएको देखेर सम्पूर्ण यज्ञस्थलमा बसेकाहरू विस्मृत भए र उनलाई देखेर आनन्दित भई उनको स्तुति गर्न लागे । राजा हरिश्चन्द्र पनि वरुणदेवका दुवै चरणमा परेर स्तव गर्न लागे -'हे देवदेव ! म अत्यन्त पापी छु । मेरो बुद्धि नितान्त कलुषित छ । म अपराधी भएँ । हे दयामय ! अब कृपा गरेर यस दुःखीलाई पवित्र गर्नुहोस् । मेरो अपराधलाई क्षमा गर्नुहोस् । मैले हजुरको यज्ञ गर्नका लागि ब्राह्मण पुत्रलाई किनेर ल्याएको छु । यस समयमा तपाईं प्रसन्न हुनुभयो भने जलोदरजनित सम्पूर्ण रोग र दुःख हट्दछ । हे प्रभु ! मेरो पुत्र डरले कहाँ भाग्यो, ऊ मृत्युका भयले घर छोडेर निस्केको हो, उसले मलाई छलेर भाग्यो ।' यस प्रकारका रोगातुर राजाका वचन सुनेर देवदेव वरुण खुसी भएर राजालाई भन्न लागे -'हे राजन् ! शुनःशेप अत्यन्त काँतर भएर मेरो स्तव गर्दैछ । यसकारण तिमी यसलाई छोडिदेऊ । तिम्रो यज्ञ पनि पूर्ण भयो । तिमी पनि रोगमुक्त भयौ ।' वरुणले यी कुरा भनेर यज्ञस्थलका सभासद्हरूका सामुन्नेमा नै राजालाई रोगमुक्त गरे, राजा पनि सुन्दर शरीरवाला भए ।[11]

वरुणका कृपाले जब ब्राह्मणपुत्र शुनःशेप पाशबन्धनबाट मुक्त भयो तब त्यस यज्ञ सभास्थलमा जय–जयकारका शब्दहरू उच्चारित हुन लागे । राजा पनि वरुणको रोगबाट मुक्त भएपछि सन्तुष्ट र स्वस्थ भए, शुनःशेप पनि बन्धनमुक्त भएर सन्तुष्ट भयो ।

राजा हरिश्चन्द्रको विनय सहितको यज्ञ सम्पन्न भएपछि फेरि शुनःशेपले हात जोडेर सभासद्हरूसँग भन्यो -'हे सभ्यगण ! तपाईंहरू सत्यवादी, विशेषगरी धर्मको मर्म जान्नुहुन्छ, यसकारण वेदशास्त्रानुसार धर्मको निश्चय गरेर भन्नुहोस् यस समयमा म कसको छोरो हुँ ? मेरा अग्रगण्य पिता को हुन् ? यो तपाईंहरू बताउनुहोस् । तपाईंहरूकै वचनअनुसार म आश्रम ग्रहण गर्दछु ।' शुनःशेपको यस प्रश्नले ठूलो खैलाबैला पैदा भयो । सभामा रहेकाहरू एक आपसमा कानेखुसी गर्न लागे । कोही यो अजीगर्तकै छोरा हो अन्य कसको हुनु भन्न थाले । कोहीचाहिँ यो अजीगर्तकै अङ्गप्रत्यङ्गबाट उत्पन्न बालक हुनाले र उसको पालन पोषणमा हुर्केकाले उसैको छोरा हो भन्ने सिद्धान्त निकाल्न थाले । यस्ता

[11] मुंच राजञ्छुनशेपं स्तुवंतं मां भृशातुरम् ।
यज्ञोऽयं परिपूर्णस्ते रोगमुक्तो भवात्मन ॥१६॥
राजा प्रमुदिताः सद्यो रोगान्मुक्तः सुदारुणात् ।
यूपान्मुक्तः शुनःशेपो वभूवातीव संस्थित ॥१९॥ (श्रीमद्देवीभागवत, सप्तमस्कध, सप्तदशोध्याय, श्लोक १६, १९.)

विभिन्न प्रकारका तर्कहरू हुँदै थिए, अर्को विद्वान् वामदेवले भने कि -'यसका बाबुले धनका लोभले यसलाई बेचे, राजाले धन दिएर किने । अतएव यो बालक यस समयमा राजाकै छोरा हुन्छ  अथवा यो बालक वरुणदेवको पुत्र हुन्छ । उनैले यसलाई बन्धनदेखि छुटाए । जुन मनुष्यले अन्न दिएर पालन गर्दछ, जो भयबाट रक्षा गर्दछ, जो धन दिएर रक्षा गर्दछ, जो विद्या दिन्छ, र जो जन्म दिन्छ यी पाँच मनुष्यलाई पितृपदवाच्य बाबु शब्दले सम्बोधन गर्न सकिन्छ ।'[12] यसप्रकार सभामा कोही अजीगर्तको कोही वरूणको, कोही राजाको पुत्र हुन्छ भनेर वादविवाद गर्दै थिए, यसको निर्णय भने कसैले पनि दिन सकिरहेका थिएनन् ।

यस्तो सन्देह उत्पन्न भइरहेको अवस्थामा ऋषि वशिष्ठ त्यस यज्ञस्थलमा आइपुगे । विवाद र बहस गर्दै रहेका सभासद्हरूलाई सम्बोधन गर्दै भन्नथाले -'हे महाभागगण हो ! यस विषयमा श्रुतिसम्मत निर्णय दिन्छु, सुन्नुहोस् । पिताले पुत्रस्नेह त्यागेर जब बालकलाई बेचे, तब उनको सम्बन्ध पनि छुट्यो । त्यसपछि बालक हरिश्चन्द्रको क्रित पुत्र भयो, यसमा कुनै सन्देह छैन तर जब राजाले उसलाई खम्बामा बाँधे, तब यो राजाको पुत्र हुन सकेन । त्यस्तै गरी यस बालकले वरूणदेवको स्तुति गऱ्यो, तब वरुण सन्तुष्ट भएर यसलाई छोडीदिए । यस कारणले यो बालक वरुणको पुत्र हुन सक्दैन किनकि जो मनुष्य महामन्त्रले जुन देवताको स्तुति गर्दछ उनै देव उसप्रति सन्तुष्ट भएर धन, प्राण, पशु, राज्य र मुक्ति प्रदान गर्दछन् । परन्तु अत्यन्त सङ्कटका समयमा वरुणदेवको महावीर्य मन्त्र दिएर कुशिकनन्दन विश्वामित्रले यस बालकको रक्षा गरेका हुन् । यसैले यो बालक उनैको पुत्र ठहर्छ, यसमा कुनै शंका मान्नु पर्दैन । वशिष्ठ ऋषिको यस्तो वचन सुनेर सम्पूर्ण सभासद्हरूले पनि उनको वचनलाई अनुमोदन गरे । त्यसपछि विश्वामित्रले प्रेमपूर्वक -'हे पुत्र ! मेरा घरमा हिंड' भनेर दाहिने हात समाती अगाडि बढे । त्यसपछि शुनःशेप छिट्टै उनीसँगसँगै उनका घरतर्फ गयो ।

विश्वामित्रका साथ लागेर शुनःशेप हिंडिसकेपछि त्यस सभा तथा यज्ञमा उपस्थित ऋत्विक्, आचार्य सम्पूर्णजन आ-आफ्ना घर गए । राजा पनि रोगमुक्त भएर अति आनन्दित भएर बसे । त्यसै समयमा राजाको छोरो रोहितले पनि वरुणदेवको सम्पूर्ण वृत्तान्त सुन्यो र खुसी भएर दुर्गम वनदेखि नदी, पर्वत आदि पार गर्दै घर आयो । पुत्रको आगमन सुनेर

---

[12] अन्नदाता भयत्राता तथा विद्याप्रदश्च यः ।
तथा वित्तप्रदश्चैव पञ्चैते पितरः स्मृता ॥२७॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध सप्तदशोऽध्याय* श्लोक १६-२७)

राजाले पनि उसलाई स्वागत गर्न बाहिरसम्म गए । रोहित र हरिश्चन्द्र चिरविरहजात शोकका कारण आँखाबाट आँसु निकाली रहे । राजाले उसलाई आलिङ्गन गरे । केही समयसम्म राजाले छोरालाई काखमा लिएर नरमेध यज्ञको पूर्ववृत्तान्त बताए । अत्यन्त खुसी भएका राजा हरिश्चन्द्रले पुत्रसहित राज्य शासन गर्न थाले ।

केही समय बितेपछि राजा हरिश्चन्द्रले राजसूय यज्ञको अनुष्ठान गरे । यस यज्ञमा वशिष्ठ ऋषिलाई यथाविदित पूजा गरी यज्ञको होतृकार्यमा वरण गरे । त्यो यज्ञ सम्पन्न भएपछि राजाले वशिष्ठलाई अत्यन्त सम्मान गरे । त्यसै अनुष्ठानको फलले गर्दा उनी एक समयमा आदरसहित रमणीय इन्द्रभवनमा गए । त्यसै समयमा विश्वामित्र ऋषि पनि त्यसै स्थानमा गएर वशिष्ठसँगै बसे । तब दुवै ऋषिहरू मिलेर सुरसदनमा विराजमान भइरहेका थिए तर इन्द्रको सभाभवनमा वशिष्ठलाई सम्मानित देखेर विश्वामित्रले आश्चर्य भएर सोधे -'हे ऋषिसत्तम ! तपाईंले यस्तो पूजा र सम्मान कहाँबाट पाउनुभयो ? हे महाभाग ! तपाईंको यस्तो पूजा कसले गर्‍यो ? त्यो मलाई सत्यसत्य बताउनुहोस् ।' वशिष्ठले भने -'हे मुनिवर ! हरिश्चन्द्र नामका एक प्रतापवान् नृपति मेरा यजमान छन् । उनै राजाले धेरै दक्षिणायुक्त राजसूय यज्ञको अनुष्ठान गरे। उनको समान धृतव्रत राजा अरू छैनन् । यी धर्मशील दाता र प्रजाको पालन गर्नेमा तत्पर छन् । हे कौशिकनन्दन यिनै राजाको यज्ञमा मेरो पूजा भएको हो ।[13] हे द्विजवर तपाईं मलाई सत्य भन्न के अनुरोध गर्नुहुन्छ ? म फेरि पनि यथार्थ भन्दछु कि राजा हरिश्चन्द्रको समान सत्यवादी वीर, चतुर र धार्मिक राजा अन्य न भए, न हुनेछन् ।'[14] यसप्रकारका वचन सुनेर कोपस्वभावका ऋषि विश्वामित्र राता-राता आँखा पारेर भन्न लागे -'हे वशिष्ठ ! हरिश्चन्द्रले प्रतिज्ञा गरेर वरुणदेवद्वारा वर प्राप्त गरे । उनले कपटरूपी वचनद्वारा छल गरेका थिए । अतएवः उनी मिथ्यावादी र कपटप्रिय छन् । उनै राजाको प्रशंसा तपाईं गर्नुहुन्छ ? हे महामते ! मैले जीवनभर तपस्या र अध्ययन गरेर जो पुण्य सञ्चय भएको छु र तिमीले जीवनभर तपस्या र अध्ययन गरेर जो पुण्य सञ्चय गरेका छौं त्यसैको बाजी राखौं । तिमीले त्यस अदाता महाबली राजा हरिश्चन्द्रको अत्यन्त स्तुति गर्‍यौ । यदि मैले त्यसलाई मिथ्यावादी सिद्ध गर्न नसके मेरो आजन्म सञ्चित पुण्य

---

[13] दाता च धर्मशीलश्चप्रजारंजन तत्पर : ।
तस्य यज्ञे मया पूजा प्राप्ता कौशिकनंदन ॥

[14] हरिश्चन्द्रसमो राजा न भूतो न भविष्यति ।
सत्यवादी तथा दाता शूरः परम धार्मिकः ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध सप्तदशोऽध्याय श्लोक ५२-५३)*

नष्ट होस् । तर त्यसको अन्यथा भयो भने तिम्रो समस्त पुण्य नष्ट हुनेछ मैले आज यही प्रण (प्रतिज्ञा) गर्दछु ।' त्यसपछि दुवैजना क्रोधयुक्त भएर परस्परमा विवाद गर्दै, प्रण गर्दै स्वर्गलोकबाट आ–आफ्ना घरतर्फ गए ।

एकपल्ट राजा हरिश्चन्द्र मृगको सिकार खेल्नका लागि जङ्गलमा गएका थिए । घुम्दैघुम्दै उनी वनको बीचतिर पुगेछन् । त्यहाँ चारूलोचना सुन्दरी रमणी रोइरहेकी थिइन् ।[15] राजाले उनलाई देखेर सोधे -'हे वरानने ! तिमी एक्लै यस वनमा किन रून्छ्यौ ? हे विशालाक्षी ! तिमीलाई कसले दुःख दियो ? तिमी यो निर्जन वनमा किन आयौ ? तिम्रो स्वामी वा पिता को हुन् ? हे सुन्दरी मेरो राज्यमा कहिल्यै पनि कुनै राक्षसले स्त्रीलाई दुःख दिन सक्दैन । त्यसैले, हे वरारोहे ! तिमीलाई कसले कष्ट दिइराखेको छ ? म त्यसलाई मार्दछु । हे कृशोदरी ! तिमी सावधान होऊ, रून‍ु पर्दैन, तिम्रो दुःखको विषय के हो ? त्यो मलाई भन, तिमी निश्चय यो जान कि मेरा राज्यमा कोही पनि पापिष्ठ मानिस बस्दैन ।' महाराज हरिश्चन्द्रका यस्ता वचन सुनिसकेपछि ती सर्वाङ्ग सुन्दरीले दुवै हातले आँसु पुछ्दै भन्न लागिन् -'हे राजेन्द्र ! म सिद्धिरूपिणी हुँ मलाई प्राप्त गर्नका लागि महर्षि विश्वामित्र घोर तपस्या गर्दैछन् । अतएवः उनै कौशिकले मलाई यो क्लेश उपस्थित गराएका हुन् । हे राजन् ! यसै कारणले म तपाईंका राज्यमा दुःखित छु । हे सुव्रत ! म कोमलस्वभावकी स्त्री हुँ तर पनि मुनिवर मलाई दुःख दिन्छन् ।' त्यसपछि राजाले भने कि -'हे विशाललोचने ! अब तिम्रो दुःख नाश हुन्छ, तिमी धैर्यधारण गर । म तपश्चर्यामा निरत मुनिवरलाई निवारण गर्दछु ।' राजा हरिश्चन्द्र त्यस रमणीलाई सम्झाएर तुरून्तै मुनिवर विश्वामित्रका समिपमा गए र उनलाई प्रणामपूर्वक हात जोडेर भन्न लागे -'हे महर्षे ! कठोर तपस्यामा निरत भएर के का लागि शरीरलाई पीडा दिनुहुन्छ ? हे महामते ! तपाईं कुन कार्य साधन गर्नका लागि यसप्रकार कठोर तपस्या गर्नुहुन्छ ? मलाई सत्य बताउनुहोस् । हे गाधिनन्दन ! तपाईंको जुन इच्छा छ म पूरा गरौंला । अब यस प्रकारको कठोर तपस्या गर्नुको प्रयोजन छैन, तपाईं छिट्टै उठ्नुहोस् । हे महर्षि ! तपाईं त सबैथोक जान्नुहुन्छ, मेरो अधिकार क्षेत्रभित्र बसेर मनुष्यलाई पीडादायक दारूण घोर तपस्या गर्नु कहिल्यै पनि कसैलाई पनि उचित छैन ।' राजा

---

[15] कदाचित्तु हरिश्चन्द्रो मृगयार्थं वनं ययौ ।
अपश्यद्रुदतीं बालां सुंदरीं चारु लोचनाम् ॥१॥
तामपृच्छन्महाराजः कामिनीं करुणापर ।
पद्मपत्र विशालाक्षि किं रोदिषि वरानने ॥२॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध अष्ठादशोऽध्याय* श्लोक १ -२)

हरिश्चन्द्रले यसप्रकारले विश्वामित्रलाई तपस्या गर्न निषेध गरेर आफ्ना घर गए । मुनिवर कौशिक पनि मनमनै क्रोधित भै आफ्ना आश्रममा गए । विश्वामित्र आफ्ना आश्रममा गएपछि पहिलेका कुराहरू सम्झन थाले । पहिले इन्द्रभवनमा भएका वशिष्ठ ऋषिसँगका वादविवाद सम्झे । त्यसबखत राजा हरिश्चन्द्रले अन्यायपूर्वक उनलाई तपस्या गर्नबाट रोकेको कुराले धेरै चिन्तित भएर विचार गरे कि -'राजा हरिश्चन्द्र परम धार्मिक हुन् भने मलाई किन तपस्या गर्नबाट रोके ? किन वशिष्ठ ऋषिले यसप्रकारको प्रण गरे ?' यस्तो सोच्दै जाँदा विश्वामित्रका मनमा क्रोध उत्पन्न भयो र उनले बदला लिनका लागि हरेक उपायहरू सोच्न थाले । यस्तै विचार गरेर यौटा भयङ्कर शरीर भएको दानवलाई बँदेल बनाएर राजा हरिश्चन्द्रको राजधानीमा पठाए । त्यस विशाल शरीरधारी महाबलवान् बँदेलले भयङ्कर चित्कार गर्दै राजाको उपवनमा प्रवेश गर्‍यो । त्यसलाई देखेर रक्षकहरू डराउन लागे । त्यो बँदेल वनमा प्रवेश गरेर जताततै लहराहरू र विरूवाहरू भाँच्न चुँडाल्न लाग्यो । कतै दाँत र दाह्राले खन्न र खोस्रन थाल्यो । बगैंचामा रहेका असल जातका फूलका विरूवाहरू जरैसमेत उखेलेर छिन्नभिन्न गर्न थाल्यो ।

त्यसपछि त्यस उपवनका रक्षकहरू अस्त्रशस्त्र भिरेर त्यसमाथि जाइलागे । माली बगैंचेहरू अत्यन्त काँतर भएर हाहाकार शब्दले चिच्याउन लागे । त्यो बँदेल वाण प्रहारबाट पीडित भएर पनि डराएन, उल्टै रक्षकहरूलाई समेत दुःख दिन लाग्यो । त्यसपछि सबै डराएर राजाका शरणमा गएर भन्न लागे -'महाराज ! रक्षा गर्नुहोस् ! रक्षा गर्नुहोस् !' राजाले यस्तो आर्तनाद सुनेर रक्षकहरूलाई सोधे -'के भयो किन डराइरहेछौ ? म देवता अथवा राक्षस कसैसँग पनि डराउँदिन । ल भन, कुन मानिसले तिमीहरूलाई डर देखायो ? कुन पापमति यस लोकमा मेरो शत्रु भएर आएको छ ? म त्यसलाई एकै वाणमा यमपुरी पठाइदिन्छु । त्यस शत्रुको रूप कस्तो छ वा त्यसको बल कति छ ? त्यो यस समयमा कहाँ बसेको छ ? यो तुरून्तै मलाई बताऊ त्यो शत्रु देव हो या दानव अहिल्यै वाणले म संहार गर्छु ।' मालीहरूले भने कि -'महाराज ! त्यो देव दानव किन्नर वा यक्ष केही होइन, एक महाकाय शूकर (बँदेल) हो जो उपवनमा प्रवेश गरेको छ । अत्यन्त वेगवान् त्यो बँदेल दाँतले सम्पूर्ण शोभायमान फूलवृक्ष जरैसमेत उखेल्छ, छिन्नभिन्न पार्दछ । हे महाराज ! हामीले उसलाई लट्ठी र पत्थरले हिर्कायौं तर पनि डराएन बरू विनाश गर्दै दगुर्‍यो ।' यस्तो सुनेर राजा अत्यन्त क्रोधित भै छिट्टै घोडा चढी बगैंचातर्फ लागे । त्यसपछि पैदल र घोडचढी सेनाहरू पनि उनका पछिपछि लागे । राजा त्यहाँ पुगेर देखे कि यौटा भयङ्कर

विशालकाय बँदेल घुर्घुराइरहेको थियो । क्रोधित भएका राजाले त्यसलाई मार्नका लागि आक्रमण गरे । त्यो बँदेल पनि राजालाई धनुषवाण लिएर आएको देखेर छिट्टै त्यसैतर्फ हिँड्यो । राजा त्यसमाथि वाण वर्षा गर्न लागे तर बँदेल उनलाई नाघेर वेगपूर्वक भाग्यो । राजा रिसाएर यत्नपूर्वक धनुषले वाण खिचेर छोड्न लागे तर त्यसले कहिले देखिने कहिले नदेखिने गर्न थाल्यो । कहिले शब्द निकाल्ने कहिले ननिकाल्ने गर्दै भाग्दै गयो । राजा हरिश्चन्द्र पनि घोडामा चढी त्यसका पछिपछि लघार्दै गए । तब सबै सैन्यहरू चारैतर्फबाट वनमा प्रवेश गरेर छरपस्ट भए । राजा एक्लै बँदेलको पछिपछि दगुरे । मध्याह्नकालमा राजा निर्जन वनमा पुगे । उनको वाहन (घोडा) पनि थाकेको थियो, आफू पनि भोक र प्यासले आकुल थिए । बँदेल देखिन छोडेपछि वनमा बाटो भुलेर दीनभावले चिन्ता गर्न लागे । उनी मनमनै विचार गर्छन् -'अब म के गरूँ ? कहाँ जाऊँ यस घोर वनमा मेरो सहायक छैन, म बाटो पनि चिन्दिन/जान्दिन यस्तो समयमा कहाँ जाऊँ !।' यस्तै सोचविचार गर्दागर्दै त्यस जनशून्य वनमा यौटा स्वच्छ जल भएको नदी देखे । नदी देखेपछि राजा खुसी भएर घोडाबाट ओर्ली आफैंले पानी पिए र घोडालाई पनि पानी पियाए । पानी पिएपछि स्वच्छ भएर दिग्भ्रमित भए तापनि आफ्ना नगरमा जाने इच्छा गरे । त्यसै समयमा विश्वामित्र वृद्ध ब्राह्मणको रूप धारण गरी त्यहाँ आए, उनलाई देख्नासाथ राजाले भक्तिपूर्वक प्रणाम गरे । विप्रवेशधारी विश्वामित्रले राजा हरिश्चन्द्रलाई भने -'महाराज ! तपाईंलाई मङ्गल होस् । तपाईं केका लागि यहाँ आउनुभयो ? यस वनमा तपाईंको के उद्देश्य थियो ?' यति भनेपछि राजाले भने -'हे द्विजवर ! एक विशालकाय महाबलवान् बँदेलले मेरो पुष्पवनमा प्रवेश गरेर कोमल सम्पूर्ण विरूवाहरू भाँचिदियो । म त्यही दुष्ट बँदेल मार्नका लागि धनुषवाण सहित सेना लिएर नगरबाट निस्केको थिएँ, त्यो कहाँ गयो ? म त्यसका पछिपछि दगुर्दै दगुर्दै यस ठाउँमा आइपुगें । यस बखत मेरा सेना कहाँ गए थाहा छैन । हे मुनिवर ! म सैन्यरहित क्षुधित, तृषित भएर यस स्थानमा आएको छु । म नगरतर्फ जाने बाटो पनि चिन्दिन र सैनिकहरू कुन बाटोबाट गए त्यो पनि जान्दिन । मेरा भाग्यले तपाईंलाई भेटें अब म मेरा नगरतर्फ जान्छु । कृपया ! बाटो बताइदिनुहोस् । म अयोध्याको अधिपति हरिश्चन्द्र हुँ । मैले राजसूय यज्ञ गरेको छु अतएवः जसले मसँग जे प्रार्थना गर्दछ, म उसलाई त्यही दिन्छु, यो सबैले जान्दछन् । हे द्विजवर ! तपाईंलाई यज्ञका लागि धनको इच्छा छ भने मसँग अयोध्या

हिँड्नुहोस्, म तपाईंलाई धेरै धन दिन्छु ।'[16] यस्ता हरिश्चन्द्रका वचन सुनेर महर्षि कौशिकले हाँसेर भने -'हे राजन् ! यो तीर्थ अत्यन्त पवित्र छ, यहाँ स्नान गर्नाले सम्पूर्ण पाप नष्ट भएर पुण्यको उदय हुन्छ । हे महाभाग ! तपाईं यहाँ स्नान गरेर पितृगणलाई तर्पण गर्नुहोस् । हे नरनाथ ! यस समय अत्यन्त पुण्यकाल छ, यसैले यस पवित्र पुण्यतीर्थमा स्नान गरेर आफ्नो शक्ति अनुसार दान गर्नुहोस् । स्वायम्भूव मनुले भनेका छन् -'जो पुरुष महापुण्यदायक तीर्थमा उपस्थित भएर स्नानादि नगरीकनै फर्कन्छ, जो मनुष्य आत्माको वञ्चना गर्दछ, त्यो आत्मघाती हो, यसमा सन्देह छैन । अतएवः हे राजन् ! तपाईं आफ्नो शक्तिअनुसार यस अत्त्युत्तम तीर्थमा पुण्यकार्य सम्पन्न गर्नुहोस्, त्यसपछि मार्ग म बताउँला र तपाईं अयोध्या जानुहोला ।'[17] फेरि तपाईंका दानदेखि परितुष्ट भएर म तपाईंलाई बाटो देखाउन तपाईंसँगै जानेछु ।' राजाले यस्ता छलयुक्त वचन सुनेर आफ्ना शरीरका सम्पूर्ण कपडाहरू उतारेर वृक्षमा घोडालाई बाँधेर विधिपूर्वक स्नान गर्नका लागि नदीतर्फ गए । अवश्यम्भावि दैवसंयोगले गर्दा मुनिका वचन सुनेर हरिश्चन्द्र मोहित भएका थिए । फलस्वरूप उनले यथाविधि स्नान गरिसकेर देवता पितृहरूलाई तर्पण गरी विश्वामित्रलाई भने कि -'म तपाईंलाई दान गर्दछु । हे महाभाग ! गाई, भूमि, सुवर्ण, हात्ती, घोडा, रथ, वाहन इत्यादि के के इच्छा छ ? यसैबखत म तपाईंलाई दिन्छु । मैले दिन नसक्ने कुनै वस्तु नै छैन । पहिले मैले राजसूय यज्ञ गर्दा पनि यही विधि अवलम्बन गरेको थिएँ । अतएवः हे मुनिवर ! तपाईं पनि यस महान् तीर्थमा उपस्थित हुनुहुन्छ यसैले तपाईंले चाहेको वस्तु म प्रदान गर्दछु ।' त्यसपछि विश्वामित्रले भने -'हे राजन् ! तपाईंको कीर्ति यस पृथ्वीतलमा फैलिएको छ । तपाईंसमान दाता पृथ्वीमा दोस्रो कोही छँदैछैन । मैले पहिले नै यो कुरा वशिष्ठबाट सुनेको थिएँ । त्रिशङ्कुका पुत्र सूर्यवंशीय राजा हरिश्चन्द्र नै यस पृथ्वीतलमा सबैभन्दा दानी छन् । उनी समान दाता पृथ्वीमा न त थिए, न छन्, न त हुने नै छन् । अतएवः हे पार्थिव ! मेरो छोराको विवाह आइपुगेको छ, त्यसैले तपाईंसँग प्रार्थना गर्दछु कि विवाहका लागि धन दिनुहोस् ।'[18]

---

[16] धनेच्छा यदि ते ब्रह्मन्यज्ञार्थं द्विजसत्तम ।
आगतव्यमयोध्यायां दास्यामि विपुलं धनम् ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, अष्टादशोऽध्याय* श्लोक ५८)

[17] तस्मात्तीर्थवरे राजन्कुरु पुण्यं स्वशक्तितः ।
दर्शयियामि मार्गं ते गंगासि नगरं ततः ॥५॥

[18] मया पूर्वं स्मृता राजन्कीर्तिस्ते विपुला भुवि ।
वशिष्ठेन च संप्रोक्ता दाता नास्ति महितले ॥१३॥
हरिश्चन्द्रो नृप श्रेष्ठः सूर्यवंशे महीपतिः ।
तादृशो नृपतिर्दाता न भूतो न भविष्यति ॥१४॥
पृथिव्यां परमोदारस्त्रिशंकुतनयो यथा ॥
अतस्त्वां पार्थयाम्यदा विवाहो मेऽस्ति पार्थिव ॥१५॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, एकोनविशोऽध्याय, श्लोक - ५, १३-१५)*

राजाले भने -'हे विप्रवर ! तपाईं विवाहकार्य सुरू गर्नुहोस् तपाईंलाई दान दिउँला । धेरै के भनुँ तपाईं जुन धनको इच्छा गर्नुहुन्छ, त्यही यथेष्ट धन प्रदान गर्नेछु ।' यस्ता राजाका वचन सुनिसकेपछि कौशिकले उनलाई छल्न तत्पर भए । गान्धर्वी माया प्रकट गरेर एक सुन्दर आकृतिको कुमार र दशवर्षीय एक कन्या उत्पन्न गरे । राजालाई देखाएर भने -'हे नृपसत्तम ! अब यिनीहरूको विवाह कार्य सम्पादन गर्नुपर्दछ । गृहस्थहरूलाई विवाह गर्दा राजसूय भन्दा पनि बढी फल प्राप्त हुन्छ । ब्राह्मणका पुत्रको विवाह गराउँदा पनि तपाईंलाई त्यो फल अवश्य प्राप्त हुनेछ ।' यस्ता मायावी वचनले गर्दा राजाले हुन्छ भन्ने प्रतिज्ञा गरे र विश्वामित्रले देखाएको बाटो हुँदै राजा नगरतर्फ अगाडि बढे । विश्वामित्र पनि राजालई छलेर आफ्ना आश्रममा गए । त्यसपछि राजा अग्निशालामा उपस्थित भए र त्यसै समयमा विश्वामित्र उनका सामु उपस्थित भए अनि भन्न थाले -'हे राजन् ! विवाह विधि निष्पन्न भयो । अब यस वेदीमा तपाईं मेरो जुन वर थियो त्यो दिनुहोस् ।' अनि राजाले भन्दछन् -'तपाईंको वर के हो ? म यसको अभिलाषी छु यसकारण संसारमा मेरो अदेय केही पनि छैन । तपाईं जे माग्नु हुन्छ त्यो म दिन्छु । जो मनुष्य सम्पत्तिको अधिकार पाएर पनि परलोकको सुख, यश र पवित्रता उपार्जन गर्दैन उसको जीवन निष्फल छ ।' यति भनेपछि विश्वामित्रले भने -'हे महाराज ! तपाईं यस पवित्र वेदीमा छत्र, चामरयुक्त हात्ती, घोडा, रथ, रत्न आदि परिपूर्ण राज्य नै यस वरलाई दिनुहोस् ।' मायाले मोहित भएका राजा हरिश्चन्द्रले विचारै नगरी भने -'मैले तपाईंको प्रार्थनाअनुसार यो विशाल राज्य प्रदान गर्दछु ।' तब निष्ठुर विश्वामित्रले राजासँग भने -'हे राजेन्द्र ! मैले पनि ग्रहण गरें । तर हे महाराज ! यस दानका समयमा दक्षिणा दिनुपर्दछ, विना दक्षिणा दान निष्फल हुन्छ, त्यसैले दानको फल प्राप्तिका लागि दक्षिणा दिनुहोस् ।' यस प्रकारका वचन सुनेर राजा अत्यन्त विस्मित भए । राजाले सोधे -'अब तपाईंलाई कति धन दिनुपर्दछ भन्नुहोस् ? म दानलाई पूर्ण गर्दछु ।' विश्वामित्रले भने -'साँढे दुई भारी सुन दक्षिणास्वरूप चाहिन्छ ।' तब राजा हरिश्चन्द्रले यो पनि दिन्छु भने । अन्तत चिन्तित भएर घोडामा चढी जान लागेका थिए, त्यही समयमा बाटो भुलेका सैनिकहरू पनि उनलाई खोज्दैखोज्दै त्यहाँ आईपुगे । राजालाई देखेर अत्यन्त खुसी भए । कसैसँग केही नभनी आफूले गरेका कार्यको चिन्ता गर्दै राजा अन्तःपुरमा प्रवेश गरे ।

राजा अन्तःपुरमा पुगेपछि अनेक प्रकारका तर्कनाहरू गर्न थाले । उनी मनमनै सोच्दै आफूले बोलेका र गरेका कार्यहरूप्रति चिन्तित हुन थाले । ओहो ! मैले के दानलाई

स्वीकार गरेछु, मेरो सर्वस्व समर्पण गरें, वस्त्रसहित सम्पूर्ण कुरा दान दिएँ । अब कसरी २$\frac{१}{२}$ भारी सुवर्ण दिने हो, मेरो सब बुद्धि नष्ट भएछ के गरूँ, ती मुनिले कपट गरेछन्, म छलमा परें । यस्ता कुराले गर्दा राजा अत्यन्त विह्वल भए । यस्तो अवस्थामा राजालाई देखेर रानीले चिन्ताको कारण सोधिन् -'हे प्रभो ! किन चिन्तित देखिनु हुन्छ ? छोरो पनि घर आएको छ, राजसूय यज्ञ पनि सम्पन्न गरियो, तपाईं किन शोक गर्नुहुन्छ ? तपाईंको त्यस्तो शत्रु पनि कोही छैन भने चिन्ता त्याग गर्नुहोस् ।' रानीले यस्तो प्रिय वचनले सोधेपछि उनले बडो मुस्किलले सबै कुरा बताए । तर पनि राजा चिन्ताले गर्दा न भोजन गर्न सके, न त निन्द्रा नै लिन सके । भोलिपल्ट बिहान उठेर जब सन्ध्याबन्दन गर्न लागे त्यसै समयमा विश्वामित्र उनका अगाडि उपस्थित भएर बारम्बार राजालाई प्रणाम गर्दै भन्न लागे -'हे राजन् ! तपाईं आफ्नो राज्य परित्याग गर्नुहोस् र मलाई जुन सुवर्ण दक्षिणा दिने प्रतिज्ञा थियो त्यो दिएर वास्तवमै सत्यवादी हुनुहोस् ।' यस्तो विश्वामित्रको वचन सुनेपछि राजाले भने -'हे प्रभो ! मैले तपाईंलाई विशाल राज्य प्रदान गरेको छु । अब मेरो राज्य तपाईंको भयो त्यसकारण म यो राज्य त्यागेर अन्य कुनै स्थानमा जान्छु । हे कौशिक ! यस विषयमा तपाईं चिन्ता नगर्नुहोस् । तपाईंले विधिले झैं मेरो सर्वस्व हरण गर्नुभयो । अतः म अहिले नै दक्षिणा दिन असमर्थ छु । यदि केही समयपछि धन प्राप्त गर्न सकें भने तत्काल दक्षिणा दिउँला ।' त्यसपछि राजा हरिश्चन्द्रले आफ्नी पत्नी शैव्या र छोरा रोहितलाई भने -'मैले अग्निहोत्र शालामा यो विशाल राज्य यिनै ऋषिलाई दान दिएँ । हात्ती, घोडा, रथ, सुन र रत्नसहित सम्पूर्ण राज्य प्रदान गरेको छु । शरीरबाहेक सबैथोक यिनैलाई समर्पण गरें । यी महर्षि सर्वसमृद्धि यो राज्य भलीभाँती ग्रहण गरून् र हामी अयोध्या छोडी कुनै वन अथवा पर्वतका गुफामा जानेछौं ।'[19] अत्यन्त धार्मिक राजा हरिश्चन्द्र भार्या पुत्रसँग यस्तो भनेर तिनै द्विजवरलाई सम्मान गरी आफ्ना घरबाट निस्के । जब राजा हिँडे, पछिपछि छोरा र पत्नी पनि चिन्तित र मलिन मुख लिएर गए । अयोध्यावासी सम्पूर्ण प्राणी उनलाई देखेर रून लागे । त्यसबेला नगरमा घोर हाहाकार सुनिन थाल्यो -'हे राजन् ! तपाईंले के काम गर्नुभयो ? कसरी तपाईंलाई यस्तो क्लेश आइलाग्यो महाराज ? गुण र दोष नजान्ने विधिले तपाईंलाई छल गऱ्यो ।' यस्तो भन्दै रून कराउन लागे । सबै वर्णका मनुष्यहरू पत्नी र पुत्रसहित राजा

---

[19] हस्त्यश्वरसंयुक्त रत्नहेमसमन्वितम् ।
त्यक्त्वा त्रीणि शरीराणि सर्वं चास्मै समर्पितम् ॥५२॥
त्यक्त्वाऽयोध्यायां गमिष्यामि कुत्रचिद्वनगह्वरे ।
गृह्वात्विदं मुनिः सम्यग्राज्यं सर्वसमृद्धिमत् ॥५३॥

बाहिर गएको देखेर दुःख प्रकट गर्न लागे । सबैले दूराचारी छली भनी ब्राह्मणलाई निन्दा गर्न लागे ।

जब राजा नगरबाट बाहिरिंदै थिए, तब विश्वामित्र नजिकै आएर भन्न लागे -'हे नरनाथ सुन दिएर जाऊ अथवा दिन्न भन, दिन्न भन्छौ भने म स्वर्ण दक्षिणा लिन्न । यदि तिमीमा लोभ विद्यमान् छ भने सम्पूर्ण राज्य ग्रहण गर, हैन यदि यथार्थ दान दिएका छौ भने तिमी आफ्नो प्रतिज्ञा पुरा गर ।'[२०] विश्वामित्रका यस्ता वचन सुनेर राजा हरिश्चन्द्र अत्यन्त दीनभावले प्रणाम गरेर हात जोडी भन्न लागे -'हे मुनिवर ! तपाईंलाई सुवर्ण दक्षिणा नदिइकन म भोजन नै गर्दिन । यो मेरो प्रतिज्ञा भयो । यसैले तपाईं दक्षिणाको विषाद त्यागिदिनोस् । म सूर्यवंशीय क्षत्रिय महिपति हरिश्चन्द्र हुँ, म जसले जे माग्दछ त्यही दान दिन्छु । हे द्विजसत्तम ! म तपाईंको ऋण अवश्य तिर्नेछु । तपाईं एक महिनासम्म पर्खनुहोस् । त्यति समयसम्म म धन प्राप्त गर्न सक्दछु ।' विश्वामित्रले फेरि भने -'हे राजन् ! राज्य, कोष र बल यिनैमा धन आउँछ । अब तपाईंसँग यी सम्पूर्ण चीज छैनन् । यसकारणले तपाईंलाई कहाँबाट धन आउँछ ? तपाईंले धनको आशा गर्नु व्यर्थ छ । यस समयमा म के गरूँ ? तपाईं निर्धन हुनुहुन्छ, म लोभको वशमा छु तपाईंलाई म कसरी पीडित गरूँ ? हे भूपाल ! तपाईं धन दिन सक्दिन भन्नुहोस्, म आश छोडेर जान्छु । या त तपाईं 'मसँग केही पनि छैन तपाईंलाई के दिऊँ' भन्नुहोस् भार्या र पुत्रसहित इच्छानुसार जानुहोस् । निस्कने समयमा विश्वामित्रका यस्ता वचन सुनेर हरिश्चन्द्रले भने -'हे ब्रह्मन् ! तपाईं केही धैर्य गर्नुहोस् । म तपाईंको सुवर्ण दक्षिणा जसरी भए पनि चुक्ता गर्नेछु, यसमा शङ्का नगर्नुहोस् । भार्या, पुत्र र म तिनैजना निरोगी छौं । यिनीहरूलाई बेचेर भए पनि तपाईंलाई दक्षिणा दिनेछु । यस वाराणसीपुरीमा कुनै ग्राहक भए खोजेर ल्याउनुहोस्, म, मेरी पत्नी र पुत्रसहित दासत्व स्वीकार गर्दछु । हे मुनिवर ! हामी सबैलाई बेचेर त्यसको मूल्यले साढे दुई भारी सुवर्ण ग्रहण गर्नुहोस् र हामीप्रति प्रसन्न हुनुहोस् ।' राजाले यति भनेर जुन स्थानमा शङ्कर प्रियतमा उमाका साथमा स्वयं उपस्थित हुनुहुन्छ त्यही वाराणसी पुरीतर्फ भार्या र पुत्रसहित

---

[२०] दक्षिणायाः सुवर्णं मे दत्त्वा गच्छ नराधिप ॥
नाहं दास्यामि वा ब्रुहि मया त्यक्तं सुवर्णकम् ॥६१॥
राज्यं गृहाण वा सर्वं लोभश्चे∫"वि वर्तते ।
दत्तं चेन्मन्यसे राजन्देहिं यत्तत्प्रतिश्रुतम् ॥६२॥
एवं ब्रुवंतं गाधेयं हरिश्चन्द्रो महीपतिः ।
प्रणिपत्य सुदीनात्मा कृतांजलिपुटोऽब्रवीत् ॥६३॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध एकोनविंशोऽध्याय श्लोक ५२- ६३)*

प्रस्थान गरे । जाँदै गर्दा उनीहरू गंगा नदी किनारमा रहेको शोभायमान, वाराणसी नगरीमा पुगे । भागीरथीका तटमा गएर स्नान गरेर देवता र पितृहरूलाई तर्पण गरी आफ्ना अभिष्ट देवतालाई पूजा गरेर जान आँटे । बाटो कता छ भनी चारैतर्फ हेर्न लागे । राजा मनमनै सोच्न लागे कि -'यो शोभायमान पुरी मनुष्यद्वारा पालित पक्कै हैन । यहाँ स्वयं शूलपाणि भगवान् पालन गर्नुहुन्छ, त्यसैले यहाँ वास गर्नाले मैले दिएको राज्यको वास हुँदैन ।' काँतर, विरह र व्याकुल मन लिएर पत्नी, छोरोसहित पैदल यात्रा गर्दै वाराणसी पुरीमा प्रवेश गरे र त्यहाँ बस्ने अठोट समेत गरे ।

यसप्रकारले वाराणसीमा वास बस्ने भएका राजा हरिश्चन्द्रलाई त्यहाँ पनि दुःखले छाडेन । केही समय पश्चात् तिनै दक्षिणार्थी मुनिवर विश्वामित्र त्यतै आए । उनलाई देख्नासाथ राजाले हात जोडेर भने -'हे मुनिवर ! यसबखत मेरी प्रियतमा भार्या, अत्यन्त प्यारयुक्त पुत्र र मेरो जीवन यहाँ विद्यमान छन् । अतः तपाईं यी तीनमध्ये जसद्वारा आफ्नो कार्य सम्पन्न हुन्छजस्तो लाग्छ उसैलाई लिनुहोस् वा तपाईं अन्य कुनै काम भए हामीलाई भन्नुहोस् हामी गर्न तयार छौं ।' विश्वामित्रले भने -'हे राजन् ! तपाईंले एक महिनाको म्याद माग्नु भएको थियो, त्यो समय पूरा भैसक्यो । अब आफ्नो वचन सम्झेर दक्षिणा दिनुहोस् ।' त्यसपछि राजाले भने -'हे ब्रह्मन् ! तपाईं तपोबलयुक्त हुनुहुन्छ, तपाईंको वचनको विरूद्धमा बोल्नु मैले हुँदैन तर महिना पूर्ण हुन अझै आधा दिन बाँकी नै छ तपाईं कृपया प्रतीक्षा गर्नुहोस् ।' त्यसपछि विश्वामित्रले -'म फेरि आउँछु, तिमीले दक्षिणा नदिएमा श्राप दिनेछु' भन्दै त्यहाँबाट हिँडे । विश्वामित्र हिँडेपछि राजाले चिन्ता गर्न लागे -'मैले जुन प्रतिज्ञा गरेँ त्यो अब कसरी पूरा गरूँ ? यस काशी सहरमा मेरा मित्र पनि छैनन्, कोसँग धन मागौं ? जोसँग माग्न पनि म क्षत्रिय हूँ । दान लिन निषिद्ध छ । धर्मशास्त्रका अनुसार राजाको कर्तव्य यजन, अध्ययन र दान गर्नु हो । यदि म ब्राह्मणलाई दक्षिणा नदिइकनै प्राणत्याग गरौं भने ब्राह्मणत्व हरणका कारण पापी भएर कृमि बनुँला वा नीच भएर प्रेतयोनीमा पुगौंला । त्यसैले आफैंलाई बेचेर समाधान गर्नुपर्ला ।' राजालाई मलिन र उदास अनुहार देखेर रानीले रूँदै रूँदै भनिन् -'महाराज ! तपाईं चिन्ता त्याग्नुहोस् र सत्यरूप आफ्नो धर्मको पालना गर्नुहोस् । जो मनुष्य सत्य धर्मबाट च्यूत हुन्छ उ प्रेतको समान वर्ज्जनीय हुन्छ । आफ्नो सत्यको पालन गर्नु नै पुरूषको धर्म हो । यसभन्दा ठूलो धर्म अर्को कुनै छैन । जसको वचन असत्य छ उसको अग्निहोत्र अध्ययन र दानादि सम्पूर्ण कार्य विफल हुन्छ । धर्मशास्त्रमा सत्य अत्यन्त प्रशंसनीय छ । हे राजन् ! राजा ययाति अश्वमेध यज्ञ र राजसूय

यज्ञको अनुष्ठान गरेर स्वर्ग गएका थिए तर एकपल्ट मात्र झूठो बोलेर स्वर्गबाट झर्नु परेको थियो ।' राजाले फेरि रानीलाई भने -'तिमी दक्षिणा दिनका लागि मलाई सम्झाउँछ्यौ तर मसँग केही पनि छैन अब मसँग भार्या र पुत्र बाँकी छौ । पुत्र वंशका लागि चाहिन्छ, भार्यालाई बेच्न हुँदैन तर यस समय तिमी जे भन्छ्यौ भन ।' यति राजाले भनेपछि रानीले भनिन् -'हे राजन् ! पुत्र प्राप्तिका लागि नै पुरूषले स्त्री परिग्रह गर्दछन् । मेरो छोरो भइसक्यो । त्यसको प्रयोजन सिद्ध भइसकेकाले मलाई बेचेर धन लिनुहोस् र ब्राह्मणलाई दक्षिणा दिनुहोस् । त्यसो भए मात्र तपाईंको वचन मिथ्या हुने छैन ।' पत्नीका यस्ता वचन सुनेर हरिश्चन्द्र ज्यादै मोहित भए र चैतन्य प्राप्त भएपछि अत्यन्त दुःखपूर्वक विलाप गर्न लागे[21] -'हे भद्रे ! तिमीले कस्तो वचन भन्यौ जसबाट म धेरै दुःखी छु । म यस्तो पापिष्ठ हुँ कि तिम्रो सम्पूर्ण वचन एकैपटक भुलें । तिमीले यो भन्नै नहुने वचन भन्यौ' भन्दै पृथ्वीमा मूर्च्छा भई लडे । जब राजा हरिश्चन्द्र मुर्च्छा भई भुँईमा लडे राजपत्नी उनलाई देखेर दुःखित भई भन्न लागिन् -'हे महाराज ! कसको कुभलो चिताउनु भएको थियो र यस्तो दुर्घटनामा तपाईं पर्नुभयो ? हाय ! जो ब्राह्मणहरूलाई करोडकरोड मुद्रा दान गर्दथे, आज मेरा पति पृथ्वीमा लडेका छन् । जो इन्द्रसमान इज्जत पाएर बसेका थिए, त्यस्ता राजाको यस्तो दूरावस्था भएको छ ।' यसो भन्दै राजपत्नी पनि स्वामीको दुःख भार देखेर असह्य भै मुर्च्छित भएर लडिन् । आफ्ना मातापिता दुवै लडेको देखेर राजपुत्र पनि मुर्च्छित भएर पृथ्वीमा पछारियो । केही समयपछि हे पिता ! हे पिता ! मलाई भोक लागेको छ मलाई अन्न दिनुहोस् । हे माता ! मेरो जिभ्रो सुकेको छ, मलाई केही खान दिनुहोस् भनी बारम्बार रून कराउन थाल्यो । यस्तै अवस्थामा तपः प्रभावयुक्त विश्वामित्र आफ्नो धन माग्नका लागि त्यहाँ आइपुगे ।

विश्वामित्रले त्यहाँ आएर मुर्च्छा परेका राजाका शरीरमा जलसेचन गरिदिएपछि चैतन्य आयो । विश्वामित्र भन्न लागे -'राजन् ! जो मनुष्य ऋणजालमा बाँधिएको हुन्छ उसलाई दिनदिनै कष्ट बढ्दछ । यसैले तपाईं उठेर आफूले अङ्गिकार गरेको दक्षिणा दिनुहोस् ।' ऋषि रिसाएर भन्न लागे -'हे महाराज ! यदि तपाईं धैर्यलाई रक्षा गर्न चाहनुहुन्छ

---

[21] राजन्माभूदसत्यं ते पुंसां पुत्रफलाः स्त्रियः ॥
तन्मां प्रदाय वित्तेन देहि विप्राय दक्षिणाम् ॥३५॥
एतद्वाक्यमुपश्रुत्य ययौ मोहं महीपतिः ।
प्रतिलभ्य च संज्ञां वै विललापातिदुःखितः ॥३६॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध विशोऽध्याय श्लोक ३५-३६)*

भने मलाई दक्षिणा दिनुहोस् , हेर्नुहोस् सत्यको बलमा सूर्य प्रकाशमान छ, सत्यले नै पृथ्वी रहेको छ, धेरै के भनौं स्वर्ग पनि सत्य मै प्रतिष्ठित छ, अतएवः सत्यलाई नै परमधर्ममा विराजमान जान्नुपर्दछ । हज्जार अश्वमेध यज्ञको फल र सत्य यदि तराजुमा राख्ने हो भने सहस्र अश्वमेध[२२] भन्दा सत्यको गुरूत्व बढी हुन्छ, तर यसो भन्नुमा मेरो कुनै प्रयोजन चाहिं छैन । हे राजन् यदि तपाईं दक्षिणा दिनुहुन्न भने सूर्यास्त भएपछि म तपाईंलाई श्राप दिनेछु ।' यति भनेर त्यहाँबाट विश्वामित्र हिँडे । राजा भयातुर भए तर पनि धनहीन नरपति विश्वामित्रका वचनले नृशंस पीडित भए । म कसरी दक्षिणा दिएर सत्यको पालना गरूँ यही चिन्ता गर्न थाले । यसै समयमा कुनै वेदपारङ्गत ब्राह्मण आफ्ना घरबाट त्यस स्थानमा आए । तब रानीले ती तपस्वी नजिक आएको देखेर राजालाई धर्म र अर्थसङ्गत वचन भनिन् -'हे स्वामी ! ब्राह्मण तीनै वर्णका पिता कहिन्छन् अतएवः पिताको द्रव्य पुत्रले अवश्य ग्रहण गर्न सक्दछ । यसैले मेरो अभिप्राय यो हो तपाईं यी ब्राह्मणसँग धन माग्नुहोस् ।' राजाले भने -'हे सुमध्यमी ! म क्षत्रिय हुँ यसबाट प्रतिग्रह गर्नु हुँदैन । ब्राह्मणसँग माग्नु उपयुक्त छैन । ब्राह्मणले माग्न हुन्छ तर क्षत्रियले हुँदैन । प्रजापालन र शरणागतको रक्षा गर्नु क्षत्रियको परम धर्म हो । क्षत्रियले दिन्छु मात्र भन्नु पर्दछ ।' रानी भन्छिन् -'हे महाराज ! काल अर्थात् समयले नै कसैलाई समान अवस्थामा राख्छ र कसैलाई विषम अवस्थामा पतीत गर्दछ । काल नै मान र अपमान दिन्छ । यही समय (काल) फेरि मानिसहरूलाई दाता र याचक बनाउँछ । हेर्नुहोस् त अत्यन्त तपस्वी तपोबलयुक्त विश्वामित्र मुनिले सुपण्डित भएर पनि रिसराग लिएर तपाईंको राज्यच्यूत गरेर सुखभ्रष्ट गरिदिए । यस्तो परपीडादायी कार्य, धर्म विरूद्धको कार्य गरे यसैले गर्दा कालको (समय) कार्य अवलोकन गर्नुहोस् ।' अनि राजा भन्छन् -'चाहे तिखोधार भएको छुरीले मेरो जिब्रो दुई खण्ड होस् तापनि म क्षत्रियाभिमान त्याग गरेर 'देऊ देऊ' भनी माग्न सक्दिन । हे महाभागे ! म क्षत्रिय हुँ । हेर ! अलिकति पनि याचना गर्नेछैन, बरू आफ्ना बाहुबलले धन उपार्जन गरूँला ।' रानी भन्छिन् -'हे महाराज ! इन्द्रादि देवताको न्यायअनुसार मलाई तपाईंका हातमा सुम्पेको छ, म

[२२] दीयतां दक्षिणा सा मे यदि धैर्यमवेक्षसे ।
सत्येनार्क प्रतपति सत्ये तिष्ठति मेदिनी ॥६॥
सत्ये प्रोक्तः परो धर्मः स्वर्ग सत्ये प्रतिष्ठितः ।
अश्वमेधसहस्रं तु सत्यं च तुलया धृतम् ॥७॥
अश्वमेधसहस्राद्धि सत्यमेकं विशिष्यते ।
अथवा किं ममैतेन प्रोक्तेनास्ति प्रयोजनम् ॥८॥ *(**श्रीमददेवीभागवत** सप्तमस्कन्ध एकविंशोऽध्याय श्लोक ६-८)*

तपाईंकी धर्मपत्नी हुँ, म विशेष गरेर शिक्षायिणी र रक्षायिणी पनि हुँ यसैले माग्नमा तपाईंलाई इच्छा छैन भने मलाई बेचेर गुरूको धन दिनुहोस् ।' यस्ता पत्नीका वचन सुनेर महिपति हरिश्चन्द्र अत्यन्त दुःखित भए । अहो ! के कस्तो कष्ट यो भनी विलाप गर्न लागे । तब उनकी भार्याले भनिन् -'हे राजन् ! यसपछि कसैको श्रापरूपी अग्निमा दग्ध भएर निचत्व प्राप्त हुनेछ, त्यसैले मेरो वचन मान्नुहोस् । तपाईं जुवा खेलेर अथवा प्रमादवश वा भोगका इच्छाले ज्ञानविवेक शून्य भएर बेच्न लाग्नु भएको होइन, न त राज्यको विपद् भएर नै बेच्नु हुने हो[23], मलाई बेचेर गुरूलाई दक्षिणा दिने हो । त्यसैले यसमा कुनै पाप र दोष हुँदैन । अतएवः मलाई बेचेर आफ्नो सत्यव्रत सफल गर्नुहोस् ।' यी वचन बारम्बार हरिश्चन्द्रलाई अनुरोध गरेपछि उनले भने -'हे भद्रे ! यस अवस्थामा म तिमीलाई निर्दय भएर कसरी बेचौं ? जो कर्म कुनै नृशंस पुरूषले पनि गर्न सक्दैन त्यस्तो कर्म म कसरी गरौं । यस्ता वचन भन्दै अत्यन्त काँतर भएर पत्नीसहित नगरतर्फ गए ।

नगरका बीचमा गएर मूल सडकका बीचमा हरिश्चन्द्रले आफ्नी पत्नीलाई उभिन लगाएर घाँटी अवरूद्ध पारी आँखाबाट आँसु झार्दै कराउन लागे -'हे नगरवासी हो ! तिमीहरू सबैले मेरा कुरा सुन । कसैलाई दासीको आवश्यकता छ भने यो मेरी पत्नी मेरो प्राणभन्दा पनि प्रिय छ, यसको मूल्य मैले भनेबमोजिम जो दिन सक्दछ उसले छिट्टै भनोस् ।' त्यसपछि पण्डितहरू आएर सोध्न लागे -'तिमी को हौ ? के कारणले तिमी आफ्नी स्त्री बेच्नका लागि यहाँ आयौ ?' राजाले पनि के तपाईंहरू मेरो परिचय चाहनुहुन्छ ल सुन्नुहोस् भने - म नृशंस र मुनष्य भन्न लायक होइन अथवा म राक्षस हुँ, धेरै के भनौं योभन्दा पनि कठीन अरू केही हुँ किनकि म यस्तो पाप कर्म गर्न गइरहेको छु । ब्राह्मणरूपधारी कौशिकले यी कुरा सुनेर तुरून्तै नै बृद्धरूप धारण गरी हरिश्चन्द्रसँग भन्न लागे -'म अतुल ऐश्वर्यको धनी हुँ, मालिक हुँ, तिम्रो इच्छाअनुसारको धन दिन सक्दछु । अतएवः म धन दिएर दासी लिन यहाँ आएको छु । तिमी मलाई दासी देऊ, किनकी मेरी भार्या अत्यन्त सुकुमारी छन्[24] उनी घरको काम गर्न सक्दिनन्, यसैले मलाई यो दासी देऊ । तर तिमीलाई कति

[23] न द्यूतहेतोर्न च मद्यहेतोर्न राज्यहेतोर्न च भोगहेतोः ।
ददस्व गुर्वर्थमतो मया त्वं सत्यव्रतत्त्वं सफलं कुरुष्व ॥ (***श्रीमद्देवीभागवत*** *सप्तमस्कन्ध एकविंशोऽध्याय श्लोक २७)*

[24] अस्ति मे वित्तमतुलं सुकुमारी च मे प्रिया ।
गृहकर्म न शक्नोति कर्तुमस्मात्प्रयच्छ मे ॥९॥
अहं गृहामि दासीं तु कति दास्यामि ते धनम् ।
एवमुक्ते तु विप्रेण हश्चिन्द्रस्य भूपतेः ॥१०॥ (***श्रीमददेवीभागवत*** *सप्तमस्कन्ध द्वाविंशोऽध्याय श्लोक ९-१०)*

धन दिनु पर्ने हो मलाई भन ।' तब राजा हरिश्चन्द्रको हृदय विदारण हुन गयो । उनले केही पनि बोल्न सकेनन् । ब्राह्मणले भने -'तिमी आफ्नी भार्याको मूल्य यिनको रूप, गुण, कर्मअनुसार ग्रहण गर र यस अवलालाई मेरा हातमा समर्पण गर । स्त्री र पुरूषको मूल्यको विषयमा शास्त्रमा जुन प्रकारले लेखिएको छ त्यो सुन - स्त्री कार्यमा निपुण, सत्य-स्वभाव गुणयुक्त र बत्तीस लक्षणले भूषित छ भने उसको मूल्य करोड स्वर्णमुद्रा हुन्छ, र पुरूष त्यस्तो गुणयुक्त भएमा उसको मूल्य अरब स्वर्णमुद्रा छ ।' यस्ता ब्राह्मणका कुरा सुनेर महिपति हरिश्चन्द्र अत्यन्त दुःखित भए र केही पनि बोल्न सकेनन् ।

त्यसपछि ती ब्राह्मणले नरपति हरिश्चन्द्रका सन्मुख धन राखिदिएर रानीको केश हातले समाती तान्न लागे । यस्तो निर्दयपूर्वक कपालमा समाती तानेपछि रानी भन्छिन् -'हे आर्य ! म एकपटक मेरो छोराको मुख हेर्न चाहन्छु । मलाई एकपल्ट छोडिदिनुहोस्, हे विप्र ! तपाईं नै विचार गर्नुहोस् । अब यसको दर्शन मेरा लागि दुर्लभ छ, त्यसैले म यसलाई एकपल्ट स्पर्श गर्दछु ।' रानीले भनिन् -'हे पुत्र ! हेर तिम्रो आमा अब कसैको दासी भएकी छे । त्यसैले हे राजपुत्र ! तिमी अब मलाई नछोऊ, अब म तिम्रो स्पर्श योग्य छैन ।' त्यसपछि बालकले आमालाई आकर्षण गर्दै आमा ! आमा ! भनेर आँसुका धारा आँखाबाट झार्दै उनका पछिपछि दौड्यो । बालक बाटामा हिँड्दा हिँड्दै लड्न लाग्यो । लड्यो, उठेर दौड्यो । यस्तै क्रमले अगाडि बढ्दै जाँदा आमालाई भेट्टाएर उनका वस्त्रमा समाती आफूतिर तान्न लाग्यो र उनी सँगसँगै जान लाग्यो । बालकको यस्तो क्रियाकलाप देखेर ब्राह्मणले क्रोधले अधीर भएर पिट्न थाले । पिटे तापनि बालक आमा ! आमा ! भन्दै रूँदै रूँदै आमालाई नछोडीकन पछिपछि लागेर गयो । यस्तो भएपछि रानीले भनिन् -'हे प्रभो ! तपाईं मप्रति कृपा गरेर यस बालकलाई पनि किन्नुहोस् । यद्यपि तपाईंले मलाई किन्नुभएको छ तर यो बालक नभैकन म तपाईंको कार्य गर्नमा असमर्थ हुनेछु । मेरो भाग्य असाध्यै मन्द छ । यसैका कारणबाट नै यो दुर्दशा आइलागेको हो । अतएवः हे प्रभो ! तपाईं मप्रति कृतज्ञ भई यसलाई खरिद गर्नुहोस् ।' ब्राह्मणले भने -'यो मुद्रा लिएर मलाई बालक प्रदान गर किनकि धर्मशास्त्रहरूमा कुशल पण्डितले स्त्री र पुरूषको जुन मूल्य स्थिर गरेका छन्, अन्यान्य पण्डितले पनि गुणका तारतम्यअनुसार शत, सहस्र, लक्ष्य र करोड इत्यादि मूल्यको पनि प्रभेद गरेका छन् । बालकको जुन मोल थियो त्यो स्वर्णमुद्रा पहिलेजस्तै गरी राजाका अगाडि राखिदिए । बालक र उसकी आमालाई सँगै लिएर ब्राह्मण आनन्दित मनले छिट्टै घरतर्फ गए । जाने समयमा रानीले प्रदक्षिणा गरी घुँडा टेकेर राजालाई प्रणाम गरिन् । उठेर दुवै

आँखाबाट आँसु निकाली दुःखी भावले राजासँग भनिन् -'यदि मैले कहिल्यै दान दिएको रहेछु भने, यदि कहिल्यै अग्निमा आहुति प्रदान गरेकी भए, यदि कुनै दिन ब्राह्मणहरूलाई सन्तुष्ट पारेकी रहेछु भने उसै पुण्यको बलले राजा हरिश्चन्द्र पुनः मेरै भर्ता होउन् ।' आफ्नी प्राण प्यारी भार्या पाउमा परेर रोएको देख्दा राजा व्याकुल भएर हाय ! हाय ! भनी विलाप गर्न लागे । वृक्षको छाया कहिल्यै वृक्षलाई छोड्दैन परन्तु तिमी यथार्थमा नै सुशील र गुणयुक्त भएर पनि किन मदेखि अलग भयौ ? फेरि छोरालाई भन्न लागे -'हे वत्स ! तिमी मलाई छाडेर कहाँ जान्छौ ? अब म कहाँ जाऊँ ? मेरो दुःख कसले हटाउला ?' फेरि ब्राह्मणलाई भने -'हे द्विजवर ! पुत्रको वियोगले मलाई जुन प्रकारको दुःख उपस्थित भएको छ, राज्य त्याग अथवा वनवासमा हुँदा मलाई यति दुःख लागेको थिएन । यस लोकमा स्वामी, साधु स्वभावका हुनाले नै भार्याको सुख, भरणपोषण गर्नमा समय दिन्छन् तर मैले भार्यालाई छाडेर दुःखका सागरमा डुबाइदिएँ । इक्ष्वाकु वंशमा उत्पन्न भएर समस्त राज्यसुख भोग गरेथैं । परन्तु हाय ! यस्तो पनि ! मैले भार्यालाई अरूको दासी बनाएँ । म यस्तो विशाल शोकसागरमा डुबेको छु । मलाई कसले दुःखदेखि छुटाउला ?'

ती ब्राह्मणले राजाकै अगाडि पिट्दैपिट्दै रानी र राजकुमारलाई लिएर जान लागे । यस्ता अवस्थामा भार्या र पुत्रलाई लिएर गएको देखेर राजा अत्यन्त काँतर र दुःखित भै बारम्बार लामोलामो सास फेर्दै विलाप गर्न लागे -'पहिले जसलाई चन्द्र, सूर्य, वायु अथवा अन्य कसैले देखेनन् । आज तिनै मेरी प्रियतमा दीनभावले अर्काकी दासी भइन् । हाय ! बालकका हातका औंला कस्ता सुकुमार थिए । हाय ! हाय ! जसले सूर्यवंशमा जन्म लियो । त्यस्तालाई आज मैले बेचिदिएँ । ओहो ! मेरो दुर्गति, मलाई धिक्कार छ । हे मेरी प्रिय ! हे बालक रोहिताश्व ! यस अनाथका दुर्नियतिले गर्दा तिमीहरूको पनि यस्तो दुर्गति भयो । म दैवको विडम्बनाले गर्दा यस दुर्दशामा पुगें तर मेरो मृत्यु भएन, मलाई धिक्कार छ ।' यसरी राजा विलाप गर्न लागे त्यसै बखत ती ब्राह्मण तिनीहरूलाई लिएर राजाका दृष्टिबाट अन्तर्ध्यान भए ।

त्यसै समयमा कौशिक मुनिवर शिष्यसहित नै त्यहाँ आए । ऋषि भन्छन् -'हे महाबाहो ! जो पहिले तपाईंले भन्नुभएको थियो, राजसूययज्ञको दक्षिणा लिनुहोस् । यदि सत्यको सम्मान गर्ने हो भने तपाईं यसै समयमा मलाई दिनुहोस् ।' हरिश्चन्द्र भन्छन् -'हे राजर्षे म तपाईंलाई प्रणाम गर्दछु । हे अनघ ! पहिले राजसूय यज्ञको दक्षिणा लिनुहोस्,

यसलाई स्वीकार्नुहोस् ।' तब विश्वामित्र भन्छन् -'हे राजेन्द्र ! तपाईं दक्षिणाका लागि स्वर्णमुद्रा दिँदै हुनुहुन्छ यो कहाँबाट प्राप्त भयो ? यस धनको उपार्जन कसरी गरियो ? त्यो मलाई भन्नुहोस् ।'[25] राजाले भने -'हे महाभाग ! यो भन्नुको के अर्थ छ र यसले त मेरो शोक मात्र बढाउँछ ।' विश्वामित्र भन्छन् -'हे राजन् ! अन्यायपूर्वक उपार्जित धन म ग्रहण गर्दिन । यदि यो न्यायअनुसार उपार्जित हो भने मात्र मलाई प्रदान गर । त्यसभन्दा पहिले धन आएको माध्यम मलाई भलीभाँती बताउनुपर्दछ । अनि मात्र म यो धन ग्रहण गर्दछु, नत्र भने लिन्न ।

अनि हरिश्चन्द्र भन्छन् -'हे विप्र मैले आफ्नी भार्या देवी[26] माधवीलाई करोड स्वर्णमुद्रामा बेचेको हुँ । त्यस्तै पुत्र रोहितलाई दशकरोड स्वर्णमुद्रामा बेचेको हुँ । अतः यो एघार करोड स्वर्णमुद्रा तपाईं मसँग लिनुहोस् ।' भार्या र पुत्र बेचेर जुन धन राजाले सञ्चित गरेका थिए, त्यो धन निकै कम थियो र राजा पनि शोकले अति नै व्याकुल थिए । यस्तो देखेर कौशिक विश्वामित्र रोषयुक्त भएर भन्न लागे -'राजसूयको दक्षिणा यति सामान्य हुन सक्दैन । त्यसैले जति धनबाट दक्षिणा पूरा हुन्छ, त्यत्ति नै धन जम्मा गर । अधम क्षत्रिय यदि यही दक्षिणालाई मेरै समान ठान्दछौ भने पहिला मेरो अनुष्ठित तपस्याको असल ब्रह्मण्य उग्रप्रभाव र शुद्ध अध्ययनको विपुल बल शीघ्र अवलोकन गर, त्यसपछि दक्षिणा दिनु ।' हरिश्चन्द्र भन्छन् -'हे भगवन् ! केवल पत्नी र पुत्र बेचेँ । यसकारण तपाईं केही प्रतिक्षा गर्नुहोस्, म धन सङ्ग्रह गरेर तपाईंलाई दिन्छु ।' विश्वामित्रले भने -'हे नराधिप ! दिनको चौथो भाग बाँकी छ म यसको प्रतीक्षा मात्र गर्दछु । त्यसपछि फेरि तिमी मलाई कुनै जवाफ दिन सक्दैनौ ।' यस प्रकारले महर्षि विश्वामित्र अत्यन्त कुपित भएर (रिसाएर) ती दुःखी धर्मनिष्ठ राजालाई यस प्रकारले निर्दय र निष्ठूर वचनले तिरस्कार गरेर उनी एघार करोड स्वर्ण मुद्रा लिएर हिँडे ।

---

[25] कुतोलब्धमिदं द्रव्यं दक्षिणार्थे प्रदीयते ॥
एतदाचक्ष्व राजेंन्द्र यथा द्रव्यां त्वायार्जितम् ॥४४॥ (पूर्ववत्, (द्वाविंशोध्याय श्लोक, ४४)

[26] मया देवी तु सा भार्या विक्रीता कोटिसम्मितैः ॥
निष्कैः पुत्रो रोहिताख्यो विक्रीतोऽर्बुद संख्यया ॥
विप्रैकादश कोट्यस्त्वं सुवर्णस्य गृहाण मे ॥ *(**श्रीमददेवीभागवत** सप्तम स्कन्ध-द्वाविंशोऽधयाय श्लोक ४७-४८)*

ऋषि हिँडेपछि राजा हरिश्चन्द्र शोकाकुल भएर बारम्बार लामो लामो श्वास छोड्दै अधोमुख लाएर ठूलो स्वरले कराउन लागे -'म अत्यन्त दुःख र क्लेश भोग्नाले प्रेतरूप भएको छु तथापि धन, मुद्राको मोल तिरेर मलाई उपकार गर्न चाहने व्यक्तिले शीघ्र सूर्यास्त हुनुभन्दा पहिले नै मेरो मूल्य कायम गरून् ।' यस्ता वचन सुनेपछि धर्मले निर्दय चाण्डालको रूप धारण गरी हरिश्चन्द्रको परीक्षा गर्नका लागि तुरून्तै त्यस स्थानमा आए । त्यस अधम पुरूषको स्वरूप कस्तो थियो भने देख्दैमा कालो वर्णको, अत्यन्त डरलाग्दो, भयानक पेट भएको, लामा लामा दाँत, ठूलो अनुहार, आँखाबाट आँसु झारेको, जर्जर परेका हातमा बाँसको लौरो लिएको, गलामा मरेका मानिसको हाडको माला लगाएको, वक्षस्थल अत्यन्त विकृत हेर्दैमा घिनलाग्दो, देख्दा मनै झस्कने खालको थियो । त्यस्तो चाण्डाल आएर भन्यो - 'मलाई भृत्य (नोकर) को अति आवश्यक परेको छ, अतएवः म तिमीलाई दासत्वमा स्वीकार गर्दछु ।  तिम्रो कति मूल्य दिनुपर्दछ ? ल, छिट्टो भन ।' यस्ता चाण्डालको वचन सुनेर राजा हरिश्चन्द्र त्यसको आकृति देखेर विस्मित भै सोध्न थाले -'तिमी को हौ ?' तब चाण्डालले भन्यो -'हे नृपवर ! म प्रवीर नामक विख्यात चाण्डाल हुँ । तिमीले सधैं मेरो आज्ञामा रहेर मृतक मुनष्यको वस्त्र ग्रहण गर्नुपर्दछ ।'[27] तब राजाले उसका यस्ता वचन सुनेर भने - 'ब्राह्मण वा क्षत्रियले मलाई ग्रहण गरून् भन्ने मेरो इच्छा छ । हेर पण्डितले भनेका छन् कि उत्तमको धर्म उत्तम, मध्यमको धर्म मध्यम र अधमको धर्म अधम नै हुन्छ, म उत्तम छु, तिम्रो घरमा मेरो धर्मकर्म चल्न सक्दैन ।' चाण्डाल भन्दछ -'हे नृपसत्तम ! यदि तिम्रो आन्तरिक अभिप्राय यही हो त "जो कोही ब्राह्मण मलाई ग्रहण गर" यही कुरा भन्नु पर्दथ्यो । परन्तु प्रकारान्तरले मिथ्या बोलेर तिमीले अधर्म गऱ्यौ । किन केका लागि तिमीले विचारै नगरिकन मेरा सामुमात्र यो कुरा उल्लेख गऱ्यौ ? जो मनुष्यले प्रथम विचार गरेर आफ्नो अभिप्राय प्रकाश गर्दछ, उही पुरूषले नै अभीष्ट फल प्राप्त गर्दछ, परन्तु हे अनघ तिमीले त विचार नगरीकनै सामान्य कुरा गऱ्यौ । यदि तिम्रो कुरा सत्य हो भने तिमी मेरो गृहित भयौ यसमा कुनै शङ्का छैन ।' हरिश्चन्द्र भन्दछन् -'जो नराधम असत्य व्यवहार

[27] अहं गृह्वामि दासत्वे भृत्यार्थः सुमहान्मम ।
क्षिप्रमाचक्ष मौल्यं कियतत्ते संप्रदीयते ॥६॥
चाँडालोऽहमिह ख्यातः प्रवीरेति नृपोत्तम ।
शासने सर्वदा तिष्ठ मृतचैलापहारकः ॥८॥ (**पूर्ववत्** त्रयविशोऽध्याय   श्लोक ६-८)

गर्दछ उही छिट्टै नै भयङ्कर नरकमा जान्छ । यसकारण असत्य व्यवहारको अपेक्षा मलाई चाण्डालपन श्रेष्ठ छ ।' यसरी राजाले भनिरहेको अवस्थामा विश्वामित्रजी फेरि त्यसै स्थानमा आए । उनी क्रोध वशमा परेर चुर भएका थिए । राताराता आँखा लाएर राजालाई भने -'यो चाण्डाल तिम्रो इच्छानुसार धन दिनका लागि उपस्थित छ । त्यसो भए किन अब मलाई यज्ञको शेष दक्षिणा दिँदैनौ ?' हरिश्चन्द्र भन्दछन् -'हे कौशिक ! तपाईंबाट कुनै विषय लुकेको छैन, मेरो यो शरीर सूर्यवंशमा उत्पन्न भएको हो । यसकारण धनका इच्छाले कसरी म यस चाण्डालको दास हुन स्वीकार गरूँ ?' तब विश्वामित्र भन्छन् -'यदि आफूलाई चाण्डालमा बेचेर मलाई धन दिदैनौ भने यो निश्चय जान कि म तिमीलाई श्राप दिनेछु । चाण्डाल होस् वा ब्राह्मण मेरो दक्षिणाको धन अहिल्यै देऊ किनकि चाण्डाल बाहेक अरू कसैले पनि यहाँ धन दिँदैन परन्तु म धन नलिइकन जाँदै जान्न । हे नरपति यदि यसभन्दा अघि भनेको (वोलेको) धन दिदैनौ भने दिनको आधा घडी बाँकी रहेपछि तिमीलाई भष्म गर्दिन्छु ।' राजा हरिश्चन्द्र विश्वामित्रका यस्ता वचन सुनेर मृतकसमान भए, फेरि भयले व्याकुल भै -'प्रसन्न हुनुहोस्' भन्दै ऋषिका दुवै चरण समाते । हरिश्चन्द्रले भने -'हे विप्रर्षे ! म दीन र अत्यन्त काँतर छु, विशेष गरेर तपाईंको भक्तदास हुँ, यसकारण तपाईं प्रसन्न भएर मलाई यस्तो क्लेशकर चाण्डालको सहवासबाट छुटाउनुहोस् । हे मुनिवर ! बाँकी धनका बदलामा म तपाईंको काम गर्दछु । के म तपाईंको आज्ञानुवर्ती सेवक भएर तपाईंकै चित्तको अनुगामी बन्नु हुँदैन र ?' विश्वामित्रले भने -'महाराज ! तिमी अब किङ्कर भयौ, हे नराधिप ! यस समयमा तिमीले मेरो वचन प्रतिपालन गर्नुपर्दछ ।' विश्वामित्रका यति कुरा सुनेपछि राजा अत्यन्त हर्षले आफ्नो पुनर्जन्म जानेर कौशिकलाई भन्दछन् -'म सधैं हजुरको आज्ञा पालन गर्दछु । यस बखत के कार्य साधन गरौं भन्नुहोस् ?' तव ऋषि विश्वामित्र चाण्डाललाई बोलाएर भन्दछन् -'हे चाण्डाल ! मेरा नजिक आइज र यस दासको मूल्य जुन छ त्यो मलाई दे । म यस समय यस दासलाई तेरा हातमा समर्पण गर्दछु । तँ मूल्य दिएर यसलाई लैजा । मलाई धनको नै मतलब छ सेवकको आवश्यकता छैन ।' विश्वामित्रका यी कुरा सुनेर स्वपचको हृदय आनन्दरसले पूर्ण भयो । तब उसले छिट्टै विश्वामित्रका नजिक आएर भन्न लाग्यो - 'हे द्विजसत्तम ! तपाईंले यसलाई बेच्नुभयो, यसवापत म प्रयाग

मण्डलको दशयोजन रत्नमय भूमि तपाईंलाई दिन्छु । यसलाई दिएर तपाईंले मेरो क्लेश निवारण गर्नुभयो ।'[28] जब चाण्डालले एक हजार मणि, एक हजार मोती र एक हजार सुवर्ण मुद्रा दियो तब विश्वामित्रले पनि ती सबै द्रव्यहरू लिए । त्यस्तो अवस्थामा महाराज श्री हरिश्चन्द्रका मुखमण्डलमा कुनै विकार देखिएन । उनले बहुत ठूलो धैर्य धारण गरे किनकि उनले सम्भे यस बखत विश्वामित्र नै मेरा प्रभु हुन् । अतएवः उनी मलाई जुन कार्यमा नियुक्ति गर्दछन् मैले त्यही नै गर्नुपर्छ । त्यसै समयमा आकाशबाट वाणी सुनियो -'हे महाभाग ! तिमीले स्वीकारेको दक्षिणा दिएर ऋण मुक्त भयौ ।' यसपछि राजाका शरीरमा स्वर्गबाट पुष्पवृष्टि हुन लाग्यो । महातेजस्वी इन्द्रादि देवता “साधु ! साधु !” भनेर राजाको प्रशंसा गर्न लागे । राजा पनि अत्यन्त हर्षित भै विश्वामित्रलाई भन्न लागे -'हे महामते ! तपाईंले मलाई ऋणबाट मुक्त गर्नुभयो यसकारण तपाईं मेरा लागि पिता माता र वन्धुभन्दा पनि हितकारी हुनुहुन्छ । हे महाबाहु ! तपाईंको वचन नै श्रेष्ठ छ । अब म के काम गरूँ आज्ञा दिनुहोस् ।' राजाले यस्ता वचन भनेपछि विश्वामित्रले भने कि -'अबदेखि तिमी चाण्डालका वचन अनुसार काम गर्नु, तिम्रो यसैमा मङ्गल हुनेछ ।' यति भनी विश्वामित्र चाण्डालले दिएको धन ग्रहण गरी आफ्ना आश्रममा गए ।

विश्वामित्र गएपछि चाण्डाल प्रसन्न भएर राजालाई बाँध्न थाल्यो र -'तैंले असत्य मार्गमा पाउ राखिस्' भन्दै लट्ठीले कुट्न लाग्यो । राजा एक त आफ्ना प्रियजनबाट वियोग भएका थिए । त्यसमाथि चाण्डालले कुट्दाकुट्दा उनी डरले अत्यन्त शिथिल भए । उनका सबै इन्द्रियहरू शिथिल भए । बन्धुवियोगको पीडा, दुःख पाएका राजालाई आफ्ना घरमा ल्याएर 'निगडमा' (नेल) बाँधेर राख्यो अनि आफूचाहिँ आनन्दले सुत्यो । राजा चाण्डालका घरमा बाँधिएर वास बसिरहे तर पनि उसको अन्नजल केही पनि खाएनन् मात्र स्त्री-पुत्रको

---

[28] विश्वामित्र उवाच ।
चाण्डालागच्छ मद्द्वार मौल्यं किं मे प्रयच्छसि
गृहाण दासं मौल्येन मया दत्तं तवाधुना ॥
नास्ति दासेन मे कार्यं वित्ताशा वर्तते मम ॥
एवमुक्ते तदा तेन श्वपचो हृष्टमानसः ॥
आगत्य सन्निधौ तूर्णं विश्वामित्रमभाषत ॥ (**पूर्ववत्** श्लोक २७-२८)
॥चाण्डाल उवाच ॥
दशयोजविस्तीर्णं प्रयागस्य च मंडले ॥
भूमिं रत्नमयीं कृत्वा दास्ये तेऽहं द्विजोत्तम ॥
अस्य विक्रयणेनेयमार्तिश्च प्रहता त्वया ॥ (**पूर्ववत्** श्लोक २९-३०)

ताप गर्न लागे ।[29] मनमनै -'त्यो कृशाङ्गी सामुन्नेमा पुत्रको मुख देखेर दु:खले मलाई स्मरण गर्दै होली, उसलाई पनि राजाले धन कमाएर पक्कै मलाई दासत्वबाट छुटाउँछन् भन्ने लाग्दो हो । धन प्राप्त गरेर ब्राह्मणलाई देलान् भन्ने ठानेर तब रूँदै गरेको पुत्रलाई सम्झाउलिन् ।' "म पिताका समीप जान्छु" भनी रून लागेको बालकलाई ताततात भन्दै पक्कै सम्झाउली । त्यस्ती मृगशावक लोचनीलाई के थाहा म चाण्डाल भएँ भन्ने कुरा । मेरो राज्य भ्रष्ट भएर आफन्तसँग वियोग भै भार्यापुत्र विक्री गर्नुपऱ्यो । यस समय म चाण्डालको दासत्वमा श्रृङ्खलामा बाँधिनु परेको छ । हाय ! एकैपटक दु:खैदु:खले मलाई सताइरहेको छ । यसप्रकारले बारम्बार राजा हरिश्चन्द्र आफ्नी भार्या र पुत्रलाई सम्झन लागे । यसप्रकारले त्यस चाण्डालका घरमा बसेर चार दिन व्यतीत भए । पाँचौ दिन चाण्डाल राजा बसेका ठाउँमा आयो र बन्धनबाट छोडिदियो । रिसाएर निष्ठुर वचनले राजालाई बारम्बार भन्न लाग्यो -'तँ श्मशानमा गएर मरेका मानिसको कपडा लगा । काशीको दक्षिण दिशामा यौटा ठूलो श्मशान छ । तँ त्यहाँ गएर त्यस श्मशानको रक्षा गर् । न्यायका अनुसार जो मलाई मिल्दछ, त्यो कसैलाई पनि नछोड् । तँ यो जर्जर दण्ड (लट्ठी) लिएर त्यहाँ जा "म वीरबाहुको दूत हुँ र यो उनैको लट्ठी हो" भनेर सम्पूर्ण स्थानमा घोषणा गर् ।' यसप्रकारले राजा हरिश्चन्द्र चाण्डालको वशवर्ती भएर श्मशानमा मृतक मनुष्यका वस्त्र लिने कार्यमा नियुक्त भए । जब चाण्डालले मृतक मनुष्यको वस्त्र लिने कार्यमा राजालाई नियुक्त गऱ्यो तब उसैका आज्ञानुसार उनी श्मशानमा गए । त्यो श्मशान कस्तो छ भने काशीपुरीको दक्षिण भागमा शवहरू मात्र रहेको, चारैतिर दुर्गन्ध फैलिएको र धुवाँले ढाकेको, जहाँ धेरै शिवाहरू भ्रमण गर्दछन् । तिनीहरूका घोर शब्दले त्यो प्रेतभूमि प्रतिध्वनित हुन्छ । कहिँ गिद्ध, कहिँ कौवा, कहिँ गोमायु त कहिँ कुकुरहरू यस्तैयस्तै मांशभक्षी प्राणीहरू शवदेह घिसार्दछन् । ठाउँ ठाउँमा हाडका पहाडजस्तै थुप्रो छ । मुर्दाका रास लाग्नाले कुहिएर श्मशान भूमि दूर्गन्धपूर्ण भएको छ, कहिँ आधा पोलिएका लासहरू मुखबाट दाँत निकालेर हाँस्न लागेजस्ता देखिन्छन् ।[30] सम्पूर्ण शरीर जलेका दुर्घटनामा परेर मरेका अनेक दुर्दशाहरू देखिन्छन् । त्यस स्थानमा अनेक प्रकारका मनुष्यका मृतक शरीर ल्याइन्छन् र तिनीहरूका बन्धुवान्धव,

---

[29] इष्टबन्धुवियोगार्तमानयि निजपक्वणे ॥
निगडे स्थापयित्वा तं त्यक्त्वा दंडेनाताडयत्तदा ॥
निगडस्थस्ततो राजा वसंश्चाडालपक्वणे ॥
अन्नपाने परित्यज्य सदा वै तदशोचयत् ॥ (**पूर्ववत्** चतुर्विंशोऽध्याय श्लोक ४-५)

[30] राजा तेव समादिष्टो जगाम शवमंदिरम् ॥
पर्यास्तु दक्षिणदेशे वियमानं भयानकम् ।
शवमाल्यसमाकीर्णं दुर्गन्धबहुधूमकम् ॥
श्मशानं महाघोरंसन्नादं शिवाशतसमाकुलम् ॥
गृध्रगोमायु संकीर्ण श्ववृंदपरिवारितम् ॥
अस्थिसंघात संकीर्णं महादुर्गंधसंकुलम् ।
अर्धदग्धशवास्यानि विकसद्दंतपंक्तिभिः ॥
हसंतीवाग्नीमध्यस्थकायस्यैवं व्यवस्थितिः ।
नानामृत सुहन्नादं महाकोलाहलाकुलम् ॥ (पूर्ववत्, चतर्विंशाऽध्याय श्लोक १६-२०)

नातागोता, साथीहरू आर्तनादले भयानक कोलाहल गर्दछन् । कोही हा ! वत्स हा पुत्र तिमी हामीलाई छाडेर कहाँ गयौ ? कोही हा मित्र ! तिमीले हामीलाई छाडेर कहाँ गयौ ! कोही हा वन्धु ! तिमीले हामीलाई छोड्दियौ ? कोही हा भ्रात ! तिमीले आज हामीलाई त्यागदियौ ? भन्दै जे जस्तो नाता छ त्यस्तै प्रकारले सम्बोधन गर्दै ठूलो शब्दले रूँदाकराउँदा र चिच्याहटले गर्दा त्यो श्मशानभूमि भयङ्कर शब्दले गुञ्जायमान भै आतस लाग्दो हुन्थ्यो । मासु, बोसो अग्निमा दग्ध हुँदा शोःशोः शब्द चारैतर्फ फैलिएर व्याकुलता पैदा गर्दथ्यो । कहिले भयङ्कर अग्निको चट्चट् शब्द पनि सुनिन्थ्यो । यस प्रकारले त्यो श्मशानको दृश्य कल्पान्तकालको समान अत्यन्त भीषण थियो । एकछिन बिताउनसमेत साह्रै कठिन रहेको त्यस्ता स्थानमा राजा हरिश्चन्द्र अत्यन्त दुःखका कारण यस प्रकारले शोक गर्न लागे -'हा ! मन्त्रीगण ! हा ! भृत्यगण ! तिमीहरू यस समय कहाँ छौ ? हाय हाम्रो वंशपरम्पराको राज्य कहाँ छ ? हा प्रेयसी ! तिमी यस अभागीलाई छाडेर टाढा कुन स्थानमा गयौ ? ब्राह्मणका कोपले गर्दा यस्तो पर्न गयो । धर्म नभैकन मनुष्य कहिल्यै पनि सुख प्राप्त गर्न सक्दैन । यसकारण पुरूषले यत्नसहित केवल धर्मको नै उपार्जन गरून्' यस्ता प्रकारका चिन्ता गर्दै राजाले अन्तमा चाण्डालका वचन स्मरण गरे । मलिन अङ्ग गरेर मुर्दा खोज्न गएका दुश्चिन्ताका कारणले गर्दा उनी दुब्लाउँदै दुब्लाउँदै क्षीण हुँदै गए तर पनि राजा हरिश्चन्द्र यताउता घुमेर यो मुर्दाको शत मुद्रा (सय पैसा) पहिले मेरा हातमा आउँछ, यसै मूल्यमा यो राजाको,[31] यो मेरो र यो चाण्डालको भनी सधैं यस प्रकारको चिन्ता गर्दै अत्यन्त दुरावस्थामा पुगे । उनले यौटा थोत्रो पुरानो कपडा लगाएका थिए । मुख, हातखुट्टा, पेट खरानी र धुलोले व्याप्त थियो । अनेक किसिमका बोसो, मज्जा (हड्डीभित्रको चिल्लो पदार्थ) खुट्टाका औंलामा लागेर त्यसैको सास लिंदै, अनेक जातिका मृतकका निमित्त पकाएको अन्नले भोक मेट्दै, तिनीहरूकै माला शिरमा पहिरिंदै, रात्री वा दिनमा नसुतिकन मात्र हाय ! हाय ! हाय ! शब्द गरेर सधैं लामालामा सास फेरेर यस प्रकारले उनले बाह्र महिना बिताए । यो बाह्र महिना उनलाई सयवर्ष समान लाग्यो ।

यतापट्टि दासत्व प्राप्त गरेकी रानी र पुत्र रोहित विश्वामित्रका आश्रममा काम गर्न लागे । बालक रोहित पनि काम गर्दथे । एकदिन खेल्नका लागि भनेर रोहित[32] काशीभन्दा केही पर अन्य बालकसहित घरदेखि बाहिर निस्के । पहिले उनी बालकहरू सँगसँगै गरी

---

[31] अस्मिञ्छव इदं मौल्यं शतं प्राप्स्यामि चाग्रतः ।
इदं मम इदं राज्ञ इदं चांडालकस्य च ॥ (पूर्ववत्, चतर्विंशोऽध्याय श्लोक २९)

[32] एकदा तु रंतुं बालकैः सहितो बहिः ॥
वाराणस्या नातिदूरे रोहिताख्यः कुमारक ॥
कामत सलिलं पित्वा विश्रम्य च मुहुर्तकम् ॥
वल्मीकोपरि विन्यस्तभारो हर्तुं प्रचक्रमे ॥ (पूर्ववत्, पंञ्चविंशोऽध्याय श्लोक १६)

सामुहिक रूपमा खेले । त्यसपछि टुप्पोसहितको जरायुक्त कुश उखेल्न थाले र समिधाहरू बटुल्न लागे । अरू बालकहरूले किन यसो गरेको भनेर सोध्दा रोहितले आफूसमानका मित्रहरूलाई भने -'मेरा प्रभु (मालिक) ब्राह्मण हुन्, उनलाई खुसी पार्नका लागि यी सबै सङ्ग्रह गरेको हुँ ।' उनले यी सबै यज्ञशालाका लागि मन्त्रपूर्वक सङ्ग्रह गर्न लागे । सङ्ग्रह गरिएका कुश र समिधा टाउकोमा राखेर विस्तारै हिँड्न लागे तर उनलाई प्रत्येक पाइलामा पीडा हुन थाल्यो । तब ती बालक प्यासले दु:खित भएर पानी भएको ठाउँमा गए र जमीनमा भारी राखी पानी पिउनका लागि जलाशयमा पुगे । त्यहाँ इच्छापूर्वक जलपान गरी केही समय विश्राम गर्न बसे । त्यसपछि त्यही भारी बोकेर उठ्न लाग्दै थिए । त्यसैबखत विश्वामित्रका आज्ञाले प्राणीहरूलाई डरलाग्दो महाविषयुक्त महाकाय एक कृष्णसर्प धमीराको गुँडबाट निस्कियो । सर्प निस्केको देखेर बालक डरायो, सर्पले डसिहाल्यो । सर्पविषका कारण बालक पृथ्वीमा पछारियो र प्राण त्याग गऱ्यो । उसका मित्र साथीहरू पनि रोहिताश्व मरेको देखेर ब्राह्मणका घर गए ।

बालकहरू डराएर छिट्टै नै उसकी आमालाई भन्न लागे -'हे विप्रदासी ! तिम्रो छोरो हामीसँग खेल्न बाहिर गएको थियो । परन्तु अकस्मात् त्यस ठाउँमा कालो सर्पले डसेर मऱ्यो ।' यस्तो सुनेपछि रोहिताश्वकी आमा खसेको वज्र जस्तो आवाज गरी जरा काटिएको केराको थम्बा ढलेझैं भूमिमा ढलिन् । अनि ब्राह्मणले अति रूष्ट भएर उनका मुखमा पानी हालिदिए । फेरि केही क्षणमा चेत खुल्यो र ब्राह्मण क्रोधित भै उनलाई गाली गर्न लागे -'हे दुष्टे ! रात्रीमा रून्‌ हुन्न अत्यन्त निन्दनीय छ, किनकि अलक्ष्मी आविर्भाव हुन्छ । यस्तो जान्दाजान्दै पनि तँ किन रून्छेस्, कराउँछेस् ? तेरा हृदयमा केही लाजशरम छैन ?' ब्राह्मणले यसरी गाली गर्दा पनि उनले कुनै उत्तर दिइनन् । पुत्र शोकका कारण रून मात्र लागिन् । त्यसपछि उनको शरीर आँखाबाट झरेका आँसुले भिज्यो, धुलोमा लटपटिएको कपाल छरपस्ट भयो, आँखा र मुख राता राता भए । यो शोकमा उनी बारम्बार रून कराउन मात्र लागिन् । तब ब्राह्मण क्रोधित भएर ती राजपत्नीलाई भने -'हे दुष्टे ! तँलाई धिक्कार छ, मैले तेरो मूल्य दिएर ल्याएको हुँ, तर पनि तँ मेरो काममा हानी गर्दछेस् । यदि तँ मेरो काम गर्न सक्दिनस् भने व्यर्थै मेरो धन किन लिएको ?' यसप्रकारका कठोर वचनले तिरस्कार गर्न लागे । उनले करूण स्वरमा भनिन् -'हे स्वामिन् ! मेरो बालक पुत्र सर्पले डसेर मऱ्यो । हे सुव्रत ! म फेरि उसलाई हेर्न पाउँदिन, त्यसैले अहिले म मरेको बालक पुत्रलाई हेर्न जान्छु, तपाइँ कृपा गरेर छिट्टै मलाई जाने आज्ञा दिनुहोस् ।' यस्ता वचन

भनेपछि तिनी फेरि करूण स्वरमा रून कराउन लागिन् । ब्राह्मण पनि झनै रिसाएर राजपत्नीलाई भन्न लागे -'हे राठे ! तेरो आचरण अत्यन्त दूषणीय छ, पातक कसरी हुन्छ, जान्दिनस् । जो मानिस मालिकको धन लिएर उसैको कार्य गर्दैन त्यो घोर रौरव नरकमा पर्दछ, त्यो अल्पकाल नरकमा वास गरेर फेरि कुखुराको योनिमा जन्म लिन्छ । तँलाई धर्मशास्त्रको उपदेश दिनु मेरो कुनै मतलब छैन किनकि तँ मूर्ख, क्रूर, नीच, शठ, र मिथ्यावादी तथा पापकर्ममा रत छेस् । जसलाई उपदेश दिनु मरूभूमिमा विउ रोप्नु समान निष्फल छ । अतएव यदि तँलाई परलोकको भय छ भने यस समयमा आएर घरको काम गर् ।'

यस्ता वचन सुनेर डर र चिन्ताले काम्दै ब्राह्मणसँग भन्छिन् -'हे प्रभो ! तपाईं प्रसन्न हुनुहोस् र दासीउपर दया राखी कृपा गर्नुहोस् । म एकपटक मृत बालकलाई हेर्न जान्छु । तपाईं मुहुर्तभरका लागि मलाई पठाउनुहोस् ।' पुत्रशोकले अत्यन्त कातर भएकी रानीले यति भन्दाभन्दै ब्राह्मणका पाउमा शिर राख्न पुगिन् । यसरी करूण स्वरले रून लागेपछि ब्राह्मण रिसाएर आँखा लाल लाल पारी उसलाई भन्न लागे -'तेरो छोरोबाट मेरो के प्रयोजन सिद्ध हुन्छ र ? मेरो क्रोधको सीमा तैंले जानेकी छैनस् ? मेरो रिस तैंले बिर्सिइस् ? त्यसैले छिट्टै घरका काममा लागिहाल् ।' ब्राह्मणका यस्ता वचन सुनेर राजमहिषी धैर्य धारण गरेर गृहकार्य गर्न लागिन् । त्यस ब्राह्मणका पाउ दबाउँदा दबाउँदै आधा रात बितिसकेछ । उसका घरको कार्य समाप्त भएपछि ब्राह्मणले उनलाई भने -'अब तँ पुत्रको नजिक जा तर उसको दाहकर्म संस्कार आदि गरिसकेर छिट्टै यहाँ आइज । हेर् प्रातकालमा मेरो गृहकार्यमा कुनै हानि हुनहुँदैन ।' राजपत्नी यति आज्ञा पाएपछि एक्लै विलाप गर्दै रात्रिका समयमा पुत्रका नजिक आई पुगीन् । काशीको बाहिरी भागमा उपस्थित भएर देखिन् कि उनको छोरो गरिब (दरिद्र) समान पृथ्वीमा काठ र त्यान्द्रामाथि लडेको छ ।[33] आफ्ना छोराको मृत अवस्था देखेर ती दुःखी राजमहिषी समूह छोडेको मृगीजस्तै र

[33] रुरोद करुणं वाला पुत्रशोकेन पीडिता ।
अथाह कुपितो विप्रः क्रोध संरक्तलोचनः ॥
किं ते पुत्रेण मे कार्यं गृहकर्म कुरुष्व मे ।
किं न जानासि मे क्रोधं कशाघातफलप्रदम् ॥
एव मुक्ता स्थिता धैर्याद् गृहकर्म चकार ह ।
अर्धरात्री गतस्तस्याः पादाभ्यांगादिकर्मणा ॥
ब्राह्मणेनाथ सा प्रोक्ता पुत्रपार्श्वं व्रजाधुना ।
तस्य दाहादिकं कृत्वा पुनरागच्छ सत्वरम् ॥
दृष्ट्वा मृतं निजं पुत्रं भृशं शोकेन पिडिता ।
युथभ्रष्टा कुरंगीव विवत्सा सौरभी यथा ॥ (पूर्ववत्, पंञ्चविंशोऽध्याय श्लोक २६-३०)

बाच्छो नभएको गाईको समान शोकातुर भइन् । तब राजपत्नी माधवी अत्यन्त दुःखित भएर अति नै काँतर स्वभावले यसप्रकार रून कराउन थालिन् -'हा पुत्र ! तिमी एकपटक मेरो सम्मुख आऊ के कारण तिमी मसँग रिसायौ ? मलाई भन । हा वत्स ! जुन तिमी बारम्बार आमा ! आमा ! भनेर सधैं मेरो पासमा आउँथ्यौ, तब किन अहिले आउँदैनौ ?' यस्तो भन्दै गोडा कमाउँदै मूर्च्छा भएर उसैमाथि लड्न पुगिन् । फेरि चैतन्य आयो र दुवै हातले पुत्रलाई आलिङ्गन गरी उसको मुख चुमेर काँतरस्वरमा रून लागिन् - 'हा पुत्र ! हा पुत्र ! हा वत्स ! हा कुमार ! हा सुन्दर !' यस प्रकारका वाणी उच्चारण गर्दै रूँदै आफ्ना निधार तथा छातिमा हातले हिर्काउन थालिन् । 'हे राजन् ! तिमी कहाँ छौ ? तिमी जुन आफ्नो पुत्रलाई प्राणभन्दा प्यारो गर्दथ्यौ, तिम्रो त्यही पुत्र आज मृतक अवस्थामा पृथ्वीमा लडेको छ, एकपल्ट आएर हेर ।' उनलाई छोरो अझै जिउँदै छ भन्ने लागेर उसको मुख हेर्न लागिन् तर अनुहार निर्जीव देखेपछि तत्काल फेरि मूर्च्छित भइन् ।

फेरि चेत आयो र दुवै हातले मृतक बालकको शिर र वदन समातेर भन्न लागिन् -'हे वत्स ! निन्द्रा त्यागेर छिट्टै जागा होऊ, अब भीषण रात्री उपस्थित भएको छ । यस समयमा सयौं शिवाका घोर शब्दहरू सुनिन्छन् । यस समयमा भूत प्रेत पिशाच शाकीनी डाकिनी हुलका हुल हुँ हुँ हुँकार शब्द गर्दै घुम्दछन् । तिम्रो मित्र सूर्य अस्त भएर गए । तिमी किन यस समय एक्लै यस स्थानमा रह्यौ ? हा शिशो ! हा बाल ! हा रोहिताश्व ! हा वत्स ! हा कुमार ! हा पुत्र ! तिमी किन मलाई उत्तर दिँदैनौ ? हे बाबु ! म तिम्री आमा हुँ ! किन तिमी यो जान्दैनौ ? एकपल्ट त मेरो मुख हेर । हे छोरा ! म यस राज्यबाट च्युत र आफ्नो देशबाट निस्केर आएकी छु ।[34] म आफैं दासी भएकी छु, यस्तो अवस्थामा कुन प्राणी जीवनधारण गर्नमा समर्थ होला ? मात्र तिम्रो मुख हेरेर मात्र बाँचेकी थिएँ । तिम्रो जन्मकालको समयमा ब्राह्मणहरूले जुन भविष्यवाणी गरेका थिए, अब त्यो केही पनि रहेन । उनीहरूले भनेका थिए - 'यो बालक शूरवीर, दीर्घायु, दाता र देवगण ब्राह्मण तथा गुरूजनको पूजामा तत्पर रहनेछ । धेरै के भनौं भूमण्डलको एक मात्र अधीश्वर भएर पुत्र र

[34] हा शिशो बाल हा वत्स रोहिताख्य कुमारक ।
रे पुत्र प्रतिशब्दं मे कस्मात्वं न प्रयच्छसि ॥
तवाऽहं जननी वत्स किं न जानासि पश्य माम् ।
देशत्यागाद्राज्यनाशात्पुत्र भर्त्रा स्वविक्रयात् ॥
यद्दासीत्वाच्च जीवामि त्वां दृष्ट्वा पुत्र केवलम् ।
तं जन्मसमये विप्रैरादिष्टं यत्वनागतम् ॥ (**पूर्ववत्**, पञ्चविंशोऽध्याय श्लोक ४२-४४)

पौत्र सहित राज्यको सुखभोग गर्नेछ । यो पुत्र जितेन्द्रिय भएर माता पिताको प्रिय कार्य साधन गर्नेछ ।' हाय पुत्र ! अब सम्पूर्ण कुरा झुट्टा भयो । हा पुत्र ! चक्र, मत्स्य, आतपत्र, श्रीवत्स, स्वस्तिक, ध्वज, कलश र चमर इत्यादि सम्पूर्ण चिह्न तिम्रै हत्केलामा विद्यमान छन् । हे सुत ! यी बाहेक अन्यान्य सम्पूर्ण शुभलक्षण पनि तिम्रो पैतालामा विराजमान छन्, परन्तु यी सबै के व्यर्थ भए ? हा वत्स ! तिमी पृथ्वीका अधीश्वर हौ परन्तु तिम्रो राज्य, ती मन्त्रीगण, त्यो सिंहासन त्यो क्षत्र, त्यो रङ्ग, त्यो विपुल धन, त्यो अयोध्या नगरी, त्यो शोभायमान अट्टाली, हात्ती, घोडा, रथ र प्रजावर्ग आज कहाँ छन् ? हा पुत्र ! यस समयमा यी सबै र आफ्नी मातालाई समेत छोडेर तिमी कहाँ गयौ ? हा कान्त ! हा नाथ ! यस बखत आएर आफ्नो छोरालाई हेर्नुहोस् जुन छोरो अति बाल्यअवस्थामा विचरण गर्दागर्दै कुंकुमविलेपित तिम्रो विशाल वक्षःस्थल आफ्ना शरीरको मैलोले मलीन गराइदिन्थ्यो । हा नरनाथ ! हे भूपति ! जुन पुत्र तिम्रो काखमा गएर वाल्यस्वभावले गर्दा तिम्रो निधारको तिलक लतपत्याइदिन्थ्यो, आज त्यसैको अवस्था हेर त ? आहा ! पहिले म धुलो लागेको जसको मुख चुम्दथेँ आज उसैको मुखभरि झिंगा भन्केको छ, किराहरू टोकिरहेका छन् । हाय ! मैले आज आफ्नै आँखाले यस्तो दुर्दशा हेर्नुपऱ्यो । हे राजन् ! तिम्रो यो पुत्र दरिद्रको समान मृतक अवस्थामा भूशैयामाथि सुतिरहेको छ, तिमी एकपल्ट आएर हेर । हा देव ! मैले जन्म जन्मान्तरमा त्यस्तो के कार्य गरेँ र यस लोकमा त्यस कर्मको फल पार गर्ने उपाय देख्दिन । हा पुत्र ! हा शिशो ! हा वत्स ! हा कुमार ! हा सुन्दर ! अब म कहीँ पनि के तिमीलाई देख्न सक्दिन ?'

यसप्रकारले राजमहिषी माधवी अनेक प्रकारले विलाप गर्न लागिन् । नगरपाल पनि यसप्रकारको विलापको ध्वनि सुनेर निद्राबाट ब्युँझे र अत्यन्त विस्मित भै छिट्टै उनका नजिक पुगेर सोध्न लागे । नगरवासी सोध्छन् -'तिमी को हौ ? यो कसको पुत्र हो ? तिम्रो पति कहाँ छन् ? तिमी एक्लै निर्भयसाथ रात्रीका समयमा किन यस ठाउँमा रोदन गर्छ्यौं ?' यस प्रकारले प्रश्न गर्दा पनि राजमहिषीले कुनै उत्तर दिइनन् । फेरि सोध्न थाले, तर पनि उनी बोलिनन् । केही समयपछि अत्यन्त दुःखले काँतर भएर विलाप गर्न लागिन् । शोकले उनका दुवै आँखाबाट प्रवल अश्रुधारा मात्र बग्न लागे । त्यसपछि मानिसहरू उनीमाथि शङ्का गर्न लागे । ती सबैका मनमा त्रास उत्पन्न हुन गयो र शरीर रोमाञ्चित भयो । तब सबैले आ-आफ्ना शस्त्र निकालेर आपसमा कुरा गर्न लागे । यो स्त्री जब कुनै उत्तर दिन्न भने यो कुनै मानव स्त्री नभएर मायावी बालघातिनी राक्षसी हुनसक्छे । यसकारण

यत्नसहित यसलाई मार्नु उचित छ । यदि राक्षसी हैन भने किन रात्रीको समयमा यस नगरका बाहिरी भागमा बस्दथी ? यो राक्षस्नीले कुनै बालकलाई खानका निम्ति यस स्थानमा ल्याएको हुनुपर्छ । यस्तो भनेर उनीहरूले छिट्टै नै उसका कपालमा बलियोसँग समातेर -'हे राक्षस्नी कहाँ जान्छेस् ?' भन्न थाले ।

यसप्रकारले कसैले हातमा, कसैले उनको गर्दनमा समाते । त्यसपछि असङ्ख्य अस्त्रधारी पुरूषहरूले बलपूर्वक उसलाई चाण्डालको घरमा लगेर चाण्डालका हातमा समर्पण गरे । सबैले मिलेर एकै स्वरमा भने कि -'हे चाण्डाल ! आज नगरको प्रांतभागमा यस बालकघातिनी राक्षसनीलाई पक्रेका छौं । अतएवः तिमीले बाहिर बधभूमिमा लगेर यसलाई छिट्टो मार ।' चाण्डालले उसको शरीर हेरेर भन्यो -'यो राक्षसनी यस लोकमा विख्यात छ, म यसलाई पहिल्यैदेखि चिन्दछु परन्तु यसलाई कसैले कहिल्यै देख्दैन । यस मायावीले साधारण मनुष्यका अनेक बालक भक्षण गरेकी छ । यसलाई मार्नाले तिमीहरूलाई पुण्य हुन्छ । अब तिमीहरू आफ्नाआफ्ना घर जाओ । जो मनुष्य स्त्री, बालक, गाई र ब्राह्मणको हत्या गर्दछ, जो सुन चोर्छ, चोराउँदछ, आगो लगाउँछ, जो मनुष्य गमनमार्ग विलुप्त गर्दछ र जो गुरूपत्नी हरण एवम् गमन गर्दछ, साधुजनको विरोध तथा सुरापान गर्दछ, त्यस्तालाई मार्नाले पुण्य हुन्छ । स्त्री तथा ब्राह्मण भए पनि यस्ता पापकर्ममा लिप्त छन् भने तिनलाई मार्नमा कुनै दोष लाग्दैन । त्यसैले यसलाई मार्नु मेरो अवश्य पनि कर्तव्य हो ।' चाण्डालले यति भनेर तिनलाई बलियोसँग बाँध्यो । कपालमा समातेर डोरीले हिर्काउन लाग्यो । यसपछि चाण्डालले निष्ठुर वचनले हरिश्चन्द्रलाई भन्न लाग्यो -'हे दास ! यसलाई बध् गर् । दुष्ट स्वभावकी यो स्त्री अत्यन्त दुष्ट छे । यसलाई बध् गर्नमा कुनै विचार गरिनरहनू, तुरून्त मारिहाल् ।' तब नरपति हरिश्चन्द्र उसका यस्ता वचन सुनेर पृथ्वीमा झरेको बज्रका समान कम्पित हुँदै, फेरि चित्तलाई स्थिर गरेर स्त्रीबधका शङ्काले चाण्डाललाई भने -'म यो कार्य गर्नमा असमर्थ छु । यसकारण तपाईं यो जिम्मेवारी अन्य सेवकहरूलाई नै दिनुहोस् । उसैले यसलाई मार्नेछ । तपाईं यसको अतिरिक्त जुनसुकै कार्यको आज्ञा दिनुहुन्छ र असाध्य काम भए पनि त्यो अवश्य गरूँला ।' राजाका यस्ता वचन सुनेर श्वपचले भन्यो -'तँ डरभर कत्ति पनि नमानी हतियार लिएर यसलाई मार् । यही पुण्यदायक छ । यो मायाविनी बालकहरूलाई सर्वदा नास गर्दछे, यसलाई रक्षा गर्नु उचित हुँदैन ।' राजा यस प्रकारका वचन सुनेर महादुःखित हुन लागे । उनी भन्छन् -'स्त्रीहरूको रक्षा गर्नु सर्वदा

उचित छ ।[35] कहिल्यै संहार गर्नु हुँदैन, विशेष गरेर धर्मपरायण मुनिहरूका स्त्री मार्नमा अधिक पाप निर्देश गरिएको छ । जो पुरूष ज्ञान अथवा अज्ञानले स्त्री हत्या गर्दछ, त्यो मनुष्य महारौरव नरकमा पर्दछ यसमा शङ्का छैन ।' चाण्डालले भन्यो -'तँ यस्ता कुरा नगर् यौटाको बध गर्दा अनेकलाई सुख हुन्छ, यसमा सन्देह छैन । यस दुष्टले अनेक बालकलाई भक्षण गरेकी छे । यसकारण छिट्टै विजुली सरह हतियार लिएर यसलाई मारेर काशीवासीहरूलाई साबधान गरा ।' राजाले फेरि भने -'हे चाण्डालाधिपति ! मैले जन्मैदेखि "कहिल्यै स्त्रीबध गर्ने छैन" यस्तो कठिन व्रत अवलम्बन गरेको छु ।[36] यसकारण तपाईंको आज्ञाले स्त्रीबध गर्न सक्दिन ।' चाण्डालले भन्यो -'हे दुष्ट ! प्रभुको कार्य अतिरिक्त कुनै कार्य श्रेष्ठ हुन सक्दैन । यसकारण चैतन्य भएर आज कुन कारणले मेरो कार्य गर्दैनस् । जो सेवक मालिकको वेतन खाएर उसकै कार्यमा हानि गर्दछ, त्यो अत्यन्त घोर नरकमा पर्दछ र त्यहाँबाट छुटकारा पाउन सक्दैन ।' तब राजा भन्छन् -'हे चाण्डालनाथ ! मलाई अत्यन्त दारूण अन्य कुनै कार्यमा नियुक्त गर्नुहोस्, म सजिलैसँग गरूँला अथवा यदि तपाईंको कुनै शत्रु भए पनि उसलाई म अहिल्यै गएर संहार गरूँला, यसमा शङ्का छैन । त्यस शत्रुको संहार गरी तपाईंलाई यो पृथ्वी प्रदान गर्छु । धेरै के भनौं देव, दानव, उरग, किन्नर, सिद्ध र गन्धर्वका साथ पनि यदि इन्द्रजी स्वयं सन्मुख भए तापनि शोणित वाणले उनीहरूलाई मारेर पराजय गर्न सक्दछु, परन्तु स्त्रीहत्या कुनै प्रकारले गर्न सक्दिन ।' राजा हरिश्चन्द्रका यस्ता वचन सुनेर चाण्डाल क्रोधले कम्पित शरीर लिएर हरिश्चन्द्रलाई भन्न लाग्यो -'तैंले दास भएर जे गरिस्, त्यो दासले गर्नु उपयुक्त थिएन । तँ चाण्डालको दासत्व स्वीकार गरेर देवतासरहको वचन गर्दछस् ? अतएवः हे दास ! अब ज्यादा बोल्ने कुनै काम छैन, म जे भन्छु त्यो सुन् । हे निर्लज्ज ! तेरो हृदयमा यदि कुनै पापको डर छ भने चाण्डालको घरमा के कारणले दासत्व गर्न आइस् ? यो खड्ग लिएर त्यसको शिर छेदन गर् ।' यति भनी राजाका हातमा चाण्डालले खड्ग राखिदियो । त्यसपछि राजा हरिश्चन्द्र अधोमुख गरी रानीलाई भन्न लागे -'हे वाले ! म अत्यन्त पापिष्ठ हुँ, नभए किन यस्तो हीन कार्यमा प्रवृत्त हुन्थें ? जे होस् यस बखत तँ मेरा सामु बस्, यदि मेरो हात तँलाई संहार गर्नमा समर्थ भयो भने म तेरो शिर छेदन गरौंला ।' यति भनी खड्ग उठाएर उनीलाई मार्नका लागि

---

[35] स्त्रीयो रक्षा प्रयत्नेन न हंतव्याः कदाचन ॥
स्त्रीबधं कीर्तितं पापं मुनिभिर्धर्मतत्परै ॥ (**पूर्ववत्**, श्लोक - ७६)

[36] चाण्डालाधिपते तीव्रं व्रतं स्त्रीबधवर्जनम् ।
आजन्मतस्ततो यत्नं न कुर्यां स्त्रीबधे तव ॥ (**पूर्ववत्**, श्लोक ८०)

अघि सरे । राजाले जसरी उ आफ्नी पत्नी हो भन्ने कुरा थाहा पाउन र चिन्न सकेनन्, त्यसै गरी रानीले पनि यी मेरा पति राजा हरिश्चन्द्र नै हुन् भनेर चिन्न सकिनन् । त्यसकारण रानी शोकले काम्दै आफ्नो मृत्युको इच्छाले भन्न थालिन् -'हे चाण्डाल ! यदि तिमी मान्दछौ भने म केही भन्दछु सुन । मेरो पुत्र मरेको छ, यहाँदेखि केही टाढा नगरका छेउमा छ । त्यसलाई तिम्रो नजिक ल्याएर जबसम्म उसको दाह संस्कार कार्य गर्दिन तबसम्म पर्ख । त्यसपछि मलाई खड्गले बध गर्नू ।' राजाले भने -'ठीक छ यसै गर ।' यति भनी मृतक बालकका नजिक जान अनुमति दिए । तब तिनी बहुत दुःखले करूण विलाप गर्दै त्यहाँबाट हिँडिन् । हरिश्चन्द्रकी रानी सर्पले टोकेर मरेको पुत्रको समीप पुगी हा पुत्र ! हा वत्स ! हा शिशु ! भन्दै बारम्बार विलाप गर्न लागिन् । कृश विवर्ण मलीन वेशधारि धूसरित केशवाली श्मशान भूमिमा आएर बालकलाई त्यहीँ राखेर बसिन् र बोल्न लागिन् -'हे चाण्डाल ! मेरो बालकलाई हेर ! जो आफ्नो मित्रहरूका साथमा खेल्दै गर्दा उपवनमा सर्पले डसेर मृत्यु भयो ।'

त्यसपछि राजा हरिश्चन्द्रले त्यस वालाको यस प्रकारको करूणायुक्त विलापध्वनि सुनेर शवको नजिकै गै उसका मुखमा ढाकिएको वस्त्र हटाएर हेरे । लामो समयसम्मको प्रवास कष्टले रानीको शरीर र अनुहार बदलिएको थियो, यसकारणले गर्दा राजा हरिश्चन्द्रले ती रोइरहेकी आफ्नी भार्यालाई पनि चिन्न सकेनन् । तब राजाले पृथ्वीमा लडेको विष जर्जरित त्यस बालकका अङ्ग प्रत्यङ्गमा सम्पूर्ण राजलक्षण देखेर चिन्ता गर्न लागे । उसको वदनमण्डल (अनुहार) पूर्ण चन्द्रमाको समान अत्यन्त सुन्दर छ । नाक अग्लो गाला ऐना समान विमल र प्रशान्त छ । केशकलाप नीलवर्ण लामो र सुन्दर तरङ्गित छ । दुवै नेत्र कमलदलका समान फूलेका, दुवै ओठ बिम्बाफलसमान लोहित वर्णका छन् । चौडा छाती कानसम्म लर्केको ठूला आँखा, घुँडासम्म लामा हात, दुवै काँध विशाल उच्चा र सुन्दर, विशाल चरण (पाउ) साना औंला छन् । नरम पैताला, नाइटो उठेको, अहो ! कष्ट ! निश्चय नै यसले कुनै राजकुलमा जन्म लिएको हुनु पर्दछ । अहो क्या कष्ट ! दुरात्मा कालले यसको यस दशामा (अवस्था) पुऱ्याइदियो । फेरि आमाको काखमा सुतेको त्यस मृत बालकका शिरदेखि पाउसम्म हेरेर हरिश्चन्द्रका मनमा पूर्व स्मृतिको आविर्भाव भयो तब उनी आफ्नो पुत्र भन्ने जानेर हाय ! हाय ! शब्दले रूँदै कराउँदै आँखाबाट आँसुका धारा बगाउन लागे र भन्न लागे कि हाम्रै छोराको यो अवस्था भएको हो । यद्यपि छोरो घोर कालको वशीभूत भएको छ तथापि राजा हरिश्चन्द्र केही क्षण मनमा चिन्ता गरेर स्तब्ध भए । अनन्तर रानीले

घोर दुःखका वेगले कराइन् -'हा वत्स ! कुन पापका कारण मलाई यो भयानक दुःख आइपऱ्यो ? म त्यसको कारण थाहा पाउन सक्दिन, हा नाथ ! हा राजन् ! म अत्यन्त दुःखले काँतर भैरहेकी यस अवस्थामा मलाई छाडेर कुन कारणले कुन स्थानमा कसरी गोप्य तवरले समय व्यतित गर्दै हुनुहुन्छ ।[37] हा बिधाताः ! तैंले राजर्षि हरिश्चन्द्रको राज्य नष्ट गराएर सुहृद्को त्याग तथा भार्या र पुत्रको समेत विक्री गराइस् । उनले तेरो के नै त्यस्तो विगार गरेका थिए ? के अपकार गरेका थिए र ?' यस प्रकारको विलाप सुनेपछि राजा धैर्यच्यूत हुन पुगे र ती देवी र मृतक पुत्रलाई पहिचान गर्न सके । हरिश्चन्द्र भन्न लागे यी मेरी स्त्री हुन्, यो मृतक बालक मेरो पुत्र हो । अहो कष्ट ! यस प्रकारले अत्यन्त शोकले आक्रान्त र मूर्च्छित भएका राजा पृथ्वीमा पछारिए । रानीले पनि राजाको यस्तो अवस्था देखी बल्ल राजालाई चिनिन् । तुरून्तै मूर्च्छित र निचेष्ट भएर उनी पनि भूमिमा पछारिइन् । केही कालपछि राजा र रानी दुवैलाई एकसाथ चेतना प्राप्त भयो र दुवै शोकले संतप्त र काँतर भए । दुवै विलाप गर्न लागे राजा विलाप गर्दछन् -'हा वत्स ! तिम्रो यो अति सुशोभित सुकोमल मुखमण्डल आज मलीन देखेर पनि किन मेरो हृदय विदीर्ण हुँदैन ? हा रोहित ! तिमी मधुर स्वरले तात ! तात ! भनेर कहिले मेरो समीप आउँछौ ? म स्नेहवश नै काखमा लिएर हे वत्स ! हे वत्स ! भन्दै कहिले पुकारौंला ? अब कसको गोडामा लागेको धुलाले मेरो दुपट्टा, ओढ्ने र काख मैलो होला ? हे हृदयानन्दबर्धन ! मैले केही पनि पुत्र सुख देख्न पाइनँ । मैले बाबु भएर पनि सामान्य वस्तु समान तिमीलाई बेचेँ । हीन दैवका बिडम्बनाले मेरो असीम राज्य, बन्धुवान्धव, र धनसम्पत्ति यी सबै गइरहे, अन्तमा मेरो एक मात्र पुत्र थियो, त्यो पनि नृशंस कालका मुखमा पऱ्यो । हाय ! विषम सर्पले डस्नाले छोराको मुखमण्डल देखेर आज म घोर सन्ताप विषले दग्ध भएँ ।' राजाले द्रवित स्वरले यी कुरा भनेर त्यही स्थानमा त्यत्ति नै खेर बालकलाई आफ्ना काखमा लिए । लिनासाथ मूर्च्छित भएर भूमिमा पछारिए । यसरी राजालाई लडेको देखेर शैव्या यस प्रकारले विचार गर्न लागिन् । उनको यही कण्ठस्वरले जानिन्छ कि यिनै पुरूष प्रवर विज्ञजनको चित्त प्रसन्न गर्नेवाला राजा हरिश्चन्द्र हुन् । उनै विख्यातकीर्ति राजा हरिश्चन्द्रको जस्तै अनारदानाजस्ता दाँतका लहर,

---

[37] दुःखमापतितं घोरं तद्रुपं नोपलभ्यते ।
हा नाथ राजन्भवता मामपास्य सुदुःखितम् ॥
कस्मिन्संस्थीयते स्थाने विश्रब्धं केन हेतुना ॥
राज्यनाशः सुहृत्त्यागो भार्यातनयविक्रयः ॥
प्रत्यभिज्ञाय देवीं तां पुत्रं च निधनं गतम् ॥
कष्टं ममैव पत्नीयं बालकाश्चाऽपि मे सुतः ॥ (**श्रीमददेवीभागवत** सप्तम षट्विंशोऽध्याय श्लोक २१-२४)

उँचो नाक तथा तिलका फूलका समान सुकुमार थिए, यिनका पनि उस्तै नै देखिन्छन् । परन्तु यदि उनै नरेश्वर राजा हरिश्चन्द्र हुन् त कुन कारणले श्मशानमा आए हुन् ? यसप्रकारले पुत्रशोक त्यागेर त्यहीँ भूँईमा पछारिएका पतिलाई हेर्न लागिन् । तब त्यहीँ नै हर्ष एवम् विषाद् र विस्मयले गर्दा उनको हृदयमा आक्रमण गऱ्यो तब उनी राजालाई हेर्दा हेर्दै मूर्छित भएर भूँईमा लडिन् । फेरि क्रमैसँग चैतन्य प्राप्त भयो र काँतर स्वरले भन्न लागिन् -'हा दैव ! जो राजा एक समय अमर समान थिए, आज तैंले उनै नरपतिलाई राज्य नष्ट गराएर सुहृद्त्याग, भार्या र पुत्र समेत विकाएर चाण्डालरूपमा परिणत गरिस् । अतएवः तँसँग दया छैन, धर्म छैन, न्याय अन्यायको विचार विवेक पनि छैन, लज्जा पनि छैन यस कारण तँलाई धिक्कार छ । हे राजन् ! आज समयले तिमीलाई चाण्डाल बनायो, अहिले तिम्रो त्यो सिंहासन, त्यो चामर, त्यो छत्र-दण्ड त्यो विजय कहाँ गए ? आज बिधाताको यो कस्तो कोप हो ? पहिले पहिले यिनै महात्माको गमन कालमा राजाहरू मृत्युस्वरूप भएर आफ्नो ओढ्ने वस्त्रले (दोपट्टा) भूँईको धुलो पुछ्दथे । आज यिनै राजा संस्कार गर्न ल्याएका शवका धुवाँ धुलाले व्याप्त भै तिनै मुर्दाका गलामा लगाएको फूलका मालाका डोरामा कपाल अल्झाई भीषण वोसोको गन्धले सुकेको जस्तो मुखमण्डल बनाई भस्म र अङ्गारले आधा जलेका मुर्दाका हाड र मज्जा (हड्डी भित्रको तरल पदार्थ-माँसी) शरीरभरि दलिएर भयङ्कर गिद्ध गोमायुहरूले जस्ता क्षुद्र पंक्षीको पोषण गर्ने भएको, चिताको धुवाँरूपी पटले आकाशलाई नै नीलवर्ण बनाउने, मांसका आस्वादमा प्रसन्न भै विचरणशील राक्षसहरूले व्याप्त भएको, यस्तो अपवित्र स्थानमा विचरण गर्दै दुःखले पीडित छन् ।' यस्तो भनी रानी राजाका गलामा टाँस्सिन पुगिन् । दुःख कष्ट र शोकले व्याकुल भै घोर विलाप गर्न लागिन् -'हे राजन् तपाई जो आफूलाई स्वपच हुँ भन्नुहुन्छ यो स्वप्न हो कि सत्य हो । हे महाभाग ! सबै कुरा भन्नुहोस् । - मेरो मन मोहित भएको छ, हे धर्मज्ञ ! जो यस्तो भएको छ, त्यो धर्मले कुनै सहायता दिएन । ब्राह्मण देवता आदिको पूजनमा, सत्यपालनमा यदि यस्तै सहायता प्राप्त हुँदो हो त सत्यको रक्षा हुन सक्दैन, धर्मको रक्षा नहुनाले सत्य आर्जन र अनृंशसताको रक्षा हुन सक्दैन । तपाई परम धर्मात्मा भएर पनि राज्यच्यूत हुनुभयो ।'

यस्ता प्रकारले जीर्णदेह शैव्याका वचन सुनेर राजाले लामो श्वास फेरे र आफू श्वपच हुनाको कारण विस्तारपूर्वक बताउन लागे ।[38] भन्दै जाँदा उनको कण्ठ अवरूद्ध हुन पुग्थ्यो । यसरी राजाका वचन सुनिसकेपछि जुन प्रकारले पुत्रको मृत्यु भयो त्यो सबै घटना आद्योपान्त राजालाई बताइन् । यी सबै सुनिसकेपछि राजा मुर्छा भै भुँइमा पछारिए । फेरि होस आयो र बारम्बार मृतक पुत्रको मुखमा चुम्बन गर्न लागे । तब शैव्याले द्रवित स्वरमा राजा हरिश्चन्द्रलाई भनिन् -'अब मेरो शीर छेदन गरी आफ्ना मालिकको आज्ञा पालन गर्नुहोस् ।

हे भूपते ! तब तपाई सत्यबाट रक्षा पाउनु हुनेछ र प्रभुको आज्ञा पनि उल्लङ्घन हुँदैन । हे राजेन्द्र ! विशेष गरी यो परद्रोहजनित अथवा असत्य व्यवहारजनित पापले तपाईलाई छुन सक्दैन ।' यस्तो सुनी राजा मुर्छित भएर भुँइमा पछारिए । केही क्षणपछि चेतना आयो र अत्यन्त दुःखले विलाप गर्न लागे -'हे प्रिये ! तिमी कसरी यस्ता निष्ठुर वचन मुखबाट निकाल्छ्यौ ? जुन मुखले उच्चारण पनि गर्न सकिन्न त्यस्तो कार्य म कसरी गरूँला ?'[39]

शैव्याले भनिन् -'हे विभो ! मैले गौरी देवीको पूजा गरेकी छु । साथै अन्यान्य देवता तथा ब्राह्मणहरूको पनि पूजा गरेकी छु । त्यसैले उनैका कृपाले तपाई जन्मान्तरमा पनि मेरै पति हुनुहुनेछ ।' त्यस्ता कुरा सुनेपछि फेरि हरिश्चन्द्र मुर्छा परे, तुरून्तै उठेर दुःखित भै मृतक पुत्रका मुखमा चुम्बन गर्न लागे । राजा भन्छन् -'हे प्रिये ! अब म दीर्घकालसम्म क्लेश सहन सक्दिन । परन्तु हे कृशाङ्गी ! हेर म यस्तो हतभाग्य हुँ कि आफ्ना अन्तस्करण माथि पनि मेरो कुनै आधिपत्य छैन । चाण्डालको आज्ञा विना म अग्निमा प्रवेश गरूँ । जुन जन्मान्तरमा फेरि मलाई चाण्डालको दासत्व प्राप्त हुनेछ । फेरि नरकमा गएर दारूण क्लेश भोग्नु पर्दछ । किन्तु त्यो मेरो लागि श्रेष्ठ छ । महारौरव नरकमा गएर लामो समयसम्म

[38] कथयामास तन्वंग्यै यथा प्राप्तः श्वपातकताम् ।
रुदित्वा सा तु सुचिरं निःश्वस्योष्णं सुदुःखिता ॥
स्वपुत्रमरणं भीरुर्यथावत्तं न्यवेदयत् ।
श्रृत्वा राजा तथा वाक्यं निपपात महितते ॥

[39] क्षणेन चेतनां प्राप्य विललापाति दुःखितः ।
कथं प्रिये त्वया प्रोक्तं वचनं त्वतिनिष्ठुरम् ॥
यदशक्यं भवेद्वक्तुं तत्कर्म क्रियते कथम् ॥ (***श्रीमद्देवीभागवत** सप्तम स्कन्ध षष्ट्विंशोऽध्याय,* श्लोक ५१-५६)

असह्य नरकयन्त्रणा सहूँ त्यो पनि मलाई ठीक छ । दुःख सागरमा मग्न भै प्राण त्याग्न पनि श्रेष्ठ छ ।

परन्तु मेरो यो बालक पुत्र नै वंशको रक्षा गर्नेवाला हो । मेरो यो बलवान् दैवको कारणले प्राणत्याग गरेको हो । अतएवः क्लेश सागरमा निमग्न भएर जीवनधारण गर्नुभन्दा प्राणत्याग गर्नु नै श्रेष्ठ छ । मेरो देह यस समय चाण्डालको अधीनमा छ । यसकारण यस दुर्गतिका अवस्थामा कसरी जीवन त्याग गरौं ? किनकि उसको आज्ञा विना प्राणत्याग गर्नाले उसका ऋणले नरक यातना भोग्नु पर्दछ । तर पनि अत्यन्त दुःखका कारण आफ्नो देह त्याग गर्दछु । पुत्रको वियोगले जस्तो दुःख पाइएको छ, वैतरणी नदी पार हुँदा अथवा असिपत्र वनमा पनि यस्तो दुःख भोग्नु पर्दैन होला । अरू त के त्रिलोकमा पनि यस्तो दुःख कहीँ छैन ।

म यसबखत पुत्रको मृतक देहका साथ प्रज्वलित अग्निमा पस्दछु । अतएवः हे कृशाङ्गी ! तिमी यसमा केही पनि नभन । हे शुचिस्मिते ! सावधान भएर तिमी मेरा वचन मान । यस समय म आदेश दिन्छु कि तिमी ब्राह्मणका घरमा जाऊ, यदि मैले कुनै दिन धनदान गरेको, अग्निमा आहुति प्रदान गरेको र गुरूजनलाई सन्तुष्ट पारेको रहेछु भने परलोकमा पुत्र र तिम्रो साथमा समागम होला परन्तु यस लोकमा यो अभीष्ट प्राप्त हुने कुनै सम्भावना छैन ।[५०]

हे शुचिस्मिते ! मैले हाँस्ने कुरामा वा तिमीलाई हँसाउन ठट्टास्वरूपबाहेक अन्य कुनै गुप्तभावले अप्रमाणिक कुरा बोलेको रहेछु भने ती सबैलाई मेरो प्राणकालको समयमा माफ गरिदिनू । हे शुभे ! तिमीले आफूलाई राजपत्नी जानेर ब्राह्मणलाई कहिल्यै तिरस्कार नगर्नु, प्रभु (मालिक) लाई देवतासमान ठानेर यत्नसहित उनलाई सन्तुष्ट पार्नू ।' रानीले भनिन् -'हे राजर्षे ! म पनि यस प्रज्वलित अग्निमा पतित हुन्छु । हे देव ! म यस दुःखको मार सहन सक्दिँन । यसैले तपाईसँगै जान्छु । तपाईसँग गमन गर्नु नै मलाई उत्तम छ, तपाईसँग स्वर्ग अथवा नरक भोग्दछु ।' यी सबै कुराहरू सुनेपछि राजाले भने -'हे पतिव्रते ! तिम्रो जे इच्छा छ सो गर ।'

---

[५०] अनुज्ञाताऽथ गच्छ त्वं विप्रवेश्म शुचिस्मिते ।
यदि दत्तं यदि हुतं गुरवो यदि तोषिताः ॥
संगमः परलोके मे निजपुत्रेण चेत्वया ।
इह लोके कुतस्त्वेतद्भविष्यति समीप्सितम् ॥ (**पूर्ववत्**, श्लोक ६७ - ६८)

राजा हरिश्चन्द्रले चिता बनाए, आफ्नो पुत्रलाई त्यही चितामाथि राखे, त्यसपछि स्वयं हात जोडेर भार्यासहित जगदीश्वरी परमेशानीको ध्यान गर्न लागे, - “ती शताक्षी जीवहरूका अन्नमयादि पञ्चकोशभित्र विराजमान रहन्छिन् । तिनै पुरूषका आधारचक्रमा स्थित ब्रह्मस्वरूपिणी र कल्याणरसको सागरस्वरूप छन्, तिनी लाल वस्त्र पहिरेर अनेक प्रकारका आयुध धारण गरेर जगत्को रक्षा गर्न तत्पर रहन्छिन् ।” जब राजा यसप्रकार ध्यानमा निमग्न भए तब इन्द्रादि सम्पूर्ण देवता धर्मलाई अगाडि लगाएर शीघ्र हरिश्चन्द्रका निकट आए । उनीहरू सबैले आएर भने -‘हे राजन् ! तिमी सुन ! म पितृ, स्वयं धर्म, भगवान् विष्णु, साध्यगण, विश्वेदेवगण, मरूद्गण, लोकपालगण, चारणगण, गन्धर्वगण, रूद्रगण, दुवै आश्विनीकुमार, अन्यान्य सम्पूर्ण देवतागण र विश्वामित्र स्वयं आएका छौं ।

जो विश्वामित्र तिनवटै जगत् प्रदान गरेर पनि धर्मानुसार मित्रता गर्न इच्छा गर्दछन्, यस समयमा उही विश्वामित्र तिमीलाई अभीष्ट दिनका लागि अत्यन्त अभिलाषित भएका छन् ।’ धर्मले भने -‘हे राजन् ! यस्तो साहसिक कार्यमा उद्यत नहुनू म धर्म हुँ । म तिम्रो तितिक्षा (सहनशीलता) दम, सत्वगुणादि देखेर सन्तुष्ट भएँ र तिम्रो नजिक आएको हुँ ।’ इन्द्रले भने -‘हे हरिश्चन्द्र ! म पनि तिम्रो नजिक उपस्थित छु । अतएवः तिम्रो सौभाग्यको सीमा छैन । तिमीले भार्या र पुत्रका साथ यस समय सनातन लोकको जय गरेका छौ । अब भार्या र पुत्रका साथ स्वर्गमा जाऊ । हे राजन् ! जो कष्ट मनुष्यलाई भएको छ, तिमीले आफ्नो कर्मफलले त्यसलाई जित्यौ ।’ यसका उपरान्त इन्द्रजीले चितामा रहेको बालकमाथि अपमृत्यु विनाशन अमृतको वर्षा गराए, त्यसैबखत आकाशमण्डलबाट पुष्पवृष्टि भयो र दुन्दुभि वाजाको ध्वनि हुन लाग्यो ।

त्यसै अवसरमा उनै महानुभाव राजाका पुत्र चिताबाट उठेर बसे । उनी पहिलेकै समान सुकुमार शरीर, स्वस्थचित्त, प्रसन्न र प्रीत मनवाला थिए । हरिश्चन्द्रले तत्काल पुत्रलाई आलिङ्गन गरे र यसैबेला राजा-रानी दुवैको पहिलेकै समान सौन्दर्य भयो । मनोहर वस्त्र र अभीष्ट फल प्राप्त हुनाका कारण आनन्दले उनको हृदय पूर्ण हुन गयो । तब इन्द्रले नरपतिसँग भने -‘हे महाभाग ! तिमी पुत्र र कलत्रसहित आफ्ना कर्मका फलले स्वर्गमा हिँड र परम पवित्र सद्गति प्राप्त गर ।’ हरिश्चन्द्रले भने -‘देवराज ! श्वपच मेरो प्रभु हो यसबाट छुटकारा नपाइकन र उनको आज्ञा नलिइकन म स्वर्ग जान्न ।’ धर्मले भने -‘तिम्रो यस प्रकारको भावी क्लेश जानेर मैले आफ्ना मायाले स्वयं नै श्वपचरूप धारण गरेर तिमीलाई

यो चाण्डालपुरी देखाएँ । ज्यादा के भनौं मै नै चाण्डाल, मै नै त्यो ब्राह्मण हुँ र मैले नै कालो सर्प भएर तिम्रो पुत्रलाई डसेको हुँ ।'[41]

इन्द्रले भने -'हे हरिश्चन्द्र ! भूमण्डलका सम्पूर्ण मनुष्य जुन स्थानको अधिकार पाउनका लागि प्रार्थना गर्दछन्, तिमी स्वयं पुण्यका बलले त्यस स्थानमा हिँड ।' हरिश्चन्द्रले भने -'हे देवराज ! म तपाईलाई प्रणाम गर्दछु, तपाई मेरा वचन श्रवण गरेर विचार गर्नुहोस् । कोशल नगर निवासी सम्पूर्ण मनुष्य मेरा विरहरूपी शोक सागरमा निमग्न भैरहेका छन्, यस्तो अवस्थामा ती शोकसन्तप्त प्रजालाई छाडेर कसरी स्वर्ग जान सक्दछु ? भक्तलाई त्याग्नाले नरक हुन्छ । ब्रह्महत्या, सुरापान र गोबधका समान महापातक छ । हे शक्र ! जो भक्त सर्वदा सेवारत छ, उनीहरूलाई त्याग्नु अनुचित छ । त्यसैले तिनलाई त्यागेर कुन प्रकार सुख भोग गर्न सक्दछु ? यसकारण उनीहरूलाई नलिइकन म स्वर्ग जान्न तपाई फर्किनुहोस्, हे सुरेश्वर ! यदि उनीहरू मसँग स्वर्ग अथवा नरकमा जान्छन् भने म पनि उनीहरूसँगै स्वर्ग अथवा नरकमा जान सक्दछु ।' इन्द्रले भने -'हे नृपवर ! उनीहरूमा कसैको पाप ज्यादा कसैको पुण्य ज्यादा भिन्नभिन्न छ । अतएव हे भूप ! उनीहरू सम्पूर्ण एकै समयमा स्वर्गको भोग गर्न कसरी अधिकार पाउँछन् ?' हरिश्चन्द्रले भने -'हे वासव ! पौरवर्गका प्रभावले नै राजाहरू राज्यभोग गर्दछन् । महायज्ञको अनुष्ठान र पूर्त्तकार्य (वापी कुप आदि) सम्पादन गर्दछन्, यसमा सन्देह छैन, मैले पनि यसप्रकार प्रजाका प्रभावले सम्पूर्ण धर्मकार्यको अनुष्ठान गरेको छु । यसकारण जस जसले राजप्रयोजनीय सम्पूर्ण द्रव्य दान गरेका छन्, तिनीहरूलाई म स्वर्ग प्राप्त हुने इच्छाले छोड्न सक्दिन । हे देवेश ! यदि उनीहरूको पुण्य स्वर्ग जानका लागि योग्य छैन भने मेरो त केही पुण्य छ अर्थात् मैले दान, यज्ञ, याग, इत्यादि जे जति सत्कार्यको अनुष्ठान गरेको छु, त्यो सबै तिनीहरूको स्वर्गभोगमा प्राप्त होस् । यदि म एक्लै कर्मको फल भोगौं त बहुत लामो समयसम्म भोग्न सक्दछु । परन्तु तपाईका प्रसादले उनीहरूसँग त्यस कर्मको फल एक दिन मै भोग गरिसकूँ तर पनि मलाई परम श्रेय लाग्दछ ।'

---

[41] देवराजाननुज्ञातः स्वामिना श्वपचेन हि ।
अकृत्वा निष्कृतिं तस्य नारोक्ष्ये वै सुरालयम् ॥
धर्म उवाच - ॥
तवै व भाविनं क्लेशभवगम्याऽऽत्ममायया ।
आत्माश्रवपचतां नीतो दर्शितं तच्च पक्वणम् ॥ (***श्रीमददेवीभागवत,*** *सप्तम स्कन्ध, सप्तविंशोऽध्याय* श्लोक १७-१८)

"यस्तै हुनेछ" भनी त्रिभुवनेश्वर इन्द्र, गाधिनन्दन विश्वामित्र र धर्म प्रसन्न भए । योगबलले उसै समयमा काशीबाट अयोध्या गए । मुहुर्त्तमात्रमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रयुक्त अयोध्या नगरी पुगे र उनीहरूमध्ये देवराज इन्द्रले भने कि -'नगरनिवासी सम्पूर्ण मनुष्य ! शीघ्र राजा हरिश्चन्द्रका समीप आउनू, आज उनै हरिश्चन्द्रका धर्मबलले दुर्लभ स्वर्गलोक प्राप्त भएको छ ।'

यति कुरा भनेर नागरिक मनुष्यलाई हरिश्चन्द्रको नजिक लिएर आए, तब उनै धार्मिकप्रवर राजा हरिश्चन्द्रले पनि नगरवासी मनुष्यसँग भने -'तिमीहरू सम्पूर्ण नै मेरा साथ स्वर्गमा हिँड ।' ती सुरपति र भूपतिका यस प्रकारका वचन सुनेर अत्यन्त आनन्दित भए र उनीहरूमध्ये जो संसारको वासनाले विरत भएका थिए उनीहरू आफ्ना आफ्ना छोरालाई सांसारिक भारी बिसाएर आनन्द हृदयले स्वर्गमा जानका लागि उद्यत भए ।

तब राजाले ज्योर्तिमय देह धारण गरी श्रेष्ठ विमान चढेर अत्यन्त आनन्दित भई आफ्नो पुत्र रोहितलाई राज्यमा अभिषिक्त गरी हृष्टपुष्ट मनुष्यले पूर्ण रमणीय अयोध्या नगरी, सुहृद् मन्त्री र पुत्रको सत्कार र अभिनन्दन गरी, पुण्यले प्राप्त भएको देवादिकको पनि दुर्लभ, आफ्ना पुण्य प्रभावले प्राप्त विपुल कीर्ति लाभ गरी किंकिणीजालमण्डित विराजमान भए । फेरि सबै शास्त्र जान्नेवाला दैत्यगुरू महाभाग शुक्राचार्यले राजा हरिश्चन्द्रलाई विमानमा देखेर त्यसबेला यो गाथा गाए । शुक्र बोले -'ओ हो ! तितिक्षाको क्या आश्चर्य माहात्म्य छ ? दानको क्या महत्त्व छ ?[५२] आज जसका प्रभावले गर्दा राजा हरिश्चन्द्रले महेन्द्रको सालोक्य प्राप्त गरे ।' यो हरिश्चन्द्रको सम्पूर्ण चरित्र वर्णन गरियो । यदि दुःखी मनुष्य यसलाई सुन्दछ भने सर्वदा सुख प्राप्त हुन्छ, यसमा सन्देह छैन । अरू त के यसका प्रभावले स्वर्गाभिलाषी स्वर्ग, पुत्राभिलाषी पुत्र, भार्याको इच्छा गर्नेले भार्या, राज्यप्रार्थी मनुष्यले राज्यपर्यन्त प्राप्त गर्न सक्दछ ।

## ४.२ श्रीमद्भागवतमा हरिश्चन्द्रको कथावस्तु

*श्रीमद्भागवत नवमस्कन्धको सप्तमः अध्यायमा हरिश्चन्द्रको उपाख्यान यसप्रकार पाइन्छ :-*

---

[५२] अहो तितिक्षामाहात्म्यमहोदानफलं महत् ।
यदगतो हरिश्चन्द्रो महेन्द्रस्य सलोकताम् ॥ (पूर्ववत्, श्लोक ४०)

मान्धाताका पुत्र अम्बरीष भए । यिनका पितामहले युवनाश्व नाम राखिदिए । तिनका पुत्र यौवनाश्व भए, यौवनाश्वका[43] पुत्र हारित भए । यी तीन मान्धातृका गोत्रप्रवरहरू भए । मान्धाताका पुत्र पुरूकुत्स थिए । तिनलाई सर्पहरूले आफ्नी बहिनी नर्मदा दिए । तिनलाई उनीहरूले रसातलमा लगे र त्यहाँ पुरूकुत्सले गन्धर्वहरूलाई मारे । त्यसपछि नागहरूले वरदान दिए कि – हे पुरूकुत्स ![44] जसले तिम्रो चरित्र पढ्दछन् वा तिम्रो नाम लिन्छन् तिनीहरूलाई सर्पको डर नहोस् । त्यसपछि पुरूकुत्सबाट त्रसदस्यु, तिनबाट अरण्य, तिनका पुत्र हर्यश्व, हर्यश्वदेखि अरूण, तिनका पुत्र निबन्धन र तिनका छोरा सत्यब्रत भए, तिनलाई त्रिशङ्कु पनि भनिन्छ ।[45] तिनलाई पिताले श्राप दिनाले चाण्डाल बन्न पुगे र पछि गुरू विश्वामित्रको प्रभावले गर्दा सशरीर स्वर्ग गए । त्यहाँ पुगेपछि देवताहरूले उँधोमुन्टो पारेर स्वर्गदेखि खसालिदिए । विश्वामित्रको तपोबलले गर्दा उनी आकाशमा नै अडिन पुगे जुन अहिलेसम्म पनि आकाशमा देख्न सकिन्छ । त्रिशंकुका पुत्र हरिश्चन्द्र जसका[46] निमित्त विश्वामित्र र वशिष्ठ ऋषिको पक्ष विपक्ष भै लामो समयसम्म युद्ध चल्यो । युद्धको कारणचाहिँ विश्वामित्रले राजसूय यज्ञको दक्षिणा छल गरेर हरिश्चन्द्रको सर्वस्वहरण गरी तिनलाई खसाले । त्यो सुनेर वशिष्ठले पनि विश्वामित्रलाई तँ आडी (एक प्रकारको पंक्षी) भएस् भनी श्राप दिए । विश्वामित्रले पनि वशिष्ठलाई तँ बकुल्लो, ठग, पाखण्डी भएस् भनी शराप दिए ।

[43] मान्धातुः पुत्रप्रवरो योऽम्बरीषः प्रकीर्तिताः ।
पितामहेन प्रवृतो यौवनाश्वश्च तत्सुत ॥१॥
हारितस्तस्य पुत्रोऽभून्मान्धातृप्रवरा इमे ।
नर्मदा भ्रातृभिर्दत्ता पुरुकुत्साय योरगैः ॥२॥
तथा रसातलं नीतो भुजगेन्द्रप्रयुक्तया ।
[44] गन्धर्वानबधीत्तत्र बधयान्वै विष्णुशक्तिधृक् ॥३॥
नागालब्धवरः सर्पादभयं स्मरतामिदम् ।
त्रसद्दस्युः पौरुकुत्सो योऽनरण्यस्य देहकृत् ॥४॥
हर्यश्वस्तत्सुतस्तस्मादरुणोऽथ निबन्धनः ।
[45] तस्य सत्यव्रतः पुत्रस्त्रिशङ्कुरिति विश्रुतः ॥५॥
प्राप्तश्चचाण्डालतां शापाद्गुरोः कौशिकतेजसा ।
सशरीरो गतः स्वर्गमद्यापि दिवि दृश्यते ॥६॥
पातितोऽवाक्छिरा देवैस्तेनैव स्तम्भितो बलात् ।
[46] त्रैशङ्कवो हरिश्चन्द्रो विश्वामित्रवशिष्ठयोः ॥७॥
यन्निमित्तममूद्युद्धं पक्षिणोबहुवार्षिकम् ॥ (**श्रीमद्भागवत**, नवमस्कन्ध सप्तमोऽध्याय श्लोक १-७)

ती हरिश्चन्द्र नारदका उपदेशले वरुणका शरणमा गएर पुत्र जन्मियोस्[47] भनी मागे । वरूणका कृपाले छोरो जन्मियो र त्यसको नाम रोहित राखे । त्यसपछि वरुणले यसैद्वारा मेरो यज्ञ गर भनी यज्ञको माग गरे । तब राजा भन्दछन् -'हे वरुण जब पशु दश दिनको हुन्छ तब मात्र ऊ गर्भको मलबाट शुद्ध हुन्छ ।' दश दिन बितेपछि फेरि वरुण आए र यज्ञको माग गरे तब राजाले पशुको दाँत उम्रेपछि मात्र मेध्य (बलियोग्य) हुन्छ भनी वरुणलाई फिर्ता पठाए ।[48] दाँत उम्रेपछि फेरि वरुण आएर यज्ञको माग गरे । राजा भन्छन् - 'जब दूधे दाँत झर्दछ तब मात्र पशु बध गर्न योग्य हुन्छ ।' वरुण फर्केर गए । दाँत झरेपछि वरुण आएर यज्ञको माग गरे । त्यसपछि राजाले भने -'जब पुनः दाँत आउँछ तब मात्र यज्ञ गर्न लायक हुन्छ ।' त्यति भनेपछि वरुण आफ्ना लोकमा गए । दूधे दाँत झरेपछि पुनः दाँत उम्रियो तब वरुण आएर यज्ञको माग गरे । त्यसपछि राजाले भने अब युद्धयोग्य होस् त्यसपछि मात्र यज्ञ गरौंला । वरुणले सोचे क्षत्रीको छोरो हो ठीकै छ युद्ध गर्न सक्ने भएपछि नै यज्ञ गर्न लायक ठहरिन्छ । वरुण आफ्ना आश्रममा फर्केर गए । यस्तै प्रकारले राजाले पुत्रस्नेहका कारण समय माग गर्दै[49] समय थप्दै गए । वरूण पनि ती समय पर्खदैं पर्खदैं यज्ञको आशमा धैर्यपूर्वक बसिरहे ।

ठूलो भएपछि रोहितले पिताका इच्छाले आफ्नो जन्म भएको, वरुणका कृपाले पितालाई पुत्र प्राप्ति भएको र आफ्नै बलि दिएर वरूणका लागि यज्ञ गर्नुपर्ने, वरुण

---

[47] सोऽनपत्यो विषण्णात्मा नरदस्योपदेशतः ।
वरुणं शरणं यातः पुत्रो मे जायतां प्रभो ॥
यदि वीरो महाराज तेनैव त्वां यजे इति ॥
तथेति वरुणेनास्य पुत्रो जातस्तु रोहितः ॥ (पूर्ववत्, श्लोक ८–९)

[48] जातस्सुतो ह्यनेनाङ्ग मां यजेस्वेति सोऽब्रवीत् ।
यदा पशुर्निर्दशः स्यादथ मेध्यो भवेदिति ॥
निर्दशे च स आगत्य यजस्वेत्याह सोऽब्रऽवीत् ।
दन्ताः पशोर्यज्जायेरन्नथ मेध्यो भवेदिति ॥११॥
जाता दन्ता यजस्वेति स प्रत्याहाथ सोऽब्रवीत् ।
यदा पतन्त्यस्य दन्ताः अथ मेध्यो भवेदिति ॥१२॥
पशोर्निपतिता दन्ता यजस्वेत्याह सोऽब्रवीत् ।
यदा पशोः पुनर्दन्ता जायन्तेऽथ पशुः शुचिः ॥१३॥
पुनर्जाता यजस्वेति स प्रत्याहाथ सोऽब्रऽवीत् ।
सान्नाहिको यदा राजन्राजन्योऽथ पशुः शुचिः ॥१४॥

[49] इति पुत्रानुरागेणस्नेहयन्त्रितचेतसा । (***श्रीमद्‌भागवत,*** *नवमस्कन्ध सप्तमोऽध्याय श्लोक १०-१५)*
कालं वञ्चयता तं तमुक्तो देवस्तमैक्षत ॥१५॥

पटकपटक आएर आफ्ना पिताजीसँग यज्ञको माग गरेको कुरा सम्पूर्ण थाहा पाए ।[50] घरमा बस्दा आफ्नो प्राण रक्षा नहुने देखेर रोहित प्राण रक्षाका लागि धनुवाणसहित वनतर्फ लागे । यज्ञको माग गर्न आउँदा वरूणले त्यो थाहा पाए । वरुण जलका देवता भएकाले अत्यन्त शान्त प्रकृतिका थिए, तर पटकपटक छलछाम ढाँटछल गर्नाले हरिश्चन्द्रसँग ज्यादै रिसाएर महा उदर रोग लगाई दिए । त्यसपछि राजा हरिश्चन्द्रलाई वरुणका श्रापले गर्दा महाजलोदर रोगले समात्यो । उनी रोगले अत्यन्त पीडित भए । वनमा रहेका रोहितले यो सबै वृत्तान्त थाहा पाएर गाउँमा फर्कने विचार गरे । बाटामा इन्द्रले तिनलाई रोकेर[51] भने -'हे रोहित ! तीर्थक्षेत्र पुण्यक्षेत्रको भ्रमण गर्नु अत्यन्त पुण्यदायक हुन्छ, तिमी घर नजाऊ पर्यटन भ्रमण गर ।' यस्तो इन्द्रको वचन सुनेर रोहित एक वर्षसम्म त्यही वनमा घुम्दै रहे । दोस्रो वर्ष रोहित घर फर्कँदै थिए फेरि इन्द्रले उनलाई रोके । एवम् रीतले पाँच वर्षसम्म इन्द्रले वृद्ध ब्राह्मणको भेषमा आएर रोहितलाई घर जानबाट वञ्चित गरे । पुनः छैठौं वर्षमा रोहित आफ्ना पिता हरिश्चन्द्र वरुणका श्रापले ग्रस्त भै महाकष्ट भोग्दै छन् भन्ने सुनेर आफ्ना पुरी तर्फ जाँदै थिए । जाँदा बाटोमा अजीगर्त नाम गरेका द्विज भेटिए । उनै ब्राह्मणलाई धन दिएर उनैको माहिलो छोरोलाई किने अनि घर गएर बाबुलाई किनेको बाहुनको छोरो दिएर वन्दना गरे ।[52] त्यसपछि हरिश्चन्द्रले जलोदरबाट मुक्त हुनका लागि तुरून्तै पुरूषमेध यज्ञको आयोजना गरे र वरुणलाई पनि यज्ञको निम्ता दिए । जुन यज्ञमा विश्वामित्र होता भए, जमदग्नि ऋषि अध्वर्यु, वशिष्ठ ऋषि ब्रह्मा, अयास्य ऋषि उद्गाता बने । त्यहाँ यज्ञ देखेर इन्द्रजी खुशी भएर तिनीहरूलाई सुवर्णरथ दिए । राजा हरिश्चन्द्र र तिनकी भार्याको धैर्य

---

[50] रोहितस्तदभिज्ञाय पितुः कर्म चिकीर्षितम् ।
प्राणप्रेप्सुर्धनुष्पाणिररण्यं प्रत्यपद्यत ॥१६॥
पितरं वरुणग्रस्तं श्रुत्वा जात महोदरम् ।

[51] रोहितो ग्राममेयाय तमिन्द्रः प्रत्यषेधत ॥१७॥
भूपेः पर्यटनं पुण्यं तीर्थक्षेत्रनिषेवणैः । (***श्रीमद्भागवत,*** *नवमस्कन्ध सप्तमोऽध्याय श्लोक १६–१९)*
रोहितायादिशच्छक्रः सोऽप्यरण्येऽवसत्समाम् ॥१८॥
एवं द्वितीये तृतीये चतुर्थे पञ्चमे तथा ।
अभ्येत्याभ्येत्य स्थविरो विप्रो भूत्वाऽऽह वृत्रहा ॥१९॥

[52] षष्ठंसंवत्सरं तत्र चरित्वा रोहितः पुरीम् ।
उपव्रजन्नजीगर्तादक्रीणान्मध्यमं सुतम् ॥२०॥
शुनःशेपं पशुं पित्रे प्रदाय समवन्दत ।
ततः पुरुषमेधेन हरिश्चन्द्रो महायशाः ॥२१॥
मुक्तोदरोऽयजद् देवान् वरुणादीन् महत्कथः ।

देखेर खुशी भएका विश्वामित्रले तिनीहरूलाई ज्ञान दिए ।[53] हरिश्चन्द्रले मनलाई भूमिमा धारण गरे, त्यहाँ जललाई जलमा, तेजलाई तेजमा, वायुलाई वायुमा, अहङ्कारलाई महत्तत्वमा एकीकृत गर्दै त्यसै[54] ज्ञान कलालाई ध्यान गरेर अज्ञानलाई नाश गरे । हरिश्चन्द्र पनि जलोदर रोगबाट मुक्त भए । ती पशुपुरूष पनि बन्धनमुक्त भए र आ-आफ्ना स्वरूप लिएर आ-आफ्ना स्थानमा गएर बसे ।

## ४.३ वैदिक र पौराणिक कालका हरिश्चन्द्रको तुलना

ऐतरेयब्राह्मणमा वर्णन गरिएको हरिश्चन्द्रको उपाख्यानमा उनका छोरा नभएका कारण उनले वरूणको प्रार्थना गरेका र वरुणकै कृपाले पुत्र प्राप्ति भएको, त्यसकै बलिदिनु पर्ने तर बलि नदिएका कारणले वरुण रिसाएका र उनी रोगी भएका तथा अन्त्यमा अजीगर्त ब्राह्मणको पुत्रलाई यज्ञका लागि पशु बनाएर यज्ञ सम्पन्न गरिएको वताइएको छ । यज्ञ सम्पन्न भएपछि कथावस्तु सकिन्छ । मुख्य उद्देश्य भनेको पुत्र प्राप्ति नै हो । त्यसका लागि विभिन्न वैदिक यज्ञ तथा कर्मकाण्डको वर्णन गरिएको छ, पुत्र नभएमा आत्मिक सुख मिल्न सक्दैनथ्यो । त्यसका लागि हरेक उपायहरू गरिन्थे ।

यता पौराणिककालका हरिश्चन्द्रको उपाख्यानमा हरिचन्द्रलाई धेरै दानी, महाबली, धार्मिक भनी बताइएको छ । यसमा पनि पुत्रलाभ नभएकै कारणले हरिश्चन्द्रले वरुणको प्रार्थना गरेका छन् । उनकै वंशमा पूर्वज यौवनाश्व पुत्र नभएर ऋषिहरूका शरणमा गएका र ऋषिहरूले पुत्रोत्पत्तिको उपाय गरेको कथा पाइन्छ । राजवंश चलाउन पितृको उद्धार गर्न तथा आफ्नो कुलवंश नास हुन नदिनका लागि पुत्रको आवश्यकता दर्शाइएको छ । पुत्र प्राप्ति र राजसूय यज्ञको समाप्ति पछि एकाएक राजा हरिश्चन्द्रमाथि भयङ्कर विपत्ति आइलाग्दछ र उनी महादुःखमा फस्दछन् । यसकथामा जीवनको ठूलो समय विपत्तिमा नै व्यतीत हुन्छ ।

---

[53] सत्यसारां धृतिं दृष्ट्वा सभार्यस्य च भूपतेः ॥२४॥
विश्वामित्रो भृशं प्रीतो ददावविहतां गतिम् । (***श्रीमद्भागवत,*** *नवमस्कन्ध सप्तमोऽध्याय)*
मनः पृथिव्यां तामद्भिस्तेजसाऽपोऽनिलेन तत् ॥२५॥
खेवायुंधारयंस्तच्चभूतादौ तं महात्मनि ।

[54] तस्मिन् ज्ञानकलां ध्यात्वा तयाऽज्ञानंविनिर्दहन् ॥२६॥
हित्वा तां स्वेन भावेना निर्वाणसुखसंविदा ।
अनिर्देश्याप्रतर्क्येण तस्थौ बिधवस्तबन्धनः ॥२७॥ (***श्रीमद्भागवत,*** *नवमस्कन्ध सप्तमः अध्याय श्लोक २०–२७)*

पछि उनी प्रजा सहित स्वर्ग प्राप्त गर्न सफल हुन्छन् । यस कथामा धेरै लामो वर्णन गरिएको छ ।

दुवै कथा मिल्दाजुल्दा छन् तर समयावधि फरक हुनाले कथावस्तु पनि फरक भएको हुन सक्दछ । पौराणिक कालका हरिश्चन्द्रका वंशमा पटकपटक सङ्कट आएको कथाले देखाउँछ । दुवै आख्यानका पात्र वैदिक धर्मावलम्बी, याज्ञिक अनुष्ठान गर्ने, दाता, प्रजापालक र इमान्दार देखिन्छन् ।

### ४.३.१ आर्थिक तुलना

ब्राह्मण ग्रन्थको समयमा सबै वस्तुको मूल्य र पारिश्रमिक तथा दान गर्दा गाईसँग तुलना गरिन्थो भन्ने देखाइएको छ । त्यस बेला गाई नै क्रयविक्रयको आधार थियो त्यसैले अजीगर्त ब्राह्मणले सय गाई लिएर छोरो बिकी गर्‍यो , सय गाई लिएर बाँध्यो र सय गाई लिएर मार्न तयार भयो । यसबाट त्यस समयमा गाईलाई वस्तु विनिमयको मापनका साथै विनिमयको माध्यम समेत बनाइएको थियो भन्ने थाहा पाइन्छ ।

पौराणिक कालमा विनिमयको माध्यम स्वर्णमुद्रा सम्म आइपुगेको पाइन्छ । कारोबार, दान, उपहार, बक्सिस आदि सबै नै स्वर्ण मुद्रामा हुने गरेको देखिन्छ । राजा हरिश्चन्द्रले आफ्नी रानी शैव्यालाई स्वर्णमुद्रामा बेचेका थिए भने छोरा रोहित र आफैंलाई पनि स्वर्ण मुद्रामा नै विकी गरेको पाइन्छ । पौराणिक कालमा आइपुग्दा सुन चाँदीको चलन चल्ती भैसकेको र त्यसैको माध्यमबाट विनिमय (क्रय-विक्रय) गर्ने गरेको स्पष्ट देखिन्छ । राजा भन्दा अन्य नागरिक धनी देखिन्छन् । जसको उदाहरणमा चाण्डालले राजा हरिश्चन्द्रलाई खरिद गरेको र दास बनाउन लगेको तथा रानी र उनको पुत्रलाई समेत ब्राह्मणले दासी बनाउन खरिद गरेको घटनाले देखाउँछ ।

### ४.३.२ सामाजिक तुलना

वैदिक हरिश्चन्द्रोपाख्यानमा पुत्र प्राप्तिका लागि विभिन्न गाथाहरू बताइएको छ । तत्कालिन समाज पुरूष प्रधान थियो भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यस्तै गरी जसरी पनि पुत्र प्राप्त गर्नुपर्छ भन्ने मान्यता त्यतिखेर रहेको हुनुपर्दछ, अन्यथा नारद ऋषिले हरिश्चन्द्रलाई पुत्रको महत्वको त्यस्तो गाथा पक्कै पनि सुनाउदैनथे होला । पशुहरू समेत

पुत्रका लागि अगम्य ठाउँमा गमन गर्दछन् भन्नुको अर्थ सामाजिक मर्यादा कायम थिएन भन्ने बुझिन्छ । अर्को तर्फ पुत्रोत्पादनका लागि गरिने गमनलाई तत्कालिन समाजले सजिलै सँग स्वीकार गरेको देखिन्छ । व्यभिचार मानिएको देखिंदैन ।

पौराणिक हरिश्चन्द्रोपाख्यानमा सामाजिक सद्भाव र मर्यादा कायम भैसकेको, पुत्र प्राप्ति पछि राजा हरिश्चन्द्रले वरुणलाई खुशी गराएका र त्यस पछि मात्र राजसूय यज्ञ गरेको वर्णन पाइन्छ । राजसूय यज्ञको दानको फलले नै वशिष्ठ ऋषि सम्मानित भै इन्द्रभवनमा पुगेका छन् भन्ने वताइएको छ । त्यस पछिको घटनाक्रमहरू थप भएका हुन सक्छन् । यसबाट समाजमा वर्ण व्यवस्था कायम भै सकेको स्पष्ट हुन्छ ।

### ४.३.३ पशुबलि

वैदिक तथा पौराणिक युगमा पशुबलि प्रथा रहेको कथाबाट प्रष्ट हुन्छ । अश्वमेध यज्ञको चलन प्राचीन समयदेखि नै रहेको पाइन्छ त्यस्तै गोमेध यज्ञ पनि हुन्थ्यो रे भनिन्छ । नरमेध वा नरबलिको चलन पनि थियो कि भनी शङ्का गर्ने ठाउँ यस आख्यानले प्रशस्त दिएको छ । यदि नरबलिको प्रचलन थिएन भने किन वरूणले राजा हरिश्चन्द्रसँग पुत्रको नै बलि माग गरे ? किन हरिचन्द्रले अन्य प्रकारले यज्ञ सम्पन्न गर्ने कुरा नगरेर, पुत्रको सट्टा ब्राह्मणको पुत्र ल्याएर यज्ञ पूरा गर्न खोजे ? यसले प्रशस्त संभावनाहरूलाई देखाएको छ । हालसम्म कतैकतै पशुबलि दिने चलन त्यही बेलादेखिकै अवशेषका रूपमा रहेको हो । पशुबलि सर्वथा निन्दनीय र निषिद्ध छ , यसलाई रोक्नु पर्दछ । पशुबलि कलियुगको लागि निषेध गरिएको छ ।

## ४.४ हरिश्चन्द्रको दु:खको कारण

श्रीमद्देवीभागवत पुराणको सप्तम स्कन्धमा हरिश्चन्द्रको दु:खको कारण यसप्रकार बताइएको छ - प्रसेनजित्का पुत्र यौवनाश्व परम धार्मिक थिए । सर्वाङ्ग सुन्दर राजा यौवनाश्वका सन्तान (सन्तति) केही पनि थिएनन् । उनकासयवटी रानी थिए । प्राय: राजा सदा नै पुत्रका लागि चिन्तासागरमा निमग्न रहन्थे । एक समय यिनै पृथ्वीपति यौवनाश्व दु:खित भै पुत्रका इच्छाले वनमा ऋषिहरूका पवित्र आश्रममा पुगे । त्यस तपोवनमा पुगेर तपस्विका सामुन्ने अत्यन्त लामा लामा श्वास फेर्न थाले । उनलाई दु:खित देखेर ब्राह्मणहरू कृपाका वशीभूत भए । तब ब्राह्मणहरूले उनलाई सोधे -'हे पार्थिव ! तपाईं के कारण शोक

गर्नुहुन्छ ? हे महाराज तपाईका मनमा के दुःख छ ? सत्य बताउनुहोस् । हामी अवश्य तपाईका दुःखको प्रतिकार गर्नेछौं ।' यौवनाश्व भन्छन् -'हे मुनिगण ! मसँग राज्य, धन र उत्तम घोडाहरू सम्पूर्ण विद्यमान छन् । मेरो विमल शुद्ध स्वभाववाला सय रानीहरू विद्यमान् छन्, त्रिलोकमा मेरो कोही शत्रु पनि छैन । मेरो अपेक्षा बलवान् कोही पनि छैन । सम्पूर्ण राजा र मन्त्री मेरा आज्ञाकारी छन् तर हे तपस्वी एक मात्र अपुत्रता दुःखले नै मेरो सम्पूर्ण सुख नष्ट गरेको छ । हेर्नुस् पुत्रहीन मनुष्यलाई कहिल्यै स्वर्ग प्राप्त हुँदैन । अतएव हे विप्रेन्द्रगण ! केवल सन्तानका लागि नै म निरन्तर शोक गर्दछु । तपाई तपस्वीहरू विशेषगरी बहुत परिश्रम गरेर वेदशास्त्रको सार मर्म जान्नु हुन्छ, अतएवः सन्तानको इच्छा गर्ने पुरूषलाई कुन यज्ञ गर्नु युक्तिसङ्गत छ मलाई यो बताउनुहोस् ।[55] हे तपस्वी ! यदि तपाईहरू मप्रति कृपा गर्नुहुन्छ भने यो सत्कार्यको अनुष्ठान गराइदिनुहोस् ।' राजाका यस्ता वचन सुनेर दयाले पूर्ण भै स्थिरभावले उनीहरूले इन्द्र जुन यज्ञका अधिष्ठात्री थिए, त्यही यज्ञ गराए । राजालाई पुत्र प्राप्तिका लागि पहिले उनीहरूले जलपूर्ण कलश स्थापना गराए । वैदिक मन्त्रद्वारा त्यसलाई अभिमन्त्रित गरे । एक दिन रातिको समयमा राजालाई तिर्खा लाग्यो । उनी यज्ञस्थलमा गए र ब्राह्मणहरू सुतिरहेको देखेपछि यही नै मन्त्रपूत जल आफूले पिए । ब्राह्मणहरूले विधिपूर्वक अभिमन्त्रित गरी जल राजाकी भार्याका लागि संस्कार गरेका थिए, तर राजाले प्यासी भएर अज्ञानवश स्वयं त्यो जल पिए । दोस्रो दिन प्रातः कालमा ब्राह्मणहरू जलरहित कलश देखेर अत्यन्त सशंकित भए । तब ब्राह्मणहरूले राजालई सोधे यो जल कसले पियो ? तिनीहरूले थाहा पाए कि यो जल राजाले पिए, यो दैव संयोगले हुन गयो । मुनिहरूले यस्तो जानेर यज्ञ समाप्त गरी आफ्ना आफ्ना घर गए । त्यस पछि राजाले त्यो यज्ञीय मन्त्रबलको प्रभावले गर्भधारण गरे । केही दिन बितेपछि सन्तान पुष्ट भयो तब राजाका मन्त्रीहरूले उनको दाहिने कोखामा प्वाल पारी पुत्र निकाले । देवताहरूको कृपाले गर्दा मात्र त्यस समयमा राजाको मृत्यु हुन पाएन । अब यो कुमार कसको स्तन पान गर्ला, यस्तो भनेर मन्त्रीहरू अत्यन्त पिर गर्न लागे । तब इन्द्रले 'मांधाता'

[55] राज्यं धनं सदश्वाश्च वर्तते मुनयो मम ॥
भार्याणं च शतं शुद्धं वर्तते विशदप्रभम् ।
नारातिस्त्रिषु लोकेणु कोऽप्यस्ति बलवान्मम ॥
आज्ञाकरास्तु सामंता वर्तंते मंत्रिणस्तथा ।
एकं सन्तानजं दुःख नान्यत्पश्यामि तापसाः ॥
अपुत्रस्य गतिर्नास्ति स्वर्गो नैव च नैव च ।
तस्माच्छोचामि विप्रेंद्राः संतानार्थं भृशं ततः॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, नवमोऽध्यायः,* श्लोक ४९-५२)

अर्थात् मेरो (मेरो अमृतमय चोरी औंला पिउँछ) यस्तो भनी उसका मुखमा चोर औंलो दिए यसै कारणले ऊ महावलीको नाम मांधाता रहन गयो ।[56]

उनै मांधाता सत्यप्रतिष्ठाले क्रमानुसार सम्पूर्ण भूमण्डललाई जितेर राजाहरूलाई आफ्ना वशमा राखे । उनका समयमा तस्करहरू भागेर डरले त्रस्त भै पर्वतका गुफामा गएका थिए । यसकारण इन्द्रले उनको नाम त्रसदस्यु राखे । उनले नन्दपाल शशविन्दुकी कन्या विन्दुमतीको पाणिग्रहण गरेका थिए । तिनी पतिव्रताका अङ्ग प्रत्यङ्गमा सम्पूर्ण शुभलक्षण विद्यमान भएकाले सौन्दर्यको सीमा नै थिएन । यिनैका वंशमा अरूण भए । अरूणका पुत्र सत्यव्रत भए । सत्यव्रत अत्यन्त लोभी कामुक र मन्दस्वभाव र स्वेच्छाचारी थिए ।

एक समय तिनै पापात्मा राजकुमारले कामले मोहित भै कुनै ब्राह्मणकी भार्या हरण गरेर उसको विवाहमा विघ्न गरे । सम्पूर्ण ब्राह्मणहरू मिलेर अत्यन्त परिताप गर्न लागे । परिताप गर्दै गर्दै राजा अरूणका समीपमा गएर बारम्बार भन्न लागे हा ! हामी मर्‍यौं राजाले यी दुःखित स्त्री र पुरवासी ब्राह्मणहरूलाई सोधे हे विप्रबृन्द ! मेरा छोराले तपाईंहरूको के अनिष्ट कार्य गर्‍यो ? राजाका यस्ता विनययुक्त वचन सुनेर वेद जान्नेवाला ब्राह्मणहरूले बारम्बार आशीर्वाद दिएर उनलाई भन्न लागे -'हे राजन् ! तपाई बलवान् हुनुहुन्छ । अतएवः तपाईका पुत्र पनि यस्ता नै छन् । उनले विवाह स्थलमा एक विवाहित ब्राह्मणकी कन्यालाई बलपूर्वक हरण गरे ।' ती परमधार्मिक राजाले ब्राह्मणका यी वचन सत्य मानेर छोरालाई भने -'हे दुर्बुद्धे ! आज तैंले यो दुष्कार्य गरेर आफ्नो सत्यव्रत नामको अर्थ निष्फल गरिस् । हे दुराचारी ! तँ मेरा घरबाट निक्ली जा पापी ! मेरो अधिकारमा अब तँ कहीँ पनि रहन सक्दैनस् ।' तब सत्यव्रतले पितालाई रिसाएको देखेर बारम्बार भने -'हे पिता म कहाँ जाऊँ ?' राजाले भने तँ श्वपच (चाण्डाल) का साथमा समय व्यतित गर् । तैंले ब्राह्मणकी स्त्रीहरण गरेर श्वपचको कार्य गरिस्, अतएव उसैसँग रहेर सुखपूर्वक समय बिता । हे कुलपाँसन ! म तँ जस्तो दुराचार छोराको पुत्रवान् हुने इच्छा गर्दिन । विशेषगरी तैंले वंशको कीर्ति नाश गरिस् । अतएवः हे दुष्टात्मन् ! तेरो जहाँ इच्छा छ त्यहीँ जा ।

[56] देवानां कृपया तत्र न ममार महीपतीः ।
कं धास्यति कुमारोऽयं मंत्रिणश्चुक्रुशुभृशम् ॥
तदेन्द्रो देशिनी प्रादान्मांधातेत्यवदद्वचः ।
सोऽभवद्बलवान्राजा मांधाता पृथिवीपतिः ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, नवमोऽध्यायः श्लोक ६२-६३)*

सत्यव्रत कुपित पिताका वचन सुनेर तत्काल त्यस पुरीबाट बाहिर निस्क्यो र श्वपच भएका ठाउँमा गयो । त्यो राजकुमार धनुर्वाण धारण गरी श्वपच सँगै समय बिताउन लाग्यो तर उसका हृदयमा करूणाको अभाव भएन । विशेष गरेर धर्मशास्त्रको जान्नेवाला वशिष्ठजीले पुत्रलाई निकाल्नमा उद्यत राजालाई निवारण गरेनन् वा रोकेनन् यस्तो ठानेर सत्यव्रत उनीसँग रिसाएका थिए ।

उनका (सत्यव्रत) पिता कुनै अनिर्वचनीय कारणले नगर त्यागेर पुत्रका लागि तपस्या गर्न वनमा गए । यस अधर्मले गर्दा पाकशासन महेन्द्रले त्यस राज्यमा बाह्र वर्षसम्म एकपल्ट पनि वर्षा गरेनन् । त्यस समयमा ऋषि विश्वामित्र त्यसै राज्यमा आफ्ना स्त्री र पुत्रहरूलाई छोडेर कौशिकी नदीका तटमा उग्र तपस्या गर्न गए । तब कौशिककी यी परम सुन्दरी भार्या कुटुम्ब पालन गर्नका लागि दुःखले आतुर भइन् । बालक भोक प्यासले व्याकुल भएर कराउन लागे । खाने अन्न छैन, पिउने पानी छैन, माग्दै रोइरहन्छन् मात्र । यस्तो अवस्थामा कौशिककी भार्या पनि अत्यन्त दुःखित भइन् । उनी छोराहरूलाई क्षुधातुर देखेर चिन्ता गर्न लागिन् । राजा पनि राजधानीमा छैनन्, अब म मेरा पुत्रहरूको रक्षा कसरी गरूँ ? कसले यिनको रक्षा गरिदेला ? रातदिन यिनीहरू रोइरहन्छन् । यसकारण मैले जीवन धारण गर्नु व्यर्थ छ । धनहीन भएर बाँच्नु पनि धिक्कार छ । यस्ता अवस्थामा मलाई छाडेर पति तपस्या गर्न गएका छन् । म धनका अभावले यो कष्ट भोगिरहेकी छु, उनी समर्थ भएर पनि यी कुरा जान्दैनन् । पति बिना म कसरी यी बालकलाई कसद्वारा भरणपोषण गरूँ ? भोकले गर्दा सबैभन्दा राम्रा र असल छोराहरू कालका मुखमा पर्न लागे । जे भए पनि यी मध्ये यौटालाई बेचेर जे जति द्रव्य पाइन्छ उसैले बचेका पुत्रलाई पालन गर्दछु । यही उपाय गर्नु नै मेरा लागि उचित छ । यसभन्दा अर्को उपाय पनि छैन । नत्र भने सम्पूर्ण पुत्रहरू सहसा मृत्युका मुखमा पर्नेछन्, यस्तो हुन दिनु उचित छैन । अतएव जीवन यात्रा निर्वाह गर्नका लागि म एक छोरालाई बेच्दछु । यी सतीले मनमा यस्तो प्रकारले विचारपूर्वक आफ्नो हृदयलाई कठोर बनाएर कुशको डोरी बाटेर त्यही डोरीले छोराका गलामा बाँधी बेच्नका लागि बाहिर निस्किइन् ।[57] ती मुनिपत्नीले अवशिष्ट (बाँकी) पुत्रहरूको भरणपोषण गर्नका

---

[57] हृदयंकठिनंकृत्वा संचिंत्य मनसा सती ॥
सा दर्भरज्ज्वा बद्धाय गले पुत्रं विनिर्गता ॥
मुनिपत्नी गले बद्ध्वा मध्यमं पुत्रमौरसम् ।
शेषस्य भरणार्थाय गृहीत्वा चालिता गृहात् ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध, दशमोऽध्याय श्लोक ३३-३४)*

लागि गर्भजात (जन्मदेखि) मध्यम (माइलो) छोराको गलामा बाँधेर उसलाई लिएर घरबाट बाहिर निस्केकी थिइन् । यसरी हिँडेकी शोकसन्तप्त तापसीलाई देखेर सत्यव्रतले बाटैमा सोधे -'हे शोभने ! तिमी यो कुन कार्यमा प्रवृत्त भयौ ? तिमी को हौ ? यो बालक किन रोइरहेछ ? तिमी के कारणले यसको घाँटी बाँधेर लिइ जाँदै छ्यौ ? हे चारूवदने ! यसको कारण के हो ? मलाई सत्य सत्य बताऊ ।' ऋषि पत्नीले भनिन् -'हे नृपनन्दन ! म विश्वामित्र ऋषिकी भार्या हुँ । यो मेरो औरस पुत्र हो, अन्नका अभावले गर्भजात पुत्रलाई आफ्नै इच्छानुसार बेच्नका लागि लाँदैछु । मेरा स्वामीले मलाई छाडेर कहीँ तपस्या गर्न गएका छन् । मेरा घरमा पनि केही अन्न छैन । अतएवः क्षुधाले कातर भई बाँकी सन्तानको भरणपोषणका लागि म यसलाई बेच्दछु ।' सत्यव्रतले भने -'हे पतिव्रते ! तिमी पुत्रको रक्षा गर वनबाट जबसम्म तिम्रा पति फर्केर यस ठाउँमा आउँदैनन् तबसम्म म तिम्रो भरणपोषणको लागि उपयुक्त आहारका सामग्री दिन्छु । तिम्रो आश्रमको नजिकै कुनै वृक्षमा केही भक्ष्य (खानेकुरा) सधैं बाँधेर आउने गर्दछु । म यो सत्य कुरा तिमीलाई भन्दछु ।' विश्वामित्रकी पत्नी यस्ता वचन सुनेर पुत्रको बन्धन फुकाएर आफ्ना आश्रममा गइन् । गला बन्धनका कारण यो बालक गालव नामले प्रसिद्ध भएर अन्तमा महातपा ऋषि भयो । तब विश्वामित्रकी भार्या आफ्ना आश्रममा गएर पुत्रसहित आनन्दको अनुभव गर्न लागिन् । सत्यव्रत भक्ति र कृपाले पूर्ण भएर विश्वामित्रकी भार्याको भारवहन गर्न लागे । तिनी वनमा वराह, मृग, महिष आदि मारेर तिनको मांस विश्वामित्रकी पत्नी र पुत्रका लागि लगेर जुन स्थानमा वास गर्थे त्यसै तपोवनका नजिकका रूखमा बाँधेर आउँथे । ऋषिपत्नी पनि त्यो मासु लिएर छोराहरूको भक्षणका लागि दिन्थिन्, यसै प्रकारले उनले अति उत्तम भक्ष प्राप्त गरेर अत्यन्त सुख अनुभव गरिन् । सत्यव्रत पनि पिताको आज्ञानुसार नित्य पशु मारेर जीविका चलाउँथे र धर्ममा निरत रहेर नगरबाहिर वनमा वास गर्दथे । सत्यव्रतले कुनै कारणले वशिष्ठमाथि सँधै रिस लिएर बसेका थिए किनकि पिताले जब धार्मिक प्रिय पुत्रलाई परित्याग गरे, तब उनले राजालाई त्यसो नगर्न रोकेनन् । यही नै रीसको कारण थियो । सात पाइला नहिँडीकन पाणिग्रहण कर्म समाप्त हुँदैन, त्यसैले त्यसो नभैकन गरिएको कन्याहरण ब्राह्मणकी पत्नीको हरण ठहर्दैन, यो त 'कन्याहरण' हुन्छ । धर्मात्मा वशिष्ठले यो कारण जानेर पनि राजालाई छोरो त्याग्न लाग्दा निषेध गरेनन् ।।

एक दिन राजपुत्र सत्यव्रत मृगको सिकार गर्न वनमा गएका थिए । तर त्यस दिन उनले कुनै पनि जनावर पाउन सकेनन् र वनमा ऋषि वशिष्ठकी दुग्धवती गाई देखे । तब

उनले भोक, तिर्खा, क्रोध र मोहका वशले दस्युका समान गाईको हत्या गरे र त्यही मासु विश्वामित्रकी पत्नीको लागि वृक्षमा बाँधेर बाँकी रहेको अवशिष्ट मांस स्वयंले भक्षण गरे ।[58] उता विश्वामित्रकी पत्नीले पनि यस गोमांसलाई नचिनेर यो मृगकै मासु होला भन्न ठानेर सम्पूर्ण मासु आफूले खाइन् र छोराहरूलाई पनि खुवाइन् । यता वशिष्ठजी आफ्नो कामधेनु गाईको विनाश भएको थाहा पाएर रिसाउँदै सत्यव्रतलाई भन्न लागे -'हे दुरात्मन् ! तैंले गाई मारेर पिशाचको समान पापकर्म गरिस् । गोबध, द्विजपत्नीहरण र पिताको अत्यन्त क्रोध यिनै तीन अपराधले तेरो निधारमा तीन शंकु अर्थात् कुष्ठवात् तीन पाप चिह्न तुरुन्त होस् । अबदेखि तँ सम्पूर्ण प्राणीहरूलाई पिशाचका समान आफ्नो रूप देखाएर पृथ्वीमा त्रिशंङ्कुनामले विख्यात भएस् ।'[59] सत्यव्रत यस प्रकारले ऋषि वशिष्ठका श्रापले गर्दा अन्त कतै नगैकन वनका आश्रममा रहेर कठोर तपस्याको अनुष्ठान गर्न लागे । उनलाई कुनै ऋषिपुत्रले अत्युत्तम मन्त्र दिए र परमाप्रकृति शिवा भगवतीदेवीको ध्यानमा निमग्न भए ।

एक दिन उनले नवाक्षर मन्त्र जप गरेर त्यो भगवती मन्त्रको पुरश्चरण गराउनका लागि ब्राह्मणहरूका समीपमा गै भक्तिपूर्वक प्रणाम गरेर भन्न लागे -'हे ब्राह्मणहरू ! तपाईहरू मेरा वचन सुनिदिनोस् । म विनयपूर्वक प्रार्थना गर्दछु कि, तपाईहरू मेरो ऋत्विक् भइदिनुहोस् । तपाईहरू वेद जान्ने हुनुहुन्छ यसकारण मप्रति कृपा गरेर यथाविधि कार्य सिद्धिका लागि जपको दशांश हवन गर्नुहोस् । हे विप्रगण मेरो नाम सत्यव्रत हो । म राजपुत्र हुँ । मेरो मङ्गल गर्नका लागि यो कार्य सम्पादन गरिदिनु तपाईहरूको कर्तव्य हो ।' ब्राह्मणहरूले यस प्रकारका राजपुत्रका वचन सुनेर उनलाई भने -'हे राजपुत्र ! तिमी गुरूबाट शापित भएर पिशाचत्वमा पुगेका छौ । अब तिम्रो वेदमा अधिकार छैन । तिमीलाई जुन पिशाचता प्राप्त भएको छ, त्यो सम्पूर्ण लोकमा ज्यादै निन्दनीय छ । यसकारण अब तिमी यागार्ह हुन सक्दैनौ ।' यसप्रकारका वचन सुनेर दुःखित भै विचार गरे कि मेरो जीवन धिक्कार छ । अब म वनमा बसेर के गरूँ ? पिताले मलाई त्याग गरे यसले राज्यभ्रष्ट

---

[58] कस्मिंश्चिद्दिवसेऽरण्ये मृगाभावं महीपतीः ।
वशिष्ठस्य च गां दोग्ध्रीमपश्यद्वनमध्यगाम् ॥
तां जघान क्षुधार्तस्तु क्रोधान्मोहच्च दस्युवत् ।
वृक्षे बबंध तन्मांसं नीत्वा स्वयमभक्षयत् ॥
ऋषिपत्नी सुतान्सर्वान्भोजयामास तत्तदा ।
शंकमाना मृगस्येति न गोरिति च सुव्रता ॥ (पूर्ववत्, दशमोऽध्याय श्लोक ५१-५३)

[59] त्रिशंङ्कुरिति नाम्ना वै भुवि ख्यातो भविष्यसि ।
विशाचरूपमात्मानं दर्शयन्सर्व देहिनाम् ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध दशमोऽध्याय* श्लोक ५६)

भयो । यसमाथि पनि गुरूले श्राप दिनाले पिशाचपन प्राप्त भयो, अब म के गरूँ, केही कुरा स्थिर गर्न सकिँदैन । त्यसपछि राजनन्दनले काठहरू ल्याए र ठूलो चिता बनाए । मनमनै चण्डिकादेवीको स्मरण गरे, र उनको मन्त्र जप्दै जप्दै चितामा प्रवेश गर्नका लागि कृत सङ्कल्पित भए । फेरि राजकुमारले अगाडि चितामा आगो बालेर त्यसमा प्रवेश गर्नका लागि दुवै हात जोडी उभिएर देवी महामायाको स्तव गर्न लागे । त्यसै समयमा भगवतीले ती राजपुत्रको मृत्युकामना थाहा पाएर तत्काल सिंहमा चढी आकाशमार्गबाट त्यहाँ आइन् । प्रत्यक्ष दर्शन दिएर गम्भीर वचनले भन्न लागिन् -'हे साधु ! तिमीले मनमा यस्तो के निश्चय गऱ्यौ ? तिमी शरीर त्याग नगर, स्थिर होऊ । हे महाभाग ! तिम्रा पिता यसबखत बूढा भइसके । अब तिमीलाई राज्य दिएर तपस्या गर्न वनमा जानेछन्, अतएव हे वीरवर ! विषाद छोडदेऊ हे भूपति ! पर्सिका दिन तिम्रो पिताका मन्त्री तिमीलाई लिन आउनेछन् । मेरो प्रसादले तिम्रा पिताले तिमीलाई राज्यमा अभिषिक्त गर्नेछन् । यथा समयमा कामना जितेर ब्रह्मलोक जानेछौ, यसमा सन्देह छैन ।' यति भनी देवी त्यसै समयमा त्यही स्थानमा अन्तर्ध्यान भइन् ।

यता नारदजीले अयोध्यामा आएर तत्काल सबै वृतान्त राजालाई सुनाए । राजा पनि छोराको मर्ने उद्यम सुनेर दुःख र चिन्ताले पछुताउन लागे । धर्मात्मा राजाले मन्त्रीहरूलाई भने -'तिमीहरू सबैले मेरो छोराको कठोर कार्यको विषयमा जान्यौ होला । मैले नै आफ्नो बुद्धिमान छोरो सत्यव्रतलाई वनमा त्यागेँ । परन्तु त्यो राज्य भएर पनि मेरो आज्ञाले वनमा गयो । त्यो धनहीन अवस्थामा क्षमाशील भएर भलीभाँती ज्ञानको आराधना गर्दै त्यही स्थानमा बसेको छ । तर वशिष्ठदेवले श्राप दिएर ऊ पिशाच समान बनेको छ । ऊ यस बखतमा दुखाग्निले सन्तप्त भएर हुताशनमा प्रवेश गर्नका लागि उद्यत भयो । किन्तु महादेवीले रोक्नाले ऊ यस कार्यबाट विरत भएको छ । यसकारण तिमीहरू शीघ्र त्यस स्थानमा जाओ र महावली जेष्ठपुत्रलाई सान्त्वना दिएर सम्झाएर अहिल्यै मेरा नजीकमा ल्याओ । म त्यही औरस पुत्रलाई राज्याभिषेक गर्दछु । किनकि ऊ प्रजापालन गर्न समर्थ छ । मेरो चित्त अब शान्तस्वभावको भएको छ । यसैले म तपस्या गर्नका लागि कृतसङ्कल्पित भएको छु ।' यति भनी राजाले सब मन्त्रीहरूलाई पठाए । तब मन्त्रीहरू गई राजपुत्रलाई सम्झाए र सम्मानसहित अयोध्या नगरमा लिई आए । सत्यव्रत मैलो वस्त्र लगाएका, जटाजुटधारी, कृशकाय (दुब्लो शरीर) दुर्वल, कर्कशाकृति, चिन्तातुर यस्तो अवस्थामा देखी राजाले चिन्ता गर्न लागे कि - 'मैले छोरालाई निकालेर कस्तो निष्ठुर काम गरेछु ।' यस्ता

मनमा चिन्ता लिई राजाले सत्यव्रतलाई प्रेमपूर्वक आलिङ्गन गरे । सम्झाएर बुझाएर आफ्ना नजिकमा आसनमा राखेर राजाले प्रेमपूर्वक भन्न लागे -'सदा धर्ममा मति राख्नू, ब्राह्मणहरूको सम्मान गर्नु तिम्रो कर्तव्य हो । तिमीले न्यायअनुसार धन ग्रहण गर्नू, सर्वदा प्रजाको रक्षा गर्नू, कहिल्यै पनि झुट्टा कुरा नगर्नू हुँदैन अथवा कुनै प्रकारको कुमार्गमा नलाग्नू । तर साधुहरूको वचन राम्रोसँग प्रतिपालन गर्नु उचित हुन्छ, तपस्वीहरूको पूजा गर्नुपर्दछ । इन्द्रियजन्य गर्नु क्रुर स्वभावका तस्करहरूको बध गर्नु उचित हुन्छ । हे पुत्र ! कार्य सिद्धिका लागि मन्त्रीहरूलाई सम्झाएर गुप्तचर राख्नुपर्दछ । शत्रु आदि अति सामान्य भए तापनि कार्यकुशल राजाले उसलाई कहिल्यै अपेक्षा गर्दैनन् । शत्रु पराईप्रति अनुरूक्त भएर यदि कमजोर छ भने पनि उसको विश्वास गर्नु हुँदैन । के शत्रु के मित्रु सबैका नजिकमा रहने गरी दूतहरू नियुक्त गर्नुपर्दछ । सँधै धर्ममा अनुराग दर्शाउनु र सँधै दान गर्नु पर्दछ । वृथा वितण्डवाद गर्नु अनुचित छ । दुष्टहरूको सँगत नगर्नू । हे पुत्र ! तिमीले महर्षिहरूको पूजा र अनेक प्रकारका यज्ञको अनुष्ठान गर । स्त्री, स्त्रैण-पुरूष, र द्यूतनिरत पुरूषको कहिल्यै विश्वास नगर्नू । सिकारमा ज्यादै आशक्त हुनु पनि उचित छैन । जुवा, मद्यपान, गीत-वादन यी सब विषयबाट विरत रहनु र प्रजाहरूलाई पनि यस कार्यदेखि रक्षा गर्नु । 'नित्य ब्राह्ममुहुर्तमा उठेर फेरि स्नान गरी सम्पूर्ण नित्य कार्य र अनुष्ठान गर्नू । हे पुत्र ! गुरूका नजिक रहेर देवी मन्त्रले दीक्षित भै भक्तिपूर्वक परमाशक्ति भगवतीको महती पूजा गर्नू । जो पुरूष महादेवीको केवल एकपल्ट मात्र पूजा गरेर उनको चरण कमलको जलपान गर्दछ, त्यस पुरूषले फेरि जननीका गर्भमा वास बस्नुपर्दैन । प्रतिदिन नैमित्तिक कार्य समापन गरी ब्राह्मणका सभामा जानुपर्दछ, र उनीहरूलाई बोलाएर धर्मशास्त्रका सिद्धान्त सोध्नुपर्दछ । वेद र वेदान्तमा पारङ्गत ब्राह्मण अवश्य पूजनीय छन् अतएव उनीहरूको पूजा गरी पात्र विचार गरेर गौ, भूमि, सुवर्ण इत्यादि दान गर्नू । कुनै पनि अविद्वान ब्राह्मणको कहिल्यै पूजा नगर्नू । मूर्ख पुरूषलाई खानभन्दा बढी दान नदिनू । हे वत्स ! लोभका वशमा परेर कहिल्यै धर्मको उल्लङ्घन नगर्नू । यो मनमा सधैँ विचार राखी छाड्नू कि 'म कहिल्यै पनि ब्राह्मणलाई अपमान गर्दिनँ' । ब्राह्मण क्षत्रियका कारण र उनीहरूका देवता हुन् । अतएवः यत्नसहित ब्राह्मणको सम्मानको रक्षा गर्नुपर्छ र यसमा त्रुटी हुनु हुँदैन । जलबाट अग्नि, ब्राह्मणबाट क्षत्र र ढुङ्गाबाट फलामको उत्पत्ति हुन्छ । यिनको तेज सर्वत्रगामी भएर पनि स्व स्वयोनिकासँग विरोध छ, र उसैमा नै प्रशमित हुन्छ, यो निश्चय जानिराख । जो राजा आफ्नो उन्नतिको कामना गर्दछ, उसले दान र ब्राह्मणको

भलिभाँती सम्मान गर्नुपर्दछ किनकि ब्राह्मणहरू निश्चय पनि ब्रह्माका मुखबाट प्रकट भएका हुन् । धर्मशास्त्रअनुसार नीतिको अनुसरण गर्नू र न्यायसङ्गत ढङ्गले राज्यकोष बढाउनू ।'[६०] यसप्रकारले पिताले पुत्रलाई उपदेश दिए तब त्रिशङ्कु प्रेमले गद्गद् भएर रूद्धकण्ठले पितासँग भन्न लागे -'तपाई जे भन्नुहुन्छ म त्यही गर्नेछु ।' त्यसपछि नरपतिले वेदशास्त्र जानेका ब्राह्मणहरू बोलाएर छिट्टै अभिषेकका सामग्री मगाए । सम्पूर्ण तीर्थका जलहरू हालेर वरपरका सबै राजाहरूलाई आदरसहित बोलाएर पुत्र त्रिशङ्कुलाई शुभमुहुर्त र शुभ दिनमा राज्यमा अभिषिक्त गरी विधिपूर्वक राजासन दान दिए । तदनन्तर भूपति भार्यासहित पवित्र वानप्रस्थाश्रम ग्रहण गरी वनमा गै गङ्गाका किनारमा कठोर तपस्याको अनुष्ठान गर्न लागे ।[६१] फेरि कालधर्मको वशीभूत भएर राजा स्वर्ग गए, त्यहाँ देवताहरूद्वारा सम्मानित भै इन्द्रासनका नजिक सर्वदा सूर्यका समान तेज दीप्ति पाउन लागे ।

सत्यव्रतले वशिष्ट ऋषिको धेनुबध गरेका कारण श्रापग्रस्त भएका थिए । उनले पिशाचत्व प्राप्त गरेपछि उनको शरीर अत्यन्त कुत्सित, असह्य र भयदायी भएको थियो । किन्तु जब उनले भक्तिभावसहित देवीको उपासना गरे, देवी प्रसन्न भएर उनलाई दिव्यदेह प्रदान गरिन् । देवीकै कृपामृत सिँचनले उनको सम्पूर्ण पापक्षय र पिशाचाकृति हटेको थियो । तब सत्यव्रत पापरहित भएर अत्यन्त तेजस्वी बन्न पुगे । परमशक्ति देवीका प्रसादले वशिष्ठ ऋषि पनि उनीप्रति प्रसन्न भए । उनैका अनुग्रहले पिताजी पनि सत्यव्रतसँग प्रसन्न भए । सत्यव्रतलाई राजसिंहासन दिएपछि धर्मात्मा सत्यव्रतले राजा भै राज्यशासन र समय समयमा अनेक प्रकारका यज्ञका अनुष्ठान गरी देवदेवीको सनातन पूजा अर्चना गर्न लागे । यिनै सत्यव्रत महाराजका हरिश्चन्द्र नामक एक परम सुन्दर पुत्र उत्पन्न भए । तिनै शोभायमान राजपुत्रका अङ्गमा सम्पूर्ण शास्त्रविदित शुभलक्षणहरू विराजमान थिए । पृथ्वीपति

[६०] तस्माद्राज्ञा विशेषेण माननीया मुखोद्भवाः ।
दानेन विनयेनैव सर्वथा भूतिमिच्छता ॥
दंडनीति सदा कार्या धर्म शास्त्रानुसारतः ।
कोशस्य संग्रहः कार्यो नूनं न्यायागतस्य ह ॥ (***श्रीमद्देवीभागवत**, सप्तमस्कन्ध, एकादशोऽध्याय श्लोक ५२-५३)*

[६१] विप्रानाहूय मंत्रज्ञान्वेदशास्त्र विशारदान् ।
अभिषेकाय संभारान्कारयामास सत्वरम् ॥२॥
सलिलं सर्व तीर्थानां समानाप्य विशांपति ।
प्रकृतीश्च समाहूय सामंतान्भूपतीं स्तथा ॥३॥
तृतीयभाश्रमं पुण्यं जग्राह भार्यया युतः ।
वने त्रिपथगाकूल चचार दुश्चरं तपः ॥५॥ (***श्रीमद्देवीभागवत**, सप्तमस्कन्ध, द्वादशोऽध्याय श्लोक २-५)*

महाराज त्रिशङ्कुले पुत्रलाई युवराज बनाई मनुष्य शरीरले नै स्वर्गको सुखभोग गर्ने इच्छा गरे । तब राजाले प्रसन्न चित्तले वशिष्ठका आश्रममा गएर विधिपूर्वक प्रणाम गरी हात जोडेर भन्न लागे -'हे तपोधन ! तपाई ब्रह्माजीको पुत्र र सम्पूर्ण वैदिक मन्त्रको पारदर्शी हुनुहुन्छ । यसकारण तपाईको सौभाग्यको सीमा छैन, अतएव म तपाईसँग एउटा विषय निवेदन गर्दछु तपाई प्रसन्न चित्तले सुन्नुहोस् । यस समय म यसै शरीरले नै स्वर्गलोकको सुख र सम्पूर्ण देवदेवताको भोग्यवस्तुहरू भोग गर्ने इच्छा गर्दछु ।[६२] नन्दनवनमा विहार, अप्सराहरूसँग सहवास र देवगन्धर्वका मधुर सँगीत सुन्ने इच्छा उत्पन्न भएको छ । अतएवः हे महामुने ! म जसरी यसै शरीरद्वारा स्वर्गमा वास गर्न सक्दछु, त्यस्तो यज्ञ मलाई तपाईले गराइदिनुहोस् । हे महामुने ! तपाई यो यज्ञको कार्य सम्पादन गर्नमा पूर्ण समर्थ हुनुहुन्छ । त्यसैले तपाईं मेरो लागि यस समयमा प्रवृत्त भइदिनुहोस् । तपाई यज्ञ गराएर मलाई छिट्टै नै दुर्लभ देवलोक प्रदान गर्नुहोस् ।' वशिष्ठ ऋषिले भने -'हे राजन् ! मनुष्यदेहले स्वर्गमा वास गर्नु अत्यन्त दुर्लभ छ । मृतक पुरूष पुण्य बलले स्वर्गमा वास गर्दछन्, यही कुरा प्रसिद्ध छ । अतएव हे सर्वज्ञ ! तिम्रो मनोरथ दुर्लभ छ । यसकारण म यस कार्यदेखि डराउँदछु हे महाराज ! जीवित पुरूषलाई अप्सराहरूसँग सहवास गर्न कठिन छ । त्यसैले हे महाभाग ! पहिले यज्ञको अनुष्ठान गर्नुहोस्, त्यसपछि यो शरीर त्याग गरेर स्वर्ग प्राप्त गर्नुहोस् ।'

महर्षि वशिष्ठ धेनुबधका कारण पहिलेदेखि नै राजाप्रति रोषयुक्त थिए । यसै कारणले उनले राजाका वचनलाई स्वीकार गरेनन् । फेरि राजाका यस्ता वचन सुनेर अत्यन्त विमन भए । राजाले महर्षिलाई भन्न लागे -'हे ब्रह्मन ! गर्वका वशीभूत भएर यदि तपाई मेरो यज्ञ गराउनुहुन्न भने म यसै बखत अर्को पुरोहित लगाएर यज्ञको अनुष्ठान गर्दछु ।' वशिष्ठले राजाका यस्ता वचन सुनेर कुपित भै उनलाई श्राप दिए -'हे दुर्मति ! तँ चाण्डाल भएस्, धेरै के भनूँ तँ शीघ्र नै यसै शरीरले श्वपच भएस् । जसले स्वर्गको मार्ग रोक्दछ, तैँले त्यही प्रकारका पापकर्म गरेको छस् । तैँले ब्राह्मणकी पत्नीहरण गरेर धर्ममार्ग नष्ट गरिस् । तैँले गोबध गरेर दूषित भइस् र तँ धर्म विदूषक होस् । अतएव हे पापिष्ठ ! तँ मरेर पनि

---

[६२] ब्रह्मपुत्रमहाभाग सर्वमंगविशारद ।
विज्ञप्तिं मे सुमनसा श्रोतुमर्हसि तापस ॥
इच्छा मेऽद्य समुत्पन्ना स्वर्गलोक सुखाय च ।
अनेनैव शरीरेण भोगान्भोक्तुममानुषान् ॥
अप्सरोमिश्च संवासः क्रीडितुं नंदनेवने ।
देवगन्धर्वगानं च श्रोतव्यं मधुरं किल ॥
यायज त्वं मखेनाऽऽसु तादृशेन महामुने ।*(**श्रीमद्देवीभागवत,** सप्तमस्कन्ध, द्वादशोऽध्याय श्लोक १९-२१)*

कहिल्यै स्वर्ग जान पाउँदैनस् ।' गुरूका यस्ता निष्ठुर वचन सुन्दा सुन्दै तत्काल नै त्यही शरीरले त्रिशङ्कु श्वपचाकृति भए, उनले लगाएका सुनका आभूषण सबै फलामका बने, उनको शरीरमा जुन सुगन्ध चन्दन थियो, त्यो दुर्गन्धमा परिणत भयो । उनको शरीरमा जुन मनोहर पीताम्बर युगल परिधान थियो त्यो नीलवर्ण भयो, उनको महात्मा शरीर ऋषिका श्रापले हात्तीको समान वर्णयुक्त भयो । जो परमाशक्तिको उपासक छ, उनको क्रोधको फल यस्तो प्रकारको हुँदो रहेछ । शक्तिका भक्तको अपमान मनुष्यले कहिल्यै गर्नु हुँदैन । किनकि वशिष्ठ ऋषि गायत्री देवीको जपमा सदा तत्पर रहन्थे । यसै कारणले उनको कोपले गर्दा राजाको दुर्दशा भयो । यसमा कस्तो विचित्रता छ ![६३]

राजा त्रिशङ्कु आफ्नो निन्दनीय शरीर देखेर दुःखित भए र घर नगैकन दीनवेशले वनमा गए । राजा त्रिशङ्कु दुःखले काँतर र शोकले अभिभूत भएर चिन्ता गर्न लागे कि - 'मेरो शरीर यस्तो भयो अब म कहाँ जाऊँ अथवा के उपाय गरूँ ? जसले गर्दा मेरो दुःख नास हुन्छ, यस्तो कुनै उपाय केही देख्दिनँ । यदि घर जाऊँ त पुत्र मेरो यो अवस्था देखेर अत्यन्त काँतर होला । भार्या मलाई श्वपचाकृति देखेर फेरि ग्रहण नगर्लिन् । मन्त्री पनि मेरो यस प्रकारको अङ्ग देखेर पहिलेको समान आदर नगर्लान् । विशेष गरी ज्ञाति र बान्धववर्ग मेरो निकट आएर पहिले जस्तै सेवा नगर्लान् । अतएवः सबैसँग परित्यक्त भएर बाँच्नुभन्दा मर्नु नै श्रेष्ठ छ । म विषपान गरेर अथवा जलाशयमा डुबेर वा घाँटीमा डोरी बाँधेर जीवन त्याग गर्दछु  अथवा बलपूर्वक यस देहलाई प्रज्वलित अग्निमा विधिपूर्वक जलाउँला वा निराहार रहेर यस अत्यन्त दूषित जीवनलाई विसर्जन गरूँला । किन्तु हा ! यसबाट पनि आत्महत्याको पाप हुनेछ, यसकारण हत्यादोषको वशीभूत भै प्रतिजन्ममा फेरि श्वपच र श्राप प्राप्त हुनेछ ।' मनमनै यस प्रकारका विचार भूपतिले गरेर फेरि चिन्ता गर्दै मनलाई स्थिर गरे कि -'आत्महत्या गर्नु मलाई उपयुक्त छैन । यस कर्मविपाकको भोग हुनाले त्यो अवश्य दूर हुनेछ त्यसैले यस देहले वनमा आफूले गरेका कर्मको फल भोग्दछु । विशेषगरी भोग्नुको अतिरिक्त प्रारब्धकार्य अर्को छैन । अतएवः जो जो शुभ अथवा अशुभ कार्य गरेको छ यस स्थानमा ती सम्पूर्ण भोग्दछु । म सधैं नै पवित्र आश्रममा वास बसेर तीर्थस्थलमा पर्यटन गरी माता अम्बिकाको स्मरण र साधुको सेवा गर्दछु । वनमा वास गरेर यस प्रकार

[६३] गजवर्णोऽभवद्देहः शापात्तस्य महात्मनः ।
शक्त्युपासकरोषेण फलमेतदभून्नृप ॥
तस्माच्छ्रीशक्ति भक्तो हि नावमान्यः कदाचन ।
गायत्रीजपनिष्ठो हि वशिष्ठो मुनिसत्तमः ॥ (पूर्ववत्, श्लोक ३४–३५) ।

निश्चय पनि कर्मक्षय गरूँला अनंतर भाग्यवश यदि कहिल्यै साधु समागम सङ्घटित भए भने मेरो कार्य सिद्ध होला ।' नरपति मनमा यस प्रकारका चिन्ता गरी आफ्नो नगर छोडेर गङ्गाका तटमा गए र अनेक अनुताप गर्दै त्यसै सुरनदीका किनारमा रहन लागे ।[६४] यता हरिश्चन्द्रले पितालाई श्राप परेर दुःख पाएको थाहा पाए । तब उनले दुःखित हृदयले मन्त्रीहरूलाई त्यहाँ पठाए । जुन समयमा राजा चाण्डाल समान भएर बारम्बार लामो सास फेर्दै रहेका थिए त्यसै समयमा मन्त्रीहरू उनका नजिक उपस्थित भएर अति विनित भावले प्रणाम गरी भने -'हे राजन् ! तपाईका पुत्रले हामीलाई पठाउनुभएको हो, उहाँको अनुमति अनुसार हामी तपाईका पास आएका छौं । हामी राजा हरिश्चन्द्रका आज्ञानुयायी मन्त्री हौं । तपाई यो सत्य मान्नुहोस्, हे नरनाथ ! तपाईका पुत्र युवराजले जे भन्नुभएको छ सो सुन्नुहोस् – उहाँले भन्नुभएको छ कि 'हाम्रो पिताजीलाई शीघ्र यहाँ लिइ आऊ ।' अतएवः हे राजन् ! मनको वेदना छाडेर राजधानीमा जाऔं, हिँड्नुहोस् । के मन्त्री, के प्रजा सबैले तपाईको सेवा गर्नेछन् । गुरूदेव वशिष्ठ जसरी तपाईप्रति दयायुक्त हुन्छन् हामी सम्पूर्ण उसै प्रकारले उनलाई प्रशन्न गरौंला, तब अवश्य नै ती महातेजी प्रसन्न भएर शीघ्र तपाईको दुःख नास गर्नेछन् । हे राजन् ! तपाईका पुत्रले यस प्रकारले अनेक कुराहरू भन्नुभएको छ त्यसकारण यसबखत आफ्नो घर हिँड्नुहोस् ।' ती श्वपचाकृति नरपतिले उनका ती वचन सुनेर पनि आफ्ना घर जाने इच्छा गरेनन् । बरू उनीहरूलाई भने कि -'हे मन्त्री हो ! तिमीहरू घर फर्क, जाऊ । तिमीहरू घर गएर मेरो वचनअनुसार मेरो पुत्रलाई भन कि – अब म घर आउन्न, तिमी आलस्य छाडी साबधान भएर राज्यशासन गर । विशेष गरी ब्राह्मणको सम्मान र अनेक यज्ञहरूको अनुष्ठान तथा देवताहरूको अर्चना गर । म यस निन्दनीय चाण्डाल शरीरले महानुभावगणसहित अयोध्यामा जाने इच्छा गर्दिनँ । अतएवः तिमी छिट्टै नै अयोध्या जाऊ । मेरो आज्ञानुसार मेरो पुत्र महाबल हरिश्चन्द्रलाई सिंहासनमा स्थापित गरेर तिमी राज्यकार्य सम्पादन गर ।' अन्ततः मन्त्रीले राजाको यस प्रकारको आज्ञा सुनी कातर हृदयले अत्यन्त रोदन गरे र उनलाई प्रणाम गरी छिट्टै नै वनाश्रमबाट निस्के ।

[६४] कुर्वन्पुण्या श्रमाभ्यासे तीर्थानां सेवनं तथा ।
स्मरणं चाम्बिकायास्तु साधूनां सेवनं तथा ॥
एवं कर्मक्षयं नूनं करिष्यामि वने वसन् ।
भाग्ययोगात्कदाचितत्तु भवेत्साधुसमागमः ॥
इति संचित्य मनसा त्यक्त्वा स्वनगरं नृप ।
गंगातीरे गतं कामं शोचंस्तत्रैव संस्थित ॥ (***श्रीमद्देवीभागवत***, *सप्तमस्कन्ध*, *द्वादशोऽध्याय* श्लोक ४७-४९)

त्यसपछि उनीहरूले अयोध्यामा आएर पवित्र दिन हेरी हरिश्चन्द्रको निधारमा विधिपूर्वक मन्त्रपूत अभिषेक जल प्रदान गरे । ती तेजस्वी धर्मनिष्ठ हरिश्चन्द्र पिताका आज्ञानुसार राज्यमा अभिषिक्त भै निरन्तर पितालाई स्मरण गर्दै मन्त्रीसहित धर्मानुसार राज्यशासन गर्न लागे । यता श्वपचाकृति राजा सन्तुष्ट चित्त लिएर भगवती भवानीको ध्यान गर्दै वनमा समय व्यतित गर्न लागे ।

यता केही समय व्यतित भएपछि कुशिक पुत्र विश्वामित्र एकाग्रचित्तको तपस्याको अनुष्ठान समाप्त गरी स्त्री र पुत्रलाई हेर्न भनी आफ्ना घर आए । यी बुद्धिमान् घर आउँदा पुत्रहरू स्वच्छन्दताले बसेका देखेर अत्यन्त खुसी भए र भार्या पनि आनन्दित देखेर उनले सन्मुख सेवा गर्न आएकी भार्यालाई सोधे -'हे सुलोचने ! दुर्भिक्षको समयमा तिमीले कसरी काल व्यतित गऱ्यौ ? घरमा केही अन्न पनि थिएन, तब यी बालकहरूलाई कुन उपायले प्रतिपालन गऱ्यौ ? यो सबै मलाई भन । हे सुन्दरी ! म तपश्चर्यामा सम्यक् प्रकारले बाँधिएको थिएँ । यसकारण तिमीहरूको पालनपोषण गर्नका लागि यहाँ आउन सकिँन । तर तिमीले खाद्य द्रव्यको अभावमा के उपायले बाँच्यौ ? हे शोभने ! अद्भूत दुर्भिक्षको वृत्तांन्त सुनेर विचार गरेँ कि, म धनहीन छु । यसकारण यस समयमा वहाँ गएर के गरूँ ? यसप्रकार विचार गरेर म यहाँ आइँन । हे वामोरू ! तब म एकदिन भोकले अत्यन्त कातर भएको थिएँ । कुनै उपाय नदेखेर एक चाण्डालका घरमा चोर भावले पसेँ । घरमा पसेर श्वपचलाई सुतेको देखेँ, त्यसै बखत म अत्यन्त भोक र प्यासले पीडित भएकाले उसको पाकशाला खोज्दै त्यहाँ पुगेँ ।[65] भोजनको हाँडी उघारेर हेर्दा भोजनका लागि त्यहाँ कुकुरको मासु पकाएर राखेको रहेछ र मैले त्यो ग्रहण गरेँ । त्यसै बखत श्वपचले मलाई देख्यो र उसले आदरपूर्वक सोध्यो – तिमी को हौ ? किन के कारण रात्रीका समयमा मेरा घरमा छिऱ्यौ ? किन पकाएको हाँडी उचाल्दछौ ? तिम्रो के उद्देश्य हो ? भन । मलाई यस्ता कुरा भनेपछि मैले त्यस चाण्डाललाई भनेँ – म तपस्वी ब्राह्मण हुँ । म क्षुधाले अत्यन्त दुःखित छु । त्यसैले चोरका रूपमा तिम्रो घरमा आएँ र भाँडाहरूमा खानेकुरा खोज्दैछु । हे महामते !

---

[65] अहमप्यति वामोरु पीडितः क्षुधया वने ।
प्रविष्ट श्चौरभावेन कुत्रचिच्छ्वपचालये ॥१०॥
श्वपचं निद्रितं दृष्ट्वा क्षुधया पीडितो भृशम् ।
महानसं परिज्ञाय भक्ष्यार्थं समुपस्थितः ॥११॥
यदा भांर्ड समुद्धाट्य पक्वं श्वतनुजाभिषम् ।
गृह्णमि भक्षणार्थाय तदा दृष्टस्तु तेन वै ॥१२॥ *(**श्रीमद्देवीभागवत** सप्तमस्कन्ध त्रयोदशोऽध्याय श्लोक १०-१२)*

यस समयमा म तिम्रो घरमा चोरभावले पनि अतिथि हुँ । म यसबखत भोकले पीडित छु । यसकारण सुसंस्कृत मांस भोजन गर्दछु । तिमी यस विषयमा मलाई अनुमति देऊ ।'[६६] श्वपचले मेरो यो वचन सुनेर मसँग शास्त्रविदित वचन भन्यो -'हे वर्णश्रेष्ठ ! यो चाण्डालको घर जान्नुहोस् । अतएव तपाईले यो कहिल्यै भक्षण गर्न हुँदैन । हेर्नुहोस् यस लोकमा मनुष्यको जन्म अत्यन्त दुर्लभ छ । मनुष्यको जन्म प्राप्त भए पनि ब्राह्मणको जन्म मानिसको भन्दा अझै दुर्लभ छ, र ब्राह्मणले ब्राह्मणत्व प्राप्त गर्नु अति कठिन छ । यो सबै तपाई जान्नु हुन्न र ? जो स्वर्गादि प्राप्त गर्ने इच्छा गर्दछन्, उनीहरूले दूषित अन्न कहिल्यै आहार गर्नु हुँदैन । महर्षि मनुले कर्मअनुसार सब जातिको अन्त्यज भनेर अग्राह्य गरेको छ । यसकारण हे विप्र ! म पनि कर्मका वशीभूत भएर श्वपचाकृतिमा यहाँ उत्पन्न भै सबैले त्याग्न योग्य भएको छु । यसमा शङ्का छैन, हे द्विजवर ! लोभका कारणले होइन तर यस अभिप्रायले म तपाईलाई भक्षण गर्न रोक्दछु । वर्णसङ्करदोष तपाईलाई नलागोस् ।' मैले भनें -'हे धर्मज्ञ ! तिमी सत्य भन्दछौ तिमी चाण्डाल भएर पनि तिम्रो बुद्धि अत्यन्त निर्मल छ । यस समयमा म तिमीसँग आपद्धर्मको सूक्ष्ममार्ग बताउँछु सुन । हे मानद ! सम्पूर्ण समयमा शरीरको रक्षा गर्नु राम्रोसँग जोगाउनु सबैभन्दा श्रेष्ठ कुरा हो । किन्तु यदि त्यसमा पाप छ भने आपद्को अन्तमा शुद्धिका लागि त्यो पापको प्रायश्चित गर्नुपर्दछ । आपद्काल नभैकन गरिएको पापकर्मले मनुष्यको दुर्गति हुन्छ तर आपद्कालको समयमा हुँदैन । जो मनुष्य भोकै पर्दछ, अन्तमा उसलाई नरक प्राप्त हुन्छ, यसमा सन्देह छैन । यसकारण शुभाकांक्षी मनुष्यले क्षुधाको निवारण अवश्य गर्नु पर्दछ । हे अन्त्यज ! मैले यसै कारणले चौर्यवृत्ति अवलम्बन गरेर देहको रक्षा गर्ने इच्छा गरें । हेर दुर्भिक्षको समय अवर्षमा (खडेरी) चोरी गर्नाले जो पापको बिधान छ, यदि मेघले वर्षा गरेनन् भने त्यो पाप उसलाई पनि स्पर्श गर्दछ ।' यति वातचित हुँदैमा सबैको इच्छा पूरा गर्ने पर्जन्यदेव खुशी भएर सहसा हात्तीको सूँड जस्तो मुसलधारे पानीको वर्षा हुन लाग्यो । मेघ बिजुली चम्कनु सहित गड्गडाएर वर्षा हुन लागेपछि सबै आनन्दित भए । तब म त्यस चाण्डालको घर छोडेर बाहिर निस्कें । त्यस घोर वनमा सम्पूर्ण प्राणीहरूलाई अतयन्त भयङ्कर दुःख दिने त्यो दुर्भिक्षको समयमा तिमीले कसरी समय बितायौ यो मलाई भन भनी विश्वामित्रले भन्दा उनकी प्रियभाषिणी प्रियतमा

---

[६६] ब्राह्मणऽहं महाभाग तापसः क्षुधयाऽर्दित : ।
चौरभावमनुप्राप्तो भक्ष्यं पश्यामि भांडके ॥१५॥
चौरभावेन संप्राप्तोऽस्म्यतिथिस्ते महामते ।
क्षुधितोऽस्मि ददस्वाज्ञां मांसमद्मि सुसंस्कृतम् ॥१६॥ *(**श्रीमद्देवीभागवत** सप्तमस्कन्ध त्रयोदशोऽध्याय श्लोक १५-१६)*

भन्छिन् -'हे मुनिवर ! जब तपाई तपस्या गर्न जानुभयो तब घोर दुर्भिक्ष उपस्थित भयो । त्यसबेला छोराहरू भोकले पीडित भै अन्नका लागि अति दु:खित भए । जब म बालकका क्षुधा शान्त गर्न चिन्ता गर्न लागेँ तब वनमा घुम्दै जाँदा कति फलहरू प्राप्त भए त्यसले केही महिना बित्न गयो । फेरि क्रमानुसार त्यसको पनि अभाव हुन गयो । वनमा पनि अन्नको अभाव भयो । त्यस्ता समयमा भिक्षा पनि सुलभ भएन वनमा फलफूलहरू पनि थिएनन् । पृथ्वीमा पानीका मूलहरू पनि सुक्दै गए । कन्दमूलहरू पनि पाउन छोडियो । त्यस्ता अवस्थामा बालकहरू भोक र तिर्खाले व्याकुल भै रून कराउन लागे ।[67] त्यसबेला के उपाय गरूँ ? कहाँ जाऊँ ? अथवा भोका बालकलाई के भनूँ ? यसप्रकारका चिन्ताले सताउन लाग्यो । फेरि मन स्थिर गरेर विचार गरें कि यीमध्ये कुनै पुत्रलाई धनी मानिसका घरम राख्छु वा बेचिदिन्छु र त्यसबाट प्राप्त भएको धनले अन्य बालकको प्रतिपालन गर्दछु । यसभन्दा अर्को उपाय मसँग छैन । यस्तो मनमा विचार गरेर मैले बालकलाई बेच्ने निश्चय गरें । त्यसबेला ती बालक अत्यन्त काँतर हुन लागेका थिए । तैपनि म लज्जा शर्म केही नमानी रूँदै गरेका बालकलाई साथैमा लिई आश्रमबाट बाहिर निस्कें । त्यसै समयमा सत्यव्रत नामका राजर्षिले बाटामा मलाई अत्यन्त कातर देखेर सोधे – हे सुव्रते ! यी बालक किन रून्छन् ? तब मैले उनलाई भनें हे राजन् ! म यस बालकलाई बेच्नका लागि लाँदैछु ।' मेरा यस प्रकारका वचन सुनेर राजाले करूण हृदयले भने कि तिमी यस बालकलाई लिएर आफ्ना आश्रममा जाऊ । जबसम्म मुनिवर आश्रममा आउँदैनन्, तबसम्म म यी कुमारहरूलाई भोजननार्थ नित्य उपयोगी मांस सङ्ग्रह गरेर तिमी भएका ठाउँमा ल्याउँला । त्यसै दिनदेखि ती भूपाल दयाको वशीभूत भएर प्रत्येक दिन मृग र बँदेल मारेर तिनीहरूको मासु यही वृक्षमा बाँधी फर्कन्थे । त्यसैबाट मैले यी बालकहरूलाई त्यस दारूण सङ्कट सागरबाट रक्षा गरें तर तिनै भूपति मेरै कारणले गर्दा वशिष्ठद्वारा श्राप पाएर बसे । कुनै दिन ती राजाले वनमा मासु नपाएर वशिष्ठकी कामधेनुको बध गरेछन् । यसै कारणले मुनि उनीप्रति क्रोधित भएर त्रिशङ्कु नाम राखी उनलाई चाण्डाल बनाए । हे कौशिक !

---

[67] अन्नार्थं पुत्रका: सर्वे बभूवुश्चातिदु:खिता: ।
सुधितान्बालकान्वीक्ष्य नीवारार्थं वने वने ॥
भ्रान्तादहं चिंतयाऽऽविष्टा किंचित्प्राप्तं फले तदा ।
एवं च कतिचिन्मासा नीवारेणातिवाहिता: ॥
तदभावे मया कान्त चिंतितं मनसा पुन: ।
न भिक्षा किल दुर्भिक्षे नीवारा नापि कानने ॥
न वृक्षेषु फलान्यासुर्न मूलानिधरातले ।
क्षुधयां पीडिता बाला रुदंति भृशयातुरा: ॥ (पूर्ववत्, श्लोक ३१-३४)

राजकुमार हामीलाई उपकार गरेकै कारण चाण्डालपन भोग्न पुगेका छन्, । उनको यो दुःखमा म पनि अत्यन्त दुःखित भएकी छु । अब जुनसुकै उपायले भए पनि प्रबल तपस्याका बलले भए पनि नृपतिको यस विपत्तिलाई नास गर्नुपर्दछ र उनको रक्षा तपाईले गर्नुपर्दछ ।'[६८] भार्याका यी वचन दुःखपूर्ण रूपले सुनेपछि विश्वामित्र बोले -'हे कमललोचने ! जुन नरपतिले तिम्रो रक्षा ठूलो सङ्कटका समयमा गरे र तिम्रो उपकार गरे म तीनलाई श्रापबाट छुटाउँछु । धेरै के भनौं म विद्याबल अथवा तपोबलले नै म उनको दुःख निवारण गर्दछु ।' यसप्रकार भार्यालाई सम्भाएर कौशिक ऋषि कसरी नरपतिको दुःख नास गर्न सकिन्छ भन्ने चिन्ता गर्न लागे । यस्तो मनमा विभिन्न तर्क गर्दै पृथ्वीपति त्रिशङ्कुका नजिक गए । त्यस समयमा राजा त्रिशङ्कु श्वपचवेशमा चाण्डालका ग्राममा दीनभावले ( दुःखी) वास गरिरहेको थिए । नरपतिले मुनिवरलाई आएको देखेर अत्यन्त विस्मित भए । शीघ्र उठेर ऋषिका चरणमा दण्डसमान भै भुँइमा पसारिए । तब द्विजवर कौशिकले उनलाई लडेको देखेर हातमा समाती उठाए र प्रबोध वचनले भन्न लागे -'हे महीपाल ! तपाई हाम्रा लागि नै वशिष्ठ मुनिद्वारा शापित हुनुभएको हो । अतएवः म तपाईको अभिलषित ( इच्छानुसार) सम्पादन गरूँला, यस बखत म के गरूँ ? त्यो भन्नुहोस् ।' राजाले भने -'मैले यज्ञ गर्नका लागि पहिले वशिष्ठसँग प्रार्थना गरेको थिएँ कि – हे मुनिवर ! म एक श्रेष्ठ यज्ञ गर्न चाहन्छु । तपाई मेरो यो कार्य सम्पादन गर्नुहोस्, जसबाट म स्वर्ग जान सकूँ । हे विप्रवर ! जसले यही शरीरद्वारा म सुरपुरमा सुखले शक्रभवनमा जान सकूँ । तपाई यस्तो यज्ञको अनुष्ठान गरिदिनुहोस् । तब वशिष्ठदेवले कुपित भएर मलाई भने – हे दुर्मते ! तेरो मनुष्य देहले कसरी स्वर्गमा वास हुन सक्छ ? म स्वर्गको लालची थिएँ र फेरि भगवान् वशिष्ठसँग भनें – हे अनघ ! त्यसो भए म दोस्रो व्यक्तिलाई पुरोहित बनाएर सर्वोत्तम यज्ञको अनुष्ठान गर्नेछु । तब वशिष्ठ मसँग रिसाएर तत्काल "हे पामर ! तँ चाण्डाल भएस्" यस्तो भनेर श्राप दिए । हे मुनिवर ! यो मैले श्रापका सम्पूर्ण कारण निवेदन गरें । अब तपाई मेरो दुःखनास गर्न समर्थ हुनुहुन्छ ।' यस्ता प्रकारले राजाको वचन सुनेर दुःखका र वेदनका कारण मौन रहे । मुनि विश्वामित्र पनि कुन उपायले यिनको श्राप निवारण गरूँ भनी विचार गर्न लागे ।

[६८] तेनाहं दुःखिता जाता तस्य दुःखेन कौशिक ।
श्वपचत्वमसौ प्राप्तो मत्कृते नृपनन्दनः ॥
येनकेनाप्युपायेन भवता नृपतेः किल ॥
तस्माद्रक्षा प्रकर्तव्या तपसा प्रबलेन ह ॥ (***श्रीमद्देवीभागवत,*** *सप्तमस्कन्ध त्रयोदशोऽध्याय श्लोक ४७-४८)*

महातप विश्वामित्रले मनमा कर्तव्य विचार गरी निश्चयपूर्वक यज्ञको सम्पूर्ण सामग्री सङ्ग्रह गरेर मुनिहरूलाई निमन्त्रणा पठाए । मुनिहरूले विश्वामित्रको निमन्त्रणा पाएर यज्ञको सबै वृत्तान्त थाहा पाए, तर ऋषिवर वशिष्ठले रोक्नाले कोही पनि त्यस यज्ञस्थलमा आएनन् । गाधिनन्दनले यो वृत्तान्त थाहा पाएर अत्यन्त चिन्तित र दुःखित भएर त्रिशङ्कु नरपतिका आश्रममा आएर उपस्थित भए । तब महर्षि क्रोधित भएर उनलाई भन्न लागे -'हे नृपसत्तम ! वशिष्ठले निवारण गर्नाले सम्पूर्ण ब्राह्मणहरू यस यज्ञमा आएनन् । किन्तु हे महाराज ! तिमी मेरो तपस्याको बल हेर म अहिल्यै तिम्रो इच्छा पूरा गर्दिन्छु, तिमीलाई  छिट्टै नै सुरालयमा पठाउँछु ।' उनै मुनिले यो भनेर हातमा जल लिए र गायत्री जप गरेर जो पुण्य सञ्चित भएको थियो, त्यो राजालाई प्रदान गरे । अनन्तर पुण्य दिएर ती महीपतिलाई भने कि -'हे राजर्षे ! तिमी आलस्यरहित भएर आफ्नो इच्छानुसार सुरलोकमा जाऊ । हे राजेन्द्र ! तिमी प्रसन्न भएर बहुकाल सञ्चित मेरो पुण्यका प्रभावले स्वर्गलोकमा जाउ र त्यस सुरलोकमा तिम्रो मङ्गल होस् ।' ब्राह्मण श्रेष्ठ विश्वामित्रले यति भनेपछि राजा त्रिशङ्कु उनै ऋषिको तपोबलले वेगवान् पंक्षीका समान शीघ्र आकाशमा उडे । राजा त्रिशङ्कु आकाशमा उड्दै जब इन्द्रका पुरका नजिक पुगेथे तब देवताहरूले चाण्डालाकृति भीषणवेशधारी त्रिशङ्कुलाई देखेर देवराज इन्द्रसँग भने -'आकाशमार्गमा देवताका समान अत्यन्त वेगले आउँदैछ, यो कुन मनुष्य हो ? यसको आकृति श्वपचसदृश र फलामे समान घोर दर्शन छ ।' यो सुनेर इन्द्रले सहसा उठेर त्यस पुरूषाधमलाई हेरे र त्यो त्रिशङ्कु भन्ने चिनेपछि तिरस्कारपूर्वक तत्काल उसलाई भने -'तँ श्वपच देवलोकका लागि अत्यन्त अनुपयुक्त छस्, अतएवः तँ कहाँ जाँदैछस् ? यहाँ रहनु तैंले उपयुक्त छैन । यसकारण तँ अहिल्यै पृथ्वीमा जा ।' इन्द्रका यस्ता वचनले राजा स्वर्गबाट स्खलित पुण्यक्षीण देवताका समान तत्काल झर्न लागे । तब त्रिशङ्कुले विश्वामित्र ! विश्वामित्र ![६९] भनेर चिच्याए र बारम्बार भन्न लागे -'म स्वर्गबाट स्खलित भएर अत्यन्त वेगले झर्दैछु अतएवः तपाई मेरो दुःखबाट रक्षा गर्नुहोस् ।' महर्षि कौशिकले उनको रोदन ध्वनि सुनेर झर्न लागेको देखेर 'अडिई अडिई' यस्तो वचन बोले । नृपति सुरालयबाट विचलित भएर पनि मुनिका तपप्रभावले गर्दा उनको वाक्यानुसार आकाशमार्गमा त्यसै स्थानमा स्थिर भइरहे । तीनै

---

[६९] तस्य तत्क्रन्दितं राजन्पततः कौशिको मुनिः ।
श्रुत्वा तिष्ठेति होवाच पततं वीक्ष्य भूषितम् ॥
वचनात्तस्य तत्रैव स्थिताऽसौ गगने नृपः ।
मुनेस्तपः प्रभावेण चलितोऽपि सुरालयात् ॥ *(**श्रीमद्देवीभागवत,** सप्तमस्कन्ध त्रयोदशोऽध्याय श्लोक १६-१७)*

विश्वामित्रले पनि नूतन (नयाँ) सृष्टि र दोस्रो स्वर्गलोक बनाउनका लागि आचमन गरी सुविस्तीर्ण यज्ञ आरम्भ गरे ।[70] उनको यस प्रकारको उद्यम देखेर शचीपति (इन्द्र) ले व्यग्र भै शीघ्र नै गाधितनय विशवामित्र मुनिका निकट आएर भने -'हे ब्रह्मन् ! तपाई के गर्नुहुन्छ ? हे साधु ! तपाई के कारणले यस्तो कोपयुक्त हुनुभएको हो ? हे मुनिवर ! नूतन ( नयाँ) सृष्टि गर्नुको अब प्रयोजन छैन । यस समयमा म तपाईको के कार्य गरूँ आज्ञा दिनुहोस् ।' विश्वामित्रले भने -'हे देवराज ! महीपति त्रिशङ्कु सुरलोकबाट पतीत भएर अत्यन्त दुःखित छन् । अतएवः तपाई प्रसन्नतापूर्वक उनलाई आफ्नो सुरालयमा लिएर जानुहोस्, यो मेरो[71] अभिप्राय हो ।' देवराज इन्द्र विश्वामित्रको स्थिर सङ्कल्प अत्युग्र तपोबल जान्दथे । यसकारण अत्यन्त शङ्कित चित्तले उनको वचन स्वीकार गरे । तब सुरपति इन्द्रले नरपति त्रिशङ्कुलाई दिव्यदेह प्रदान गरी उत्तम विमानमा बसाएर मुनिवर कौशिकसँग वार्तालाप गरी राजासहित आफू आफ्ना आश्रममा स्थिर भै वास गर्न लागे । यता महाराज हरिश्चन्द्र विश्वामित्रको तपोबलले पितालाई स्वर्ग प्राप्ति भएको खबर सुनेर अत्यन्त आनन्दित भै राज्य शासन गर्न लागे ।[72]

एक समय वशिष्ठ मुनि आदरसहित रमणीय इन्द्रभवनमा गए । त्यसै समयमा विश्वामित्र पनि त्यस स्थानमा गएर वशिष्ठसँग भेटघाट गरे । तब ती दुवै महर्षिहरू सँगसँगै वसेर सुरसदनमा विराजमान भए तर विश्वामित्रलाई शचीपति इन्द्रका सभामा

---

[70] विश्वमित्रोऽप्यः स्पृष्ट्वा चकारेष्टिं सुविस्तराम् ।
बिधातुं नूततां सृष्टिं स्वर्गलोकं द्वितीयकम् ।
तस्योधमं तथा ज्ञात्वा च्वरि तस्तु शचीपतिः
तत्राजमाम सहसा मुनिं प्रति तु गाधिजम् ॥
किं ब्रह्मन्क्रियते साधो कस्मात्कोपसमाकुलः ।
अलं सृष्ट्या मुनिश्रेष्ठ ब्रूहि किं करवाणि ते ॥ (पूर्ववत्, श्लोक १८–२०)

[71] स्वंनिवासं महीपालं च्यूतं तद्भुवनाद्विभो ।
नयस्य प्रीतियोगेन त्रिशंकुं चातिदुःखितम् ॥
तस्य तं निश्चयं ज्ञात्वा तुराषाडतिशंकितः ।
ततो वलविदित्वोग्रमोमित्योवाच वासवः ॥ (पूर्ववत्, श्लोक २१–२२)

[72] दिव्यदेह नृपं कृत्वा विमान वरसं स्थितम् ।
आपृच्छ्य कौशिकं शक्रोऽगमन्निजपुरीं तदा ॥
गते शक्रे तु वै स्वर्गे त्रिशंकुसहिते ततः ।
विश्वामित्रः सुखं प्राप्य स्वाश्रमे सुस्थिरोऽभवत् ॥ (पूर्ववत्, श्लोक २३–२४)
हरिश्चन्द्रोऽथत्च्छुत्वां विश्वामित्रोपकारकम् ।
पितुः स्वर्गमनं कामं मुदितो राज्यमन्वशात् ॥ **श्रीमद्देवीभागवत** सप्तमस्कन्ध त्रयोदशोऽध्यायश्लोक १८-२५)

वशिष्ठ ऋषि सम्मानित देखेर आश्चर्य लागेर सोधे - 'हे ऋषिसत्तम ! तपाईले यस्तो भव्य पूजा सम्मान कहाँबाट पाउनु भयो ? हे महाभाग ! तपाईँको यो पूजा कसले गऱ्यो ? त्यो मलाई सत्य बताउनुहोस् ।' वशिष्ठ मुनिले भने - 'हे मुनिवर ! हरिश्चन्द्र नामक एक प्रतापवान् नृपति मेरा यजमान छन् उनै राजाले बहुत दक्षिणायुक्त राजसूय यज्ञको अनुष्ठान गरे । उनी समान धृतव्रत सत्यवादी राजा अरू छैनन् । उनी धर्मशील दाता र प्रजाको पालन गर्नमा तत्पर रहन्छन् । म तपाईसँग यथार्थ भन्दछु कि राजा हरिश्चन्द्रसमान सत्यवादी वीर, चतुर र परमधार्मिक राजा अन्य कुनै न त भए, न हुने नै छन् ।' विश्वामित्रले भने - 'हे वशिष्ठ ! हरिश्चन्द्रले वरूणदेवसँग वर प्राप्त गरे । त्यसपछि उनले वरूणलाई नै कपटरूपी वचनले छलेका थिए । अतएवः तिनी मिथ्यावादी र कपटप्रिय हुन् । तिमी तिनै राजाको प्रशंसा गर्दछौ । हे महामते ! मैले जन्मावधि तपस्या र अध्ययन गरेर जुन पुण्य सञ्चय गरेको छु र तिमीले आजन्म अध्ययन र तपस्या गरेर जो पुण्य उपार्जन गरेका छौ यस बखत त्यसैको प्रण (बाजी) गरौं । तिमीले तिनी अदाता महाबल राजा हरिश्चन्द्रको अत्यन्त स्तुति गऱ्यौ किन्तु म त्यसलाई मिथ्यावादी (झुठो सावित) गर्न सकिन भने मेरो आजन्म सञ्चित सम्पूर्ण पुण्य नष्ट होस् । यसभन्दा अन्यथा भएमा तिम्रो समस्त पुण्य नष्ट हुनेछ, मैले आज यही प्रण गरेको छु । तब तिनीहरू अत्यन्त क्रोध युक्त भएर दुवै मुनि आपसमा विवाद गर्दैगर्दै यस्ता प्रकारका प्रण (प्रतिज्ञा) वाजी गर्दै स्वर्गलोकबाट आफ्नाआफ्ना घर गए ।

यसरी यी दुई ऋषिहरूको इर्ष्या, द्वेष र विवादको भुमरीमा राजा हरिश्चन्द्र पर्न गए । बाजी उनीहरूले राखे तर बाजी राखिने वस्तुको रूपमा, प्रयोग गरिने वस्तुका रूपमा हरिश्चन्द्र पर्न गए जसका कारण उनलाई महाविपत् आई लाग्यो र ठूलो कष्ट भोग्नु पऱ्यो ।

### ४.५ असमानता

पौराणिक कालका हरिश्चन्द्रको कथामा इक्ष्वाकु वंशका राजाहरूमा सत्यव्रतसँग वशिष्ठ ऋषिको पहिल्यै देखि इर्ष्या रहेको  देखिन्छ किनकि उनले ऋषिको धेनु बध गरेका थिए । त्यसकारण सत्यव्रतलाई उनले कहिल्यै सहयोग गरेनन् । उनले यज्ञ गर्नलाग्दा सहभागी हुन जान लागेका  निम्तालु ब्राह्मणहरूलाई पनि रोकिदिए ।

आफ्ना परिवारलाई संकटका समयमा पालन पोषण गरेका कारण तिनै त्रिशंकु महाराजलाई गुनको बदला विश्वामित्रले जिउँदै स्वर्गलोक पठाए । इन्द्रले नमान्दा नमान्दै पनि स्वर्गमा बस्न लगाए भनि व्याख्या गरिएको छ । अर्को तर्फ सोही कथामा उनकै वंशका राजा हरिश्चन्द्रले राजसूय यज्ञको फलस्वरूप दानको महिमाले वशिष्ट ऋषि ससम्मान इन्द्रभवनमा पुगे र त्यहाँ विश्वमित्रसँग परस्परमा छलफल हुँदा विश्वामित्रले हरिश्चन्द्रको तेजोबध गर्न उनलाई झुट्टो सावित गर्न मायाले यौटा बँदेल उत्पन्न गरी सिकार गर्न आएका वखत त्यसतर्फ दगुराए त्यस पछि एउटी सुन्दर कन्याले दुःखपूर्वक रोइरहेको नाटक रचे । राजा हरिश्चन्द्रले विश्वामित्रको तपस्या भंग गर्न गए । त्यस पछि राजा हरिश्चन्द्रका दुःखका दिनहरू सुरू हुन थाले । जसका कारण उनी श्वपचको दास भै श्मशाःनमा वसी काम गर्नु पर्‍यो, रानीलाई समेत बेच्नु पर्‍यो ।

उक्त कथा बहुत विरोधाभासपूर्ण देखिन्छ । सुरूको कथानक अनुसार ऋषि वशिष्ठ सँग नै हरिश्चन्द्रको वैरभाव हनुपर्ने हो किनकि उनैका पूर्खाले वशिष्ठ ऋषिको गाइको बध गरेर विश्वामित्रका परिवारलाई वचाएका थिए । अर्को तर्फ वशिष्ठ ऋषिले यज्ञमा निम्ता गरिएका ब्राहमहरूलाई जान रोकेका थिए, जसले गर्दा महाराज त्रिशङ्कुको यज्ञ सफल हुन पाएन ।

तर यहाँ आफ्ना परिवारको पालन पोषण गर्ने बचाउने इक्ष्वाकु वंशका सन्तान दरसन्तानहरू माथि ऋषि विश्वामित्र किन एकाएक रिसाए । यसको कुनै कारण बुझ्न सकिदैन । जसले उपकार गर्‍यो उसैका विरूद्ध किन खनिए ? आश्चर्य लाग्दो छ । त्यसैले यस कथामा परस्परमा बाझिने विरोधाभासपूर्ण कुराहरू प्रसस्त भेटिन्छन् । एकै समय वा कालखण्डको कथामा एक पुस्ता अघि र पछि यसरी एकाएक परिवर्तन आउनु, फेरि कुनै उपयुक्त कारण नै नभैकन , यस्तो कथानकले आख्यान आलङ्कारिक हो या झुठो हो

छुटयाउन नै मुस्किल परेको छ । जे होस्  पौराणिक आख्यान मात्र पनि एक आपसमा बाझिएको जस्तो देखिन्छ ।

सारमा गएर विश्वामित्र र वशिष्ठ दुई ऋषिको व्यक्तित्वको झगडाले हरिश्चन्द्रलाई परीक्षा गर्न खोजिएको हो भन्ने सम्म पाइन्छ, तर सामान्य भनाभनका कारण आफूमाथि उपकार गर्ने राजालाई  त्यति ठूलो दुःख दिनु न्यायोचित र मानवतापूर्ण व्यवहार देखिदैन ।

## ४.६ समानता

वैदिक हरिश्चन्द्रोपाख्यानमा राजा हरिश्चन्द्रले पुत्र नभएकै कारण पुत्र प्राप्तिका लागि वरूणदेवको प्रार्थना गर्दछन् । वरूणकै कृपाले उनलाई पुत्रलाभ हुन्छ । वरूणको यज्ञ सम्पादन गर्नका लागि भनेर ब्राह्मणको पुत्र किनेर ल्याइन्छ र यज्ञ सम्पन्न गरिन्छ । राजाको छोरो रोहित पनि बाँच्दछ । यज्ञ समाप्ति पछि हरिश्चन्द्र धेरै खुशी हुन्छन् । वरूण पनि खुसीसाथ आफ्नो लोकमा फर्कन्छन् ।

त्यस्तै गरी पौराणिक हरिश्चन्द्रको कथामा पनि समान रूपले आख्यान भेटिएको छ । दुवै कथामा एउटै उद्देश्य पुत्र प्राप्त गर्नु एउटै दुःख पुत्र नहुनु हो । पुत्र प्राप्तिका लागि वरूणदेवको प्रर्थना गर्नु आदि रहेका छन् । आख्यान भिन्न भिन्न समयको भएतापनि दुवैमा समानता पाइन्छ । दुवै आख्यानका पात्र घटना परिवेश उद्देश्य एउटै रहेका छन् । यज्ञिय कर्मकाण्ड वैदिक आधारमा नै हुनु, मूल स्रोत वेदलाई नै मान्नु यिनका समान पक्षहरू हुन् । धर्मोपदेश गर्न, मार्गदर्शन गराउने ऋषिहरू दुवै आख्यानमा समान रूपले पाइन्छन् ।

# पञ्चम अध्याय

# विविध पक्षको अध्ययन

## ५.१ धार्मिक पक्ष

प्राचीन समाज पूर्णरूपमा धर्ममा आधारित थियो । धर्म भन्नासाथ त्यससँग सम्बन्धित वेद, पुराण-इतिहास, धर्मशास्त्र, नीतिशास्त्र आदि सबै बुझिन्छ । धार्मिक कार्यहरूमा यज्ञको ठूलो महत्त्व रहेको पाइन्छ । यज्ञ नै सबैभन्दा पुरानो र महत्त्वपूर्ण परम्परा हो । सबै धर्मकार्यको मूल स्रोत भनेको वेद नै हो । वेदकै आधारमा रहेर धार्मिक अनुष्ठानहरू सम्पन्न हुन्थे । अनुष्ठानबाट बल र शक्ति प्राप्त हुन्थ्यो । त्यसले प्रकृतिको वातावरणसमेत सन्तुलित गर्दथ्यो भन्ने विश्वास समेत रहेको पाइन्छ । यसको मुख्य प्रमाणका रूपमा राजा हरिश्चन्द्रले पुत्रेष्ठि यज्ञको आयोजना गरी पुत्रलाभ गरेको र पछि वरुण देवतालाई खुसी पार्न नरमेध यज्ञको आरम्भ गरेको कथा छ । त्यस्तै अन्य ऋषिहरू र राजाहरूले बारम्बार यज्ञ गर्ने गरेका कथा र उपकथाहरू पुराणहरूमा समेत प्रशस्त पाइन्छन् । महाभारतमा पनि पाण्डवहरूले राजसूय यज्ञ र अश्वमेध यज्ञ गरेको वर्णन छ । इक्ष्वाकु वंशमै राजा दशरथले पुत्रेष्ठि यज्ञद्वारा नै रामचन्द्र र अन्य पुत्रहरू प्राप्त गरेको इतिहास पाइन्छ । शक्तिको मुख्य स्रोतका रूपमा यज्ञलाई लिइएको छ । मनोकामना पूरा गर्ने, शक्ति प्राप्त गर्ने र तपोबलको मुख्य आधार यज्ञ नै हो । यज्ञका साथै भूमिदान, गोदान, धनदान वा स्वर्णदान गर्ने प्रचलन प्रशस्त मात्रामा भेटिन्छ ।

विश्वामित्र ऋषिले गायत्रीमन्त्र जप कै प्रभाव र शक्तिले गर्दा त्रिशङ्कु महाराजलाई जिउँदै स्वर्ग पठाएको र स्वर्गबाट इन्द्रले खसाल्दासमेत आकाशमा नै अड्याइराखेको कथा पाइन्छ । यसबाट के बुझिन्छ भने मन्त्र जपमा ठूलो शक्ति रहेछ । त्यसैले ऋषिहरू तपस्याका बलले मनले चाहेको कार्य गर्न समर्थ हुन्थे । त्यस्तै अश्वमेध यज्ञको फलले स्वर्गको सुखभोग गर्न पाइन्छ भन्ने कुराले यज्ञको महत्त्व झनै बढाएको छ । वनवासी ऋषिहरू कन्दमूल, फल तथा गोरस सेवन गरेर याज्ञिक क्रियाकलापमा संलग्न रहन्थे । त्यसैले उनीहरू अरूभन्दा तेजस्वी र वाक्सिद्धि भएका थिए ।

तपस्या र दानको ठूलो महत्त्व छ, हरिश्चन्द्रको तपस्या, दान र पुण्यका प्रभावले गर्दा उनका सबै प्रजाहरू स्वर्ग जान पाए ।[1]

त्यस्तै श्रीमद्भागवतका कथामा यज्ञ र तपस्याका बलले च्यवन ऋषिले अश्विनीकुमार बोलाएर वृद्ध शरीरलाई तरूण बनाएको र सुकन्यासँग सुखभोग गरेको, अश्विनीकुमारलाई यज्ञको भाग दिँदा इन्द्रजीले च्यवन ऋषिलाई आयुध प्रहार गर्दा ब्रह्मतेजका कारण शस्त्र स्तम्भन भएको घटनाले तपस्यामा कति बल रहेछ र ब्रह्मतेज सबैभन्दा शक्तिशाली रहेछ भन्ने देखाउँछ ।

हरिचन्द्रोपाख्यानको आधारमा त्यस समयमा बलिप्रथा विद्यमान भएको देखिन्छ । आफ्नो पुत्रको सट्टा अरूलाई किनेर ल्याएर बलि दिन लागिएकोले कल्पनै गर्न नसकिने भयावह मानवबलि दिने चलन थियो भन्ने देखाउँछ ।

श्रीमद्देवीभागवतको सप्तमस्कन्धको २७ औं अध्यायमा यस्तो भनिएको छ – दुर्गभनामक महादानवले मनमनै विचार गऱ्यो कि “वेद नै देवताहरूको बल हो, वेदमन्त्रले होम गर्दा होमीय द्रव्य देवताहरूले पाउँछन्, त्यसैले उनीहरू खुसी हुन्छन्, र उनीहरूले बल गर्वित भएर वेदोक्त अस्त्र शस्त्रद्वारा हामीलाई नष्ट गर्दछन् । त्यसकारण वेदलाई पहिले नष्ट गर्नुपर्छ, वेद नष्ट भएपछि देवताहरू कमजोर हुन्छन्, यो भन्दा अर्को उपाय छैन । त्यसैले वेदकर्ताको आराधना गर्नाले यो कार्य सिद्ध हुनेछ ।” अनि ऊ हिमालयमा तपस्या गर्न गयो,[2] त्यहाँ ब्रह्माजीको ध्यान गर्दै कठोर तपस्यामा लीन भएपछि ब्रह्माजी खुसी भएर वर दिन आए, तब उसले पूजा गऱ्यो र भन्यो – हे सुरेश्वर ! मलाई सम्पूर्ण वेद दान दिनुहोस् । त्रिलोकमा ब्राह्मण र देवतासँग जे जति वेद मन्त्रहरू छन्, ती सम्पूर्ण वेदमन्त्र मेरा वशमा रहून्, जसबाट म देवता गणलाई परास्त गर्न सकुँ । ब्रह्माजी तथास्तु भनी ब्रह्मलोक गए । त्यहीँदेखि ब्राह्मणहरूले सम्पूर्ण वेदमन्त्र बिर्सिए । अतएवः स्नान, सन्ध्या, नित्यहोम श्राद्ध, यज्ञ र जप इत्यादि क्रियाहरू सब लोप भए । वेदको अभावले भूलोकमा दारूण घोर अनर्थ उत्पन्न भयो । देवतागण होमीय हविको भाग नपाएर क्रमशः दुर्बल हुँदै गए । त्यसै समयमा

---

[1] अहो तितिक्षामाहात्म्यमहोदानफलं महत् ।
यदगतो हरिश्चन्द्रो महेन्द्रस्य सलोकताम् ॥ (**श्रीमद्देवीभागत्**, सप्तमस्कन्ध सप्तविंशोऽध्याय श्लोक ४०)

[2] देवानां तु बलं वेदो नाशे तस्य सुरा अपि ।
नंक्ष्यंत्येव न सन्देहो विधेयं तावदेव तत् ॥ (पूर्ववत्, श्लोक ६)

दानवहरूले अमरावतीमाथि आक्रमण गरे । देवताहरू लड्न नसकी भागेर पर्वतका गुफामा लुकेर बसे ।[3]

देवी भन्छिन् – 'वेद नै मेरो तन हो, यसको रक्षा यत्नपूर्वक गर्नुपर्दछ । यो भन्दा अर्को श्रेष्ठतम कार्य कुनै छैन किनकि तिमीहरूकै कल्याणका लागि मैले यो उपदेश दिएकी हुँ ।'[4]

## ५.२ सामाजिक पक्ष

हरिश्चन्द्रोपाख्यानभित्र रहेर अध्ययन गर्दा तत्कालीन समाज धर्मशास्त्र र नीतिशास्त्रका आधारमा चलेको देखिन्छ । सामाजिक मूल्य मान्यताहरू धर्मका आधारमा रहेका थिए । सामाजिक कानून नै धर्म रहेको थियो । पुत्र प्राप्तिका लागि हरिश्चन्द्रले ठूलो चिन्ता राख्नु र प्रयत्न गर्नु, साथै पुराण र महाभारतमा भएका कथाहरूले पनि पुत्रको उत्पत्तिका विषयमा चर्चा गर्नुले तत्कालीन समाज पितृसत्तात्मक रहेको बुझिन्छ । वंशपरम्परा धान्नका लागि छोरा नभै हुँदैन भन्ने मान्यता त्यस समयमा रहेकाले पुत्रोत्पत्तिका लागि विभिन्न धार्मिक अनुष्ठानहरू गरिएको पाइन्छ ।

आफ्नो औरस पुत्रका साथै अरूको कुलका वा अरूका छोरालाई आफ्नो छोरो बनाउने चलन पनि समाजमा रहेको पाइन्छ । जब शुनःशेपले म कसको पुत्र हुँ भनी प्रश्न गर्दा वशिष्ठले विश्वामित्रकै पुत्र ठहरिने शास्त्रोक्त वचन दिएपछि विश्वामित्रले शुनःशेपलाई आफ्नो पुत्र बनाएको घटना पनि यसैको उदाहरण हो । विभिन्न प्रकारका छोराहरूमध्ये यो पनि एकप्रकारको छोरा हो भन्ने मान्यता रहेको देखिन्छ । त्यस्तै देवीभागवतको आख्यानमा पाँच प्रकारका पिता हुन्छन् – प्राण बचाइदिने, भय हरण गर्ने, धन दिने, विद्या दिने र जन्म

---

३ त्रिषु लोकेषु ये मन्त्रा ब्राह्मणेषु सुरेष्वपि ।
विद्यते तु सान्निध्ये मम संतु महेश्वर ॥
बलं च देहि येन स्याद्देवानां च पराजय ।
पलायनं तदा कृत्वा निर्गता निर्जराः क्वचित् ॥
निलीय गिरिदुर्गेषु रत्नसानु गुहासु च ॥ (**श्रीमद्देवीभागत्**, सप्तमस्कन्ध सप्तविंशोऽध्याय श्लोक ६, १२, १३, १९)

४ ममेयं तनुरुत्कृष्टा पालनीया विशेषत ।
मया बिनाऽनर्थ एष जातो दृष्टोऽधुनैव हि ॥
पूज्याऽहं सर्वदा सेव्या युष्माभिः सर्वदैव हि ।
नातः परतरं किंचित्कल्याणायोपदिश्यते ॥ (**श्रीमद्देवीभागत्**, सप्तमस्कन्ध अष्टविंशोऽध्याय श्लोक ७६-७७)

दिनेलाई पिता समान मान्नुपर्दछ यी पाँचैजना पिता हुन् ।[5] यसप्रकार बाबु र छोराको नाता सम्बन्ध जन्ममा मात्र आधारित देखिदैन । प्राण बचाउनेको अधिकार बढी रहेछ भन्ने मान्यता समेत त्यहाँ देखिन्छ । अजीगर्त ब्राह्मणले बेचेका हुनाले उसको छोरोमाथि हक रहेन । हरिश्चन्द्रले किनेर मार्नका लागि ल्याएकाले उनको पनि हक शुनःशेपमाथि रहेन तर विश्वामित्रले शुनःशेपलाई बचाएकाले उनैको पुत्र समाजले ठहऱ्यायो । त्यसैले मार्नेको भन्दा बचाउनेको बढी अधिकार हुन्छ भन्ने मान्यता समाजमा रहेको देखिन्छ ।

समाजमा मानव बेचबिखनको प्रचलन रहेको देखिन्छ । वैदिक तथा पौराणिककालमा आफ्ना स्वार्थका लागि आफ्नै पुत्र समेत विक्री गरिएको उदाहरण ऐतरेयब्राह्मण, देवीभागवत र श्रीमद्भागवतका कथाहरूले बताएका छन् । धनका लालचमा होस् वा बाध्यतामा परेर होस् मानवलाई पशुसरह विक्री गर्ने चलन थियो । त्यसका साथै समाजमा दासप्रथाको प्रचलन तीव्र भएको पाइन्छ । श्रीमद्देवीभागवतका कथामा राजा हरिश्चन्द्रले आफ्नी पटरानी शैव्यालाई स्वर्णमुद्रामा विक्री गरेका, त्यतिले नपुगेर छोरा रोहितलाई समेत विक्री गरेका र भूयसी गर्ने खर्च नभएर आफैं समेत बेचिएको घटनाले स्पष्ट रूपमा मानिसलाई दास बनाउनका लागि खरिदविक्री गर्ने चलन थियो भन्ने थाहा हुन्छ । त्यस्तै दासहरूमाथि अत्यन्त क्रूर तथा अमानवीय व्यवहार गर्ने गरिन्थ्यो । हरिश्चन्द्रले शैव्यालाई विक्री गरेपछि विश्वामित्रले चुल्ठोमा समातेर घिसारेको घटनाले दासमाथि गरिने व्यवहार कस्तो थियो भन्ने थाहा हुन्छ । उनका घरमा आधा रातसम्म काम गर्नुपर्ने, थकाई निन्द्रा केही भन्न नपाइने, अह्राएजति सबै कार्य सम्पन्न गर्नुपर्ने दासका (शैव्या) बाध्यता थिए । शैव्याले आफ्नो छोरा रोहित सर्पले डसेर मर्दासमेत हेर्न जान नपाएको र विश्वामित्रका घरको सबै काम सकेर जान्छु भन्दा फेरि खुट्टामा तेल मालिस गर्न अह्राएको, त्यसपछि मात्र जान अनुमति दिएको र बिहान सबेरै उपस्थित हुने आदेश मालिकबाट भएको घटनाले दासदासीहरूमाथि गरिने निन्दनीय, अमानवीय र क्रुर व्यवहारको प्रमाण पाइन्छ । मालिकहरूलाई दासदासीहरूमाथि जेसुकै दमन शोषण गर्ने पूर्ण अधिकार थियो । दासको ऊ आफैंमाथि पनि कुनै अधिकार थिएन । परिवारको मूलि व्यक्तिले अन्य सदस्यहरूलाई बेच्न पाउन सक्ने सामाजिक प्रचलन पाइन्छ ।

---

[5] अन्नदाता भयत्राता तथा विद्याप्रदश्च यः ।
तथा वित्तप्रदश्चैव पंचैते पितरः स्मृता ॥ (**श्रीमद्देवीभागत्**, सप्तमस्कन्ध सप्तविंशोऽध्याय श्लोक २७)

समाजमा पशुबलि र नरबलिसमेत दिने चलन थियो । आफ्नो स्वार्थ वा हितका लागि नरबलि दिइने कुराको चर्चा हरिश्चन्द्रोपाख्यानमा गरिएको छ । त्यसैको अवशेषका रूपमा हालसम्म पनि हाम्रो समाजमा पशुबलि दिने परम्परा कायमै रहेको छ । आफ्ना स्वार्थका निमित्त अरूको प्राणहरण गर्ने सामाजिक परम्परा त्यतिबेलादेखि नै चलिआएको पाइन्छ ।

वैदिक तथा पौराणिककालको समाजमा बहुविवाह गर्ने चलन थियो । श्रीमद्भागवतमा ईक्ष्वाकु वंशका राजा मान्धाताका ५० कन्याहरूसँग एकैसाथ सौरभि ऋषिले विवाह गरेका र तिनीहरूलाई सुखपूर्वक राखेको तथा सन्तुष्ट राखेको कुरा वर्णन गरिएको छ ।[6] त्यस्तै अन्य राजा महाराजाहरूले पनि धेरै पत्नी विवाह गरेका थिए भन्ने भनाइले समाज बहुविवाहप्रधान थियो भन्ने ज्ञात हुन्छ । त्यस्तै गरी राजा हरिश्चन्द्रका सय पत्नीहरू थिए तर पुत्र थिएनन् भन्ने भनाइले पनि बहुविवाहको पुष्टि गर्दछ । ईक्ष्वाकु वंशकै युवनाश्वका सयवटी पत्नी थिए तर पुत्र थिएनन् भन्ने[7] भनाइले पनि यसको प्रमाण मिल्दछ ।

त्यतिबेला वृद्ध र तरूणी युवतीबीच विवाह हुने चलन रहेको पाइन्छ । राजा मान्धाताका छोरी माग्न जाँदा सौरभि ऋषिले आफ्नो वृद्ध शरीरलाई सुकुमार बनाएकाले पचासैवटी कन्याले उनीसँग विवाह गरेका थिए । ऋषि च्यवनले पनि सुकन्यालाई ग्रहण गरेका थिए ।[8] यसबाट के स्पष्ट हुन आउँछ भने समाजमा वृद्धपुरूष र युवतीबीचको विवाह

---

[6] निर्वृतिं मीनराजस्य वीक्ष्य मैथुनधर्मिणः ।
जातस्पृहो नृपं विप्रः कन्यामेकामयाचत ॥
सोऽप्याह गृहयातां ब्रह्मन्कामं कन्यां स्वयंवरे ।
स विचिन्त्याप्रियं स्त्रीणां जरठोऽयमसंमतः॥
वलीपलित एजत्क इत्यहं प्रत्युदाहृता ।
साधदिष्ये तथात्मानं सुरस्त्रीणामपीप्सितम् ॥
किं पुनर्मनुजेन्द्राणामिति व्यवसितः प्रभु ः ॥
मुनिः प्रवेशितः क्षत्त्रा कन्यान्तः पुरमृद्धिमत् ।
वृतश्च राजन्याभिरेकः पञ्चशता वरः ॥ (*श्रीमद्भागवत नवमस्कन्ध षष्ठोऽध्याय श्लोक ४०-४३)*

[7] युवनाश्वोऽभवत् तस्य सोऽनपत्यो वनं गतः ॥
भार्याशतेन निर्विण्ण ऋषयोऽस्य कृपालवः ॥
इष्टिं स्म वर्तयांचक्रुरैन्द्रीं ते सुसमाहिताः ॥ (*श्रीमद्भागवत, नवमस्कन्ध षष्ठोऽध्याय श्लोक २५-२६)*

[8] तदभिप्रायमाज्ञाय प्रादाद् दुहितरं मुनेः ।
कृच्छ्रान्मुक्तस्तमामन्त्र्य पुरं प्रायात्समाहितः ॥
सुकन्या च्ववनं प्राप्य पतिं परमकोपनम् ।
प्रीणयामास चित्तज्ञा अप्रमत्ताऽनुवृत्तिमिः ॥ (**श्रीमद्भागवत** नवमस्कन्ध तृतीयोऽध्याय श्लोक ९-१०)

अत्यन्त प्रचलित थियो । महाभारतको कथामा पनि राजा शर्यातिले विषयभोग गर्नका लागि आफ्नो कान्छो छोराको यौवन लिएर सुखभोग गरिसकेपछि पुन आफ्नो बुढ्याई आफैंले लिएर जवानी छोरालाई नै फिर्ता दिएको प्रसङ्ग भेटिन्छ ।[9] यसले विषयारक्ति भएमा वृद्धावस्थामा समेत भोगविलास गर्न सकिन्छ र पाइन्छ भन्ने सामाजिक मान्यता थियो भन्ने कुरा देखाउँछ । दासीहरूमाथि समेत यौनशोषण वा भोग गर्न समेत मालिकहरूलाई छुट थियो भन्ने कुरा महाभारतमा देखिन्छ ।[10]

राजा र राजा हुने इच्छा राख्नेहरूले अगाडि वा पछाडि राजसूय यज्ञ अथवा अश्वमेध यज्ञ गर्नुपर्दथ्यो । यज्ञ गरेर ब्राह्मणहरूलाई दान दिने चलन पनि सामाजिक व्यवहारभित्र देखिन्छ । प्रजापालन र दान दातव्य राजाहरूको एउटा सामाजिक कर्तव्य जस्तै थियो ।

## ५.३ आर्थिक पक्ष

जनताको आर्थिक स्थिति कमजोर भएकै कारण अजीगर्त ब्राह्मणले आफ्नो औरस पुत्रलाई बेचेर छाक टार्न खोजे । गरिबीमा मानिस के गर्दैन र ? बुभुक्षितं किं नकरोति पापम् भन्ने कुरा यहाँ चरितार्थ भएको छ । अत्यन्त निर्धन भएका र भोकले पीडित भएकै कारण आफ्नो छोरो बेचेर पठाए । धनकै कारणले गर्दा छोरालाई अजीगर्तले यज्ञको खम्बामा बाँधे, धनकै लालचले आफ्नो पुत्रको बध गर्नसमेत ती निर्धन अजीगर्त अगाडि सरे । त्यसले धनप्रतिको मोह र आर्थिक अभावका कारणले गर्दा मानवीय संवेदना समेत हराउँदो रहेछ भन्ने कुरा स्पष्ट देखिन्छ ।

त्यस्तै श्रीमद्भागवतमा पनि धनका लागि पुत्र बेचिएको र धन नभैकन केही काम चल्न नसक्ने रहेछ भन्ने कुराको पुष्टि दुर्भिक्ष र अनिकालमा ऋषि विश्वामित्रकी पत्नीले माहिलो छोरालाई डोरीले बाँधेर बजारमा बेच्न राखेको आख्यानले पुष्टि गर्दछ ।

---

9 इति प्रमुदितः पुरुः प्रत्यगृह्वज्जरां पितुः
सोऽपि तद्वयसा कामान् यथावज्जुजुषे नृप ॥
सप्तद्वीपपतिः सम्यक् पितृवत् पालयन् प्रजाः ।
यथोपजोषं विषयाञ्जुजुषेऽव्याहतेन्द्रियः ॥ (***श्रीमद्भागवत*** *नवमस्कन्ध अष्टादशोऽध्याय श्लोक ४५-४६*)

10 तथेत्यवस्थिते प्राह देवयानी मनोगतम् ।
पित्रा दत्ता यतो यास्ये सानुगा यातु मामनु ॥
स्वानां तत् संकटं वीक्ष्य तदर्थस्य च गौरवम् ।
देवयानीं पर्यचरत् स्त्रीसहस्रेण दासवत् ।
नाहुषाय सुतां दत्वा सह शर्मिष्ठयोशनाः ॥ (***श्रीमद्भागवत*** *नवमस्कन्ध अष्टादशोऽध्याय* श्लोक २८-२९)

श्रीमद्‌देवीभागवतका कथामा पनि हरिश्चन्द्रले यज्ञमा बलि दिनका लागि अजीगर्त ब्राह्मणको छोरो शुनःशेपलाई किनेर ल्याएको बताइएको छ । त्यसले पनि तत्कालीन समाजको आर्थिक अवस्थालाई छर्लङ्ग पार्दछ ।

वैदिक र पौराणिक कालमा पनि वस्तु विनिमय हुन्थ्यो, त्यसका लागि विभिन्न मापदण्डहरू थिए भन्ने प्रष्ट देखिन्छ । ऐतरेयब्राह्मणको शुनःशेप विक्रीमा उसका बाबु अजीगर्तले एकसय गाई उसलाई बेचे बापत, एकसय गाई खम्बामा बाँधे बापत र एकसय गाई उसलाई बध गर्नका लागि लिए । यसबाट यो स्पष्ट हुन्छ कि त्यस समयमा विनिमयको आधार गाईहरू नै थिए । गाईसँग हरेक वस्तुको तुलना गरी मूल्य निर्धारण गरिन्थ्यो । वैदिक समाजमा विनिमयको आधार र मापदण्ड गाईलाई मानिएको थियो । अन्य वस्तु वा पदार्थको मूल्याङ्कन गाईसँग तुलना गरेर गरिन्थ्यो ।

देवीभागवतको सप्तमस्कन्धमा रहेको हरिश्चन्द्रको कथामा वस्तु विनिमयको आधार स्वर्णमुद्रालाई लिइएको छ । त्यहाँ हरिश्चन्द्रकी पत्नी शैव्या[11] र उनको पुत्र रोहितलाई खरिद गर्न चाण्डालले स्वर्णमुद्रा दिएको थियो । त्यसरी वैदिक कालबाट पौराणिक कालसम्म आइपुग्दा स्वर्णमुद्राको प्रचलन भैसकेको देखिन्छ ।

सामाजिक र आर्थिक वितरण प्रणालीको प्रमुख श्रोत र आधार त्यतिबेला दान नै थियो । दानद्वारा नै वितरण प्रणाली सन्तुलित भएको देखिन्छ ।

त्यस्तै राजा हरिश्चन्द्रले यज्ञको दक्षिणा दिन नसक्दा आफ्नी पत्नी शैव्या र पुत्र रोहितलाई स्वर्णमुद्रा लिएर विक्री गरेको घटनाले पनि स्पष्ट गर्दछ ।

## ५.४ राजनीतिक पक्ष

ऐतरेयब्राह्मण वैदिक कालकै भएकाले उक्त समयलाई वैदिक युग नै मान्नु पर्दछ । आख्यानका आधारमा हेर्दा त्यसबेला राजतन्त्रात्मक राज्य व्यवस्था रहेको पाइन्छ । राजा नै शासकका रूपमा देखिएको छ । राजतन्त्रात्मक राज्य व्यवस्थाको सञ्चालनको मुख्य आधारहरू धर्मशास्त्र, नीतिशास्त्र र नियमहरू नै थिए । धार्मिक कानूनको आधारमा राज्य

[11] द्वात्रिंशल्लक्षणोपेता दक्षा शीलगुणान्विता ॥ कोटिमौल्यं सुवर्णस्य स्त्रियः पुंसस्तथाऽबुंदम् ॥
शतं सहस्रं लक्षं कोटिमौल्यं तथापरैः ॥ द्वात्रिंसल्लक्षणोपेता दक्षा शीलागुणन्विता ॥
कोटीमौल्यं स्त्रियः प्रोक्तं पुरुषस्य तथाऽर्बुदम् ॥ (**श्रीमद्‌देवीभागवत्** सप्तमस्कन्ध द्वाविंशोऽध्याय श्लोक २३

सञ्चालन गरिन्थ्यो । हरिश्चन्द्र राजपुत्र थिए र उनी फेरि राजा बने । त्यसले गर्दा राजपरम्परा वंशानुगत भएको पाइन्छ । राजाहरूले यज्ञ गर्ने, दान दिने, धर्मको रक्षा गर्ने आदि गर्थे भने साधुसन्त र सर्वसाधारण जनको सुरक्षा गर्नु सामाजिक व्यभिचार नियन्त्रण गर्नु राजाको कर्तव्य हुन्थ्यो । राजवंश परम्परा धान्नका लागि नै हरिश्चन्द्रलाई पुत्रको आवश्यकता परेको हुनुपर्दछ ।

त्यस्तै श्रीमद्भागवतमहापुराणको हरिश्चन्द्रको कथाले पनि राजतन्त्रात्मक राज्यव्यवस्था र पूर्णत धर्मशास्त्रमा आधारित कानूनी राज्यको शासन सञ्चालन भएको देखाउँछ । त्यसमा पनि राजाले धार्मिक हुनुपर्ने, धर्मकै आधार लिएर सिंहासनमा बस्न पाइने तथा यज्ञ दान आदि गर्नुपर्ने तथा त्यसकै फलले मात्र शासक बनिरहन सकिने अन्यथा ऊ राज्यसत्ताबाट च्युत हुनुपर्ने अवस्था र व्यवस्था तत्कालीन समयमा भएको पाइन्छ ।

राजाहरूको शासन व्यवस्थामा खटपट पैदा भएमा वा उनीहरू स्वेच्छाचारी भएमा तिनीहरूमाथि अङ्कुश लगाउने र शासकबाट नागरिक वा शासित बनाउने चलन रहेको थियो । यदि कसैलाई आफ्नो कामबाट विरक्ति लागेमा सन्यास लिई तपश्चर्यामा जाने चलन पनि थियो । राजाको काम आफ्ना राज्यमा रहेका सबैको रक्षा गर्नु र आपद्का समयमा तिनीहरूको भरणपोषणको व्यवस्था मिलाउनु पनि थियो । श्रीमद्देवीभागवत र श्रीमद्भागवतका हरिचन्द्रोपाख्यानमा विश्वामित्र ऋषि तपस्या गर्न गएपछि उनकी पत्नी र छोराहरू भोकले व्याकुल भै हिँड्दा राजपुत्र सत्यव्रतले ऋषि घर नआएसम्म खाने जिम्मा लिएकाले पनि यो कुराको पुष्टि गर्दछ ।[12]

वैदिक र पौराणिक कालमा राजाहरू तपस्वी अरण्यवासी ऋषिहरूको सल्लाहअनुसार चल्दथे र शासन गर्दथे भन्ने देखिन्छ । शासकका सल्लाहकारमा ऋषिमुनिहरू नै रहन्थे । उनीहरूबाट राजनीतिक, आर्थिक, धार्मिक ज्ञान र उपदेश राजाले लिने गर्दथे । यस कुराको पुष्टि ऐतरेयब्राह्मणको तेत्तिसौं अध्यायमा नारद ऋषिसँग हरिश्चन्द्रले लिएको सल्लाह र

[12] पतिव्रते रक्ष पुत्रं दास्यामि भरणं तव ।
तावदेव पतिस्तेऽत्र वनाच्चैवाऽऽमिष्यति ॥
सत्यव्रतस्तु भक्त्या च कृपया च परिप्लुताः ॥
विश्वामित्रस्य च मुनेः कलत्रं तद्बभार ह ॥ (***श्रीमद्देवीभागवत*** *सप्तमस्कन्ध दशमोऽध्याय* श्लोक ३९,४३)

पुराणमा पनि ऋषिहरूले दिएको सल्लाहबाट मिल्न सक्दछ । विश्वामित्र, वशिष्ठ, नारद आदि ऋषिहरू सदा राजाका सभामा रहन्थे भन्ने भनाइले यो कुरालाई थप बल मिल्दछ । महाभारत, रामायण, पुराण आदि ग्रन्थमा राजाका सल्लाहकार र पुरोहित ब्राह्मण वा ऋषिहरू रहने भएकाले प्रमुख सल्लाहकार तपस्वीहरू नै रहको स्पष्ट हुन्छ ।

वैदिक कालमा शासन पद्धति राजतन्त्रात्मक र गणतन्त्रात्मक दुवै प्रकारको थियो । ऐतरेयब्राह्मणका अनुसार राजतन्त्रात्मक शासन पद्धति भएको पाइन्छ । महाभारतका अनुसार सङ्घ व्यवस्था थियो भन्ने पाइन्छ । सङ्घको अर्थ शासन गणराज्यमा आधारित शासन भन्ने बुझ्नुपर्दछ । यसप्रकार वैदिक युगमा गणतन्त्र र राजतन्त्र दुवै प्रकारका शासन पद्धतिहरू थिए ।

## ५.५ अन्य पक्ष

### ५.५.१. शिक्षा  र नैतिक चेतना

हरिश्चन्द्रोपाख्यानमा भनिएको छ – राजा हरिश्चन्द्रका छोरा थिएनन् । उनका सयवटी रानीहरू थिए तर पुत्र थिएनन् । यसको मतलब हुन्छ छोरीचाँहि थिए, यसर्थ पुत्रको आवश्यकता महसुस गरियो । यदि छोरी नभएका भए सन्तान थिएनन् भनिन्थ्यो होला । यस भनाइबाट छोरीहरू थिए तर छोरा थिएनन् भन्ने बुझिन्छ । वंशपरम्परा धान्नका लागि छोरा नै आवश्यक भयो । छोरा नभैकन हुँदैन भन्ने कुरा आख्यानले स्पष्ट पारेको छ । यो सन्देश सबै गृहस्थहरूमा पनि लागू हुन्छ । त्यसैले सबैले[13] पुत्रको कामना गर्दछन् । पुत्रको रूपमा आफै पत्नीका गर्भमा बस्दछ र जन्म लिन्छ । पुत्र आफ्नै आत्मा हो भन्ने शिक्षा आख्यानले दिएको छ ।[14]

---

[13] किं नु मलं किमजिनं किमु श्मश्रूणि किं तपः ।
पुत्रं ब्रह्माण इच्छध्वं स वै लोकोऽवदावदः ॥

[14] पतिर्जायां प्रवशति गर्भौं भूत्वा स मातरम् ।
तस्यां पुनर्नवो भूत्वा दशमे मासि जायते ॥
तज्जाया जाया भवति यदस्यां जायते पुन : ।
आभूतिरेषा भूतिर्बीजमेतन्निधीयते ॥ (पाण्डेय र शर्मा, १९९४ : ८)

जङ्गलमा पुगेका रोहितलाई घर जानबाट रोक्दै इन्द्रले उपदेश दिएका छन् – 'चरैवेति चरैवेति' अर्थात जङ्गलमा नै घुम्दै गर, घुम्दै गर त्यसैमा तिम्रो कल्याण छ। जो एकै ठाउँमा बसिरहन्छ उसको उन्नति हुन सक्दैन सदा अवनतितिर मात्र लाग्दछ। जो घुमिरहन्छ वा उपाय उद्योग गरिरहन्छ ऊ प्रगतिपथमा अगाडि बढ्छ। एक स्थानमा बस्ने व्यक्तिभन्दा घर छोडेर धेरैतिर घुम्ने व्यक्ति बाठो हुन्छ। उसले धेरै ज्ञान, सीप र अनुभव बटुलेको पनि हुन्छ। त्यसैले हिँड्नु घुम्नु लाभदायक छ। उदाहरणका लागि पश्चिमी मुलुकहरूलाई लिन सकिन्छ। उनीहरूले संसारकै भ्रमण गरे खोजी गरे त्यसैले हामीभन्दा उनीहरू टाठाबाठा छन्। भौतिक र आर्थिक क्षेत्रमा धेरै ठूलो प्रगति हासिल गरेका छन्। त्यसले गर्दा जुन व्यक्ति निरन्तर चलिरहन्छ चलायमान गतिमा छ उसले नै मात्र उपलब्धि हात पार्न सक्दछ। प्रगति र अग्रगमनका लागि चलिरहनु पर्छ। आज विश्वका जति विकसित मुलुकहरू छन् ती सबैको उन्नतिको कारण निरन्तर चलायमान वा गतिशीलता नै हो।

हरेक शक्तिको स्रोत यज्ञ निष्ठा जप तपस्या नै हो। जब पुण्य क्षय हुन्छ तब दुःख दारिद्रय सुरू हुन्छ। त्यसैले सत्कर्म गरेर पुण्य सञ्चय गर्नु पर्दछ। त्यसैका फलले मात्र सुख भोग गर्न पाइन्छ। यज्ञबाट देवताहरूले पनि बल प्राप्त गर्दछन्। निरन्तर गरिने यज्ञले मानिस पशुपंक्षी र वातावरणलाई समेत सकारात्मक प्रभाव पार्दछ। जसबाट सबैमा शान्ति, सुबिधा र सुखको अनुभूति हुन्छ। वैदिक धर्म मान्नेहरूका लागि यज्ञभन्दा ठूलो अर्को पुण्य कर्म छैन। त्यस्तै दानको महत्त्व पनि छ। दान लिनु दिनु मानिसको कर्तव्य हो, हुनेले दान दिए नहुनेले पनि पाउँछन्। तसर्थ सक्षम र सम्पन्न व्यक्तिले दान दिनुपर्दछ। यसले परोपकारको समेत सङ्केत गर्दछ। विश्वामित्र तपस्यामा गएका बखत उनका पत्नी र छोराहरूको भरणपोषणको जिम्मा राजपुत्र सत्यव्रतले लिनु यसको उदाहरण हो।[15] राजाहरूले यज्ञ गर्ने र दान दिने चलन अत्यन्त सन्तुलित देखिन्छ।

---

[15] पतिव्रते रक्ष पुत्रं दास्यामि भरणं तव।
तावदेव पतिस्तेऽत्र वनाच्चैवाऽऽमिष्यति॥
सत्यव्रतस्तु भक्त्या च कृपया च परिप्लुताः॥
विश्वामित्रस्य च मुनेः कलत्रं तद्बभार ह॥ (***श्रीमद्देवीभागवत*** *सप्तमस्कन्ध दशमोऽध्याय* श्लोक ३९,४३)

सबैभन्दा ठूलो ज्वाला भनेको भोकको ज्वाला हो । यसलाई शान्त पार्न मानिस जस्तोसुकै कदम उठाउन पनि सक्दछ । गरिबीमा मानिस के गर्दैन र भन्ने शिक्षा यसले दिएको छ । अजीगर्त ब्राह्मण गरिब भएकै कारण आफ्नो छोरा शुनःशेपलाई विक्री गरे । भोक मेटाउनका लागि नै उसले बाध्य भएर यस्तो गर्नु परेको हो । त्यस्तै विश्वामित्रले तपस्या गर्न गएका बेला उनकी पत्नी दुर्भिक्षका कारण माहिलो छोरालाई बेच्न हिँडिन्, यो उनको बाध्यता थियो । यौटा छोरो बेचेर अरू छोरा र आफू प्राण धान्दछु भन्ने उनको मनसायले प्राण बचाउने कुरालाई बाध्यात्मक रूपमा लिइएको छ । त्यस्तै विश्वामित्र ऋषिले घोर अनिकाल परेका बेलामा चाण्डालका घरमा गएर बासी कुकुरको मासु समेत चोरेर खान तयार भए । यसबाट के ज्ञान हुन्छ भने आपत्का समयमा जसरी पनि शरीरको रक्षा गर्नुपर्दछ । शरीर भएन भने कुनै पनि कर्म गर्न सम्भव हुँदैन । अतएवः शरीर र प्राणलाई जुनसुकै अवस्थामा पनि यत्नपूर्वक रक्षा गर्नुपर्दछ । धर्मकर्म भनेको शरीर बाँचेपछि गरिने हुन् । यसबाट मानिसका लागि 'आपद् धर्म' को व्यवस्था गरिएको छ । विश्वामित्रकै पत्नी र छोराहरूले पनि सत्यव्रत/त्रिशङ्कुले ल्याएर दिएको वशिष्ठ ऋषिको गाईको मासु (गोमांस) भक्षण गरेर शरीर बचाएका थिए किनकि त्यसबखत खाने पदार्थ अन्य केही पाइएन । तसर्थ ज्यानकै जोखिम भएको अवस्थामा जे जस्तो पदार्थ खाएर पनि बाँच्नुपर्दछ भन्ने शिक्षा यहाँबाट पाइन्छ । यस्तो अवस्थामा प्राणरक्षाको निमित्त जे खाए पनि पाप लाग्दैन भन्ने बुझिन्छ ।

आफ्नो पालामा र आफ्नो हातमा शक्ति भएका बेला आफूप्रति उपकार गर्नेलाई जोसुकैले पनि त्यसको बदला गुन तिर्दछ भन्ने पाठ सिक्न पाइन्छ । जसरी च्यवन ऋषिले आश्विनीकुमार दुई भाइलाई आफूलाई तरूण बनाइदिएको बदलामा यज्ञको भाग दिए र सोमपान पनि गराए । इन्द्रले रोक्दारोक्दै च्यवनले हवि दिएर सोमपान गराएका थिए । विश्वामित्रले प्राण बचाएकाले अङ्गिरस गोत्रमा उत्पन्न भएका शुनःशेप अर्को गोत्रमा जान तयार भए । विश्वामित्रका परिवारलाई भरणपोषण गरेकाले त्रिशङ्कु महाराजलाई जिउँदै स्वर्ग पठाए । स्वर्गबाट इन्द्रले खसाले पनि आकाशमा नै रोकेर आफ्ना तपोबलले फेरि स्वर्गमा भोग दिलाए । यसले गुनको बदला गुन तिर्ने वा उपकारको बदलामा सकेसम्म ठूलो उपकार गर्नुपर्दछ भन्ने नैतिक चेतना प्रदान गरेको छ ।आफ्नो धर्म, निष्ठा र सच्चरित्रतामा रहने व्यक्तिलाई धेरै दुःख र झन्झट आइलाग्दा रहेछन् । धर्म पालन गर्नु र नैतिकता जोगाउनु ज्यादै कठीन कार्य हो । त्यसका लागि राजा हरिश्चन्द्रले सर्वस्व गुमाउनु पऱ्यो ।

जे जति आपत् परे पनि उनी आफ्नो कर्तव्यबाट  च्यूत नभएका कारण त्यसको फल उनका जनताले पनि भोग गर्न पाए । यसले यौटा असल व्यक्तिले आफ्ना दुःख र तपस्याले अरू धेरै लाई सुख दिन सक्छ भन्ने देखिन्छ ।

### ५.५.२ मानवीय प्रवृत्ति

राजा हरिश्चन्द्रले जुन पुत्रको लालसा गरे उही पुत्रको बलि दिनसमेत तयार भए । जब वरूणले उनलाई समाते, जलोदर रोग लाग्यो । उनी पुत्रको बलि दिएर भए पनि रोगबाट मुक्त हुन खोजे । यसबाट के मानवीय प्रवृत्ति देखिन्छ भने मानिस जसरी भए पनि आफैं बाँच्न चाहन्छ । मानिसका लागि आफ्नो प्राण नै सबैभन्दा प्यारो हुन्छ ।[16] त्यसपछि मात्र ऊ आफ्ना मानिस इष्टमित्र, बन्धु आदिको माया गर्दछ । सबैतिर हेर्दा व्यक्ति वा संसार आत्मकेन्द्रित देखिन्छ । च्यवन र सौरभि मुनिले विषयभोगका लागि तपोबलको प्रयोग गरी सुन्दर र यौवनपूर्ण शरीर बनाएको घटना पनि निजी स्वार्थ र यौनेच्क्षा तृप्त गर्न नै हो । यिनीहरूबाट निजी स्वार्थ नै मानवीय प्रवृत्ति हो भन्ने देखिन्छ ।[17]

मानवीय संवेदना अत्यन्त मार्मिक दुःखपूर्ण र दयावान् हुन्छ भन्ने कुरा आख्यानमा देखिन्छ । शुनःशेपलाई यज्ञका खम्बामा बाँधेपछि सारा यज्ञमण्डप स्तब्ध भएको, अब के हुने हो ? कस्तो अनर्थ हुने हो ? अब यसलाई पक्कै बध गर्नेछन् भनेर सबका मनमा निराशा छाएको, करूणा दयाको भाव रसाएको, यज्ञमण्डप वरिपरि रहेका सारा जनहरू भित्रभित्रै डरले कामिरहेका तथा अब हुने अनिष्टले मानवीय भावना छचल्किएको पाइन्छ ।

---

[16] आत्मा हि बल्लभस्तात सर्वेवां प्राणिनां खलु ।
तदर्थे बल्लभाः सन्ति पुत्रदारधनादय ॥ (**श्रीमद्देवीभागवत** सप्तमस्कन्ध षोडशोऽध्याय श्लोक ७)

[17] कस्यचित्त्वथ कालस्य नासत्यावाश्रमागतौ ।
तौ पूजयित्वा प्रोवाच वयो मे दत्तमीश्वरौ ॥
ग्रहं ग्रहिष्ये सोमस्य यज्ञे वामप्य सोमपोः ।
क्रियतां मे वयो रूपं प्रमदानां यदीप्सितम् ॥
इत्युक्त्वा जरया ग्रस्तदेहो धर्मनिसंततः ।
ह्रदं प्रवेशितोऽश्विभ्यां वलीपलितविग्रहः ॥ (***श्रीमद्भागवत*** *नवमस्कन्ध तृतीयोऽध्याय* श्लोक ११-१४)
निर्वृत्तिं मीनाजस्य वीक्ष्य मैथुनधार्मिणः ।
जातस्पृहो नृपं विप्रः कन्यामेकामयाचत ॥
सोऽप्याह गृह्यातां ब्रह्मन्कामं कन्यां स्वयंवरे ।
स विचिन्त्याप्रियं स्त्रीणां जरठोऽयमसंमतः ॥
वलीपलित एजत्क इत्यहं प्रत्युदाहृता ।
साधदिष्ये तथात्मानं सुरस्त्रीणामपीप्सितम् ॥
किं पुनर्मनुजेन्द्राणामिति व्यवसितः प्रभुः ॥
मुनिः प्रवेशितः क्षत्त्रा कन्यान्तः पुरमृद्धिमत् ।
वृतश्च राजन्याभिरेकः पञ्चशता वरः ॥ (***श्रीमद्भागवत*** *नवमस्कन्ध षष्ठोऽध्याय* श्लोक ४०-४३)

राजा हरिश्चन्द्रले रानी शैव्यालाई बेचेपछि केहीबेर स्तब्ध र किंकर्तव्यविमूढ भएका, शैव्या र पुत्रसँगको वियोग हुने बखतमा उनीहरूका आँखा रसाएका र मनमनै विभिन्न भावका तरङ्गहरू तैरिएको पाइन्छ । यसबाट आफन्त प्रियजनप्रतिको विछोड कति मार्मिक र दुःखदायी हुन्छ भन्ने देखिन्छ । उता दासीभाव प्राप्त भएपछि छोरा रोहितको मृत्यु सुन्नासाथ त्यही नै समयमा हेर्न जान नपाउँदाको शैव्याको मानसिक र भावनात्मक पीडालाई अक्षरमा उतार्न नै सकिँदैन भने उनीमाथि गरिएको व्यवहार दानवीय नै हो जस्तो लाग्दछ । छोराको अन्तिम संस्कार गर्न लाँदा धन नभएर उनकै पति हरिश्चन्द्रले दाहसंस्कार गर्न नमान्दाको अवस्थामा अरूको दासत्व कस्तो हुँदोरहेछ, कति सहन गर्नुपर्दो रहेछ भन्ने ज्ञान हामीहरूलाई मिल्दछ । यसले मानवीय भावनामा ठूलो परिवर्तन ल्याइदिन्छ जस्तो कि आफ्नै पुत्रको लास जलाउनसमेत घाटमा मुर्दा जलाउन बसेका हरिश्चन्द्रले सकेनन् । किनभने उनी आफू पनि स्वतन्त्र थिएनन् । अरूको दास भैसकेका थिए । उनले आफूले आफैंलाई विक्री गरिसकेका थिए ।

# षष्ठ अध्याय

# उपसंहार

## ६.१ उपसंहार

वैदिक तथा लौकिक वाङ्मय प्रशस्त कथा एवम् आख्यानहरूले भरिपूर्ण छन् । आख्यानहरू नैतिक चेतनामूलक, शिक्षाप्रद र व्यावहारिक छन् । हाम्रा पूर्वीय धर्म, दर्शन, साहित्यले सधैं मानिसहरूलाई असल मार्ग निर्देशन गरिरहन्छन् । जसले गर्दा हामीलाई सन्मार्ग तर्फ डोऱ्याउन मद्दत पुग्दछ । मानवजातिलाई सदा आध्यात्मिक चिन्तनशील भइरहन सहयोग पुऱ्याउने पनि यिनै धार्मिक र आध्यात्मिक ग्रन्थहरू नै हुन् ।

इक्ष्वाकु वंशमा हरिश्चन्द्र नाम गरेका राजा थिए । उनका सयवटी रानीहरू थिए तर पुत्र थिएनन् । राजा अत्यन्त चिन्तित भै पुत्र हुने उपाय विचार गर्न लागे । राजाका सल्लाहकारमा ऋषि मुनि तथा गुरू पुरोहित रहने हुनाले राजा हरिश्चन्द्रले तिनीहरूसँग नै आफ्नो दुःख व्यक्त गरे । मुनिहरू मध्ये देवर्षि नारदले वरूणदेवको प्रार्थनाले मात्र यो अभिलाषा पूरा हुन सक्दछ भन्ने सल्लाह दिए पछि, राजाले वरूणको प्रार्थना गरे । वरुणदेव खुसी भएर पुत्र प्राप्त हुने वरदान दिए तर जुन पुत्र प्राप्त हुनेछ , त्यसैको बलि दिइ यज्ञ गर्नु पर्नेछ भन्ने सर्त राखे । राजा हरिशचन्द्र छोरा नभएर दुखित भै रहेकाले यस्तो अप्ठ्यारो सर्त मानेर पुत्रको माग पूरा हुनेमा खुसी नै भए ।

केही समय वितेपछि वरुणका कृपाले छोरो जन्मियो । उसको नाम रोहित राखियो । वरुण छोरो जन्मेपछि यज्ञ गर भन्दै राजा हरिश्चन्द्रको दरवारमा आए । राजाले एघार दिन नभैकन बालक गर्भको मलबाट शुद्ध हुँदैन भने पछि वरुण आफ्ना लोकमा फर्के । एघार दिन बितेपछि फेरि वरुण यज्ञको माग गर्दै आए । यस पटक राजाले दाँत नउम्रेको पशु यज्ञको निमित्त लायक हुँदैन भनेर फर्काए । दाँत उम्रिसकेपछि फेरि वरुण हरिश्चन्द्रको दरवारमा आए । यसपटक राजाले दूधे दाँत साटिनु पर्दछ नत्र पशु यज्ञको लायक हुँदैन भने । फेरी वरुण यज्ञको माग गर्दै राजाका सामु देखा परे । तव हरिश्चन्द्रले चूडोपनयन

नगरीकन क्षत्रिय यज्ञका लागि उपयोगी हुँदैनन् भनी पठाए । वरूण पटक-पटक आउँदै फर्कदै गरिरहेका थिए । राजा हरिश्चन्द्रलाई पनि अब के भनेर टार्ने हो भन्ने चिन्ता परिरहेको थियो । अनेक उपायहरू गरेर प्राप्त भएको पुत्रलाई कसरी यज्ञशालामा बध गर्नु , उनी वडो फसादमा परिरहेका थिए । रोहित ठूलो भैसकेको थियो । उसले सवै कुरा थाहा पाएर घर छोडेर जङ्गलतिर हिंड्यो । वरुण यसपटक आउँदा रिसाएर फर्के उनले राजा हरिश्चन्द्रलाई नै पक्रे फलस्वरूप राजालाई जलोदर (पेटमा पानी भरिने ) रोग लाग्यो । यता छोरो हराएको शोक अर्को आफू रोगी भएको चिन्ता यिनै दुई दुःखका सागरमा राजा हरिश्चन्द्र डुबिरहे ।

उता जंगलमा गएको रोहित बाबुको स्थिति थाहा पाएर घर फर्कन खोज्दै थियो ब्राह्मणको भेषमा आएर इन्द्रले भने 'हे बाबु तिमी घर नजाऊ घर गयौ भने तिमी मारिन्छौ' यति भनेपछि रोहित एक वर्षसम्म जंगलमा घुम्दै रह्यो । दोस्रो वर्ष घर जाने विचार गरेर हिड्दै थियो । फेरि इन्द्रले ब्राह्मणका भेषमा आएर घर जानबाट रोके, उनले 'घुमिरहने मानिसको भाग्य चम्किरहन्छ वसिरहनेको भाग्य पनि वसिरहन्छ' जो गतिशील छ उसैको मात्र उन्नति हुन्छ । तिमी जंगलमा नै विचरण गर भनी 'चरैवेति' को उपदेश दिएर हिँडे । रोहित दोस्रो-तेस्रो वर्ष पनि जंगलमा नै घुम्दै रह्यो । घुम्दै जाँदा उसले अजीगर्त नाम गरेको गरिव ब्राह्मण भेट्टायो । उसका शुनपुच्छ, शुनःशेप र शुनोलांगुल नाम गरेका तीन पुत्रहरू थिए । त्यस मध्ये माहिँलो शुनःशेपलाई किनेर घर लग्यो । त्यस पछि हरिश्चन्द्रले वरुणलाई निमन्त्रणा गरी यज्ञको आयोजना गरे । यज्ञका खम्बामा (मौलो) शुनःशेपलाई बाँध्नु पर्ने भयो, तर कोही पनि तयार भएनन् । धन दिएमा आफै बाँध्न भनी अजीर्गत ब्राह्मण तयार भयो । यज्ञमा पशुको बध गर्ने समय आयो त्यतिखेर पनि उक्त कार्य गर्न कोही तयार भएनन् तर धन लिएर मार्न भनी अजीगर्त तयार भयो । यस प्रकार यज्ञमा ठूलो खैला बैला र कोलाहल मच्चियो । सबै डरले के हुन्छ कसो हुन्छ भनी कामिरहेका थिए । त्यसै समयमा विश्वामित्र ऋषिले वरूणको मन्त्र शुनःशेपलाई दिए । वरुणले अग्नि, अग्निले प्रजापति, प्रजापतिले सविता, अश्विनीकुमारले इन्द्र, इन्द्रले उषा गरी एक पछि अर्को देवताकहाँ दगुराए । उसले यी सबै देवताको प्रार्थना गर्‍यो । देवताका प्रार्थनाका कारण उसका सबै बन्धन काटिए ऊ

मुक्त भयो । शुनःशेप मुक्त भएपछि सवै देवताहरू खुशी भएर आ–आफ्ना लोकमा गए । वरुण पनि खुसी भए, राजाको जलोदर रोग पनि निको भयो । शुनःशेपलाई विश्वामित्रले मन्त्र दान गरी वचाएका कारण उनकै कुलमा मिसिन गयो उनकै पुत्र भएर बस्यो ।

यति कथा सम्मको विवरण ऐतरेय ब्राह्मण, देवीभागवत तथा श्रीमद्भागवतमा समान रहेको छ । ऐतरेयब्राह्मणमा हरिश्चन्द्रोपाख्यान यत्ति मै समाप्त हुन्छ । श्रीमद्देवीभागवतको आख्यान अलि विस्तृत रूपमा रहेको छ । उक्त कथामा राजा हरिश्चन्द्रले केही समय पछि राजसूय यज्ञ गरेको र दानको महिमाका कारण विश्वामित्र र वशिष्ठका विचमा वैमनस्यता उत्पन्न भएको वताइएको छ । हरिश्चन्द्रको सत्यवादी चरित्र र धर्मनिष्ठताको परीक्षा गर्न भनेर भनिएको आख्यानमा राजा हरिश्चन्द्रलाई धेरै ठूलो आपत् आइलाग्दछ । उक्त आख्यानमा उनी जस्तोसुकै दुःख आपत् आइपर्दा पनि आफ्नो धर्म छोड्दैनन् बरू दुःख सहन तयार हुन्छन् । राजा भएर अरूको उपकार गर्न खोज्दा उनीमाथि ठूलो आपत् आइलाग्दछ । शुनःशेपको कथा भन्दा पछिको  कथा वस्तु श्रीमद्देवीभागवतमा धेरै लामो छ । यस आख्यानमा यज्ञमा दानको महत्वलाई स्पष्ट देखाइएको छ ।

पछिल्लो कथामा सबै घटना र पात्रहरू मायावी छन् । किनकि उनी सिकार खेल्न जंगलमा जानु यौटा बँदेल देखापर्नु , लखेट्दै जाँदा अलप हुनु केही पर यौटी सुन्दरी रोइरहेकी भेटिनु, रूनुको कारण विश्वामित्रले तपस्या गरेर मलाई कष्ट भयो भन्नु इत्यादि घटनाहरू वास्तविक नभएर छलछाम गर्नका लागि गराएका मायावी घटना हुन् । यी सबै घटनाहरूमा सुझबुझ नराखी त्यसै पछि पछि लागेर दगुर्ने हरिश्चन्द्र विवेकी राजा होइनन् कि अथवा सद् विवेकको प्रयोग उचित तरिकाले नगरेको देखिन्छ । त्यसैकारणले नै उनी एक पछि अर्को संकटमा फँस्दै गएका हुन् । उक्त आख्यानमा पशु बनाई ल्याएको शुनःशेपले जुन देवताको प्रार्थना गऱ्यो त्यसले देवताको शक्तिको महिमा गाएर सकिन्न । मार्न भनेर ठीक पारिएको शुनःशेपलाई देवताहरूले उसले गरेको प्रार्थना सुनेर बन्धन मुक्त गरिदिए । जसका कारण उ बाँच्न सफल भयो । त्यसैले देवताहरू शक्तिले युक्त हुन्छन् । उनीहरू आफ्नो प्रार्थना गर्ने व्यक्तिलाई आपत् परेका वेलामा मद्दत गर्दछन् । प्राण संकट परेको

बेलामा बचाउँछन् भन्ने देखिन्छ । वैदिक संहिताका मन्त्र यिनै देवताहरूका प्रार्थना हुन् । जसको प्रार्थना गर्नाले  जगत्को कल्याण हुन्छ ।

वैदिक धर्ममा यज्ञको प्रधानता पाइन्छ । विभिन्न उद्देश्य वा कामना परिपूर्ति गर्नका लागि यज्ञ गरिने प्रचलन प्राचीन समाजमा रहेको देखिन्छ । अनेक अनुष्ठानका विधिहरू विबिध ग्रन्थहरूमा प्रस्तुत गरिएको पाइन्छ । मानिसले आफूलाई देवऋण, ऋषिऋण र पितृऋणबाट मुक्त गराउनकालागि  पुत्र वा सन्तानको आवश्यकता पर्दछ । पुत्रोत्पादन नै सर्वश्रेष्ठ कर्म हो भन्ने कुरा यो आख्यानबाट स्पष्ट हुन्छ ।

तत्कालीन समाजको  राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक अवस्था पनि आख्यानबाट थाहा हुन्छ । सामाजिक परम्परा, आर्थिक अवस्था समेत जर्जर रहेको त्यस समयमा खानकै लागि पनि ठूलो संघर्ष गर्नु परेको देखिन्छ । भोकको ज्वाला नै सबैभन्दा ठूलो ज्वाला हो । अतः 'बुभुक्षितं किं न करोति पापम्' भन्ने उक्ति यहाँ स्वत स्पष्ट हुन्छ । चाहे त्यो विश्वामित्रलाई परेर गरेको वा उनको परिवारले गरेको होस्, अथवा अजीगर्तले होस्, भोको पेटले धर्म पालन गर्न सकिदैन । आपत् परेका वखत एवम् संकटका बखत जसरी पनि प्राणको रक्षा गर्नु पर्दछ ।

समग्र हरिश्चन्द्रोपाख्यानले कथानक प्रस्तुतिका साथै यसवाट प्राप्त हुने नैतिक चेतना र शिक्षा पनि दिएको छ । पूर्वीय दर्शन र ज्ञान नै वैदिकज्ञान हो । यसको सार तत्त्व भनेको मानिसलाई आध्यात्मिक चिन्तनशील बनाउनु नै हो । सन्तुष्टि  र आनन्द आध्यात्मिक ज्ञानबाट मात्र मिल्न सक्दछ । त्यसका लागि अध्ययन गर्नु जरूरी छ । पढ्न लेख्न नजान्नेहरूले समेत जान्नेहरूबाट  कथा प्रवचन सुन्ने गरेको पनि यसैको कारणले हुनु पर्दछ । पुत्रको कामना गर्नेले पनि यो कथा भन्न लगाउनु र सुन्नु भनिएको छ ।

वंश परम्परा धान्नका लागि पुत्रको आवश्यकता पर्दछ । पुत्र नभैकन कुल परम्परा धान्न सम्भव छैन । पुत्र प्राप्तिका लागि नै विभिन्न वैदिक यज्ञहरू गरिएको हो । जसमा देवताको शक्ति प्राप्त हुन्छ । त्यही शक्तिले अभिष्ट (चाहेको) वस्तु प्राप्त गराउँदछ । अन्य वाञ्छित फल प्राप्तिका लागि पनि मानिसले यज्ञ अनुष्ठान र धार्मिक कार्यहरू गर्ने गर्दछन् ।

कुन देवताले के कस्तो फल दिन्छन् सोही अनुसार देवताको प्रार्थना हवन इत्यादि कार्य सम्पन्न गर्ने प्रचलन अहिले पनि हिन्दु समाजमा कायमै छ । यसले सम्पूर्ण मानव कल्याणका लागि मार्ग देखाएको छ र मानव कल्याणका लागि उपयोगी पनि रहेको छ । हरिश्चन्द्रोपाख्यानले वेद ज्ञान, शक्ति र कर्मफलको स्रोत हो भन्ने कुरा स्पष्ट पारेको छ । यसले पाइने नैतिक चेतना तत्कालीन समाजको आर्थिक अवस्था, सामाजिक, राजनीतिक र धार्मिक पद्धतिको ज्ञान हामीलाई गराउँदछ ।

पुत्र प्राप्तिको निमित्त गरिने धार्मिक कार्यहरू तत्कालीन समाजका बिम्बहरू हुन र वर्तमानमा पनि यस्ता यज्ञहरू गर्ने र कथा सुन्ने परम्परा हाम्रो समाजमा देख्न र सुन्न पाइन्छ । अहिलेको २१ औं शताब्दी नारी युग भनिन्छ । त्यसैले सन्तानमा छोरा-छोरी जे भएपनि मान्ने र सन्तुष्टि हुने साथै समान व्यवहार गर्ने चलन नेपालमा चल्न थालेको देखिन्छ ।

# सन्दर्भ ग्रन्थसूची


आप्टे, हरिनारायण, **ऐतरेय ब्राह्मणम्**, आनन्दाश्रम मुद्रणालय, १८१८

आप्टे, वामन शिवराम, **संस्कृत - हिन्दी कोश**, वाराणसी : मोतीलाल बनारसीदास १९९० ।

उपाध्याय, गंगाप्रसाद (संपादक), **ऐतरेय ब्राह्मण**, प्रयाग : हिन्दी साहित्य सम्मेलन सं २००६ ।

उपध्याय, रामजी**, प्राचीन भारत का इतिहास,** १९४९ ।

उपाध्याय, रामजी, **प्राचीन भारतीय साहित्य की साँस्कृतिक भूमिका**, इलाहावाद : देवभारती प्रकाशन सन् १९६६ ।

उपाध्याय, वलदेव, **वैदिक साहित्य और संस्कृति**, २०१५ ।

गैरोला, वाचस्पति, **संस्कृत साहित्यका इतिहास**, वाराणसी : मोतीलाल बनारसीदास १९७८ ।

गौतम, नारायण प्रसाद, **केही वैदिक सूक्तहरूको विश्लेषण**, काठमाडौँ : रत्न पुस्तक भण्डार २०६५

जयसवाल, **हिन्दु राजतन्त्र** ।

दयानन्द सरस्वती, **ऋग्वेदादि भाष्य भूमिका**, अजमेर वैदिकयन्त्रणालय, वि.सं. २००८ ।

नगेन्द्र (संपादक), **काव्यप्रकाश**, वाराणसी : वाराणसी ज्ञानमण्डल लिमिटेड वि.सं. २०२४ ।

नगेन्द्र (सम्पादक), **काव्यालङ्कारसूत्र**, दिल्ली : हिन्दी अनुसन्धान परिषद्, वि.सं. २०१० ।

पाण्डेय, सुषमा (सम्पादक), **हरिश्चन्द्रोपाख्यानम्**, वाराणसी : चौखम्बा विद्याभवन, १९९० ।

भगवद्दत्त, **वैदिक वाङ्मयका इतिहास**, दिल्ली : प्रणव प्रकाशन, १९६२ ।

भार्गव, पुरुषोत्तमलाल, **प्राचीन भारतका इतिहास**, ------- ।

राय, राजशेखर (संपादक), **काव्यमीमांसा**, चौखम्बा विद्याभवन, वि सं २०२१ ।

शर्मा, उमाशंकर (व्याख्या), **हरिश्चन्द्रोपाख्यानम्**, वाराणसी : चौखम्बा विद्याभवन १९८३ ।

शास्त्री, मंगलदेव (अनुवादक), **संस्कृत साहित्यका इतिहास**, दिल्ली : मोतीलाल वनारसीदास, १९६० ।

**शुक्ल यजुर्वेद** ।

**श्रीमद्देवीभागवत**, मुम्बई : क्षेमराज श्रीकृष्णदास, श्रीवेंकटेश्वर स्टीम् मुद्रणालय : २०४४ ।

**श्रीमद्भागवत**, मुम्बई : क्षेमराज श्रीकृष्णदास, श्रीवेंकटेश्वर स्टीम् मुद्रणालय : २०४४ ।

सत्यश्रवा (संपादक), **वैदिक वाङ्मयका इतिहास**, दिल्ली : प्रणव प्रकाशन, १९७४ ।

सिंह, रतिभानु 'नाहर', **प्राचीन भारतका राजनीतिक और सांस्कृतिक इतिहास**, इलाहबाद : किताब महल, १९६१ ।

सिंह, सत्यव्रत (संपादक), **साहित्य दर्पण**, चौखम्वा विद्याभवन, सन् १९५७ ।

स्वामी प्रपन्नाचार्य, **वेदमा के छ**, काठमाडौं : साझा प्रकाशन, २०५० ।

त्रिपाठी, गयाचरण, **वैदिक देवता, उद्भव और विकास**, दिल्ली : भारतीय विद्या प्रकाशन, १९८२ ।

Teleng & Chaubey, **The New Vedic Selection** (5th ed.), Delhi : Bharatiya Vidya Prakashan, 1997.